# परिच्छेद : एक
# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **साहित्यकार राजकृष्ण कँडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवनको नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ विषयपरिचय

वि.सं. २००२ असोज ७ गते वाग्मती अञ्चलको धादिङ जिल्लाको बेनिघाट गा वि.स. वडा नं. ५ रिचोक्टारमा पिता पुष्पराज कँडेल र माता नन्दकुमारी कँडेलको कोखबाट जन्मिएका राजकृष्ण कँडेल बहमुखी प्रतिभाका धनी मानिन्छन् । नेपाली विषयमा बी. एड्. र एम.ए. सम्मको शैक्षिक योग्यता प्राप्त गरेका कँडेलले अध्यापन पेशामा रही धेरै लामो समयसम्म सेवा गरेका थिए । विद्यार्थी समयमा सोन्ह वर्षकै उमेरमा वि.सं. २०१८ सालमा बनारसबाट प्रकाशित **नौलो पाइलो** पत्रिकामा *'चुनिया धारो'* शीर्षक कविता लिएर साहित्यको क्षेत्रमा देखा परेका थिए । साहित्यकार राजकृष्ण कँडेलले स्थानीय तथा राष्ट्रिय स्तरका पत्रपत्रिकाहरूमा आफ्नो लेख रचनाहरू प्रकाशन गरेर पाठकसामु चिरपरिचित बन्न पुगेका छन् । उनले विभिन्न पत्रपत्रिकामा छरिएर रहेका लेख रचनाहरूलाई तीनवटा पुस्तकाकारका रूपमा मूर्तरूप प्रदान गरेका छन् । उनका काव्यकृतिहरूमा **सम्झनाका छालहरू** (शोककाव्य:२०५६), **द्रौपदीको पश्चात्ताप** (खण्डकाव्य: २०५९) र **संवेदनाका स्वरहरू** (निबन्धसङ्ग्रह:२०६२) रहेका छन् ।

यस्ता लगनशील तथा सक्रिय रूपमा रहेका साहित्यकार राजकृष्ण कँडेलको छिटफुट रूपमा अध्ययन भएको पाइएता पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण भने भएको पाइँदैन । प्रतिभाका धनी कँडेलको हालसम्म कुनै व्यवस्थित अध्ययन नहुनु आश्चर्यकै विषय देखिन्छ तसर्थ यस शोधपत्रमा यिनकै जीवनी, व्यक्तित्व र कृतित्वको विशेष अध्ययन तथा मूल्याङ्कन गरिएको छ ।

## १.४ समस्याकथन

साहित्यकार राजकृष्ण कँडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनविषयक प्रस्तुत शोधमा यी समस्या रहेका छन्ः-

क) साहित्यकार राजकृष्ण कँडेलको जीवनी के-कस्तो रहेको छ ?

ख) साहित्यकार राजकृष्ण कँडेलको व्यक्तित्व के-कस्तो रहेको छ ?

ग) नेपाली साहित्यमा उनले दिएको योगदान के-कस्ता रहेका छन् ?

घ) उनको जीवनी, व्यक्तित्व र कृतित्वको आपसमा के-कस्तो सम्बन्ध रहेको छ ?

ङ) उनको लेखन प्रवृत्ति र विशेषता के -कस्ता रहेका छन् ?

यिनै विभिन्न प्रश्नहरू र तिनका समस्याहरूको अध्ययन विश्लेषणतर्फ यो शोधकार्य उन्मुख रहेको छ ।

## १.५ शोधकार्यको उद्देश्य

साहित्यकार राजकृष्ण कँडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरी उनको साहित्यिक प्रवृत्तिको पहिचान गराउनु यस शोधपत्रको उद्देश्य रहेको छ । साथै शोध समस्याकथनमा प्रस्तुत गरिएका समस्याहरूको समाधान खोज्नु यसको प्रमुख उद्देश्य रहेको छ । यस शोधकार्यका उद्देश्यहरू यसप्रकार रहेका छन्ः-

क) साहित्यकार राजकृष्ण कँडेलको जीवनको स्पष्ट रूपमा परिचय दिनु,

ख) उनको साहित्यिक र साहित्येतर व्यक्तित्वको परिचय दिनु,

ग) नेपाली साहित्यको क्षेत्रमा उनको कृतित्वको योगदानको विश्लेषण गर्नु,

घ) उनको जीवनी, व्यक्तित्व र कृतित्वको आपसमा सम्बन्ध देखाउनु,

ङ) उनको लेखन प्रवृत्ति र विशेषताको मूल्याङ्कन एवम् निष्कर्ष प्रस्तुत गर्नु ।

यसरी प्रस्तुत उद्देश्यहरूको परिपूर्तितर्फ उन्मुख हुनु नै यस शोधकार्यको खास उद्देश्य रहेको छ ।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार राजकृष्ण कँडेलको विषयमा आजसम्म विद्वान्, लेखक तथा समालोचकहरूले विभिन्न पुस्तक पत्रपत्रिकाहरूमा जे-जति चर्चा-परिचर्चा गरेको उपलब्ध भएको छ, त्यसको कालक्रमिक विवरण यसप्रकार रहेको छः-

क) कृष्ण गौतमले राजकृष्ण कँडेलद्वारा रचित **सम्झनाका छालहरू** (प्रकाशिकाः मायादेवी कँडेल, चितवन,२०५६) शोककाव्यमा *अभिमत* शीर्षकको भूमिकामा उनको साहित्यिक व्यक्तित्वको परिचय दिदै आमाको मृत्युको वेदना खप्न नसकी पीडारूपी शब्दहरू

शोककाव्यमा परिणत भएका छन्, जो पठनीय र अनुकरणीय छ भन्ने उल्लेख गरेका छन् । आमा र सन्तानमा नाताको प्रगाढ सम्बन्ध अवर्णनीय छ । साथै कवि कँडेलले अन्तर्मनमा रहेको बिम्ब, विचार तथा भावनाहरूलाई अत्यन्त प्रभावकारिताका साथ प्रस्तुत गर्ने रचना प्रशंसनीय छ भन्ने विचार उल्लेख गरेका छन् ।

ख) कृष्णप्रसाद भण्डारीले **मधुपर्क** (प्रकाशकः गोरखापत्र संस्थान, वर्ष ३६, अङ्क ४, पूर्णाङ्क ४११, काठमाडौं २०६०, पृ.१२९) पत्रिकामा *नवीनतम चिन्तनको प्रस्तुति* भन्ने लेखमा द्रौपदीले महाभारतको लडाइँपछि गरेको पश्चात्ताप जो आजसम्म कुनै साहित्यकारले नलेखेका र खण्डकाव्यात्मक विधाको पनि नौलो प्रस्तुति रहेको छ भन्दै खण्डकाव्यको सटीक रूपमा व्याख्या गरेका छन् ।

ग) केदारनाथ खनालले राजकृष्ण कँडेलद्वारा रचित **द्रौपदीको पश्चात्ताप** खण्डकाव्य (प्रकाशकः चितवन साहित्य परिषद्, चितवन, २०५९, पृ.च) को *प्रकाशकीय* शीर्षकमा कवि राजकृष्ण कँडेलले आफ्नो अन्तर्हृदयबाट आएको प्रतिभालाई पाठकसामु पस्कने जमर्को गरेको तथा पौराणिक मिथकमा आधारित द्रौपदीको पश्चात्ताप खण्डकाव्यका खण्डकाव्यकारलाई धन्यवाद प्रकट गरेका छन् ।

केदारनाथ खनालले नै राजकृष्ण कँडेलद्वारा रचित **संवेदनाको स्वरहरू** निबन्धसङ्ग्रह (प्रकाशकः चितवन साहित्य परिषद्, चितवन, २०६२, पृ.च) को *प्रकाशकीय* भूमिकामा यस निबन्धसङ्ग्रहभित्र रहेका निबन्धहरू आत्मपरक तथा चिन्तनपरक रहेको कुरा जानकारी गराउँदै कवि कँडेल आफ्ना साहित्यिक कृतिका माध्यमबाट स्थानीय तथा राष्ट्रिय स्तरमा स्थापित भैसकेका छन् भन्ने उल्लेख गरेका छन् ।

घ) गोविन्दराज विनोदीले **नवप्राञ्जलि,** सिर्जनात्मक राष्ट्रिय मासिक (प्रकाशकःसुजनबाबु अधिकारी, वर्ष १ अङ्क ५,२०५७, पृ.२) *सम्झनाका छालहरू माथि दृष्टि रेखाङ्कन गर्दा* भन्ने लेखमा कवि राजकृष्ण कँडेलको परिचय दिदै आफ्नी आमाको मृत्युपश्चात् शोकमा प्रस्फुरित **सम्झनाका छालहरू** शोककाव्य करुणरस, शिखरिणी छन्द र चार सर्गीय संरचनामा ६०२ श्लोक सीमामा रहेको यस्तो काव्य एउटा संवेदनशील विशिष्ट कवि हृदयले शाश्वत अनुभूतिलाई लिपिबद्ध गर्न सक्छ भन्दै **सम्झनाका छालहरू** शोककाव्यको समीक्षा गरेका छन् ।

ङ) तुलसी भट्टराईले कवि राजकृष्ण कँडेलद्वारा रचित **द्रौपदीको पश्चात्ताप** खण्डकाव्य (प्रकाशकः चितवन साहित्य परिषद्, चितवन, २०५९,पृ.ग) को *द्रौपदीको पश्चात्तापमा कवि कँडेल* भन्ने शीर्षकमा कवि राजकृष्ण कँडेलको कवित्व प्रतिभाको परिचय दिदै द्रौपदी केन्द्रीय पात्रका रूपमा देखिएकी, सामान्य नारीमा हुने संवेदना, मातृत्व,

पतित्व र सामाजिकता द्रौपदीको मनमा जगाइएको र आजको विश्वलाई यस काव्यले शान्ति सन्देशका साथै सद्भाव र मैत्रीपूर्ण जीवन नै सबैका लागि फलदायी हुने सन्देश दिनुका साथै **द्रौपदीको पश्चात्ताप** खण्डकाव्यमा नवीनतम प्रस्तुति रहेको छ भन्ने उल्लेख गरेका छन् ।

च) नारायणप्रसाद खनालले **चितवन महोत्सव** (२०६३) मा *शोककाव्य सृजनपरम्परामा चितवनका स्रष्टाहरूको योगदान* शीर्षकको लेख प्रकाशित गराई त्यसमा चितवनका साहित्यकारहरूद्वारा रचित शोककाव्यका संक्षिप्त परिचय दिदै राजकृष्ण कँडेलले पनि मातृवियोगमा चुर्लुम्म डूबी छन्दपक्षलाई भन्दा भावपक्षलाई प्रबल गराई शोकलाई प्रज्ज्वलित बनाएका छन् भन्ने कुराको उल्लेख गरेका छन् ।

छ) पूर्णप्रसाद अधिकारीले **मिर्मिरे** (प्रकाशक:नेपाल राष्ट्रबैंक, बैंकर्स क्लव, वर्ष ३२, अङ्क ५, पूर्णाङ्क २१६, काठमाडौं, २०६०, पृ.३६) *कवि राजकृष्ण कँडेल र उनको द्रौपदीको पश्चात्ताप खण्डकाव्य भन्ने* लेखमा परिचय, महाभारत र साहित्य, साहित्यमा नारी र द्वापर युगकी नारी द्रौपदी, भावानात्मक विविधताको प्रतिबिम्बका रूपमा र निष्कर्ष जस्ता विभिन्न उपशीर्षकमा विभाजित गरी कवि कँडेलको अन्तर्निहित प्रतिभा अति नै वेगवान् भएको खुलासा गरेका छन् ।

ज) रमिला पन्तले **नारायणी टुडे** राष्ट्रिय मासिक (प्रकाशक: वीरेन्द्रमणि पौडेल, वर्ष ७, अङ्क ४३, काठमाडौं, २०६४,पृ.३३) *नारायणी टुडे राष्ट्रिय मासिकको सातौं वार्षिकोत्सव सम्पन्न* भन्ने लेखमा **नारायणी टुडे**ले आफ्नो वार्षिक उत्सवको विशेष अवसरमा साहित्यको सेवा गरेबापत कदर स्वरूप दुईजना व्यक्ति डि.आर. पोखरेल र राजकृष्ण कँडेललाई प्रमुख अतिथि हिमालय समशेरद्वारा कदरपत्र र ढाकाटोपीद्वारा सम्मान गरिएको कुरा उल्लेख गरेकी छन् ।

झ) राजेन्द्र सुवेदीले राजकृष्ण कँडेलद्वारा रचित **संवेदनाका स्वरहरू** निबन्धसङ्ग्रह (प्रकाशक: चितवन साहित्य परिषद्, चितवन, २०६२, पृ.क) मा *शुभास्ते पन्थान:* भन्ने भूमिका शीर्षकमा विभिन्न निबन्धहरूलाई पाचौं खण्डसम्म विभाजन गरेर राजकृष्ण कँडेलको निबन्धसङ्ग्रहमा मानवीय अन्तश्चेतनाको अन्तरसंवेदनाको सङ्कल्प र प्रस्तुति देखापरेको छ भनेका छन् ।

ञ) लक्ष्मणप्रसाद गौतमले विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा कवि राजकृष्ण कँडेलको साहित्यिक व्यक्तित्वको परिचय यसअनुसार दिएका छन् :

गौतमले **साप्ताहिक चितवन** (प्रकाशक: वीरादेवी शर्मा, वर्ष ५, अङ्क ४९, पूर्णाङ्क २५४,२०५८, पृ.२)*सम्झनाका छालहरूमा स्मृतिबिम्ब* भन्ने लेखमा कवि कँडेललाई

स्मृतिद्वारा बिम्ब सृजना गर्न सक्ने सामर्थ्यवान् कविका रूपमा प्रस्तुत गरेका छन् । सर्गगत विषय प्रस्तुतिको व्याख्या गर्दै काव्यमा अवान्तररूपमा आएका विषयहरूमा धादिङको स्थानिक परिवेशको वर्णन, राष्ट्रिय भावना, मातापिताको उच्च उदात्त चरित्र, वैचारिक चेतना आदिको बाहुल्य पाइन्छ तथा यस काव्यमा स्मृतिले बिम्ब सृजना गराएको छ भन्ने उल्लेख गरेका छन् ।

त्यस्तै गौतमले **स्मारिका** (प्रकाशकः उद्योग वाणिज्य संघ नारायणगढ,चितवन महोत्सव, २०५९, पृ.४३-४४) *पचासको दशकमा चितवनको काव्यकारिता* भन्ने लेखमा चितवनका साहित्यकारहरूको काव्यकृतिको परिचय दिने क्रममा राजकृष्ण कँडेलको मातृशोकमा लेखिएको **सम्झनाका छालहरू** (२०५६) र पौराणिक मिथकमा आधारित **द्रौपदीको पश्चात्ताप** खण्डकाव्य(२०५९)को परिचय दिएका छन् ।

लक्ष्मणप्रसाद गौतमले **उन्नयन** त्रैमासिक (प्रकाशकः उन्नयन प्रकाशन, काठमाडौं, २०६२), पृ.६१ *द्रौपदीको पश्चात्तापमा अभिव्यक्त समकालीन चेतना* भन्ने लेखमा **द्रौपदीको पश्चात्ताप** खण्डकाव्यको समीक्षा गरेका छन् । खण्डकाव्यको प्रवृत्तिगत विशेषता, अन्तरवस्तुको संयोजन, युद्धविरोधी र मानवतावादी दृष्टिकोण आदिको व्याख्या विश्लेषण गरेका छन् ।

यसरी विभिन्न लेखकहरूले कँडेलको व्यक्तित्व र कृतित्वको आंशिक रूपमा विश्लेषण गरे पनि उनको जीवनी व्यक्तित्व र कृतित्वको वृहत् रूपमा विश्लेषण नभएको हुँदा उनको समग्र रूपमा मूल्याङ्कन गर्नुपर्ने देखिएकाले यस विषयमा यो शोध कार्य गरिएको हो ।

## १.७ शोधको औचित्य र महत्त्व

नेपाली साहित्यका विभिन्न स्रष्टा व्यक्तित्वहरूका बारेमा खोज-अनुसन्धान कार्य प्रायः केन्द्राभिमुखी भएकाले विभिन्न जिल्लामा रहेका साहित्यिक व्यक्तिहरूको चर्चा-परिचर्चा हुन नसकेको र राष्ट्रिय स्तरको रचना गर्ने राजकृष्ण कँडेल जस्ता प्रतिभाका बारेमा शोध र अनुसन्धान गर्नु विशेष महत्त्वपूर्ण देखिन्छ । नेपालका विभिन्न राष्ट्रिय साहित्यकारहरूमध्ये एक प्रमुख साहित्यकारहरूको पृष्ठभूमि पहिचान गर्न सकिन्छ । यस अध्ययनकार्यबाट जिल्लामा छरिएर रहेका साहित्यकारहरूको क्षमताको मापन गर्न मद्दत पुऱ्याएको हुन्छ । लोप हुन लागेका साहित्यकारहरूको चर्चा परिचर्चाले साहित्यानुरागी व्यक्तिलाई थप प्रेरणा मिल्न सक्नेछ । यो शोधपत्र नेपालका साहित्यकारहरूको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका लागि सन्दर्भसामग्रीका रूपमा उपयोगी हुन सक्नेछ । यस अध्ययनले साहित्यिक क्षेत्रका व्यक्ति र अध्ययनमा रुचि राख्ने व्यक्तिहरूका लागि सहयोग पुग्नेछ । यसरी यी विविध कारणले गर्दा यो शोधको औचित्य र महत्त्व प्रभावकारी देखिन्छ ।

## १.८ शोधको क्षेत्र र सीमा

यस शोधपत्रको क्षेत्र र सीमा राजकृष्ण कँडेलको जीवनी अध्ययन गर्नुका साथै व्यक्तित्वको परिचय दिनु, हालसम्म प्रकाशित कृतिको विश्लेषण गर्नु र फुटकर कृतिको सूची मात्र प्रस्तुत गर्नु तथा नेपाली साहित्यमा राजकृष्ण कँडेलको योगदानको समीक्षण, विश्लेषण र मूल्याङ्कन गर्नु रहेको छ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्रमा समाविष्ट सामग्रीहरू साहित्यिक विषयवस्तुमा आधारित रहेका छन् । शोधपत्र तयारीका लागि सामग्री सङ्कलन गर्दा मूलतः पुस्तकालयीय अध्ययनविधि प्रयोग गरिएको छ । सङ्कलित सामग्रीको विवेचनाका निम्ति आवश्यकताअनुसार वर्णनात्मक, विवरणात्मक, परिचयात्मक, विश्लेषणात्मक र निगमनात्मक पद्धति अँगाल्नुका साथै कृति विश्लेषणका निम्ति विधातत्त्वलाई आधार बनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस अध्ययनको मूल पाठलाई विभिन्न परिच्छेदमा यसप्रकार विभाजन गरिएको छ :-

**परिच्छेद एक : शोध परिचय**

पहिलो परिच्छेदका रूपमा रहेको शोधपरिचयअन्तर्गत शोधशीर्षक, विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमा, सामग्री सङ्कलन र शोधविधि, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**परिच्छेद दुई : राजकृष्ण कँडेलको जीवनी र साहित्य**

यस परिच्छेदमा राजकृष्ण कँडेलको जीवनी र साहित्य बीचको अन्तरसम्बन्ध रहेको छ । यसमा पृष्ठभूमि, वंश परम्परा र जन्म, जन्म र जन्मस्थल, परिवार, स्वभाव, शिक्षा-दीक्षा,आर्थिक अवस्था, वैवाहिक जीवन, शिक्षण सेवा, अविस्मरणीय क्षण, चिन्तन दर्शन र विचार, प्रेरणा, साहित्यिक क्षेत्रमा प्रवेश र कार्य, पुरस्कार तथा सम्मान र निष्कर्ष शीर्षक रहेका छन् ।

**परिच्छेद तीन : राजकृष्ण कँडेलको व्यक्तित्व**

यस परिच्छेदमा राजकृष्ण कँडेलको बाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्वको अध्ययन प्रस्तुत गरिएको छ । यसमा पृष्ठभूमि, बाह्य व्यक्तित्व र स्वभाव, विशेष अभिरुचि र विशेषता, आन्तरिक व्यक्तित्व, साहित्येतर व्यक्तित्व र निष्कर्ष शीर्षक रहेका छन् ।

**परिच्छेद चार : राजकृष्ण कँडेलको कृतित्व**

यस परिच्छेदमा राजकृष्ण कँडेलको समग्र कृतित्वको वर्गीकरण, अध्ययन र विश्लेषण प्रस्तुत गरिएको छ । यसमा कृतित्व अध्ययनको पृष्ठभूमि, नेपाली साहित्यमा राजकृष्णको आगमन र योगदान, राजकृष्ण कँडेलका पुस्तकाकार कृतिहरूको अध्ययन, सम्झनाका छालहरू, द्रौपदीको पश्चात्ताप र संवेदनाका स्वरहरूको शीर्षक, संरचना, विषयवस्तु, भावविधान, भाषाशैली, लय, बिम्ब र अलङ्कार तथा जीवनदृष्टि उपशीर्षक रहेका छन् ।

**परिच्छेद पाँच : उपसंहार**

यस परिच्छेदमा प्रत्येक अध्यायको सारांश र अन्तमा निष्कर्ष प्रस्तुत गरिएको छ । प्रस्तुत शोधपत्रका उपर्युक्त पाँच परिच्छेदहरूलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरी साहित्यकार राजकृष्ण कँडेलको जीवनी, व्यक्तित्व एवम् कृतित्वको अध्ययन र निष्कर्ष दिइएको छ र यही नै शोधको अन्तरङ्ग भाग रहेको छ ।

यसरी शोधपत्रको अन्तरङ्ग भागलाई पूर्णता दिनुका साथै शोधमा आवश्यक विषयसूची, तालिका सूची, सङ्क्षेपीकृत शव्दहरू, सन्दर्भग्रन्थसूची र परिशिष्ट जस्ता आदि र अन्तभागसहित साङ्गोपाङ्ग शोधप्रबन्ध प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई
# साहित्यकार राजकृष्ण कँडेलको जीवनी

## २.१ पृष्ठभूमि

जीवनभरको काम-कुराका क्रमबद्ध विवरण वा कथनलाई जीवनी भनिन्छ ।[१] जीवनमा घटेका अनगिन्ती घटनाका शृङ्खलाहरूले व्यक्तित्व निर्माणमा अहम् भूमिका खेलेका हुन्छन् । जीवनका आरोह-अवरोहहरू पनि जीवनका परिपूरक भएर नै आएका हुन्छन् ।[२] त्यसैले जीवनका उकाली ओराली पार गर्ने क्रममा सुखद वा दुःखद घटनाहरूको भोगाइमा नै व्यक्तिले आ-आफ्नो जीवनको जीवन यात्रा पूरा गरेको हुन्छ ।

मानिस मरणशील प्राणी भएकाले यही शाश्वत नियमलाई आत्मसात् गर्दै यस धर्तीमा जन्म लिएको हुन्छ । सबैले आ-आफ्नो जीवनचक्र पूरा गरी यस धर्तीबाट बिदा लिएका हुन्छन् । जीवन जिउने क्रममा कोही सार्थक जिउने गर्दछन् भने कोही निरर्थक जीवनमा महत्त्वपूर्ण समय व्यतीत गरेका हुन्छन् । सार्थक जीवनको अस्तित्वलाई वरण गर्ने मानिसहरू विशिष्ट कहलिएका हुन्छन् । यस्ता मानिसहरू आफ्नो जीवनकालको अन्त्यपछि पनि स्मरणयोग्य, प्रेरणादायी र अनुकरणीय व्यक्तित्व बनेका हुन्छन् । यिनै प्रेरक व्यक्तित्वमध्येका एक हुन् राजकृष्ण कँडेल ।

यसरी खास व्यक्तिका व्यक्तिगत जीवनका आन्तरिक र बाह्य चरित्रको चित्रण गर्नु नै जीवनीको मुख्य उद्देश्य रहेको छ । अतः राजकृष्ण कँडेलको व्यक्तिगत जीवनका विभिन्न घटना शृङ्खलाहरूलाई केलाई चित्रण गर्नुपर्ने देखिन्छ ।

## २.२ वंश परम्परा र जन्म

जब कुनै व्यक्तिको बारेमा चर्चा गरिन्छ, तब त्यस व्यक्तिको वंश वा पुर्खाहरूको बारेमा जानकारी हुनु आवश्यक देखिन्छ । वंशका हिसाबले राजकृष्ण 'कँडेल' वंशका देखिन्छन् । कँडेल डोटी जिल्लाको 'काँडा' भन्ने स्थानको नामबाट बनेको थर रहेको जानकारी पाइन्छ । साथै यज्ञ गर्ने व्यक्तिलाई 'काण्डाल्य' पदवी दिइएकाले यसैबाट कँडेल बनेको भन्ने पाइन्छ । नेपालका आर्यजातिका थरहरू प्रायः स्थान विशेषका नामहरू र सरकारी मानपदवीका नामहरूबाट बनेको हो भन्ने भनाइ पाइन्छ । राजकृष्णका पुर्खा तेह्रौं शताब्दीमा कुमाउगढबाट डोटी आएका थिए ।[३] डोटी आएर काँडामा बसी कँडेले हुनुअघि को थिए भन्ने कुरा खोजकै विषय रहेको छ ।

---

१. वसन्तकुमार शर्म्मा नेपाल, **नेपाली शब्दसागर**, दो.सं.(काठमाडौंःभाभा पुस्तक भण्डार,२०५८), पृ. ५१९ ।

२ बुद्धिनाथ अधिकारी, **रमेश गोर्खालीको जीवनी र व्यक्तित्व एवम् कृतित्वको विश्लेषण र मूल्याङ्कन**, अप्रकाशित स्नातकोत्तर, शोधपत्र, (त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर (२०५६),पृ.१४ ।

३. डि.आर. पोखरेल, *राजकृष्ण कँडेल जीवनी र विचार,* **नारायणी टुडे** (वर्ष-८,अङ्क-४८,२०६५),पृ.५ ।

कुमाउगढबाट डोटी पसेका राजकृष्णका पुर्खा मुकुन्द हुन् भन्ने पाइन्छ । मुकुन्दका छोराहरूमध्ये महादेव (जेठो) बागलुङको बिउँतर्फ, माइला मननाथ लमजुङ र गोर्खातर्फ र कान्छा केशुका सन्तान धादिङ र त्यसभन्दा पूर्वतर्फ फैलिएका हुन् भन्ने वंशावलीकारहको भनाइ पाइन्छ । राजकृष्णका पुर्खा बितलव नामक डाँडामा आई बस्न थालेका भए पनि बितलवबाट घडेरी डाँडोमा झरेका रघुनाथ अघि झरेका गोकुल कँडेलले नेपाल संवत् ८१५ (वि.सं.१७५२) मा पाटनका योगनरेन्द्र मल्लबाट बिर्ता पाएको देखिन्छ । बिर्ताको कागजमा ३२० मोहर तिरेको उल्लेख पाइन्छ ।[१]

अनुपम प्राकृतिक छटाले भरिएको, हाल मलेखु बजारले परिचित धादिङ जिल्लाको यो सुन्दर भूमि, यो सुन्दर टारको माथिल्लो भागमा पुरानो ढाँचाको खरको छानो भएको उत्तरतर्फ फर्किएको माटो र ढुङ्गाको एउटा पहाडी घरमा आजभन्दा पैसट्ठी वर्षअघि ब्राह्मण परिवारमा एक सुकुमार बालकको जन्म भएको थियो । त्यही बालकको नाम हो राजकृष्ण कँडेल ।[२] राजकृष्णका पुर्खा धादिङमा बसोबास गर्दै आए पनि उनले आफ्नो जन्मभूमिमा थोरै समय बिताएको पाइन्छ । उनी अध्ययनको सिलसिलामा बनारस प्रवेश गरेका र अध्ययनको समाप्तिपछि पनि जागिरे जीवनले गर्दा आफ्नो जन्मभूमिदेखि टाढा रहेका थिए । राजकृष्णको जागिरे जीवनको सुरुवात वि.सं.२०२२ सालमा आफ्नै गृहजिल्ला धादिङको भैरवी प्रस्तावित मा.वि.बाट भएको पाइन्छ । उक्त विद्यालयमा प्र.अ.जस्तो गरिमामय पदमा रही केही समय कार्य गरेपछि बजेटको अभावले स्कुल बन्द भएपछि छोड्नु परेको थियो । फुर्सदको समयमा चितवनको शिवनगर घुम्न आएका राजकृष्ण वि.सं.२०२५ चैत्र २७ गते शिवनगरकै नारायणी विद्या मन्दिर मा.वि.मा शिक्षक बनेका थिए । उक्त विद्यालयमा रहँदा नै वि.सं.२०२६ जेष्ठ ५ गते सञ्चालक समितिको सिफारिसमा मा.वि.को स्थायी नियुक्तिपत्र प्राप्त गरी वि.सं २०२६असोज १३ गते प्रधानाध्यापक पदमा नियुक्त भएका थिए भने वि.सं.२०२६ सालमा राजकृष्णकी धर्मपत्नी मायादेवी पनि रिचोक्टारबाट शिवनगरमा आफ्नो श्रीमान्को साथमा बस्न आइपुगेकी थिइन् ।[३] करिब चौध वर्ष डेरामा बसोबास गर्दै आएका उनको केही अचल सम्पत्ति कृष्णपुरमा भएकाले वि.सं.२०३९ सालमा प्रेमवस्ती मा.वि.मा सरुवा गराएर त्यसै समयदेखि भ.न.पा.७ कृष्णपुरमा घर बनाई स्थायी बसोबास गर्दै आएका छन् ।[४] वि.सं. २०५६ साल पुस १९ गतेदेखि शिक्षा सेवाबाट निवृत्तिभरण प्राप्त गरेका राजकृष्णले तत्पश्चात् साहित्यिक तथा सामाजिक सङ्घसंस्थामा समय खर्चिंदै आएका छन् । प्रेमवस्ती मा.वि मा. रहँदा देखि नै वि.सं.२०५२ जेठ १ देखि बालकुमारी कलेजमा शिक्षा सङ्कायतर्फ कार्यक्रम प्रमुख भई वि.सं.२०६७ साल असार मसान्तसम्म सो पदमा रही नेपाली विषय अध्यापन गराउँदै आएका थिए ।[५]

---

१. पूर्ववत् पृ.५-६ ।

२. पूर्ववत् पृ.५ ।

३. शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

४. ऐजन ।

५. ऐजन ।

यसरी कँडेल वंशको बारेमा विभिन्न व्यक्तिहरूको मत रहे तापनि राजकृष्ण कँडेलका पूर्वजहरू डोटीको 'काँडा' भन्ने ठाउँमा बसोबास गरेका र तीमध्ये एउटा वंश धादिङको रिचोक्टारमा आई बसेको देखिन्छ । उक्त ठाउँमा आउने राजकृष्णका पुर्खा भएका र राजकृष्ण भने जागिरे जीवनले गर्दा चितवनका विभिन्न ठाउँमा रहँदै आए तापनि हाल भ.न.पा. ७ कृष्णपुरमा श्रीमती मायादेवी र मायादेवीको भतिजो दिनेशसँग बसोबास गर्दै आएका छन् ।

## २.३ जन्म र जन्मस्थल

पिता स्व.पुष्पराज कँडेल र माता स्व.नन्दकुमारी कँडेलको दोस्रो सन्तानको रूपमा वि.सं.२००२ साल असोज ७ गते कृष्णपक्षको द्वितीया तिथि वाग्मती अञ्चलको धादिङ जिल्लाको बेनीघाट गा.वि.स. वडा नं. ५ को रिचोक्टारमा राजकृष्णको जन्म भएको हो ।

## २.४ परिवार

राजकृष्णको पिताको मुख्य पेसा वा व्यवसाय पुरेत्याइँ रहेको थियो । उनी संस्कृतका प्रकाण्ड विद्वान् तथा शास्त्रका ज्ञाता रहेको पाइन्छ । समाजमा कँडेल परिवारको राम्रो नाम चलेको थियो । पिताको पुरेत्याइँबाट आएको आम्दानी नै उनीहरूको जीवनस्तरको माध्यम बनेको थियो । राजकृष्ण चार दाजुभाइ र तीन दिदीबहिनीमध्येका माइला सुपुत्रका रूपमा जन्मिएका हुन् । उनकी दिदीको छ वर्षको उमेरमा मृत्यु भएको थियो । जेठा दाजु घनश्याम उपाध्याय कँडेल त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयको प्राध्यापक तथा साहित्यकार रहेका र उनको बसोबास चाहिँ काठमाडौंको कुलेश्वरमा रहेको छ ।

माइला सुपुत्रका रूपमा रहेका शोधनायक राजकृष्णले वि.सं.२०२४ सालदेखि क्रमशः धादिङको भैरवी प्रस्तावित माध्यमिक विद्यालय, चितवनको शिवनगरको नारायणी विद्या मन्दिर तथा प्रेमवस्ती मा.वि.मा अङ्ग्रेजी भाषा शिक्षक तथा प्रधानाध्यापकको गरिमामय पदमा रही सेवा गरेका थिए । साहिँला भाइ अनलराज भने आफ्नै पुर्ख्यौली थलो रिचोक्टारमा कृषक जीवन व्यतीत गर्दै आएका छन् । कान्छो भाइ श्यामसुन्दर कँडेल काठमाडौंको नेपाल बैंकको मेनेजर पदमा रही आफ्ना परिवारसहित कलङ्कीमा बसोबास गर्दै आएका छन् ।[1] बहिनीहरूमध्ये जेठी बहिनी भगवती वि.सं. २०६४ साल चैत्र २८ गते संविधान सभाको चुनावको दिनमा दिवङ्गत भएकी थिइन् । कान्छी बहिनी लक्ष्मी सिटौला आफ्ना परिवारसहित कलङ्कीमा बसोबास गर्दै आएकी छन् ।[2] उनी आफ्ना भाइहरूसँग धेरै लामो समयसम्मसँगै बस्न पाएका थिएनन् । अनौपचारिक रूपमा भाइहरूसँग भिन्न भए पनि औपचारिक रूपमा भने वि.सं. २०३३ सालमा छुट्टाभिन्न भएका थिए । उनी दुईवटा छोराका कुशल पिता तथा चारवटा नातिनातिनाका हजुरबाबा बनेका छन् । उनका जेठा छोरा दीपक कँडेल चार्टर एकाउन्टेन्ट पदमा रही आफ्ना एक छोरी, एक छोरा र श्रीमतीसहित दिल्लीमा भारत सरकारको सेवा गर्दै आएका छन् । राजकृष्णका कान्छा छोरा राजु

---

१. ऐजन ।

२. ऐजन ।

कँडेलले कृषि तथा पशुविज्ञान अध्ययन संस्थानबाट स्नातक गरी काठमाडौंको खुमलटारमा रहेको नेपाल कृषि अनुसन्धान केन्द्र नार्क ललितपुरमा कार्यरत रहेका छन् । उनी एक छोरा र श्रीमतीसहित काठमाडौंमा बसोबास गर्दै आएका छन् ।[१]

यसरी राजकृष्ण कँडेलको पारिवारिक पृष्ठभूमिलाई हेर्दा उनको परिवार शिक्षित, सभ्य, सुसंस्कृत र स्वावलम्बी भएको देखिन्छ । सादा जीवन उच्च विचारका धनी राजकृष्णको व्यक्तित्वको प्रभाव उनका परिवारजनमा समेत परेको देखिन्छ ।

## २.५ बाल्यकाल

पिता पुष्पराज कँडेल र माता नन्दकुमारी कँडेलका दोस्रो सन्तानका रूपमा जन्मेका राजकृष्णको बाल्यकाल प्रकृतिको अनुपम नगरी रिचोक्टार, त्रिशूली र मलेखु खोलाको काखमा पौडँदै, रातोमाटोसित खेल्दै, हरिया वन, चउर, खोच र पाखाहरूमा घुम्दै प्राकृतिक छटासित लुकामारी गर्दै बितेको पाइन्छ ।[२]

### २.५.१ बाल्यकालको दुःखद क्षण

राजकृष्णको बाल्यकाल शारीरिक रूपमा कष्टकर बनेको थियो । उनी बाल्यकालमा एकप्रकारको अपाङ्ग जस्तै देखिन्थे । ज्योतिषशास्त्रअनुसार चिन्तामणिका ग्रहगोचर राम्रा हुँदाहुँदै पनि तीन वर्षसम्म हिँड्न सकेका थिएनन् । सधैं घस्रेर हिँडेको देखेर उनका मातापितालाई चिन्ताले सताएको थियो । त्यतिबेला डाक्टरी उपचारभन्दा झारफुक र जोखना हेर्ने प्रचलन रहेको थियो ।[३] उनका मातापिताले जोखना हेर्ने र मनकामना भाक्ने काम गरेका थिए । भाकल पूरा गर्नुपर्छ भन्ने मान्यताअनुरूप एउटा बोक्ने मान्छे खोजेर डोकोमा राखी मनकामना लगेका थिए । त्यहाँ पुगेपछि मनकामना परिसरमा आश्चर्यजनक घटना घट्न पुगेको थियो । बुवाको बुई चढेर घण्ट बजाउने बित्तिकै उनी टुकुटुकु हिँडेका थिए । घस्रिएर हिड्ने बच्चा टुकुटुकु हिँडेको देख्दा उनीहरूमा खुसियाली छाएको थियो ।[४] उनले आफू साङ्ग हुनुमा मनकामना देवीको आशीर्वाद ठानेका छन् । यस घटनालाई उनीहरूले मनकामनाको आशीर्वाद भनी ठान्नु स्वाभाविकै पाइन्छ । अझ आश्चर्य मान्नुपर्ने कुरा के छ भने तीन वर्षको अबोध बालककालको त्यस घटनालाई सहजै सुनाउन सकेका छन् ।

राजकृष्णको बाल्यकालका घटनाले कथाकै रूप लिएका छन् । अर्को घटना आफ्नी दिदी छ वर्षकी हुँदा उनलाई पिठ्यूँमा बोकेर हिड्दा कुकुरले टोक्दा लडेर मृत्यु भएको थियो ।

त्यस्तै अर्को घटना उनी ८ वर्षको उमेरमा ठूलो बिरामी परेका थिए । उनले जडीबुटीको औषधि खान मानेका थिएनन् । गाउँकै जेठा कँडेल टीकादत्तले जडीबुटी उपचारमा मोहरको डलर

---

१. ऐजन

२. डि.आर. पोखरेल, पूर्ववत् पृ. ८ ।

३. ऐजन ।

४. पूर्ववत् पृ. ८-९ ।

देखाई औषधि खुवाई कालको मुखबाट बचाएका थिए ।[१] यसरी राजकृष्णको बाल्यकाल कष्टप्रद बन्नपुगेको र अध्ययनमा त्यति रुचि नराख्ने गरेको पाइन्छ । उनी नौ वर्षको उमेरसम्म पनि स्कुल गएका थिएनन् । कसैले उनलाइ के गरी खान्छस् भनी प्रश्न गर्‍यो भने हलो जोतेर खान्छु भनी उत्तर दिने गरेको जानकारी पाइन्छ ।[२] उनी नौ वर्षको सानै उमेरमा वैवाहिक बन्धनमा बाँधिन पुगेका राजकृष्ण तत् पश्चात् अध्ययनका लागि काशी प्रस्थान गरेका थिए ।

समग्रमा राजकृष्णको बाल्यकाल अस्वस्थ्य भए पनि राम्रो उपचारबाट सुधारिएको पाइन्छ । उनको बाल्यकाल सुखद तथा घरपरिवारको स्नेह र प्रेरणाले सानैदेखि नै प्रगतिको मार्गमा अगाडि बढ्ने अवसर पाएको देखिन्छ ।

## २.६ स्वभाव

हरेक मानिसका आ-आफ्ना स्वभाव हुन्छन् र ती स्वभावले हरेक क्षेत्रमा प्रभुत्व जमाइरहेका हुन्छन् । बाल्यकालमा राजकृष्णको मस्तिष्क त्यति तेज नभएको जानकारी पाइन्छ । सुसंस्कृत पारिवारिक वातावरणमा हुर्किए पनि उनले बालककालमा पढाइप्रति रुचि नराखेको पाइन्छ । नौ वर्षको उमेर पुग्दासम्म पनि उनलाई पढ्नलेख्न आउँदैनथ्ययो ।[३] साहित्य लेखनमा भने १५/१६ वर्षको उमेरमा मात्र रुचि देखाएको पाइन्छ । माता नन्दकुमारी कँडेलको सुरिलो कण्ठबाट निस्किएको रामायणका श्लोकबाट राजकृष्णको साहित्यप्रति झुकाव बढेको पाइन्छ । त्यस्तै दाजु घनश्याम उपाध्याय कँडेलको साहित्यानुरागी लेखनबाट अभिप्रेरित भएको पाइन्छ ।[४] इमान्दारिता, निर्भीकता, स्पष्टवादिता, मिलनसारिता जस्ता गुणले सम्पन्न कवि राजकृष्ण कँडेल कुशल प्रशासकका रूपमा परिचित भएका छन् ।[५]

उनमा प्रचुर भावुकता, दयालुपन समान व्यवहार, अन्तर्मुखी प्रवृत्ति, असल कार्यमा लगाव, सादा जीवन र उच्च विचार जस्ता असल गुण देखिन्छन् ।[६] स्वाभिमानी व्यक्तित्व र आदर्शवादी स्वभाव भएकाले उनका रचनामा आदर्शवादी रूप स्पष्ट झल्किएको पाइन्छ । अरूको हेपाइ प्रवृत्तिको विरोध गर्ने, चाकरी चाप्लुसी गर्न पटक्कै नरुचाउने स्वाभिमानी व्यक्तित्वले कतिपय महत्त्वपूर्ण अवसरबाट बञ्चित हुनुपरेको जानकारी पाइन्छ ।[७]

विद्यार्थी जीवनमा पनि उनी ज्यादै रिसाहा, खरा घमण्डी र हक्की स्वभावका थिए । कोमलता र कठोरताका दोभान राजकृष्ण टी.भी. मा आएका सिरियल हेरेर पनि आँसु खसाल्ने

---

१. डि.आर. पोखरेल, पूर्ववत्, पृ. ९-१० ।

२. पूर्ववत्, पृ. १५ ।

३. शोधनायकसँगको मौखिक अन्तर्वाताबाट प्राप्त जानकारी अनुसार ।

४. ऐजन ।

५. साहित्यकार एवं प्राचार्य गोबिन्दराज विनोदीसँगको मौखिक अन्तर्वाताबाट प्राप्त जानकारी अनुसार

६. साहित्यकार तथा समालोचक पूर्णप्रसाद अधिकारीसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

७. शोधनायकसँगको मौखिक अन्तर्वाताबाट प्राप्त जानकारी अनुसार ।

गरेको जानकारी पाइन्छ । आफ्ना परिवारजन, भाइबहिनी र इष्टमित्रहरूप्रति स्नेहालु उदार र दायित्वमा पूर्ण जिम्मवारी बहन गरेको उनका परिवारजनहरूले स्विकारेको पाइन्छ ।[१]

उनको दृष्टिकोण सदैव आर्थिक भन्दा बौद्धिक कुरा ठूलो हो भन्ने भावनामा अभिप्रेरित रहेको थियो । व्यक्ति आदर्शवान् हुनुपर्छ भन्ने प्रेरणाले गर्दा छोराछोरीमा पनि चाकरी र चाप्लुसी संस्कार नरहेको देखिन्छ ।[२] सामान्य जीवनयापन गर्दै सादा जीवन उच्च विचार भन्ने उक्तिलाई हृदयङ्गम गरेका कँडेलको प्रतिष्ठा ठूलो रहेको छ । राजकृष्ण गम्भीर प्रवृत्तिका कुशल शिक्षा प्रशासक भएकाले शिक्षकलाई कडा नियमभित्र राख्ने तथा विद्यार्थीहरूलाई मनोवैज्ञानिक तथा उपदेशात्मक ढङ्गबाट उल्लासमय वातावरणमा पढाउने गरेको जानकारी पाइन्छ ।[३] उनी आफूलाई मनमा लागेका कुरा सबैका अगाडि निर्धक्क प्रस्तुत गर्ने प्रष्ट वक्ता भएको पाइन्छ ।

यसरी कवि राजकृष्ण कँडेल बाल्यकालदेखि नै खरा, आदर्शवान्, निर्भीक, स्वाभिमानी, र मिलनसार स्वभावका देखिन्छन् । उनी चाकरी र चाप्लुसीको विद्रोह गर्ने सत्यवादी सोच भएका एक अनुकरणीय व्यक्ति हुन् भन्न सकिन्छ ।

## २.७ शिक्षा-दीक्षा

एउटा बालक शिक्षित हुनुको पछाडि उचित पारिवारिक वातावरणको ठूलो भूमिका रहेको हुन्छ । राजकृष्ण पनि शिक्षित र सभ्य परिवारमा जन्मिएका थिए । उनको बाल्यकालमा पढाइप्रति रुचि नदेखिए पनि पछि गएर भने उर्वर रहेको देखिन्छ । उनले ६-७ वर्षको उमेरमा घरमा नै पिताबाट सावाँ अक्षर भने चिनेका थिए । उनले नाम थाहा नभएको नेवार मास्टरबाट एघार वर्षको उमेरमा सामान्य लेखपढ गरेका थिए । उनी रिचोक्टारबाट मैदी उखुबारीका भट्ट गुरुकहाँसमेत पढ्न पुगेका थिए । उनको औपचारिक शिक्षा भने विवाह पश्चात् वि.सं.२०१३ सालदेखि भारतको बनारसस्थित मारबाडी संस्कृत महाविद्यालय, असीघाटबाट प्रारम्भ भएको र यसभन्दा पहिले कत्ति पनि पढेका थिएनन् ।[४]

उनले शिक्षा आरम्भ गर्ने समयमा विद्यालय विरलै खुलेका थिए । बनारसमा संस्कृत विषयको पढाइ निःशुल्क हुने भएकाले राजकृष्णका दाजु घनश्याम पनि अध्ययनका लागि बनारस पुगेका थिए । उनका पिता पण्डित भएकाले सन्ततिको अध्ययनका लागि ध्यान पुर्‍याएर काशी पठाएका थिए ।[५] उनले काशीमा विभिन्न विद्यालयमा रहेर शिक्षा आर्जन गरेको देखिन्छ :

१. शोधनायककी पत्नीसँगको मौखिक अन्तर्वाताबाट प्राप्त जानकारी अनुसार ।

२. शोधनायकको कान्छा छोरा राजुसँगको मौखिक अन्तर्वाताबाट प्राप्त जानकारी अनुसार ।

३. गजलकार धनराज गिरीसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

४. शोधनायकासँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

५. डि.आर. पोखरेल, पूर्ववत्, पृ. १३ ।

### २.७.१ मारबाडी संस्कृत महाविद्यालय

राजकृष्ण वि.सं.२०१४ सालमा मारबाडी संस्कृत महाविद्यालय, असीघाट वाराणसीमा प्रथमा कक्षामा भर्ना भएका थिए । वास्तवमा राजकृष्णको आज जुन शैक्षिक व्यक्तित्व निर्माण भएको छ, त्यसको आधारशीला भनेको यही विद्यालय रहेको छ । यस विद्यालयमा उनले दुई वर्षसम्म मात्र अध्ययन गरेका थिए । उनले प्रथमा (आठ कक्षा सरह) को परीक्षा दिए तर गणितमा फेल भई अनुत्तीर्ण बनेकाले त्यस विद्यालयमा पढ्न मन नलागेपछि विद्यालय नै छोडेका थिए ।[1]

### २.७.२ गोयनका संस्कृत महाविद्यालय

राजकृष्ण मारवाडी संस्कृत विद्यालय असीघाट छोडेर गोयनका संस्कृत महाविद्यालय बुलनाला वाराणसीमा भर्ना भएका थिए । यता आएपछि उनले आफ्नो प्रचलित कृष्णराज नाम फेरेर राजकृष्ण राखेका थिए । उनले कृष्णराजबाट राजकृष्ण नाम परिवर्तन गर्नु प्रथमा फेल भएकाले अर्को विद्यालयमा पूर्वमध्यमा परीक्षा दिन अवरोध आउन सक्छ भन्ने रहेको थियो । यस विद्यालयमा गणित विषय पढ्न नपरेकाले अन्य विषयहरू उनले खुब मन लगाएर पढ्न थालेका थिए । सन् १९६३ मा प्रवेशिका परीक्षा वा पूर्वमध्यमा परीक्षा उत्तीर्ण गरेका थिए । त्यसपछि सन् १९६५ मा यसै विद्यालयबाट उत्तरमध्यमा पनि उत्तीर्ण भएका थिए ।[2]

### २.७.३ वाराणसेय संस्कृत विश्वविद्यालय

पूर्वमध्यमा परीक्षा उत्तीर्ण गरिसकेपछि राजकृष्णले अङ्ग्रेजी विषय लिएर वाराणसेय संस्कृत विश्वविद्यालयबाट सन् १९६४ मा विशिष्ट पूर्वमध्यमा परीक्षा उत्तीर्ण गरेको पाइन्छ भने सन् १९६५ मा नै क्याम्ब्रिज कोचिङ्ग सेन्टरमा अध्ययन गरेर उत्तर प्रदेश बोर्डबाट अङ्ग्रेजी विषय लिएर इन्टरमिडियट परीक्षासमेत उत्तीर्ण गरेको जानकारी पाइन्छ ।[3]

यसरी उनले काशी पुगेर विभिन्न विद्यालयबाट शिक्षा आर्जन गरेको पाइन्छ । मारबाडी संस्कृत महाविद्यालय असीघाटमा प्रथमा कक्षा भर्ना भई अनुत्तीर्ण भएपछि गोयनका संस्कृत महाविद्यालय बुलनालाबाट सन् १९६३ मा पूर्वमध्यमा, सन् १९६४ मा वाराणसेय संस्कृत विश्वविद्यालयबाट विशिष्ट पूर्वमध्यमा र सन् १९६५ मा उत्तरमध्यमा र उत्तर प्रदेश बोर्डबाट इन्टरमिडियट परीक्षा पनि उत्तीर्ण गरेको पाइन्छ । औपचारिक शिक्षाका लागि काशी पुगेका राजकृष्ण नौ वर्षको लामो अध्ययनपश्चात् आफ्नै जन्मभूमि नेपाल फर्किएर पनि अध्ययनलाई निरन्तरता दिएका थिए । वि.सं.२०२२ साल असारमा एक महिना जति रिचोक्टारमा बसेर पुनः विद्यार्जनकै निम्ति काठमाडौं पुगी विभिन्न विद्यालय-महाविद्यालयहरूमा रहेर शिक्षा आर्जन गरेको देखिन्छ :

---

१. पूर्ववत्, पृ.१६ ।

२. ऐजन ।

३. पूर्ववत्, पृ.१६ ।

## २.७.४ त्रिचन्द्र कलेज

उच्च शिक्षाका लागि काठमाडौं पुगेका राजकृष्ण वि.सं.२०२२ साल साउनमा बी.ए.अध्ययन गर्न त्रिचन्द्र कलेजमा भर्ना भएका थिए । उनले आफ्ना सहपाठी साथीहरू रामशरण महत, ठाकुरप्रसाद शर्मा कँडेल लगायत अन्य मित्रहरूसँगै केही समय अध्ययन गरेका थिए तर काशीबाट भर्खरै आएका हुनाले हावापानी नमिलेर ठूलो बिरामी परेका थिए । त्यसैले उनले हाजिरी नपुगेर परीक्षा दिन नपाइएला भनी त्रिचन्द्र कलेज छोडेको जानकारी पाइन्छ ।[१]

## २.७.५ सरस्वती कलेज

राजकृष्ण त्रिचन्द्र कलेजमा भर्ना भए पनि बिरामी भएर अध्ययन गर्न नसकेकाले क्याम्पस फेरेर सरस्वती कलेजमा वि.सं. २०२२ सालमा नै बी. ए. स्थानान्तर भएका थिए ।[२] सरस्वती कलेज कन्या स्कूल लैनचौरको भवनमा रात्री कक्षाका रूपमा सञ्चालन भएको थियो । त्यसकलेजमा युनियनका सभापति पूर्व उपप्रधानमन्त्री रामचन्द्र पौडेल पनि अध्ययनार्थ भर्ना भएका थिए । यसै कलेजबाट राजकृष्णले वि.सं.२०२५ सालमा बी.ए. परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेका थिए ।[३]

## २.७.६ कलेज अफ एजुकेशन

सरस्वती कलेजबाट बी.ए. उत्तीर्ण गरेर राजकृष्ण चितवनको शिवनगरको नारायणी विद्या मन्दिरमा शिक्षक बनेका थिए । त्यहीँ कार्यरत अवस्थामा वि.सं.२०२८ सालमा एक वर्षे बी.एड. अध्ययनका लागि कीर्तिपुरतर्फ लागेका थिए । उनी कलेज अफ एजुकेशनमा भर्ना भई वि.सं. २०२९ सालमा यसै कलेजबाट एक वर्षे बी.एड. द्वितीय श्रेणीमा उत्तीर्ण गरेका थिए ।[४]

## २.७.७ त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

राजकृष्णले बी. ए. र एक वर्षे बी. एड. उत्तीर्ण गरेपछि वि.स.२०३१ सालमा त्रि.वि. कीर्तिपुरबाट नेपाली विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेका थिए ।[५]

यसरी राजकृष्णले वि.सं.२०१३ सालदेखि २०३१ सम्म अठार वर्षसम्मको समय औपचारिक शिक्षार्जनमा खर्चिएको देखिन्छ । उनले काशीमा नौ वर्ष अध्ययन गरेर नेपाल फर्केपछि पढ्दै पढाउँदै नौ वर्षभित्र उच्चशिक्षा हाँसिल गरेको देखिन्छ । 'परिश्रमको फल मिठो हुन्छ' भनेझैं उनले

---

१. पूर्ववत्, पृ.१७-१८ ।

२. शोधनायकासँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

३. पूर्ववत्, पृ. १८ ।

४. ऐजन ।

५. ऐजन ।

पनि जीवनभर मेहेनतको कसीमा आफूलाई घोटेको पाइन्छ । फलस्वरूप उनले विभिन्न शिक्षा प्राप्त गरेर जीवन सार्थक र प्रतिष्ठित बनाएका छन् ।

## २.८ आर्थिक अवस्था

राजकृष्णको पारिवारिक एवम् आर्थिक पृष्ठभूमि हेर्दा मध्यम वर्गीय आर्थिक संरचना देखिन्छ । उनको पुर्ख्यौली सम्पत्ति प्रशस्त नभएको र आठजना परिवारको पालनपोषण भनेको पिताजीको पुरेत्याइँबाट आएको आम्दानी रहेको पाइन्छ । धादिङमा उनको अलिकति जमिन (२ हल जमीन) र एउटा घर रहेको थियो । उनका पिताजीले धेरै पहिले आफ्ना इष्टमित्रका सल्लाहअनुरूप चितवनको पिप्ले भन्ने ठाउँमा डेढ बिघा जमिन किनेका थिए । वि.सं २०३१ सालमा पिताजीको मृत्यु भएपछि पिप्लेको जमिन बेचबिखन गरी कृष्णपुरमा २६ कट्ठा ९ धुर जमिन किनेका थिए । वि.सं. २०३३ सालमा राजकष्णका दाजुभाइ छुट्टाभिन्ना हुँदा सम्पूर्ण जमिन भागबण्डा लगाउँदा उनको भागमा कृष्णपुरको जमिन ६ कट्ठा १० धुर परेको थियो । त्यसपछि दुःख सुख गरी वि.सं. २०३९ मा उनले भरतपुर ७ कृष्णपुरस्थित जमिनमा घर बनाएका थिए ।[१] घरको व्यवहार चलाउन कठिनाइ भएको कारण राजकृष्णले बनारसबाट फर्किएपछि अध्ययनलाई अगाडि बढाउन नसकेको पाइन्छ । उत्तरमध्यमा पास गरेपछि जागिरे जीवन सुरु गरी अध्ययनलाई निरन्तरता दिएका थिए । उनले आफ्नो गृह जिल्ला धादिङमा अध्यापन कार्य सुरु गरेका र चितवनका विद्यालयहरूमा पनि शिक्षा क्षेत्रमा काम गरी अध्ययनको चाहनालाई समेत यसैबाट अर्थ सङ्कलन गरी जुटाएका थिए ।[२] विभिन्न साहित्यिक कार्यक्रममा भाग लिने, सामाजिक कार्यक्रमहरूमा अग्रसर हुने, कतिपय ठाउँमा स्वयंसेवकका रूपमा काम गर्ने तथा लोभलाचमा नफस्ने भएकाले इमान्दारका साथै कर्तव्यनिष्ठ बानीले गर्दा आफ्नो जीवनकालमा आर्थिक सञ्चय गर्न नसकेको पाइन्छ । आफूले असल कर्म गरेर कमाएको नाम वा त्यसबाट आएको आम्दानीबाट नै सन्तुष्ट रहेका छन् ।[३] राजकृष्णको वर्तमान आर्थिक अवस्थालाई हेर्दा उनको चल सम्पत्तिको मुख्य आयस्रोत भन्नु नै शिक्षा सेवा आयोगबाट प्राप्त निवृत्तिभरण मासिक बाऱ्हहजार रूपियाँ र भरतपुर-७, कृष्णपुरस्थित भुइँतलाको भाडाबाट आएको रकम तथा अचल सम्पत्तिको रूपमा भरतपुरको हाकिमचोकमा १० धुर र काठमाडौंको कलङ्कीमा ७ आना जमिनसहित ३ तलाको घर रहेको देखिन्छ ।[४]

यसरी राजकृष्णको आर्थिक अवस्था उच्चस्तरको नदेखिए पनि पैतृक सम्पत्तिमा केही सुधार आएको पाइनुका साथै सन्तोषं परमं सुखम् भन्ने उक्तिलाई नै ठूलो सम्पत्ति ठानेको पाइन्छ ।

---

१. शोधनायकसँगको मौखिक अर्न्तवार्ताबाट प्राप्त जानकारी अनुसार ।
२. ऐजन ।
३. ऐजन ।
४. ऐजन ।

## २.९ वैवाहिक जीवन

हिन्दू सामाजिक परम्पराअनुसार राजकृष्णको विवाह वि.सं. २०११ साल माघ १३ गते ९ वर्षको उमेरमा धादिङको अवार्सटार निवासी प्रेमनाथ सिलवाल तथा अप्सरा सिलवालकी कनिष्ठ सुपुत्री आठ वर्षकी बालिका मायादेवी सिलवालका साथ सु-सम्पन्न भएको थियो ।[१] एकअर्कामा प्रणय सूत्रमा बाँधिए पनि श्रीमान्-श्रीमतीको भूमिका र महत्त्वको बारेमा अनभिज्ञ रहेका ती दम्पती लगभग दुई वर्षमात्र सँगसँगै बसेका थिए । त्यसपछि राजकृष्ण वि.सं. २०१३ साल श्रावण ५गते औपचारिक शिक्षाका लागि बनारस प्रस्थान गरेका थिए । श्रीमान् आफूबाट टाढा रहँदा वा बिछोड हुँदाका दिनहरूमा पनि मायादेवीलाई कुनै असर गरेको थिएन ।[२] सामान्य साक्षार नारी, सरल, मृदुभाषी, शान्त, कोमल हृदय, सहयोगी भावना र पतिपरायणाजस्ता अमूल्य गुणले भरिपूर्ण मायादेवीले पतिसँगको बिछोडमा जीवनलाई सम्हालेर अप्ठ्यारो परिस्थितिमा पनि कुशल ढङ्गले गृह सञ्चालन गर्दै असल बुहारीको भूमिका निर्वाह गरेकी थिइन् ।[३] राजकृष्ण ९ वर्षको औपचारिक अध्ययनपश्चात् काशीबाट रिचोक्टार फर्किएका थिए । उनी रिचोक्टारमा आफ्नी श्रीमतीसँग एक महिनाजति मात्र बसी अध्ययन कार्यका लागि काठमाडौं गएका थिए ।

उनले वि.सं.२०२४ सालमा सरस्वती कलेजमा पढ्दा पढ्दै आफ्नै गृह जिल्ला धादिङको भैरवी प्रस्तावित मा. वि.मा शिक्षण लगभग एक वर्ष जति मात्र गरेका थिए । फेरि वि.सं. २०२५ सालमा शिवनगरको नारायणी विद्या मन्दिरमा अध्यापन गर्न थालेका थिए । त्यसपछि वि.सं.२०२६ सालमा मायादेवी पनि रिचोक्टारबाट आफ्ना श्रीमान्सँगै शिवनगरमा बस्न आइपुगेकी थिइन् ।[४] डेरामा बसोबास गर्दै आएका राजकृष्ण र मायादेवीले वि.सं. २०२९ जेठ २७ गते जेठो सुपुत्र दीपकलाई र वि.सं. २०३२ जेठ १ गते कान्छो छोरा राजुलाई जन्माएका थिए ।[५] डेराको जीवन कष्टकर भएकाले वि.सं.२०३९ सालमा भरतपुरको कृष्णपुर ७ मा घर बनाई बसाइँ सरेका थिए । जेठो छोरा दीपककी १ छोरी र १ छोरा र कान्छो छोरा राजुको १ छोरा गरी ३ नातिनातिनाको हजुरबुवा भएका छन् ।[६] हाल आएर राजकृष्णलाई मधुमेह र रक्तचाप जस्ता रोगले आक्रमण गरेको छ तापनि मायादेवीको कुशल हेरविचार र समयअनुसारको खानपानको तालमेलले गर्दा अझै पनि हृष्टपुष्ट देखिएका छन् ।[७]

यसरी राजकृष्ण श्रीमतीसँगको गाढा प्रेम, शान्त तथा मायालु वातावरणले समय छोट्टिएको आभाष गर्दै कृष्णपुरस्थित घरमा मायादेवी र मायादेवीको भतिजा दिनेशका साथ बसोबास गर्दै आएका छन् ।

---

१. ऐजन ।

२. शोधनायककी पत्नीसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

३. शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

४. ऐजन ।

५. ऐजन ।

६. शोधनायककी पत्नीसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

७. शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

## २.१० शिक्षण सेवा

राजकृष्ण कँडेलको प्रमुख पाटो नै अध्यापन क्षेत्र रहेको छ । उनले काशीबाट आइ.ए. र उत्तरमध्यमा उत्तीर्ण गरेर फर्केपछि लगत्तै शिक्षण सेवामा प्रवेश गरेको पाइन्छ । उनले वि.सं. २०२४ -२०६७ सम्म विभिन्न विद्यालयमा रहेर करिव ४३ वर्ष काम गरेको पाइन्छ ।

### २.१०.१ भैरवी प्रस्तावित मा.वि.

राजकृष्ण वि.सं. २०२४ सालमा सरस्वती कलेजमा पढ्दा पढ्दै आफ्नै गृह जिल्ला धादिङको भैरवी प्रस्तावित मा.वि. बाट शिक्षण सेवामा प्रवेश गरेका थिए । उनी प्रवेश गर्दा त्यस विद्यालय नि.मा.वि. मात्र थियो र त्यसलाई प्रस्तावित मा.वि. बनाएर प्र.अ. बनेका थिए । त्यो विद्यालय ९ कक्षासम्म सञ्चालन भएको तर बजेटको अभावले १० कक्षा सञ्चालन हुन सकेको थिएन । आर्थिक समस्याले गर्दा यो विद्यालय सुचारु हुन नसकेकाले एक वर्ष मात्र काम गरेर छोडेका थिए ।[१]

### २.१०.२ नारायणी विद्या मन्दिर, शिवनगर

भैरवी प्रस्तावित मा.वि. चल्न नसकेर धादिङ सदरमुकाम छोडी सरस्वती कलेज, काठमाडौं पुगेका  राजकृष्णले वि.सं. २०२५ साल चैत्रमा बी .ए.को परीक्षा दिएर  २४ गते मामा नेत्रराज पाण्डे र राजेन्द्र पाण्डे (पूर्व मन्त्री) सँगै चितवन घुम्न निस्किएका थिए । उनका दाजु घनश्याम उपाध्याय कँडेलले चितवनको शिवनगरस्थित नारायणी विद्या मन्दिरमा पढाएका थिए । दाजु लगायत अन्य मित्रहरूलाई भेट्न भनी उनी त्यहाँ आएका थिए । उनी चितवन आउने क्रममा बसमा प्रेमकुमार चापागाईसित भेट भएको र त्यस रात नारायणी विद्या मन्दिर मा.वि. शिवनगरका तत्कालीन सञ्चालक समितिका सचिव भुवन अधिकारीका घरमा बास बस्न आइपुगेका थिए । भोलिपल्ट वि.सं.२०२५ चैत्र २७ गते सचिव र अन्य मित्रहरूको अनुरोधमा उनले त्यही दिनदेखि नारायणी विद्या मन्दिर मा.वि. शिवनगरमा अध्यापन कार्य सुरु गरेका थिए । त्यसपछि उनी रातदिन विद्यालयकै काममा खटिन थालेका थिए । कर्तव्यपरायण, इमान्दर, लगनशील, तथा प्रस्ट बोल्ने स्वभावले गर्दा राजकृष्ण अभिभावक तथा विद्यार्थीहरूका आँखाका नानी बनेका थिए ।[२]

शिवनगरमा शिक्षक भएको सात महिना नपुग्दै वि.सं.२०२६ असोज १३ गते उनी प्रधानाध्यापकजस्तो गरिमामय पदमा आसीन भएका थिए । प्रधानाध्यापक कँडेलको प्रशासनिक क्षेत्र कडा, दक्ष, पक्षपातरहित, समन्वयात्मक र स्पष्ट भएकाले शैक्षिक गुणस्तरमा पनि अभिवृद्धि हँदै गएको थियो ।[३]

---

१. डि.आर. पोखरेल, पूर्ववत्, पृ.२०-२१ ।

२. पूर्ववत्, पृ.२१-२३ ।

३. पूर्ववत्, पृ.२१ ।

राजकृष्णले वि.सं. २०२६ जेठ ५ गते सञ्चालक समितिको सिफारिसमा मा.वि.मा स्थायी नियुक्तिपत्र प्राप्त गरेका थिए । राजकृष्णको कामप्रतिको लगनशीलताले गर्दा विद्यार्थी सङ्ख्या पनि वृद्धि हुदै गएको थियो ।[1] मायादेवी पनि रिचोक्टारबाट शिवनगर आएकी हुनाले उनलाई एकातिर विद्यालयका जिम्मेवारी भने अर्कोतिर पारिवारिक जिम्मेवारी पनि बढेको थियो । राजकृष्ण हरसमय अर्थात् अहोरात्र विद्यालयमा खटिनुका साथै विद्यालयप्रति चिन्तनशील रहेका थिए ।

उनी मूलतः अङ्ग्रेजी भाषाका शिक्षक भएको र विद्यार्थीलाई अत्यन्त प्रभावकारी ढङ्गले पढाउने गरेका थिए । उनले विद्यालयका शैक्षिक, सामाजिक, प्रशासनिक तथा भौतिक निर्माणका अधुरा कार्यहरू सफलताका साथ सम्पन्न गरेका थिए । त्यस समयमा शैक्षिक गुणस्तर अत्यन्त प्रबल बन्दै गएकाले चितवनका गन्यमान्य विद्यालयहरूमध्ये शिवनगरको नारायणी विद्या मन्दिर मा.वि.को नाम अग्रपङ्क्तिमा आएको पाइन्छ । वि.सं.२०३४ सालको एस.एल.सी. परीक्षामा त्यहाँका छात्र कृष्णप्रसाद पौडेलले बोर्डमा छैटौं स्थान ल्याएका थिए । यसले गर्दा उनको व्यक्तित्व उच्च भएको थियो । राजकृष्ण एक कुशल प्रशासक बनी आफूमाथि आएका बाधा र व्यवधानलाई पनि कुनै पर्वाह नगरी काम गर्ने भएकाले चितवनकै शिक्षा प्रशासकमध्ये अग्रस्थानमा उनको नाम आएको पाइन्छ । उनले शिवनगरको नारायणी विद्या मन्दिरमा वि.सं.२०३८ साल चैत्र मसान्तसम्म अर्थात १३ वर्ष ६ महिना १७ दिन कुशल प्रशासक बनी कार्य गरेको पाइन्छ ।[2]

## २.१०.३ प्रेमवस्ती मा.वि.

राजकृष्णको शिक्षण क्षेत्रको उत्कर्ष रूप प्रेमवस्ती मा.वि. रहेको पाइन्छ । कुनै काममा लागेपछि तल्लीन रहने, परिश्रमी, लगनशील स्वभावले गर्दा शिक्षा क्षेत्रमा प्रवेश गरेदेखि गरिमामय पद प्रधानाध्यापक बन्ने सुनौलो अवसर प्राप्त गरेका थिए । उनलाई शिवनगरको नारायणी विद्या मन्दिरले बिदा दिन नचाहँदा नचाहँदै राजकृष्ण आफ्नो काम विशेषले वि.सं.२०३९ साल वैशाख २ गते प्रेमवस्ती मा.वि.मा प्रधानाध्यापकको रूपमा नै सरुवा भएका थिए ।[3] दुईवटा छोरासहित ४ जनाको परिवार भएकाले डेराको बसाइँ साँघुरो भएकाले वि.सं.२०३९ सालमा नै भरतपुर-७ कृष्णपुरमा घर बनाई बसाइँ सरेका थिए ।[4] उनी प्रेमवस्तीमा आउँदा भौतिक अवस्था त्यति मजबुत नभएको पाइन्छ । नि.मा. वि. मात्र चलाउन सकिने खालका स-साना कोठाहरू बनेका थिए । यो देखेर उनी एक चित्त बनी धेरै परिश्रमकासाथ विद्यालयको पूर्वाधार खडा गरेका थिए । उनको शुद्ध मनबाट गरेको कामले यहाँ पनि सफलताका ढोका खुल्न थालेका थिए । विद्यालयको भौतिक सुधार हुनुका साथै शैक्षिक गुणस्तर पनि वृद्धि हुँदै गएकाले शिवनगरमा झै प्रेमवस्ती मा.वि.को नाम पनि चारैतिर फैलिन थालेको थियो । उनी प्रेमवस्ती मा.वि. मा आएको थाहा पाएर कतिपय विद्यार्थीहरू आएका थिए भने अर्कोतिर वि.सं.२०४७ सालको एस.एल.सी. परीक्षामा ३९

---

१. शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

२. डि.आर.पोखरेल,*राजकृष्ण कँडेलः जीवनी र विचार,* **नारायणी टुडे,** (वर्ष-८,अङ्क-४८,२०६५),पृ.२२-२३ ।

३. पूर्ववत, पृ.२४ ।

४. शोधनायककी पत्नीसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

जना विद्यार्थीरू प्रथम श्रेणीमा उत्तीर्ण भएको परीक्षाको परिणामले प्रेमवस्ती मा. वि. लाई चितवनमा अग्रस्थान दिलाएको थियो ।[१] वि.सं. २०१८ सालमा चितवनमा मा.वि.तहको शिक्षा सुरु भए यता २०६१ सालसम्म पनि चितवनका मा.वि.हरूले ल्याउन नसकेको स्थान २०४७ मा प्रेमवस्ती मा.वि. ले ल्याएको थियो । यस विद्यालयमा ३९ जना प्रथम श्रेणीका सहित १७६ जना नियमित परीक्षार्थीको रूपमा उत्तीर्ण भएका थिए ।[२] यो नतिजा उनको लगनशीलता, कडा प्रशासनिक कार्य तथा कामप्रतिको पूर्ण जिम्मेवारीको प्रतिफल भएको पाइन्छ । यसरी उनको योग्यता, क्षमता र व्यक्तित्वको कदर सबैतर्फबाट भएको देखिन्छ । उनी प्रेमवस्तीमा आएको दोस्रो वर्षमा नै अर्थात् वि.सं २०४० मा जिल्ला टेस्टको सचिव बनी २०४५ सम्म करिब ६ वर्ष यो पदमा रही कार्य गरेका थिए । यसै गरी वि.सं.२०४१ देखि २०४८ सम्म करिब ८ वर्ष उनी जिल्ला शिक्षा समिति को सदस्य पनि छानिएका थिए । त्यस्तै जिल्ला शिक्षक छनौट समितिमा रहेर २०४३ देखि २०४७ सालसम्म करिव ५ वर्ष काम गरेका थिए । वि.सं.२०४४ मा शिक्षक सङ्घको अध्यक्ष पनि बनेका थिए ।[३] उनी एक कर्मठ, कर्तव्यपरायण र अनुशासित प्रधानाध्यापकका रूपमा चितवनका शिक्षा प्रशासकमध्ये प्रमुख प्रशासक बनेका थिए । तत्कालीन श्री ५ को सरकारले वि.सं.२०२८ को नयाँ शिक्षा पद्धति लागु गरेअनुसार २०२८ सालभन्दा अगाडि माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूलाई स्वतः द्वितीय श्रेणीमा नियुक्त गरेको थियो भने वि.सं.२०५५ सालमा उनी चितवन जिल्लाको मा.वि. प्रथम श्रेणीमा बढुवा भएका थिए ।[४] उनले प्रेमवस्ती मा.वि. मा आएर धेरै सङ्घर्ष गरी यस विद्यालयलाई उच्च स्थानमा पुऱ्याएका थिए । यिनै सङ्घर्ष र प्राप्तिहरूका साथ प्रेमवस्ती मा.वि. मा वि.सं.२०३९ साल वैशाख २ गतेदेखि वि.सं. २०५६ साल पुस १९ गते सम्म गरी १७ वर्ष ८ महिना १७ दिन प्रधानाध्यापकको गरिमामय पदमा रही बडो लगनशील र निष्ठाका साथ राजकृष्णले शिक्षण सेवा गरेको देखिन्छ ।[५]

यसरी उनले आफ्नो लगनशीलता, परिश्रम र कामप्रतिको लगावले नै शिक्षा क्षेत्रमा सफलता हाँसिल गरेको पाइन्छ ।

## २.१०.४ वागीश्वरी कलेज

राजकृष्णको योग्यता, दक्षता र क्षमताको चारैतिरबाट प्रशंसा भएको समयमा तथा प्रेमवस्ती मा. वि.मा अध्यापन गराउँदै गरेको अवस्थामा केही शिक्षाप्रेमी तथा उद्यमी मित्रहरूको अनुरोध टार्न नसकेर उनी प्रेमवस्ती मा.वि.बाट ५ महिनाको बिदा लिई वि.सं.२०५४ साल साउनदेखि मंसिरसम्म करिव ५ महिना वागीश्वरी कलेजका संस्थापक प्राचार्य बनेका थिए । आफ्नो मनले नचाहँदा नचाहँदै यस कलेजमा प्राचार्य बनेकोमा यसबाट उनले आफ्नो प्रतिष्ठा र

१. डि.आर. पोखरेल, पूर्ववत्, पृ.२५ ।

२. ऐजन ।

३. पूर्ववत्, पृ.२७ ।

४. शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

५. पूर्ववत्, पृ.२७ ।

नैतिकतामा आँच आएको अनुभव गरेका थिए ।[1] यो कलेज वि.सं. २०५४ देखि वि.सं. २०५७ सम्म मात्र चल्न सकेको थियो । त्यसपछि विद्यार्थी अति न्यून भएकाले राम्रोसँग चल्न नसकी वि.सं.२०५७ को नयाँ भर्ना सुरु भएपछि यो कलेज बालकुमारी कलेजमा गाभिन पुगेको थियो ।[2]

## २.१०.५ बालकुमारी कलेज

प्रेमवस्ती मा.वि.मा अध्यापन गराउने क्रममा बालकुमारी कलेजले पनि प्रातः समूहमा शिक्षा सङ्कायमा कार्यक्रम प्रमुख भइदिन राजकृष्णलाई आग्रह गरे अनुरूप वि.सं.२०५२ साल जेठ १ गतेदेखि शिक्षा सङ्कायको कार्यक्रम प्रमुख भई कार्य गर्न थालेका थिए । वि.सं. २०५४ सालको साउनमा वागीश्वरी कलेजमा संस्थापक प्राचार्य पदमा रहँदा भने बालकुमारी कलेजको कार्यक्रम प्रमुख पद चाहिँ छोडेका थिए । बालकुमारी कलेजमा भने वि.सं.२०६७ साल असार मसान्तसम्म करिब १५ वर्ष अध्यापन गरेका थिए ।[3]

यसरी राजकृष्णले २२ वर्षको कलिलो उमेरदेखि शिक्षण सेवा प्रारम्भ गरी विभिन्न विद्यालहरूमा कर्तव्यनिष्ठ, समान व्यवहार, लगनशील तथा परिश्रमी एवं कठोर प्रशासक भएकाले आजसम्म शिक्षा प्रशासकमध्ये अग्रस्थानमा नै रहेका छन् । उनले ३१ वर्ष लामो समय कुशल प्रशासकको महत्त्वपूर्ण भूमिका पूर्ण रूपले निर्वाह गर्दै शैक्षिक क्षेत्रमा आफ्नो प्रतिष्ठालाई अग्रस्थानमा ल्याउन सफल भएका छन् ।

## २.११ अविस्मरणीय क्षण

मानिसका जीवनमा कहिलेकाहीँ यस्ता घटना घटेका हुन्छन्, जुन घटना उसको मानसपटलमा चिरस्थायी बनेर रहेका हुन्छन् । त्यस्तै राजकृष्णको जीवनमा पनि केही यस्ता घटनाहरू बनेका छन् जुन क्षणहरू उनको जीवनमा अविस्मरणीय रहेका छन् ।

## २.११.१ रमाइला क्षण

राजकृष्ण प्रधानाध्यापक भएर नारायणी विद्या मन्दिर मा.वि. शिवनगर चितवनमा उनको लगनशीलता र निष्ठाले विद्यालय गतिशील रूपमा चलेको र वि.सं.२०३४ सालको एस.एल.सी. परीक्षाको नतिजा प्रकाशन हुँदा त्यसै विद्यालयका छात्र कृष्णप्रसाद पौड्यालले बोर्डमा छैठौं स्थान ल्याएका थिए । आफूले पढाएको छात्रले एस.एल.सी. परीक्षामा बोर्डमा छैठौं स्थान ल्याउनु भनेको उनको जीवनको सबैभन्दा ठूलो खुसीको क्षण बनेको थियो ।[4]

---

१. पूर्ववत्, पृ.२८ ।

२. शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

३. ऐजन ।

४. डि.आर. पोखरेल, पूर्ववत्, पृ.३९ ।

अहिलेका एकीकृत माओवादी पार्टीका अध्यक्ष तथा भू.पू. प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) वि.सं.२०२६ सालमा नारायणी विद्या मन्दिर मा.वि.मा पढेका थिए । त्यस समयमा राजकृष्ण कँडेल प्रधानाध्यापक रहेका थिए । उनले ९/१० कक्षामा अङ्ग्रेजी दोस्रो पत्रको प्रोज र पोयट्री पढाउने गरेका थिए । त्यहाँ पढ्दा पुष्पकमलको नाम छविलाल दाहाल रहेको थियो । त्यतिखेर स्कुलका अनुशासित विद्यार्थीहरूमध्ये अग्रपङ्क्तिमा गनिएका थिए । कक्षा ९ को रजिस्ट्रेसन फाराम भर्ने बेलामा यस्तो फूलजस्तो राम्रो विद्यार्थीको नाम पनि राम्रो हुनुपर्छ भनी राजकृष्ण र त्यसै विद्यालयका अर्का शिक्षक शालिग्राम तिमिल्सेना भएर छविलालको नाम पुष्पकमल दाहाल राखिदिएका थिए । आफैले नाम राखिदिएको विद्यार्थी देशको गरिमामय पद प्रधानमन्त्री बनेको दिन अपार आनन्दको महसुस भएको भाव कँडेलले व्यक्त गरेका छन् ।[१] वि.सं.२०४७ सालको एस.एल.सी. परीक्षामा प्रेमवस्ती मा. वि. बाट ३९ जना विद्यार्थीहरूले प्रथम श्रेणीमा उत्तीर्ण गरेका थिए । वि. सं. २०१८ देखि वि.सं.२०४७ सम्म चितवनका कुनै पनि विद्यालयका यस्तो उत्कृष्ट नतिजा नल्याएकाले प्रेमवस्ती मा.वि.ले चितवनका विद्यालयहरूमा नै अग्रस्थान ल्याउन सफल भएको थियो । राजकृष्णको परिश्रमको फल यो नतिजाले प्रकाशमा ल्याएको थियो । उक्त दिन उनको लागि जिन्दगीको सबभन्दा ठूलो खुशीको क्षण भएको पाइन्छ ।[२]

यसरी आफूले शैक्षिक क्षेत्रमा सेवा गर्दाका अवसरमा सफलता हाँसिल गरेका क्षणहरू नै उनका रमाइला क्षणका रूपमा रहेका देखिन्छन् ।

## २.११.२ दुःखद क्षण

जीवन हाँसो र आँसु मिली बनेको हुन्छ । राजकृष्णको जीवनमा पनि खुसीको क्षणसँगै दुःखद क्षण पनि बारम्बार आएको देखिन्छ । वि. सं.२०१६ सालको घटना उनको जीवनमा दुःखद बनेर रहेको छ । उनी दशैं बिदामा घर आएका थिए । घरबाट काशी जाने क्रममा रक्सोलबाट रेल चढेका थिए । लामो यात्रा भए पनि उनले टिकट भने नकाटेका र बिना टिकट रेलयात्रा गर्नु भारतमा ठूलो अपराध मानिन्छ । त्यसैले उनलाई छपरामा २४ घण्टा थुनेर राखिएको थियो । पछि त्यहाँका अधिकारीहरूले पढ्न हिँडेको बच्चा पैसा पनि थिएन होला भन्ने लागेर उनलाई छाडेका थिए । त्यस घटनालाई सम्झेर राजकृष्णले आज पनि मन अमिलो बनाएको पाइन्छ ।[३]

यसै गरी उनकी ममतामयी माताको मृत्युको क्षण पनि दर्दनाक क्षण बन्न पुगेको जानकारी पाइन्छ । उनकी माता नन्दकुमारी वि.सं.२०५५ सालमा दिवङ्गत भएकी थिइन् । माताको वियोगको पीडाले उनी स्वभाविकै रूपले भाव विह्वल बनेका थिए । यही घडीमा शोकमग्न हुँदै उनमा सिर्जनाको मूल फुटेको र शोककाव्य जन्मिन पुगेको थियो । उनको पीडाको

---

१. पूर्ववत्, पृ.३८-३९ ।

२. पूर्ववत्, पृ.३७-३८ ।

३. पूर्ववत्, पृ. ३८ ।

समुद्र **सम्झनाका छालहरू** शोककाव्य २०५६ सालमा प्रकाशित भई छचल्किन पुगेको पाइन्छ । यो घटना नै राजकृष्णको सबैभन्दा दुःखद क्षण बनेको पाइन्छ ।[1]

यसरी राजकृष्णको जीवनयात्रामा दुःख तथा सुखका महत्त्वपूर्ण अविस्मरणीय शृङ्खला रहेका छन् ।

## २.१२ चिन्तन, दर्शन र विचार

राजकृष्ण मूलतः अङ्ग्रेजी भाषाका तथा अंशतः नेपाली भाषाका शिक्षक तथा साहित्यिक क्षेत्रमा योगदान दिने महत्त्वपूर्ण व्यक्तित्व रहेका छन् । विभिन्न सङ्घ-संस्था साथै सामाजिक कार्यमा दिएको योगदानले उनलाई आदर्श व्यक्तित्वको रूपमा स्थापित गराएको छ । उनी राजनीतिमा प्रजातान्त्रिक समाजवाद, साहित्यमा आदर्शोन्मुख यथार्थवाद तथा जीवनवादी हुन् भने धार्मिक दृष्टिकोणले मानव धर्मका हिमायती रहेका पाइन्छन् ।[2]

राजकृष्ण लक्ष्मीप्रसाद देवकोटाको जीवन दर्शनबाट अत्यन्तै प्रेरित देखिन्छन् । देवकोटाका **शाकुन्तल, सुलोचना, प्रमिथस** जस्ता काव्यकृतिको रसास्वादन गरी त्यसमा उनले देवकोटाले यथार्थताको शङ्खघोष गरेको कुरामा बढी छाप परेको ठान्दछन् । **शाकुन्तल** तथा **सुलोचना** जस्ता महाकाव्यमा नारीवादी दृष्टिकोणलाई मूल आधार बनाइएको कुरालाई सत्यताको कसीमा राख्दै राजकृष्णले  यसो भनेका छन् -

"नारी आधा आकाश ढाक्ने व्यक्ति हुन्, त्यसैले समाजरूपी रथलाई अगाडि बढाउन नारीलाई सामाजिक, राजनीतिक तथा शैक्षिक क्षेत्रमा समान रूपमा सहभागी गराउँनुपर्दछ ।"

गीतामा लेखिएको उक्ति 'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता' जहाँ नारीको पूजा गरिन्छ, त्यहाँ देवता खुसी हुन्छन् भन्ने कुरा शाश्वत रहेको बताएका छन् ।[3] उनी गीताको अध्यात्म दर्शन, अपार आत्मज्ञान, कर्मवादी र 'कर्मण्येवाधिकारस्ते महा फलेषु कदाच न' अर्थात् 'कर्म गर, फलको आशा नगर' भन्ने भनाइबाट प्रेरित भएका देखिन्छन् ।[4]

राजनीतिमा बी.पी.को विचारलाई उत्तम ठानेका राजकृष्णले यस्तो विचार राखेका छन्-

"नेता यस्तो हुनुपर्छ, जे भन्छ त्यही गर्छ । अरूको लागि अनुकरणीय, स्वच्छ छवि, आदर्श चरित्रवहन गर्ने र सधैं समाज तथा राष्ट्रप्रति चिन्तनशील भएको हुनुपर्दछ ।"

---

१. पूर्ववत्, पृ. ४१ ।

२. शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

३. ऐजन ।

४. ऐजन ।

साहित्यप्रति उनको धारणा अत्यन्त जीवनवादी रहेको पाइन्छ । साहित्यमा जीवन बोल्नुपर्छ, जीवन्त अनुभूति सिर्जना गर्न सक्ने, विचारको विस्तार गर्न सक्ने, जीवनमा हलचल ल्याउन सक्ने, युग बोल्ने तथा वर्तमान प्रतिबिम्बित हुनुपर्दछ भन्ने विचार राखेका राजकृष्णले साहित्य स्वान्तः सुखाय पनि हो भन्ने आशय व्यक्त गरेका छन् ।[१]

यसरी कँडेल मानव सेवा नै धर्म हो भन्ने महान् विचार तथा आदर्श व्यक्तिका रूपमा स्थापित बनेका छन् । प्रजातान्त्रिक समाजवादको दृष्टिकोण बोकेका राजकृष्ण नेताहरूले सहिदको आँसु पुछ्नुभन्दा कुर्सीको होडबाजीमा लागेको र जनताको चाहनालाई कुठाराघात गरेकोमा चिन्तित बनेका छन् । साहित्यको रसमा चुर्लुम्म डुबेका लक्ष्मीप्रसाद देवकोटाका नारी सम्मानका कृतिहरूले प्रभाव पारेको ठानेका छन् । उनले नारीलाई आधा आकाशको संज्ञा दिएका र हरेक ठाउँमा पुरुषसरह समान अवसर दिएमा मात्र देशको रूप फेरिने अत्यन्त सकारात्मक सोच राखेका छन् । मानिसले कर्म गर्ने र त्यसको नतिजाको आशा गर्न नहुने गीताको विचारबाट अभिप्रेरित बनेका छन् र साहित्यले नै व्यक्ति, समाज र राष्ट्रलाई स्वस्थ्य बनाउने जीवनवादी सोच लिएर अगाडि बढेका छन् ।

## २.१३ प्रेरणा

मानिसलाई हरक्षेत्रमा अगाडि बढ्न, असल व्यक्ति बन्न अभिभावक तथा गुरुहरूको कुशल मार्गदर्शन तथा प्रेरणाको आवश्यकता परेको हन्छ । प्रेरणाले नै अन्तर्निहित क्षमता र ऊर्जाशक्ति उच्च बनाउन सहयोग पुऱ्याएको हुन्छ । राजकृष्णको जीवनमा पनि विभिन्न व्यक्तिहरू, गुरुहरूको प्रेरणा र सहयोग रहेको पाइन्छ, जसको प्रेरणाले उनी आफ्नो जीवनकालमा आदर्श व्यक्तिको रूपमा परिचित हुन पुगेका छन् ।

आफ्ना पिताले दिएको हौसलाले उनको अध्ययन कार्यमा रुचि बढ्दै गएको जानकारी पाइन्छ । पिता प्रकाण्ड विद्वान् भएकाले छोराछोरी शिक्षित हुनुपर्छ भन्ने अवधारणाले गर्दा राजकृष्णलाई पनि अध्ययनको लागि तालमेल गराएका थिए । एघार वर्षको उमेरमा औपचारिक अध्ययनका लागि बनारस पुगेका राजकृष्णले अध्ययनमा रहरभन्दा पनि बाध्यता महसुस गरेका थिए । त्यहाँको शैक्षिक वातावरणले भने राजकृष्णको शिक्षाप्रतिको रुचि बढ्दै गएको पाइन्छ । त्यहाँ पुगेपछि आफ्ना दाजु घनश्याम उपाध्याय कँडेल तथा उनका समकक्षी मित्रहरू ठाकुर शर्मा कँडेल, हेमराज कँडेल, शारदामणि नेपाल आदिको प्रेरणाले उनमा अध्ययनको रुचि बढ्दै गएको देखिन्छ । घनश्यामबाट नै अध्यापन कार्यमा मात्र नभएर साहित्य लेखनतर्फ पनि प्रथमतः प्रेरणा पाएको भन्ने उनको भनाइ रहेको छ ।[२]

राजकृष्णकी माता नन्दकुमारी कँडेल आध्यात्मिक दर्शनबाट प्रेरित रहेकी थिइन् । बिहान उठी स्नान गरी नित्य पूजापाठ गर्ने उनको प्रभातकालीन नियमित कार्य बनेको थियो । आफ्नी

१. राजकृष्ण कँडेल, *निबन्धभावना र विचारका रूपमा बाहिरिन्छ,* सीताराम कोइराला(सम्पादक),**संवादमा स्रष्टाहरू** (काठमाडौं : नारी साहित्य प्रतिष्ठान,२०६४),पृ.८९ ।

२. डि.आर. पोखरेल, पूर्ववत्, पृ. १६ ।

माताको सुरिलो कण्ठबाट निस्किएको रामायणका श्लोक लयबद्ध वाचन हुने गरेकोले त्यसबाट प्रभावित हुँदा साहित्य लेखनतर्फ झुकाव भएको दखिन्छ ।[१]

बनारसमा रहँदा बस्दा राजकृष्णले फुटकर कविताहरू रचेर साहित्य गोष्ठी तथा कार्यक्रमहरूमा वाचन गरेका थिए । यसको प्रेरणा भने आफ्ना अग्रज तथा साथीभाइबाट मिलेको थियो । साहित्यकार महाकवि लक्ष्मीप्रसाद देवकोटा, आदिकवि भानुभक्त आचार्य तथा लेखनाथ पौड्यालका कृतिको गहिरो अध्ययन गरेका राजकृष्णलाई यिनै साहित्यकारहरूका कृतिबाट पनि थप ऊर्जा मिलेको थियो ।[२]

यसरी राजकृष्णलाई आफ्नै पिता पुष्पराज, दाजु घनश्याम, साथीभाइको असल विचार तथा महान् साहित्यकारहरूका कृतिको अध्ययन नै आफ्नो जीवनको लागि असल मार्गदर्शक बनेको पाइन्छ ।

## २.१४ साहित्यिक क्षेत्रमा प्रवेश र कार्य

धादिङको मलेखुको रिचोक्टार भूमिलाई साहित्यिक ऊर्जा ठान्ने राजकृष्ण कँडेलको बाल्यकालदेखि नै साहित्यिक लेखनतर्फ कलम चलेको देखिन्छ । वि.सं. २०१३ सालमा बनारस पढ्न गएका राजकृष्णलाई त्यहाँको साहित्यिक वातावरणले प्रभाव पारेको थियो । वि.सं.२०१५/२०१६ सालतिर १३/१४ वर्षको उमेरमा राजकृष्णले विश्वश्वेरप्रसाद कोइरालाको प्रशंसा गर्दै सिर्जना गरेको कविता पहिलो भए तापनि त्यसको कुनै प्रतिलिपि वा अवशेष फेला नपरेको र स्मृतिमा पनि नरहेकोले त्यस कवितालाई पहिलो मान्न सकिएको छैन् ।[३]
विद्यार्थीकालका रचनाका दृष्टिले थुप्रै फुटकर कविताहरू सिर्जना गरी साहित्यिक कार्यक्रममा भाग लिए पनि वि.सं. २०१८ सालमा **नौलो पाइलो** पत्रिकाको प्रथम अङ्कमा प्रकाशित *चुनिया धारो* शीर्षकको कविता नै प्रथम रचना मानिएको छ । उनले आफू बनारसको रामघाटमा रहँदा आफ्नो जन्मभूमिको स्मृतिमा गाउँको एकमात्र पानी खाने धारोलाई लिएर कविता सिर्जना गरेका थिए । गाउँभरिको धारो एउटै रहेको र त्यस धारोको मुहानमा चुन पाइने हुनाले यसको नाम चुनिया धारो रहन गएको पाइन्छ । यस कवितामा धारोलाई मानवीकरण गरी समाजसेवाको रूपमा बिम्ब उतारेका थिए ।[४] राजकृष्णले आफ्नो लेखनकलालाई कविताका रूपमा दुईवटा पुस्तकाकार कृतिको रूप दिएका छन् तथापि यसका अतिरिक्त उनका कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । वि.सं.२०४७ सालदेखि वर्तमान समयसम्म प्राप्त भएका कविताहरूलाई तिथिमिति र वर्णानुक्रमअनुसार यसरी तालिकामा देखाइएको छ :-

---

१. शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

२. ऐजन ।

३. ऐजन ।

४. डि. आर. पोखरेल, पूर्ववत्, पृ. ४१ ।

## राजकृष्ण कँडेलका प्रकाशित फुटकर कविताहरू
## तालिका सङ्ख्या १

| क्र. सं. | कविता | पत्रिका वा पुस्तक | वर्ष | अङ्क | प्रकाशक | प्रकाशन मिति |
|---|---|---|---|---|---|---|
| १. | इच्छा | वागीश्वरी | २ | १ | चितवन साहित्य परिषद् | २०४७ |
| २ | स्रष्टा | वागीश्वरी | ८ | ४ | चितवन साहित्य परिषद् | २०५३ |
| ३ | नयाँ वर्ष तिमी आऊ | वागीश्वरी | १० | ६ | चितवन साहित्य परिषद् | २०५५ |
| ४ | आमा | वागीश्वरी | ११ | ७ | चितवन साहित्य परिषद् | २०५६ |
| ५ | गोर्खा | वागीश्वरी | १३ | ८ | चितवन साहित्य परिषद् | २०५७ |
| ६ | नेपाली | शिक्षक आवाज | २ | ४ | नेपाल शिक्षक संघ,चितवन | २०५७ |
| ७ | धादिङ | बिसौनी | ४ | ५ | धादिङ साहित्य समाज | २०५८ |
|  | मान्छेभित्रकोम | मारुनी | फन्को-९ | - | नारायणी कला मन्दिर | २०५८ |
| ९ | शोक | गरिमा | १९ | पू.२२५ | साझा प्रकाशन | २०५८ |
| १० | हिरोसिमा | नवप्राञ्जलि | २ | ७/८ पू.१९/२० | सुजनबावु अधिकारी | २०५८ |
| ११ | चितवन | चितवन स्मारिका | - | - | चितवन महोत्सव | २०५९ |
| १२ | देवघाट | चितवन महोत्सव स्मारिका | - | - | चितवन महोत्सव | २०५९ |
| १३ | देश | वागीश्वरी | १४ | १० | चितवन साहित्य परिषद् | २०५९ |
| १४ | बैंस | मधुश्री | १ | १ | सुश्री कृष्णा पौडेल | २०५९ |
| १५ | कविवर माधव घिमिरेप्रति | कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ | - | - | अभिनन्दन समारोह समिति, काठः | २०६० |
| १६ | प्रजातन्त्र | वागीश्वरी | १५ | १० | चितवन साहित्य परिषद् | २०६० |
| १७ | हिमाल | मधुश्री | २ | २ | सुश्री कृष्णा पौडेल | २०६० |
| १८ | चितौन | कवितामा चितवन | - | - | चितवन साहित्य परिषद् | २०६१ |
| १९ | चितवन | स्मारिका | - | - | रत्ननगर महोत्सव | २०६२ |
| २० | हाम्री आमा | पल्लव | १० | १० | पल्लव परिवार | २०६२ |
| २१ | उनी | वागीश्वरी | १८ | १५ | चितवन साहित्य परिषद् | २०६३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | कर्म | जनमत कविता खण्ड-१ | - | - | जनमत प्रकाशन, बनेपा काभ्रे, नेपाल | २०६४ |
| २३ | मनकामना | वागीश्वरी | १८ | १५ | चितवन साहित्य परिषद् | २०६४ |
| २४ | युवा | जनमत कविता खण्ड-१ | - | - | जनमत प्रकाशन बनेपा काभ्रे, नेपाल | २०६४ |
| २५ | एकता | मधुलिका | १३ | पू.-१० | चितवन वाङ्मय प्रतिष्ठान | २०६५ |
| २६ | गणतन्त्र | कवितामा गणतन्त्र | - | - | गणतान्त्रिक कविता उत्सव संयोजन | २०६५ |
| २७ | निवृत्त शिक्षक | स्वर्ण स्मारिका | १ | १ | भरतपुर उ.मा.वि. | २०६५ |
| २८ | मेरी आद्या | वागीश्वरी | १९ | १६ | चितवन साहित्य परिषद् | २०६५ |
| २९ | नववर्ष | सुधांशु | १३ | ३ | निवृत्त समाज चितवन | २०६६ |
| ३० | बाँचोस् देश सनातन | स्मारिका | २१ | पाइलो ४ | नेपाल स्काउट, जिल्ला स्काउट कार्यालय भरतपुर चितवन | २०६६ |
| ३१ | मलाई कसैले रुवाई नदेऊ | सम्प्रेषण | - | १८ | वाल्मीकि साहित्य सदन, चितवन | २०६६ |
| ३२ | लक्ष्मीप्रसाद देवकोटा श्रद्धाञ्जली | अन्तर्दृष्टि साहित्यिक त्रैमासिक | १७ | अङ्क-२ | अन्तर्राष्ट्रिय साहित्य समाज | २०६६ |
| ३३ | नारी | वागीश्वरी | २१ | १८ | चितवन साहित्य परिषद् | २०६७ |

राजकृष्ण साहित्यमा वि.सं. २०१८ सालमा प्रवेश गरेको भए तापनि पुस्तकाकार कृति प्रकाशन भने अलिक ढिलो भएको पाइन्छ । प्रथम कविताको प्रकाशनपश्चात् ३८ वर्षपछि मात्र उनको सिर्जनाको मूल फुटेको थियो । यस बीचको समयावधि भने कुशल प्रशासक बनेर बितेको पाइन्छ । राजकृष्ण साहित्यतर्फभन्दा शिक्षाको आलोक छर्नतर्फ नै लागेका थिए । दुईवटा डुङ्गामा खुट्टा राख्दा दुर्घटना निम्तन सक्छ भन्ने कुरालाई बुझी प्रशासन क्षेत्रलाई मात्र आफ्नो पेसा बनाएका थिए । यसले गर्दा उनी सिर्जनाको संसारमा पछि परेको देखिन्छ । उनले वि.सं.२०५५ सालसम्म पुस्तकाकार कृति प्रकाशन नगरे तापनि फुटकर रूपमा भने विभिन्न पत्रपत्रिकाहरूमा साहित्यिक एवम् शैक्षिक लेख रचनाहरू देखापरेका छन् । उनीभित्रको साहित्यिक प्रतिभाले वृहत् रूप लिएको भने उनकी ममतामयी माता नन्दकुमारीको वि.सं.२०५५ साल फाल्गुन २८ गतेको देहावसानबाट नै हो । ममताकी प्रतिमूर्ति माता नन्दकुमारीले आफूलाई छोडेर गएपछि अन्तस्करणमा बनेको पीडा नै शोधनायकको साहित्य प्रतिभाको दरिलो आधार बनेको छ । वि.सं.२०५६ साल चैत्र १७ गते उनको आँसुको सागर **सम्झनाका छालहरू** शोककाव्यमा परिणत बनेको पाइन्छ । यो काव्य

करुण रसको परिपाक तथा माताले सन्तानप्रति गरेको योगदान र संसारमा माता अतुलनीय, अवर्णनीय र मूल्यवान् हुन्छन् भन्ने देखाइएको छ । त्यसपछि उनको साहित्यिक प्रतिभा क्रमशः देखापर्दै गएको र वि.सं. २०५९ सालमा पौराणिक काव्य महाभारतको विषयवस्तुलाई समेटेर नवीन ढङ्गले **द्रौपदीको पश्चात्ताप** खण्डकाव्य सिर्जना गरेका छन् । उनले कवितातर्फ मात्र नभई निबन्ध विधातर्फ पनि सशक्त रूपमा कलम चलाएका छन् । उनको वि.सं.२०६२ सालमा **संवेदनाका स्वरहरू** निबन्धसङ्ग्रह प्रकाशित भएको पाइन्छ ।[1] उनको गद्य लेखनको रूप संवेदनाका स्वरहरूभित्र रहेका बीसवटा निबन्धहरू विभिन्न पत्रपत्रिकामा छपाएर आफ्नो निबन्धकारिताको परिचय झल्काएका र यसको समष्टि रूप संवेदनाका स्वरहरूमा देख्न सकिन्छ । यसको अतिरिक्त अन्य निबन्धहरू विभिन्न पत्रपत्रिकामा छापिएका छन् । उनका पत्रपत्रिकामा जेजति निबन्धहरू प्राप्त भएका छन् तिनीहरूलाई तिथिमिति र वर्णानुक्रमका आधारमा यसरी तालिकामा देखाइएको छ :-

## विभिन्न पत्रपत्रिकामा प्रकाशित निबन्धहरू

## तालिका सङ्ख्या २

| क्र. सं. | निबन्ध | पत्रिका | वर्ष | अङ्क | प्रकाशक | प्रकाशन मिति |
|---|---|---|---|---|---|---|
| १ | मानव जीवन | स्मृति | - | १ | योगनारायण पोखेल स्मृति प्रतिष्ठान् | २०५३ |
| २ | विवेक | विवेक | - | ३ | नेपाल प्राध्यापक सङ्घ, वीरेन्द्र बहुमुखी क्याम्पस | २०५३/२०५४ |
| ३ | मन | वागीश्वरी | - | ५ | चितवन साहित्य परिषद् | २०५४ |
| ४ | विचार | दीपशीखा | - | - | नेपाल प्राध्यापक सङ्घ वालकुमारी कलेज, नारायणगढ | २०५५ |
| ५ | असल कि ठूलो ? | मधूलिका | - | ३ | चितवन वाङ्मय प्रतिष्ठान | २०५६ |
| ६ | म | रजत जयन्ती स्मारिका | - | - | शहिद स्मृति बहुमुखी क्याम्पस | २०६१ |
| ७ | मान्छे | अन्नपूर्ण स्मारिका | - | - | अन्नपूर्ण युवा क्लव, पिठुवा-८ माधवपुर | २०६१ |
| ८ | चित्त | कालिका यात्रा | - | - | कालिका एफ.एम.प्रा.लि. | २०६१ |

१. पूर्ववत्, पृ. ३२ ।

यसरी राजकृष्ण कँडेलले विद्यार्थीकालीन समयमा रहरले कविता रचना गरी वि.सं.२०४७ सालदेखि वर्तमान समयसम्म नेपाली वाङ्मयको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

उनको साहित्यिक लेखन मात्र नभएर साहित्येतर लेखन शैली पनि त्यत्तिकै खारिएको देखिन्छ । विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरूले उनी बहुमुखी व्यक्तित्व हुन् भन्ने प्रमाणित गरेको छ । उनको साहित्यतेर लेखलाई विभिन्न पत्रपत्रिकामा छापिएका आधारमा वर्णानुक्रम र तिथिमितिअनुसार यसरी तालिकामा देखाइएको छ :-

## तालिका सङ्ख्या ३
## राजकृष्ण कँडेलका प्रकाशित साहित्येतर लेखहरू

| क्र. सं. | लेख | पुस्तक/ पत्रिका | वर्ष | अङ्क | प्रकाशक | मिति (वि.सं) |
|---|---|---|---|---|---|---|
| १ | निरीक्षण व्यवस्था हिजो र आज | शैक्षिक क्षितिज | १ | १ | जिल्ला शिक्षा समिति, चितवन | २०३२ |
| २ | शिक्षा क्षेत्रमा दायित्वको प्रश्न | शैक्षिक प्रभा | - | १ | नेपाल राष्ट्रिय माध्यमिक शिक्षक सङ्घ एवं नेपाल राष्ट्रिय प्राथमिक शिक्षक सङ्घ, जिल्ला कार्य समिति, चितवन | २०४४ |
| ३ | शिक्षामा त्रिकोणात्मक सम्बन्ध | गरिमा | ९ | अङ्क १ पूर्णाङ्क-९७ | साझा प्रकाशन पुलचोक ललितपुर | २०४७ |
| ४ | तब मात्र नेपाल हास्ने छ | राष्ट्र सन्देश | १ | १ | राष्ट्र सन्देश प्रकाशन प्रा.लि., नारायणगढ | २०४८ |
| ५ | तबमात्र नेपाल हास्ने छ | राष्ट्र सन्देश | १ | २ | राष्ट्र सन्देश प्रकाशन प्रा.लि., नारायणगढ | २०४८ |
| ६ | तब मात्र नेपाल हास्ने छ | राष्ट्र सन्देश | १ | ६ | राष्ट्र सन्देश प्रकाशन प्रा.लि. | २०४८ |
| ७ | रेडक्रस मेरो दृष्टिमा | नेपाल जनियर रेडक्रस गोष्ठी,२०४८ | - | - | नेपाल जुनियर रेडक्रस नेपाल श्री भण्डारा मा.वि.भण्डारा र प्रेमवस्ती | २०४८ |
| ८ | चितवनको शैक्षिक इतिहास | शिक्षक आवाज | ११ | १ | नेपाल शिक्षक सङ्घ, जिल्ला कार्य समिति, चितवन | २०५३ |
| ९ | चितवन रेडक्रस मेरो अनुभूतिमा | रजत स्मारिका | - | १ | नेपाल रेडक्रस सोसाइटी, चितवन जिल्ला शाखा | २०५३ |
| १० | विश्वेश्वरप्रसाद कोइरालाको | दीपशिखा | ११ | १ | बालकुमारी कलेज | २०५३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | साहित्यिक व्यक्तित्व | | | | | |
| ११ | मेरा स्मृतिका पानाबाट टिपिएका कुराहरू | वागीश्वरी संस्मरण विशेषाङ्क | १३ | ९ | चितवन साहित्य परिषद् | २०५८ |
| १२ | विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक चिन्तन | विचारपुञ्ज | - | ३ | प्रजातान्त्रिक विचार समाज | २०५९ |
| १३ | तिमी युगको सगरमाथा | वागीश्वरी | - | १२ | चितवन साहित्य परिषद् | २०६१ |
| १४ | प्रजातन्त्र विचार र आचरण | विचारपुञ्ज | - | ४ | प्रजातान्त्रिक विचार समाज चितवन | २०६३ |
| १५ | प्रधानाध्यापकको रूपमा मेरो भोगाई र अनुभूति | शैक्षिक दर्पण | - | १ | जिल्ला शिक्षा समिति, चितवन | २०६३ |
| १६ | विद्यार्थीको स्तर वृद्धिमा अभिभावकको भूमिका | एजुकेशनल फोरम | - | १ | एजुकेशनल फोरम | २०६४ |

यसरी राजकृष्णले लामो समय शिक्षा क्षेत्रमा बिताएका र उनको शैक्षिक क्षेत्रका रचना निकै छन् भन्ने कुरा माथिको तालिकाले स्पष्ट गराएको छ ।

## २.१५ संस्थागत संलग्नता

राजकृष्ण कँडलले आफ्नो जीवनको महत्त्वपूर्ण समय र ऊर्जालाई शिक्षण पेसामा व्यतीत गरी जीवनलाई उपलब्धिमूलक बनाएका छन् । जीवनको तीन दशक समय यिनले गाउँ-गाउँमा शिक्षाको आलोक छर्ने कार्यमा हृदयदेखि नै जुटेको देखिन्छ । यस दौरानमा उनी धादिङ तथा चितवनका विभिन्न विद्यालयहरूमा शिक्षण तथा शैक्षिक प्रशासन कार्यमा संलग्न भएका थिए । अङ्ग्रेजी तथा नेपाली भाषाका भाषा शिक्षक राजकृष्णले कुशल शिक्षक तथा प्रशासक बनी विद्यालयलाई उच्च स्थानमा पुऱ्याएका थिए । स्नातक पूरा नहुँदै धादिङको भैरवी प्रस्तावित मा.वि.मा अध्यापन कार्य थालनी गरेका राजकृष्ण केही समयमा नै त्यस विद्यालयका प्रधानाध्यापक बनेका थिए । बी.ए. अध्ययनको समाप्तिसगैं चितवनको शिवनगरको नारायणी विद्या मन्दिर मा. वि.मा पनि अध्यापन गराएका थिए । त्यो विद्यालयमा अध्यापन गराएको सात महिना नबित्दै प्रधानाध्यापक बनेका र त्यहाँ लगभग १८ वर्ष बिताएका राजकृष्ण प्रेमवस्ती मा.वि.मा सरुवा भएका थिए । उनी शिक्षा क्षेत्रमा मात्र दक्ष नभई सामाजिक क्षेत्रमा पनि उत्तिकै सफल देखिन्छन् । उनले  विभिन्न सङ्घ-संस्थामा दिएको योगदानलाई तीन भागमा वर्गीकरण गएिको छ :-

**क) शैक्षिक संस्थासँगको आबद्धता**

**ख) साहित्यिक संस्थासँगको आबद्धता**

**ग) सामाजिक संस्थासँगको आबद्धता**

यसरी उनी आबद्ध रहेको सङ्घ-संस्थालाई तीन भागमा वर्गीकरण गरी तालिकामा देखाइएको छः-

## क) शैक्षिक संस्थासँगको आबद्धता

### तालिका सङ्ख्या ४

| क.स. | संलग्न संस्था | पद | मिति(वि.सं.) |
|---|---|---|---|
| १ | नेपाल राष्ट्रिय माध्यमिक शिक्षक सङ्घ,चितवन | अध्यक्ष | २०४३-२०४५ |
| २ | प्रेमवस्ती उ. मा. वि.,वि.व्य.स. | अध्यक्ष | २०५७-२०६२ सम्म |
| ३ | मृगस्थली शिक्षा निकेतन,भरतपुर | अध्यक्ष | २०५८-२०६३ सम्म |

## ख) साहित्यिक संस्थासँगको आबद्धता

### तालिका सङ्ख्या ५

| क.सं | संलग्न संस्था | पद | मिति(वि.सं.) |
|---|---|---|---|
| १ | चितवन साहित्य परिषद् | संस्थापक सदस्य | २०४४-वर्तमानसम्म |
| २ | चितवन साहित्य परिषद् | सल्लाहकार | २०४४-वर्तमानसम्म |
| ३ | धादिङ चितवन सम्पर्क मञ्च | सल्लाहकार | २०६३-वर्तमानसम्म |

## ग) सामाजिक संस्थामा आबद्ध

### तालिका सङ्ख्या ६

| क.सं. | संलग्न संस्था | पद | मिति(वि.सं.) |
|---|---|---|---|
| १ | नेपाल रेडक्रस सोसाइटी सहयोग समिति, कृष्णपुर | संयोजक | २०५७ मा |
| २ | नेपाल रेडक्रस सोसाइटी सहयोग समिति, कृष्णपुर | अध्यक्ष | २०६४-वर्तमानसम्म |
| ३ | ट्रान्सपरेन्सी नेपाल भरतपुर सहयोग समिति | संस्थापक सदस्य | २०६१-वर्तमानसम्म |
| ४ | ट्रान्सपरेन्सी नेपाल भरतपुर सहयोग समिति | सल्लाहकार | २०६५-वर्तमानसम्म |

यसरी राजकृष्णले आफ्नो महत्त्वपूर्ण समयलाई विविध शैक्षिक, साहित्यिक र सामाजिक संस्थामा आबद्ध गराएर कर्मशील जीवन बिताउँदै आएका छन् ।

## २.१६ पुरस्कार तथा सम्मान

मूलतः भाषा, साहित्य, कला, संस्कृति, ज्ञान-विज्ञान एवम् प्राविधिक क्षेत्रहरू एउटा सिङ्गो राष्ट्रलाई जीवन्त तुल्याउने धरोहर बनेका हुन्छन् । राष्ट्रनिर्माण अभियानको बहुपक्षीय शृङ्खलाहरूमा समतापूर्ण योगदान पुऱ्याउने प्रेरणादायी पक्षहरूमध्ये पुरस्कार सामग्रीतत्त्व अति महत्त्वपूर्ण साधन भएको छ । यिनै प्रेरणादायी पुरस्कार साधनद्वारा नै समाजमा रहेका समाजसेवीहरूले मानवीय विकास पक्षमा दिनानुदिन एक एक ईट्टा थप्दै जाने प्रयास गरेका हुन्छन् ।[1] विभिन्न क्षेत्रमा उच्च योगदान पुऱ्याएबापत कदरस्वरूप कुनै व्यक्ति वा संस्थालाई थप प्रेरणा तथा प्रोत्साहन दिने भौतिक तथा भावनामूलक सौजन्य नै सामान्य अर्थमा पुरस्कार हो । राजकृष्ण कँडेलले पनि आफ्नो साहित्यिक यात्रालाई कलिलो उमेरदेखि नै बीज उमारेका थिए र हालसम्म पनि उनको कविहृदय पग्लने गरेको पाइन्छ । उनले गरेको साहित्यिक योगदान तथा विभिन्न सङ्घ-संस्थामा रही सेवा गरेबापत उनलाई विभिन्न सम्मान तथा पुरस्कारले विभूषित गरिएको छ । उनले चितवनको माटोमा रहेर साहित्यमार्फत योगदान दिएकाले उनलाई चितवन साहित्य परिषद् प्रतिभा पुरस्कारले विभूषित गरेको पाइन्छ । यो चितवन साहित्य परिषद् प्रतिभा पुरस्कारको संक्षिप्त परिचय यसरी दिइएको छ :

### २.१६.१ चि.सा.प.प्रतिभा पुरस्कार

चि.सा.प.ले आफ्नो उद्देश्यअनुरूप साहित्यिक प्रतिभाको उत्थान र सम्मानको लागि साहित्यिक प्रतिभाहरूलाई चि.सा.प.प्रतिभा पुरस्कारबाट सम्मान गर्ने गरेको छ । परिषद्ले चितवनमा बस्ने वा चितवनलाई कर्मक्षेत्र बनाउने साहित्यकारको कृतित्व र व्यक्तित्वको आधारमा मूल्याङ्कन गरी नगदसहित सम्मान गर्ने गरेको छ । यसलाई संस्थागत र दिगो रूपमा सञ्चालन गर्न एक अक्षयकोष र विधानको व्यवस्था गरिएको छ । प्रतिभा छनोटको लागि चि.सा.प. कार्यसमितिले एक उपसमिति गठन गर्ने गरेपछि समान्यतया भानुजयन्तीको अवसरमा यो पुरस्कार वितरण गर्ने गरिएको छ । यस पुरस्कारको राशी रू. पाँचहजार नगद दोसल्ला र सम्मानपत्र रहेको छ । वि.सं. २०५२ सालदेखि हालसम्म १६ जना स्रष्टाहरू यो पुरस्कारबाट सम्मानित भएका छन् । यसरी सम्मानित हुने प्रतिभाहरूमा प्रेमविनोद नन्दन (२०५२), गोविन्दराज विनोदी (२०५३), रामबाबु घिमिरे (२०५४), हरिहर खनाल (२०५५), नारायणप्रसाद खनाल (२०५६), विजयराज भट्टराई (२०५७), खुमनारायण पौडेल (२०५८), नारायणदत्त शास्त्री (२०५९), लक्ष्मणप्रसाद गौतम (२०६०), राजकृष्ण कँडेल (२०६१), केशवराज आमोदी (२०६२), गायत्री श्रेष्ठ र सरस्वती रिजाल (२०६३), कपिल अज्ञात (२०६४), केदारनाथ खनाल (२०६५), डि.आर.पोखरेल (२०६६) र तिलकराज शर्मा (२०६७) रहेका छन् ।[2]

---

१. डिल्लीराम मिश्र, **नेपाली प्रतिभा र पुरस्कार** (काठमाडौंः शर्मिला मिश्र, २०५०), पृ.३३ ।

२. बालकृष्ण थपलिया, **चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषद्को योगदान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहमखी क्याम्पस, भरतपर, २०६६, पृ.३२-३३ ।

यसरी राजकृष्णले चितवनमा रहेर साहित्यिक योगदान गरेबापत विविध मान सम्मानबाट विभूषित भएका छन् । उनले हालसम्म प्राप्त गरेका पुरस्कार र सम्मानहरूको विवरण तल तालिकामा प्रस्तुत गरिएको छः-

## पुरस्कार तथा मानपदवी
## तालिका सङ्ख्या-७

| क.सं | पुरस्कार तथा मानपदवी | दातृ सङ्घ-संस्था | मिति |
|---|---|---|---|
| १ | शुभराज्याभिषेक पदक २०३१ | वीरेन्द्र शुभराज्याभिषेक | २०३१ |
| २ | राष्ट्रिय शिक्षा पुरस्कार | श्री ५को सरकार राष्ट्रिय शिक्षा समिति, शिक्षा दिवस | २०३७ |
| ३ | प्रशंसापत्र | ना.वि.मं.मा.वि.,सञ्चालक समिति, शिवनगर | २०३९ |
| ४ | प्रशंसापत्र | जिल्ला शिक्षा समिति, चितवन | २०४२ |
| ५ | प्रमाणपत्र | श्री महेन्द्र जयन्ती तथा संविधान दिवस समारोह | २०४६ |
| ६ | प्रमाणपत्र | नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालय, लैनचौर | २०४६ |
| ७ | कदरपत्र | ना.वि.मं.मा.वि., शिवनगर | २०४७ |
| ८ | प्रशंसापत्र | नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालय, लैनचौर | २०५० |
| ९ | प्रशंसापत्र | नेपाल शिक्षक सङघ, चितवन | २०५२ |
| १० | प्रशंसापत्र | चितवन साहित्य परिषद्, चितवन | २०५२ |
| ११ | रजतपत्रसहित सम्मान | प्रेमवस्ती उ.मा.वि.प्रेमवस्ती, चितवन | २०५२ |
| १२ | कदरपत्र | नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा चितवन | २०५३ |
| १३ | अभिनन्दनपत्र | नेपाल राष्ट्रिय शिक्षक संगठन,जिल्ला समिति, चितवन | २०५६ |
| १४ | सम्मानपत्र | प्रेमवस्ती मा.वि., वि. व्य.स.प्रेमवस्ती ,चितवन | २०५६ |
| १५ | अभिनन्दनपत्र | नेपाल शिक्षक सङ्घ, चितवन | २०५७ |
| १६ | आजीवन सदस्य, प्रमाणपत्र | चितवन साहित्य परिषद्, चितवन | २०५८ |
| १७ | प्रशंसापत्र | राष्ट्रिय प्रा. वि.शान्तिपुर, चितवन | २०५९ |
| १८ | कदरपत्र | ना.वि.मं.मा.वि., शिवनगर, चितवन | २०६० |
| १९ | प्रशंसापत्र | ओम जयश्री गणेश मन्दिर,कटहरचोक, चितवन | २०६० |

| | | | |
|---|---|---|---|
| २० | कदरपत्र | नेपाल शिक्षक सङ्घ, चितवन | २०६१ |
| २१ | कदरपत्र | श्री गणेश मन्दिर, नारायणपुर, चितवन | २०६१ |
| २२ | कदरपत्र | श्री कृष्णपुर नि.मा.वि.,कृष्णपुर, चितवन | २०६१ |
| २३ | प्रतिभा पुरस्कार | चितवन साहित्य परिषद्, चितवन | २०६१ |
| २४ | प्रशंसापत्र | विश्वशान्ति महायज्ञ, भ.न.पा.-१४, चितवन | २०६१ |
| २५ | प्रशंसापत्र | विश्वज्योति महायज्ञ,भ.न.पा.-१४, चितवन | २०६१ |
| २६ | प्रशंसापत्र | श्रीमद्भागवत सप्ताह र धान्याचल यज्ञ कृष्णपुर, चितवन | २०६१ |
| २७ | सम्मानपत्र | श्री सेतीदेवी कालिका भगवती मन्दिर, पृथ्वीचोक | २०६१ |
| २८ | सम्मानपत्र | वाल्मीकि साहित्य सदन, चितवन | २०६१ |
| २९ | सम्मानपत्र | नेपाल रेडक्रस सोसाइटी, चितवन शाखा | २०६१ |
| ३० | कदरपत्र | नारायणी टुडे, राष्ट्रिय मासिक चितवन | २०६४ |
| ३१ | प्रमाणपत्र | विश्वज्योति वाचनालय, राधापुर, शिवनगर, चितवन | २०६४ |
| ३२ | सम्मानपत्र | श्री प्राणनाथ अनाथसेवा, आश्रम देवघाट | २०६४ |
| ३३ | सम्मानपत्र | श्री नमूना आ.मा.वि.गैडाकोट, नवलपरासी | २०६४ |
| ३४ | सम्मानपत्र | चितवन साहित्य परिषद्, चितवन | २०६४ |
| ३५ | प्रमाणपत्र | जु.रे.स., लिटल स्टार आ. मा.वि., भ.न.पा.७ | २०६५ |
| ३६ | प्रमाणपत्र | देवघाट विराट महायज्ञ | २०६५ |
| ३७ | सम्मानपत्र | द इन्टरनेशनल एशोसियसन अफ लायन्स क्लबस डिस्ट्रिक नेपाल | २०६५ |
| ३८ | सम्मानपत्र | नारायणी भू.पू.विद्यार्थी सदन | २०६५ |
| ३९ | सम्मानपत्र | प्रेमवस्ती उ.मा.वि., वि. व्य.स. | २०६६ |
| ४० | सम्मानपत्र | प्रेमवस्ती उ.मा.वि. | २०६६ |
| ४१ | सम्मानपत्र | भारद्वाज महायज्ञ, महापर्व महोत्सव | २०६६ |
| ४२ | सम्मानपत्र | श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ, मलेखु धादिङ | २०६६ |

यसप्रकार राजकृष्णले विभिन्न क्षेत्र र स्तरका ठूलाठूला पुरस्कार तथा सम्मान प्राप्त गरेका छन् । उनलाई विभिन्न साहित्यिक तथा सामाजिक सङ्घ-संस्थाले विभिन्न क्षेत्रहरूमा आयोजना गरेका साहित्यिक तथा शैक्षिक आदि कार्यक्रमहरूमा कहीँ निर्णायक, कहीँ अतिथि, कहीँ विशिष्ट अतिथि, कहीँ अप्रतियोगी कवि तथा कहीँ प्रमुख अतिथिको रूपमा आमन्त्रित गरेर सम्मान गरेको पाइन्छ ।

## २.१७ निष्कर्ष

कुनै व्यक्तिको जीवनयात्रामा घटेका घटनाहरूको सिलसिलाबद्ध प्रस्तुतिले नै उसको जीवनी बनेको हुन्छ । समाजका महान् विचार भएका व्यक्तिले जुनसुकै क्षेत्रबाट पनि समाज तथा राष्ट्रलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट योगदान दिइरहेका हुन्छन् । जीवनीमा उनीहरूको योगदानको कदर गर्दै उक्त व्यक्तिका जीवनका विविध पाटाहरूलाई केलाउने काम गरिन्छ । तसर्थ राजकृष्ण कँडेलको जन्मदेखि हालसम्मको सङ्क्षिप्त वृत्तान्त प्रस्तुत गरिएको छ । उनका पूवर्जहरू तेऱ्हौं शताब्दीमा कुमाउगढबाट डोटी आई बसोबास गर्न थालेको पाइन्छ । कुमाउगढबाट डोटी पसेका उनकाका पुर्खा मुकुन्द रहेका थिए । मुकुन्दका तीन छोराहरूमध्ये कान्छो केशुको सन्तान धादिङमा बसोबास गरेको हुनाले उनको पुर्ख्यौली थलो धादिङको मलेखु रिचोक्टार रहन गएको हो । पिता पुष्पराज कँडेल र माता नन्दकुमारी कँडेलको कोखबाट माइला सुपुत्रका रूपमा वि.सं. २००२ असोज ७ गते वाग्मती अञ्चलको धादिङको बेनीघाट गा.वि.स. वडा नं. ५ मलेखुमा जन्म भएको थियो ।

प्रकृतिको अनुपम नगरी धादिङको रिचोक्टारको कोखमा बाल्यावस्था बिताएका राजकृष्णले भने त्यति लामो समय त्यहाँको प्रकृतिसँग लुकामारी खेल्ने अवसर पाएका थिएनन् । उनको वि.सं.२०११ साल माघ १३ गते ९ वर्षको उमेरमा त्रिशूली पारी अर्वासटार निवासी प्रेमनाथ सिलवाल तथा अप्सरा सिलवालकी कान्छी सुपुत्री मायादेवीसँग शुभविवाह सम्पन्न भएको थियो । उनी विवाहपश्चात् वि.सं. २०१४ मा औपचारिक शिक्षा आर्जनका निम्ति भारतको बनारस पुगी मारबाडी संस्कृत महाविद्यालय वाराणसीमा आठ कक्षा सरह प्रथमा तहमा भर्ना भएका थिए । त्यस्तै सन् १९६३ मा गोयनका संस्कृत महाविद्यालयबाट पूर्वमध्यमा वा प्रवेशिका परीक्षा उत्तीर्ण, सन् १९६४ मा वाराणसेय संस्कृत विश्वविद्यालयबाट विशिष्ट पूर्वमध्यमा, सन् १९६५ मा गोयनका संस्कृत महाविद्यालयबाट उत्तरमध्यमा र यही सालमा क्याम्ब्रिज कोचिङ्ग सेन्टर उत्तर प्रदेश बोर्डबाट अङ्ग्रेजी विषयमा इन्टरमिडियट उत्तीर्ण गरी नेपाल फर्केका थिए ।

नेपाल फर्केपछि पनि उनले अध्ययनलाई निरन्तरता दिएको पाइन्छ । बी.ए.अध्ययनका लागि वि.सं.२०२२ सालमा त्रिचन्द्र कलेजमा भर्ना भएका तर बिरामी परेकाले परीक्षा दिन नसकेको पाइन्छ । त्यसपछि वि.स. २०२२ सालमा नै सरस्वती कलेजमा स्थानान्तरण भई वि.सं.२०२५ सालमा स्नातक उत्तीर्ण, वि.सं.२०२९ मा कीर्तिपुरको कलेज अफ एजुकेशनबाट एक वर्षे बी.एड. र वि.सं. २०३१ मा त्रि.वि. कीर्तिपुरबाट नेपाली विषयमा स्नातकोत्तर उत्तीर्ण गरेका थिए ।

जीवनको तीन दशकभन्दा बढी शिक्षा सेवामा समर्पित भएका राजकृष्णले दरा, खरा, इमान्दार र विश्वसनीय प्रशासक बनेर विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर उच्च ओहदामा पुऱ्याउनका लागि विविध सङ्घर्ष गर्दै महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । वि.सं.२०२२ देखि अध्यापन क्षेत्रमा लागेर बीचमा दुई वर्षजति विश्राम लिई फेरि वि.सं.२०२५ बाट सुरु गरी वि.सं.२०५६ पुषसम्म सेवा गरेको देखिन्छ ।

उनलाई रक्तपात, मधुमेहजस्ता रोगले आक्रमण गरे तापनि खानपानको तालमेलले हृष्टपुष्ट देखिन्छन् । खानपानको चाँजोपाँजो नमिले स्वास्थ्यमा गढबढी आउने भएकाले आजकल

घरबाहिर रात बिताउन नचाहेको बताउदछन् । उनी बिरामी भएकाले नै वर्तमान समयमा कतिपय सामाजिक सङ्घ-संस्थामा त्यति समय दिन सकेका छैनन् । उनको आर्थिक संरचना हेर्दा मध्यमस्तरको देखिन्छ । प्रतिकूल स्वास्थ्य तथा मध्यम आयस्तर भए तापनि कुशल स्रष्टा तथा निष्पक्ष द्रष्टाका रूपमा उनी देखिएका छन् । विद्यार्थीकालीन समयदेखि साहित्यमा अभिरुचि राख्न पुगेका राजकृष्णले थुप्रै पुस्तक तथा पत्रपत्रिकाहरूमा फुटकर कविता र शैक्षिक लेख रचनाहरू प्रकाशित गराएका छन् । भारतको बनारसमा अध्ययनको सिलसिलामा पुगेका राजकृष्ण त्यहाँ रहँदा नै त्यहाँको प्रभावले साहित्यको आँकुरा पलाएको थियो । वि.सं.२०१८ सालमा बनारसबाट प्रकाशित **नौलो पाइलो** पत्रिकामा *चुनिया धारो* शीर्षकको कविता लिएर साहित्यिक क्षेत्रमा देखा परेका थिए । त्यसपछि साहित्यको वृक्षले ठूलो छहारी दिन पुगेको पाइन्छ । वि.सं २०५५ सालमा माताको देहावसानबाट मर्माहत बन्न पुगेका कँडेलको मातृवियोगको चरमोत्कर्षरूप शोककाव्य **सम्झनाका छालहरू** (२०५६) मा देखा परेको पाइन्छ । यसै गरी पौराणिक कथामा आधारित **द्रौपदीको पश्चात्ताप** (२०५९) एक निबन्धसङ्ग्रह **संवेदनाका स्वरहरू** (२०६२) गरी तीनवटा पुस्तकाकार कृति प्रकाशित भएका छन् ।

नेपाली साहित्यका आदर्शोन्मुख यथार्थवादी व्यक्तित्व, शिक्षाको क्षेत्रमा कुशल प्रशासक तथा कतर्व्यनिष्ठ बनी सेवा गर्दै आएका राजकृष्ण कँडेल समयसमयमा विभिन्न मानसम्मान तथा पुरस्कारहरूबाट विभूषित भएका छन् । उनले प्राप्त गरेका पुरस्कारमध्ये शुभराज्यभिषेक पदक-२०३१, राष्ट्रिय शिक्षा पुरस्कार, चितवन साहित्य परिषद्बाट प्रतिभा पुरस्कार, प्रशंसापत्र आदि प्रशस्तै साहित्यिक पत्रिका तथा विभिन्न सङ्घ-संस्थाले अभिनन्दन गरेका छन् । साहित्यिक क्षेत्रमा भन्दा बढी सामाजिक सङ्घ-संस्था र विद्यालयको प्रशासन क्षेत्रलाई माथि उठाउने कार्य गरेकाले यस क्षेत्रबाट पनि पटकपटक सम्मानित भएको देखिन्छ ।

सादा जीवन उच्च विचारका प्रतीक साहित्यकार राजकृष्ण कँडेल प्रजातान्त्रिक समाजवादी चिन्तनलाई स्विकार्दै प्रजातान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाका पक्षधर देखिन्छन् । यही वैचारिक धरातलमा रहेर जीवनजगत्को यथार्थ घटनाका भोगाइहरूलाई आफ्ना कृतिहरूमा प्रकट गरेका छन् । मूर्ति पूजा होइन, मानवहृदय पूजा हुनुपर्छ, दुखेको घाउमा मलम लगाउँनु पर्छ भन्ने मान्यता भएका कँडेल मानवतावादी विचारक तथा साहित्यकार रहेका छन् । समग्रमा भन्नुपर्दा राजकृष्ण कँडेलको जीवन जटिल भए पनि त्यसलाई सरलतापूर्वक सञ्चालन गरेको र वैचारिक धरातल निकै उच्च रहेको पाइन्छ ।

# परिच्छेद : तीन
# साहित्यकार राजकृष्ण कँडेलको व्यक्तित्व परिचय

## ३.१ पृष्ठभूमि

व्यक्तिमा हुने निजी विशेषता वा गुणलाई व्यक्तित्व भनिन्छ ।[१] व्यक्तिले आफ्नो जीवनमा गरेका विभिन्न पक्षका क्रियाकलापहरूबाट उसको व्यक्तित्व निर्माण भएको हुन्छ ।[२] हरेक व्यक्तिमा क्षमता, प्रतिभा, कार्यक्षेत्र वा चरित्रमा पृथक्ता पाइने हुनाले व्यक्तिको निजीपनका आधारमा उसको व्यक्तित्वका पाटाहरूलाई नियाल्नुपर्ने हुन्छ ।[३] समाजमा परिचित वा प्रतिष्ठित गराउने गुण विशेष नै वास्तवमा व्यक्तित्व हो ।[४] कुनै पनि व्यक्तिको व्यक्तित्व बुझ्नको लागि उसको जीवनका विविध परिस्थितिमा भोगेका सुखदु:खका उकाली ओह्रालीहरू र बाँचेको सामाजिक वातावरण र सिकेका अनुभवहरूलाई पनि बुझ्नु पर्ने हुन्छ ।[५] यसकै आधारमा मानिसले सम्बन्धित क्षेत्रमा विशिष्टता प्राप्त गरेको हुन्छ । एउटै व्यक्तिको विभिन्न क्षेत्रमा संलनता रहेको पाइन्छ । यी क्षेत्रहरू व्यक्तिका विविध पाटाहरू हुन् भने मूल रूपमा व्यक्तिको प्रतिभा, रुचि क्षेत्र र उसको लगनशीलता नै व्यक्तिव्वका निर्धारक तत्वहरू बनेका हुन्छन् ।

जुनसुकै व्यक्तिको पनि आन्तरिक र बाह्य दुबै किसिमको व्यक्तित्व रहेको हुन्छ । यी दुबै व्यक्तित्वले नै उसको मूलभूत व्यक्तित्वको रूप लिएको हुन्छ । व्यक्तिको आन्तरिक व्यक्तित्व उसको आन्तरिक क्षमताबाट बनेको हुन्छ । कुनै पनि व्यक्तिले खास क्षेत्रमा मात्र विशिष्टता हासिल गरे तापनि ऊ अनेकौं व्यक्तित्वको धनी रहेको हुन्छ । यस्ता व्यक्तिहरू नै विशिष्ट व्यक्ति कहलाएका हुन्छन् । यिनै विशिष्ट व्यक्तिहरूमध्ये राजकृष्ण कँडेल पनि एक हुन् र यहाँ उनकै व्यक्तित्वका विविध पाटाहरूलाई अध्ययन गरिएको छ ।

---

१. वसन्तकुमार शर्म्मा नेपाल,**नेपाली शब्दसागर**, दो.सं.(काठमाडौं : भाभा पुस्तक भण्डार, २०५८) पृ. १२३१ ।

२. रामजी भट्टराई, **साहित्यकार रामबाबु घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. वी.ब क्या.नेपाली विभाग २०६२, पृ. २४ ।

३. विनोद पौडेल, **साहित्यकार डि.आर. पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वी.ब.क्या.नेपाली विभाग, २०६५,पृ. २३ ।

४. मेघनाथ दवाडी, **सनत रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वी.ब.क्या., नेपाली विभाग (२०५९) पृ.२२ ।

५. रामजी भट्टराई, पूर्ववत्, पृ २४ ।

## ३.२ बाह्य व्यक्तित्व र स्वभाव

मानिसको बाह्य व्यक्तित्व भनेको शारीरिक व्यक्तित्व हो, जो बाहिरबाट हेर्दा स्पष्ट रूपमा देख्न सकिन्छ । बाहिरबाट झट्ट हेर्दा खाइलाग्दा देखिने राजकृष्ण पाँच फिट छ इन्च उचाई, एकहत्तर किलो तौल, आँखामा तीन पावरको चश्मा, कृत्रिम दाँत, तिल-चामले कपाल, गहुँगोरो वर्ण, सुलुक्क परेको नाक, चौडा निधार, मझौला कद र गम्भीर प्रकारको मुहार नै उनको बाह्य परिचायक तत्त्वहरू रहेका छन् ।[१] बाहिरबाट हेर्दा उनलाई कसैले पनि अस्वस्थ्य भन्न सक्दैन किनभने उनको जिउडाल देख्नासाथ मानिस प्रभावित हुन्छ तर ४३ वर्षको उमेरदेखि मधुमेह रोगबाट पीडित हुनुका साथै रक्तचाप रोगबाट पनि आक्रान्त रहेकाले पूर्ण स्वस्थ्य जीवन बिताउन सकेको देखिदैन ।[२]

अत्यन्त हक्की, सरल, झट्ट हेर्दा रिसाहा स्वभावका देखिने तर कोमल हृदयका धनी, निष्कपट, इमान्दार तथा कतर्व्यनिष्ठ व्यवहारले र आकर्षक शारीरिक बनावटले राजकृष्णको व्यक्तित्व प्रभावशाली रहेको छ । हृष्टपुष्ट शरीर, प्रायः चस्मा लगाउने, तडक-भडक नभएका सफा लुगा लगाउन मन पराउने, गम्भीर अनुहार तथा स्वच्छ व्यवहारले उनको व्यक्तित्वलाई शिखरमा पुऱ्याएको छ । उनको व्यवहार र स्वभावबारे अत्यन्त निकट मित्रहरूसँग प्रतिक्रिया बुझ्दा विभिन्न प्रकारका अभिव्यक्तिहरू पाइएका छन् । ती भनाइहरूलाई यसरी प्रस्तुत गरिएको छः-

साहित्यकार कपिल अज्ञातका अनुसार राजकृष्ण कँडेल भावुक, नीतिनियमप्रति सचेत, क्रियाशील, प्रेरकतत्त्व कतर्व्यपरायण,इमान्दार लगनशील, साहित्यप्रति अनुरागी व्यक्तित्व रहेको जानकारी पाइन्छ ।[३]

इन्जिनियर कृष्णप्रसाद पौडेलका अनुसार राजकृष्ण प्रशासन हाक्न अति सीपालु अनुशासनप्रिय, फराकिलो विचारका धनी रहेका छन् ।[४]

प्राचार्य कृष्णप्रसाद सापकोटाका अनुसार निडर, स्पष्टवक्ता र समयको महत्त्व बुझ्नुभएका कुशल प्रशासक रहेको जानकारी पाइन्छ ।[५]

समालोचक डि.आर. पोखरेलका अनुसार राजकृष्ण कँडेल अन्तर्मुखी प्रवृत्ति, समयप्रति सचेत, निष्ठावान, युटोपियाई विचार, कठोरता र कोमलताका दोभान, अनुकरणीय व्यक्तित्व र उनको व्यक्तित्वको झलक उनका शैक्षिक, साहित्यिक, राजनैतिक र सांस्कृतिक विचारमा देख्न सकिन्छ भन्ने जानकारी रहेको पाइन्छ ।[६]

---

१. शोधनायकको बाह्य अवलोकनबाट प्राप्त जानकारी अनुसार ।

२. शोधनायककी पत्नीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

३. कपिल अज्ञातको लिखित अन्तर्वार्ता अनुसार ।

४. कृष्णप्रसाद पौडेलको लिखित अन्तर्वार्ता अनुसार ।

५. कृष्णप्रसाद सापकोटाको लिखित अन्तर्वार्ता अनुसार ।

६. डि.आर.पोखरेलसँगको लिखित अन्तर्वार्ता अनुसार ।

गजलकार धनराज गिरीका अनुसार राजकृष्ण शिक्षा क्षेत्रको कडी, संयमित, समान व्यवहार,अनुशासित, मर्यादित,समर्पित र कतर्व्यपरायण व्यक्तित्व रहेको जानकारी पाइन्छ ।[१]

सांसद नारायणप्रसाद दाहालका अनुसार पेशाप्रति समर्पित, मेहनती, निडर, कुशल, स्वाभिमानी, हरेक प्रकारका कठिनाइ र दवाबसँग सामाना गर्नसक्ने व्यक्तित्व रहेको जानकारी पाइन्छ ।[२]

सहप्राध्यापक पूर्णप्रसाद अधिकारीका अनुसार राजकृष्ण लेखनमा भावुकता, सरल, शिष्ट, मिलनसार, अहङ्कारविहीन र कर्तव्यनिष्ठ व्यक्तित्व रहेको जानकारी पाइन्छ ।[३]

समाजसेवी प्रेम रिमालका अनुसार राजकृष्ण कर्तव्यनिष्ठ व्यक्तिलाई सम्मान गर्ने, गलत व्यक्तिप्रति कडा मिजासका साथ प्रस्तुत हुने, समयको अत्यन्तै ख्याल राख्ने, कहिल्यै नथाक्ने, क्रियाशीलताका हिसाबले कहिल्यै बुढो नहुने सफल शैक्षिक व्यक्तित्व रहेको जानकारी पाइन्छ ।[४]

शिक्षक भुवानीप्रसाद पौडेलका अनुसार शिक्षा क्षेत्रको गुरु, लगनशील तथा कर्तव्यनिष्ठ व्यक्तित्व रहेको जानकारी पाइन्छ ।[५]

शोधनायककी पत्नी मायादेवी कँडेलका अनुसार घरलाई भन्दा संस्थालाई बढी माया गर्ने, कसैको कुभलो नचिताउने, कसैले हेपेको अनुभूति भएमा सहन नसक्ने, झडङ् रिसाउने र काममा तल्लीन रहने व्यक्तित्व रहेको जानकारी पाइन्छ ।[६]

यसरी बाह्य रूपमा हेर्दा आकर्षक देखिने साहित्यकार राजकृष्ण कँडेल ज्यादै सरल, स्नेही, निष्कपट, सहयोगी र प्रेरणादायी हुनुका साथै कसैको दमन र अत्याचार नसहने स्वभावका पाइन्छन् । उनको यस्तो व्यवहारबाट सबै व्यक्ति प्रभावित हुने गरेको पाइन्छ ।

## ३.३ विशेष अभिरुचि र विशेषता

व्यक्तिका आफ्नै प्रकारका चाहना र रुचि रहेका हुन्छन् । ती सबैमा समानता नरहने भएकाले पृथक् व्यक्तिहरूका पृथक् अभिरुचि र विशेषता भएको पाइन्छ । त्यसैले राजकृष्ण कँडेलको पनि आफ्ना विशेष गुण रहेको पाइन्छ । अध्ययन गर्नु, भ्रमण गर्नु, साहित्यिक रचना लेख्नु तथा साहित्यिक कार्यक्रम र सङ्घ-संस्थामा अग्रसर रहनु नै उनका रुचिका विषय रहेका छन् ।

साधारण जीवन व्यतीत गर्न रुचाउने राजकृष्णले खानामा साधारण दाल भात, गुन्द्रुक, अचार, मासु, भुटेको मकै मन पराउने तर हाल आएर अस्वस्थ्यताका कारण (मधुमेह र रक्तचाप) खानामा विचार पु-याउनु पर्ने बताउने राजकृष्णले लगाउनमा भने सर्ट पाइन्ट र कोट मनपराएको

१. गजलकार धनराज गिरीको लिखित अन्तर्वार्ता अनुसार ।

२. सांसद नारायणप्रसाद दाहालको लिखित अन्तर्वार्ता अनुसार ।

३. सह-प्राध्यापक पूर्णप्रसाद अधिकारीको लिखित अन्तर्वार्ता अनुसार ।

४. समाजसेवी प्रेम रिमालको लिखित अन्तर्वार्ता अनुसार ।

५. शिक्षक भुवानीप्रसाद पौडेलको लिखित अन्तर्वार्ता अनुसार ।

६. शोधनायककी पत्नीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

पाइन्छ ।[1] उनले आफ्ना प्रकाशित तथा अप्रकाशित रचना र कृतिहरूलाई जतन गरी राख्ने तर कुनै कुनै कविता र लेख भने हराएको हुनाले आवश्यकता परेको बेलामा आफूले त्यो सामग्री झट्ट पत्ता नलगाउने गरेको पाइन्छ । कुनै पनि काममा तल्लीन भएर लाग्ने र भन्ने बित्तिकै गर्ने र पुऱ्याउनु पर्ने बानी रहेको छ ।[2] अर्कालाई शोषण गरी अर्थ सङ्कलन गर्न पटक्कै नरुचाउने, चाकरी चाप्लुसी नगर्ने स्वभावले गर्दा ठूला-ठूला अवसर गुमेको, जीवनको सङ्घर्षमा धैर्य रहने तथा स्वाभिमानका साथ अगाडि बढ्ने विशेषता नै आन्तरिक विशेषताहरू रहेका छन् ।

यसरी साधारण जीवन बिताउन चाहने राजकृष्णको अध्ययन गर्ने, साहित्य लेख्ने, विभिन्न साहित्यिक कार्यक्रमहरूमा सहभागी हुने अभिरुचि पाइन्छ । आफ्ना लिखित तथा प्रकाशित सामग्रीहरू सङ्कलन गर्ने बानी रहेको देखिन्छ । सदैव आफ्नो व्यक्तिगत स्वार्थभन्दा समाज र राष्ट्रको लागि चिन्तनशील रहेर काम गरेको पाइन्छ ।

## ३.४ आन्तरिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएको हुनाले उसको व्यक्तित्व निर्माण गर्ने आधार पनि समाज नै रहेको हुन्छ । जब कुनै व्यक्ति जन्मन्छ, ऊ हुर्के बढेको वातावरण उसले प्रशस्त तीता-मीठा ज्ञान तथा अनुभवहरू सँगालेको हुन्छ । यिनै ज्ञान, घटना र अनुभवबाट नै उसको व्यक्तित्व निर्माणमा सहयोग पुगेको हन्छ । व्यक्तिको पारिवारिक पृष्ठभूमि, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक तथा शिक्षा दीक्षा जस्ता कुराले व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको हुन्छ । यसै सन्दर्भमा राजकृष्ण कँडेलको समग्र व्यक्तित्वको आधारशीलाका रूपमा पनि उनको जन्मे-हुर्केको परिवेश, शिक्षा-दीक्षा सामाजिक आर्थिक आदि अवस्थालाई लिन सकिन्छ । समाजमा त्यस्ता थुप्रै व्यक्तिहरू हुन्छन्, जसले समाज तथा राष्ट्रका लागि ठूलो योगदान दिएका हुन्छन् । जसको मूल्याङ्कन हुन्छ, उनीहरू परिचित वा अग्रणी मानिन्छन्, जसको मूल्याङ्कन हुँदैन, उनीहरू आफ्फेल परेका हुन्छन् । तसर्थ यहाँ साहित्यकार राजकृष्ण कँडेलको योगदानका विविध भङ्गालाहरूको सानिध्यका आधारमा उनको आन्तरिक व्यक्तित्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

### ३.४.१ साहित्यिक व्यक्तित्व

साहित्यकार राजकृष्ण कँडेल नेपाली साहित्य साधनामा चार दशकभन्दा बढी लामो समय समर्पित हुँदै आएका छन् । उनको साहित्यिक प्रतिभा विद्यार्थीकालदेखि नै हुने गरेको थियो । स्कूले जीवनमा उनले कविता रचेर साथीभाइलाई सुनाउने र कहिलेकाहीँ साहित्यिक प्रतियोगितामा भाग लिने पनि गरेका थिए । उनले साहित्यिक यात्राको दौरानमा वि.सं. २०१८ सालमा आएर आफूभित्रको कवित्व प्रतिभालाई मूर्तरूप दिएका थिए ।[3] उनका रचनामा शैली

---

१. शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

२. शोधनायककी पत्नीसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

३. शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

शिल्पभन्दा भाव प्रधान, आदर्शोन्मुख यथार्थवाद, जीवनोपयोगी, मानवीय मूल्य र भावको चित्रण पाइन्छ । लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे जस्ता साहित्यकारका कृतिहरूबाट प्रभावित कँडेलका रचनाहरूमा क्रान्तिकारिता, व्यङ्ग्य-विद्रोह, मानवीय शङ्खघोष कारुणिक भाव र प्रकृति चित्रणको प्रखर अभिव्यक्ति रहेको पाइन्छ ।[१] बनारसबाट प्रकाशित हुने **नौलो पाइलो** पत्रिकाको पहिलो अङ्कमा *चुनिया धारो* शीर्षकको कविता लिएर देखापरेका थिए । उनले बनारसमा पढ्न बस्दा वि.सं. २०१५ सालमा वी.पी. कोइरालाको प्रशंसित कविता रचना गरेका तर त्यो कविताको हस्तलिखित प्रमाण नभएको र स्मृतिमा पनि नरहेको हुनाले चुनिया धारो शीर्षकको कवितालाई नै प्रथम कविता मान्न गएको पाइन्छ ।[२]

**वागीश्वरी, शिक्षक आवाज, मारुनी, बिसौनी, गरिमा,स्मारिका, चितवन साहित्य र स्रष्टा, पल्लव** जस्ता साहित्यिक पत्रिकाका अतिरिक्त अन्य शैक्षिक तथा व्यापारिक प्रतिष्ठान्का स्मारिकाहरूमा समेत अनगिन्ती फुटकर कविता, निबन्ध र शैक्षिक लेखहरू प्रकाशित गराइसकेका राजकृष्णका खण्डकाव्य शोककाव्य र निबन्धसङ्ग्रह गरी तीनवटा सिङ्गा कृतिहरू पनि प्रकाशित भएका छन् ।

वि.स.२०५३ सालमा योगनारायण पोखेल स्मृति प्रतिष्ठान्द्वारा प्रकाशित **स्मृति** पत्रिकामा *मानव जीवन* नामको निबन्ध प्रकाशित भएको थियो । यो निबन्ध नै राजकृष्णको पहिलो गद्यरूप भएको मानिन्छ । वि.सं.२०५३/२०५४ सालमा नेपाल प्राध्यापक संघ वीरेन्द्र बहुमुखी क्याम्पसद्वारा प्रकाशित **विवेक** पत्रिकामा *विवेक* निबन्ध प्रकाशित भएको थियो । वि.सं.२०५६ सालमा चितवन वाङ्मय प्रतिष्ठान्द्वारा प्रकाशित **मधूलिका** पत्रिकामा *'असल कि ठूलो'* भन्ने निबन्ध प्रकाशित भएको थियो । त्यस्तै वि.सं.२०६१ सालमा विजयादशमी तथा दीपावलीको उपलक्ष्यमा प्रकाशित **अन्नपूर्ण स्मारिका** पत्रिकामा *मान्छे* निबन्ध प्रकाशित भएको पाइन्छ । उनका विभिन्न पुस्तक तथा पत्रपत्रिकामा अन्य लेख तथा निबन्धहरू पनि प्रकाशित भएका थिए । वि.सं.२०४८ सालमा राष्ट्रसन्देश प्रा.लि.चितवनद्वारा प्रकाशित **राष्ट्रसन्देश** साप्ताहिक पत्रिकाको सम्पादक बनी *तब मात्र नेपाल हाँस्ने छ* भन्ने शीर्षकको धारावाहिक लेख प्रकाशित गराएका थिए । यस लेखले प्रजातन्त्रको पुनर्बहालीपछि नेपाललाई विकासको शिखरमा पुऱ्याउनु पर्छ भन्ने भाव व्यक्त गरिएको पाइन्छ । यस पत्रिकामा निरन्तर सात अङ्कसम्म धारावाहिक लेख प्रकाशित गरेका र आज आएर १,२ र ६ अङ्क मात्र रहेको र अरू ३, ४, ५ र ७ अङ्क सम्मका लेखहरू भने नरहेको पाइन्छ ।[३]

उपर्युक्त साहित्यिक गतिविधिका अतिरिक्त राजकृष्णका विभिन्न पत्रपत्रिकाहरूले लिएका अन्तर्वार्ता र विभिन्न साहित्यकारहरूका पुस्ताकाकार कृतिहरूमा उनका बारे उल्लेख भएका विवरणहरूले पनि उनलाई नेपाली साहित्यका फाँटमा चर्चित बनाएको पाइन्छ ।

---

१. ऐजन ।

२. ऐजन ।

३. ऐजन ।

## ३.४.१.१ कवि व्यक्तित्व

राजकृष्ण कँडेलको व्यक्तित्व मूलतः कविको रूपमा स्थापित रहन पुगेको छ । कवि व्यक्तित्वका रूपमा यिनलाई चिनाउने प्रकाशित कृतिहरूमा २०५६ सालमा प्रकाशित मातृवियोगमा आधारित **सम्झनाका छालहरू** (शोककाव्य) र वि.सं. २०५९ सालमा प्रकाशित **द्रौपदीको पश्चात्ताप** (खण्डकाव्य) रहेका छन् । साथै विभिन्न पत्रपत्रिका, पुस्तक, स्मारिका आदिमा फुटकर कविताहरू देखिएकाले नै उनको कवित्व प्रतिभालाई उजागर बनाएको छ ।

विभिन्न प्रतियोगितात्मक कविगोष्ठीमा भाग लिई उनले प्राप्त गरेका मानसम्मानहरू तथा साहित्यिक कार्यक्रमहरूमा सक्रियताका साथ सहभागी भई आफ्नो भूमिका निर्वाह गर्ने उनको क्षमता र प्रतिभालाई हेर्दा उनी विशिष्ट व्यक्तिका रूपमा चिनिएका छन् । जीवनभर अत्यन्त अप्ठेरो परिस्थिति र अभावसँग भिड्न परेकोले र आफ्नो प्रतिकुल स्वास्थ्यस्थितिको कारणबाट रचनाहरूलाई सामान्य प्रकाशन गर्न नसके पनि उनले कविताको क्षेत्रमा दिएको योगदान नै उनलाई कविको रूपमा चिनाउने माध्यम बनेको छ ।

सानै उमेरदेखि साहित्यतर्फ रुचि राखेका राजकृष्णले कविता लेखेर साथीभाइलाई सुनाउने गरेको पाइन्छ । कतिपय कविताहरूको हस्तलिखित प्रमाण पनि नभएकोले आज नरहेको पाइन्छ । उनले पहिलो पटक बनारसमा अध्ययन गर्न बस्दा वि.सं.२०१९ सालमा नेपाली छात्र समितिद्वारा बनारसमा आयोजित कविता प्रतियोगितामा कविता वाचन गरी तृतीय भई पुरस्कार प्राप्त गरेका थिए । बनारसबाट फर्केपछि वि.सं.२०२२ सालमा सरस्वती कलेजमा अध्ययन गर्दा कविता प्रतियोगिता भएको थियो । त्यस कविता प्रतियोगितामा पूर्व उपप्रधानमन्त्री रामचन्द्र पौडेल, अन्य मित्रहरू लगायत राजकृष्णले पनि भाग लिएका थिए । त्यो कविता प्रतियोगितामा पनि द्वितीय स्थान हासिल गरी चर्चाको शिखरमा पुगेका थिए ।[1] उनका ती पुरस्कृत कविताहरू प्रकाशन नभएको र स्मृतिमा पनि नरहेको हुनाले त्यसको अस्तित्व नै गुमेको पाइन्छ । त्यसैले उनको प्रथम कविता वि.सं.२०१८ सालमा प्रकाशित **नौलो पाइलो** पत्रिकाको पहिलो अङ्कमा प्रकाशित *चुनिया धारो* शीर्षकको कविता नै मानिएको छ ।

वि.स.२०४७ सालमा चितवन साहित्य परिषद्द्वारा प्रकाशित **वागीश्वरी**, (वर्ष-२, अङ्क-१) पत्रिकामा *इच्छा* शीर्षकको कविता प्रकाशित भएको पाइन्छ । यस कवितामा नेपाल र नेपालीको उन्नति प्रगतिको कामना गरिएको छ । त्यस्तै वि.सं.२०५३ सालको **वागीश्वरी** (वर्ष-८, अङ्क-४) पत्रिकामा *स्रष्टा* शीर्षकको कविता प्रकाशित भएको छ । यस कवितामा स्रष्टा युग, समाज र राष्ट्र परिवर्तन गर्ने महान् व्यक्ति हो,जो विभिन्न सङ्घर्षमा पनि आफ्नो रचनामार्फत सन्देश दिन चाहेको हुन्छ । वि.सं.२०५५ सालमा **वागीश्वरी** (वर्ष-१०,अङ्क-६) पत्रिकामा *नयाँ वर्ष तिमी आऊ* भन्ने शीर्षकको गद्य कविता प्रकाशित भएको थियो । वि.सं. २०५६ सालमा **वागीश्वरी** (वर्ष-११,अङ्क-७)मा *आमा* शीर्षकको कविता प्रकाशित भएको पाइन्छ । वि.सं.२०५७ सालमा **वागीश्वरी** (वर्ष-१३,अङ्क-८) मा *गोर्खा* शीर्षकको कविता प्रकाशित भएको पाइन्छ । यसरी **वागीश्वरी**

---

१. ऐजन ।

पत्रिकाका अङ्कहरूमा प्रायःलगातार उनका कविताहरू प्रकाशित भएको पाइन्छ । यसले उनको कवि व्यक्तित्वलाई  नेपाली साहित्य फाँटमा परिचित गराएको छ ।

वि.सं. २०५७ सालको **शिक्षक आवाज** (वर्ष-२, अङ्क-४) पत्रिकामा *नेपाली* शीर्षकको कविता प्रकाशित भएको पाइन्छ । वि .सं.२०५८ सालको **गरिमा** पत्रिका(वर्ष-१९, पूर्णाङ्क-२२५) मा साझा प्रकाशनद्वारा प्रकाशित *शोक* शीर्षकको कविता पनि प्रकाशित भएको थियो । वि.सं.२०५९, **चितवन स्मारिका** पत्रिकाको मुखपृष्ठमा नै *चितवन* शीर्षकको कविता प्रकाशित भएको पाइन्छ । वि.सं.२०६० मा **कवि माधव घिमिरे अभिनन्दन ग्रन्थ** मा *कविवर माधव घिमिरेप्रति* शीर्षकको कविता प्रकाशित भएको थियो । वि.सं.२०६२ सालमा **पल्लव** (वर्ष-१०, अङ्क-१०) पत्रिकामा *हाम्री आमा* शीर्षकको कविता प्रकाशित भएको पाइन्छ ।

त्यस्तै वि.सं. २०५८ को **मारुनी** साहित्यिक पत्रिका (फन्कों-९) मा *मान्छेभित्रको म* शीर्षकको कविता प्रकाशित भएको छ । वि.सं.२०६० को **वागीश्वरी** (वर्ष-१५,अङ्क-११)मा *प्रजातन्त्र* शीर्षकको कविता प्रकाशित भएको पाइन्छ । यसका अतिरिक्त राजकृष्णका प्रशस्तै कविताहरू पत्रिकामा प्रकाशित भएका छन् ।

यी विभिन्न समयमा प्रकाशित कविता तथा कृतिहरूका अतिरिक्त उनको व्यक्तित्वको परिचय विभिन्न समयमा विभिन्न व्यक्तिहरूबाट विभिन्न ढङ्गले दिइएको छ । तुलसी भट्टराईले कवि राजकृष्ण कँडेलद्वारा **द्रौपदीको पश्चात्ताप** खण्डकाव्यमा (प्रकाशकः चितवन साहित्य परिषद् ) *"द्रौपदीको पश्चात्ताप" मा कवि कँडेल* भन्ने भूमिकाको शीर्षकमा कवि राजकृष्ण कँडेलको कवित्व प्रतिभाको परिचय दिदै उनमा कवित्व शक्ति प्रखर छ, ज्वलन्त छ भन्ने कुराको जानकारी दिएका छन् ।[1] गोविन्दराज विनोदीले **नवप्राञ्जलि,** सिर्जनात्मक राष्ट्रिय मासिक पत्रिकामा *'सम्झनाका छालहरूमाथि दृष्टि रेखाङ्कन गर्दा'* भन्नेलेखमा राजकृष्ण कँडेलको कवित्व प्रतिभाको परिचय दिदै आफ्नी जननीको मृत्यु पश्चात् शोकमा प्रस्फुटित सम्झनाका छालहरू शोककाव्य एउटा संवेदनशील विशिष्ट कवि हृदयले शाश्वत अनुभूतिलाई लिपिबद्ध गर्न सक्छ भन्दै सम्झनाका छालहरूबाट नै राजकृष्ण उत्कृष्ट कवि बन्न सफल भएका छन् भन्ने कुरालाई व्यक्त गरेका छन् ।[2]

यसरी हेर्दा राजकृष्ण कँडेलको कवित्व विधा निकै उर्वर र सशक्त देखिन्छ । विविध छन्दमा कविता सृजना गर्ने खुबी भएका कँडेलले गद्य लयमा पनि कविता लेखेका छन् । उनको साहित्यिक यात्रालाई हेर्दा वि.सं. २०१८ देखि २०२२ भित्र उनले केही साहित्यिक सृजनाहरू गरेको बुझिन्छ । त्यसपछिको तीन दशकसम्मको लामो अवधिमा साहित्यमा पूर्णरूपले सक्रिय रहेको नपाइए पनि विभिन्न पत्रपत्रिकामा शैक्षिक लेख र केही सृजनात्मक रचनाहरू प्रकाशित भएको देखिन्छ । वि.सं.२०५५ सालमा माताको देहावसान पछि भने उनमा कवित्व प्रस्फुटन हुन थालेको र

---

१. तुलसी भट्टराईः *"द्रौपदीको पश्चात्ताप"* मा कवि कँडेल, **सम्झनाका छालहरू**, (चितवनः मायादेवी कँडेल, २०५६), पृ.ग ।

२. गोविन्दराज विनोदी,*'सम्झनाका छालहरूमाथि दृष्टि रेखाङ्कन गर्दा* .**नवप्राञ्जलि,** सिर्जनात्मक राष्ट्रिय मासिक (चितवनः सुजनबाबु अधिकारी, २०५७), वर्ष-१,अङ्क-५ पृ.२ ।

त्यसपछि साहित्य लेखनमा निरन्तर सक्रिय देखिन्छन् । फलस्वरूप स्थानीय र राष्ट्रिय तहका विभिन्न पत्रपत्रिकामा उनका अनगिन्ती कविता तथा लेख निबन्धहरू छरिएर रहेका छन् ।[१]

## ३.४.१.२ निबन्धकार व्यक्तित्व

साहित्यकार राजकृष्ण कँडेलले निबन्धमा पनि कलम चलाएको पाइन्छ । उनको निबन्ध लेखन कला कविताजस्तो सम्बृद्ध देखिदैन तापनि बेलाबखतमा उनले लेखेका निबन्धहरूले उनको निबन्धकारिताको प्रारम्भिक सुझबुझलाई अभिव्यक्त गरेको छ । उनले अध्ययन गर्दा भने कुनै निबन्ध नलेखेका र धेरै पछि आएर मात्र निबन्धतिर झुकाव भएको देखिन्छ । राजकृष्ण प्रेमवस्ती मा.वि. प्राध्यापन पेशामा संलग्न भएको बखत योगनारायण पोखेल स्मृति प्रतिष्ठान्द्वारा प्रकाशित **स्मृति** पत्रिका अङ्क-१, २०५३ सालमा *मानव जीवन* निबन्ध लेखेर निबन्धको यात्रामा देखापरेका थिए । त्यसैगरी २०५६ सालमा **मधूलिका** पत्रिका वर्ष-५, पूणाङ्क-३ मा *'असल कि ठूलो'* भन्ने निबन्ध प्रकाशित भएको छ । **अन्नपूर्ण स्मारिका** (२०६१) पत्रिकामा *'मान्छे'* शीर्षकको निबन्ध प्रकाशित भएको पाइन्छ । **दीपशिखा** (२०५५,असोज,अङ्क-२) पत्रिकामा *'विचार'* शीर्षकको निबन्ध प्रकाशित भएको छ । त्यस्तै **दीपशिखा** (२०६६,असोज, अङ्क-३) मा *'इच्छाशक्ति'* निबन्ध प्रकाशित भएको छ । **कविका रचना** पत्रिका (२०६५) मा *'संस्कृति र जीवन '* भन्ने शीर्षकको निबन्ध प्रकाशित भएको छ । **मधूश्री** (२०६१ अङ्क-३) मा *'टाउको'* शीर्षकको निबन्ध प्रकाशित भएको पाइन्छ । त्यस्तै **कालिका यात्रा** (२०६१) पत्रिकामा *'चित्त '*शीर्षकको निबन्ध प्रकाशित भएको छ । **वागीश्वरी** (संस्मरण विशेषाङ्क-२०५८) पत्रिकामा *'मेरा स्मृतिका पानाबाट टिपिएका कुराहरू'* 'शीर्षकको संस्मरणात्मक निबन्ध प्रकाशित भएको छ ।[२]

## ३.४.१.३ लेखकीय व्यक्तित्व

राजकृष्ण कँडेलले निबन्धमात्र नभएर विभिन्न पत्रपत्रिकामा विभिन्न लेखहरू छपाएका छन् । साझा प्रकाशनद्वारा **गरिमा** (वर्ष-९,अङ्क-१,२०४७ पुष) मा *'शिक्षामा त्रिकोणात्मक सम्बन्ध'* शीर्षकको लेख प्रकाशित भएको थियो । **संक्षिप्त प्रतिवेदन** (वर्ष-१,अङ्क-१,२०४९) पत्रिकामा *'रेडक्रस मेरो दृष्टिमा'* शीर्षकको लेख प्रकाशित भएको पाइन्छ । राष्ट्र सन्देश प्रा.लि. द्वारा प्रकाशित साप्ताहिक **राष्ट्र सन्देश** (२०४८) पत्रिकामा धारावाहिक लेख '*तब मात्र नेपाल हास्ने छ* 'भन्ने शीर्षकको स्तम्भ लेख सात अङ्कसम्म लेखेका थिए । यस लेखमा प्रजातन्त्रको पुनर्बहाली पछि देशलाई नयाँ गोरेटोमा हिडाउँनु पर्छ भन्ने भाव व्यक्त गरेका छन् । नेपाल रेडक्रस सोसाइटीद्वारा प्रकाशित **रजत स्मारिका** (वर्ष-२५, अङ्क-१,२०५३, फाल्गुन) मा *'रेडक्रस मेरो अनुभूतिमा'* शीर्षकको लेख प्रकाशित भएको छ । प्रजातान्त्रिक विचार समाजद्वारा प्रकाशित **विचारपुञ्ज** (वर्ष-२, अङ्क-२,२०५५) मा *'प्रजातन्त्र र गन्तव्य'* शीर्षकको लेख प्रकाशित भएको छ बालकुमारी कलेज नारायणगढद्वारा प्रकाशित **दीपशिखा** (२०५३, आश्विन) पत्रिकामा

---

१. कपिल अज्ञात,**स्रष्टाबिम्बः व्यक्तित्व आरेख**,भाग-१, (चितवनः चितवन साहित्य परिषद्,२०६७), पृ.५३ ।

२. शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

*'विश्वेश्वरप्रसाद कोइराला साहित्यिक व्यक्तित्व'* शीर्षकको लेख प्रकाशित भएको थियो । **विचारपुञ्ज** (वर्ष-७, पूर्णाङ्क-३, २०५९)मा *'विश्वेश्वरप्रसाद कोइराला साहित्यिक चितवन'* शीर्षकको लेख प्रकाशित भएको पाइन्छ । चितवन माध्यमिक विद्यालयद्वारा **वेणी स्वर्ण स्मारिका** (२०६० माघ) 'पत्रिकामा *चितवन माध्यमिक विद्यालय शब्दचित्र'* शीर्षकको लेख प्रकाशित भएको छ । चितवन साहित्य परिषद्द्वारा प्रकाशित **वागीश्वरी** (राष्ट्रकवि माधव घिमिरे विशेषाङ्क २०६१) पत्रिकामा माधव घिमिरेको प्रशंसा गर्दै *'तिमी युगका सगरमाथा'* भन्ने शीर्षकको लेख प्रकाशित भएको छ । **शैक्षिक दर्पण** (२०६३) पत्रिकामा *'प्रधानाध्यापकको रूपमा मेरो भोगाई र अनुभूति'* शीर्षकको लेख प्रकाशित भएको थियो । **विद्यार्थी प्रवाह** (वर्ष-३, अङ्क-२,२०६३,कार्तिक) मा *'बालकुमारी कलेज शब्दचित्र'* शीर्षकको लेख प्रकाशित भएको छ । **विचारपुञ्ज** पत्रिका (वर्ष-१३,अङ्क-५,२०६५, फाल्गुण) मा *'नेपाली प्रवृत्ति'* शीर्षकको लेख प्रकाशित भएको छ । चितवन साहित्य परिषद्द्वारा प्रकाशित **वागीश्वरी** (२०६६, देवकोटा विशेषाङ्क) मा *'देवकोटामा मानवतावाद'* शीर्षकको लेख प्रकाशित भएको पाइन्छ ।[१] राजकृष्णका उच्चकोटीका लेखहरूले उनको व्यक्तित्वमा इँट थप्ने कार्य गरेका छन् ।

यसरी हेर्दा साहित्यकार राजकृष्ण कँडेलले आफ्नो गद्य विधालाई पनि फराकिलो बनाउन सकेको देखिन्छ । समष्टिगत रूपमा हेर्दा राजकृष्ण कँडेलको रचना गद्य-पद्य दुबै शसक्त रूपमा देखिए तापनि कविता विधा नै स्पष्ट रूपमा सिद्धहस्त देखिन्छ । हुनत राजकृष्ण कँडेलले निबन्धसङ्ग्रह **संवेदनाका स्वरहरू** प्रकाशन गरेका छन् । काव्यले नै उनलाई चरमोत्कर्षमा पुऱ्याए पनि गद्य र पद्यमा उनको कलम तिखारिएकोले उनको साहित्यिक व्यक्तित्व ज्यादै महत्त्वपूर्ण रहेको देखिन्छ ।

## ३.४.२ साहित्येतर व्यक्तित्व

एउटै व्यक्तिभित्र पनि अनेक खालका प्रतिभा, क्षमता, सीप र कौशलता रहेको हुन्छ, जसले गर्दा उसले अनेक कार्यक्षेत्रमा आफूलाई संलग्न गराउन सकेको हुन्छ । राजकृष्ण कँडेलको व्यक्तित्व पनि बहुआयमिक रहेको पाइन्छ । उनमा साहित्यिक र साहित्येतर दुबै खालका व्यक्तित्व रहेका छन् । जसमध्ये साहित्यिक व्यक्तित्वको यस अघि नै चर्चा गरिएको छ । यस शीर्षकअन्तर्गत साहित्येतर कार्यक्षेत्रका बारे अध्ययन गरिएको छ ।

### ३.४.२.१ प्रशासकीय व्यक्तित्व

राजकृष्ण कँडेलको प्रमुख व्यक्तित्वमध्ये प्रशासकीय व्यक्तित्वले नै महत्त्वपूर्ण स्थान ओगटेको छ । उनको बाल्यकालको स्वभावलाई मध्यनजर गर्ने हो भने उनी सामान्य व्यक्तिमात्र हुने खालका देखिन्छन् । 'हुने हार दैव नटार भने झैं' उनको जीवनमा एकाएक परिवर्तन आएको देखिन्छ । उनी नौं वर्षको उमेरसम्म पनि निरक्षर नै रहेका थिए । अध्ययनमा त्यति रुचि नराख्ने राजकृष्णलाई कसैले पनि आज यो गरिमामय स्थानमा पुग्छन् भन्ने कल्पनासम्म गरेका थिएनन् ।

---

१. ऐजन ।

वि.सं.२०२४ सालमा आफ्नै गृह जिल्ला धादिङको भैरवी प्रस्तावित मा.वि.मा अध्यापनका लागि गएका थिए । त्यस विद्यालयमा राजकृष्ण जाँदा नि.मा.वि. मात्र रहेको पाइन्छ । त्यसलाई प्रस्तावित मा.वि. बनाएर उनी प्रधानाध्यापक भएका थिए । बाईस वर्षको कलिलो उमेरमा प्रशासक पद गम्भीर तरिकाले चलाएका थिए । उनको प्रशासनिक कुशलताले विद्यालयलाई निकै नै उच्च बनाएको पाइन्छ । उनमा कडा, अनुशासित, कर्तव्यपरायण, इमान्दार, मिलनसारिता जस्ता प्रशासकीय गुण रहेको थियो । तर बजेटको अभावले दश कक्षा सञ्चालन हुन नसकेकाले उनले त्यस विद्यालय छोडेका थिए ।

फुर्सदको समयमा चितवनको शिवनगर पुगेका राजकृष्णलाई 'भाग्यमानीको दाउ, परी परी आउ' भने झैं भएको थियो । उनी चितवनको शिवनगरको नारायणी विद्या मन्दिर माध्यमिक विद्यालयको वि.सं.२०२५ चैत्र २७ गतेदेखि अङ्ग्रेजी भाषा शिक्षक बन्ने अवसर पाएका थिए । उनको सिकाई सीप अत्यन्तै ओजपूर्ण तथा प्रभावपूर्ण रहेको थियो । उनले एकपटक भनेकै भरमा विद्यार्थीहरूले बु[illegible]ने गरेको जानकारी पाइन्छ । नारायणी विद्या मन्दिर मा. वि. मा केही समयमा नै राजकृष्ण अभिभावक तथा विद्यार्थीहरूको नजरमा लोकप्रिय बनेका थिए । शिवनगरमा शिक्षक भएको सात महिना नबित्दै वि.सं.२०२६ साल असोज १३ गते उनी त्यहाँको प्रधानाध्यापक भएका थिए । यसरी हेर्दा उनको साहित्यिक क्षेत्रभन्दा पनि प्रशासकीय क्षेत्र उच्च देखिन्छ । उनले त्यस विद्यालयलाई दिलो ज्यान दिएर भौतिक सुधारका साथै शैक्षिक सुधार गरेका थिए । उनको प्रशासकीय समयमा नै वि.सं.२०३४ सालको एस.एल.सी परीक्षामा कृष्णप्रसाद पौडेल बोर्ड छैटौं भएका थिए । यो नतिजाले उनले विद्यालयप्रति गरेको मेहनतको प्रतिफल देखिएको छ । उनको प्रशासकीय कार्य खरो, दरो र इमान्दार भएको हुनाले नै विद्यालयको शैक्षिक गुणस्तर चम्किएको देखिन्छ ।[१]

शिवनगरको नारायणी विद्या मन्दिर मा.वि.मा वि.सं. २०२५ चैत्र २७ गतेदेखि शैक्षिक सेवा सुरु गरेका र यसै विद्यालयमा वि.सं २०२६ साल असोज १३ गते प्रधानाध्यापक भई वि.सं.२०३८ चैत्र मसान्तसम्म गरिमामय पदमा आसीन भई आफ्नो प्रशासकीय व्यक्तित्वको परिचय दिएका थिए । त्यसपछि उनी प्रेमवस्ती मा.वि.मा आउदा पनि प्रधानाध्यापककै पदमा सरुवा भई आएका थिए । उनको प्रशासकीय भूमिका अति नै लगनशील भएका कारण प्रेमवस्ती मा.वि. मा पनि प्रधानाध्यापक नै बन्ने अवसर पाएका थिए । वि.सं.२०३९ देखि २०५६ सम्म प्रधानाध्यापक बनी प्रेमवस्ती मा.वि.बाट नै अवकाश प्राप्त गरेका थिए ।[२]

यसरी राजकृष्णले प्रशासकीय भूमिका सफलतापूर्वक सम्पन्न गरेको र यसले नै उनको व्यक्तित्व परिचय प्रगाढ बनेको छ ।

## ३.४.२.२ प्राध्यापकीय व्यक्तित्व

चितवनको शैक्षिक क्षेत्रमा आफ्नो सेवा योग्यता र अनुभवमा खरा रूपमा उत्रिएर सर्वप्रथम प्रथम श्रेणीमा पुग्ने व्यक्ति राजकृष्ण नै रहेका छन् । उनी शिक्षण पेसामा रहँदा रहँदै प्राध्यापन

---

१. ऐजन ।

२. ऐजन ।

पेसामा संलग्न रहेका थिए । बालकुमारी कलेजमा वि.सं २०५२ जेष्ठ १ गते देखि वि.सं.२०६७ असार मसान्तसम्म सहप्राध्यापक बनी नेपाली विषय अध्यापन गराउँदै आएका थिए ।[१] प्राध्यापनका क्रममा उनबाट उच्चस्तरीय गहन अध्ययनको गुणात्मक फल हात लाग्ने तथ्य सम्बन्धित विद्यार्थी वर्गले बताएका छन् । यो उनको पेसाप्रतिको अगाध निष्ठा र जागरुकता रहेको पाइन्छ । यस दृष्टिले उनको प्राध्यापकीय व्यक्तित्व पनि उल्लेखनीय पाइन्छ । [२]

यसरी उनको प्राध्यपकीय व्यक्तित्व पनि उच्च रहेको पाइन्छ ।

## ३.४.३ साङ्गठनिक व्यक्तित्व

साहित्यकार राजकृष्ण कँडेलको संलग्नता विभिन्न सङ्घ-संस्थाहरूमा पनि रहेको देखिन्छ । वि.सं.२०४३-वि.सं.२०४५सम्म नेपाल राष्ट्रिय माध्यमिक शिक्षक सङ्घ चितवनको अध्यक्ष भई शिक्षकहरूको हकहितको लागि बुलन्द आवाज उठाएका थिए । वि.सं.२०४४-हालसम्म चितवन साहित्य परिषद्को संस्थापक सदस्य र निरन्तर सल्लाहकारको रूपमा रहको पाइन्छ । यिनले वि.सं.२०५७ देखि वि.सं २०६२ सम्म प्रेमवस्ती मा.वि., वि.व्य.स.को अध्यक्ष (करिव ५वर्ष ) पदमा रही कार्य गरेका थिए । वि.सं.२०५८ देखि २०६३ सम्म मृगस्थली शिक्षा निकेतनको सञ्चालक समितिको अध्यक्ष पदमा रही कार्य गरेको पाइन्छ । वि.सं. २०६१ सालदेखि ट्रान्सपरेन्सी नेपाल भरतपुर सहयोग समितिको संस्थापक सदस्य र वि.सं. २०६३ देखि वर्तमानसम्म धादिङ चितवन सम्पर्क मञ्चको सल्लाहकारका रूपमा रहेका छन् । वि.सं.२०६४ देखि २०६६ सम्म मृगस्थली शिक्षा निकेतन विद्यालयको सल्लाहकारको रूपमा कार्य गरेको पाइन्छ । ट्रान्सपरेन्सी नेपाल भरतपुर सहयोग समितिको वि.सं. २०६५ देखि हालसम्म सल्लाहकारका रूपमा रहेका छन् ।[३]

यसप्रकार साहित्यकार राजकृष्ण कँडेलको विभिन्न साङ्गठनिक तथा साहित्यिक सङ्घसंस्थाहरूसँग आबद्ध भई साहित्यको अतिरिक्त सामाजिक सेवा पनि गर्दै आएको देखिन्छ । यसले उनको साङ्ठनिक व्यक्तित्व उत्तिकै प्रखर रहेको देखिन्छ ।

## ३.४.३.१ सामाजिक व्यक्तित्व

साहित्यकार राजकृष्ण कँडेलले विद्यमान अज्ञानताको अन्धकारलाई हटाई शिक्षाको उज्यालोमार्फत समाजलाई विकासको उज्यालोतर्फ लैजान धेरै सङ्घर्ष गरेको देखिन्छ । यसैले उनले जीवनभर शिक्षालाई नै कर्मक्षेत्र बनाई मलजल हाली उर्वर बनाएको पाइन्छ । यिनले धादिङ जिल्लाको भैरवी प्रस्तावित मा.वि. मा स्वयम्सेवकको रूपमा रही कार्य गरेका थिए । त्यस्तै विभिन्न विद्यालयमा तन, मन, धन दिएर लागेको पाइन्छ ।[४]

---

१. ऐजन ।

२. कपिल अज्ञात, **स्रष्टाबिम्बः व्यक्तित्व आरेख**, भाग-१, (चितवनः साहित्य परिषद्,२०६७), पृ.५६ ।

३. शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

४. ऐजन ।

यसरी उनको सामाजिक व्यक्तित्वलाई हेर्दा विभिन्न ठाउँमा गई विद्यालयहरू खोली स्वयम्सेवकको रूपमा समेत कार्य गरी मूलतः शिक्षा क्षेत्रमा नै सम्पूर्ण जीवन अर्पण गरेकाले उनको सामाजिक व्यक्तित्व शिक्षाप्रेमी रहेको पाइन्छ ।

### ३.४.३.२ बहुभाषिक व्यक्तित्व

राजकृष्ण कँडेल बहुभाषिक व्यक्तित्वको रूपमा पनि परिचित रहेका छन् । यिनले नेपाली मातृभाषाको अतिरिक्त अङ्ग्रेजी, संस्कृत, हिन्दी भाषाको समेत ज्ञान प्राप्त गरेका छन् ।[१] बाबु-बाजे पुरोहितसमेत भएकाले यिनले सानै उमेरमा संस्कृत भाषा सिक्ने वातावरण पाएका थिए । यिनको अध्ययनको सुरुवात नै बनारसमा संस्कृत भाषाबाट भएको थियो । उत्तरमध्यमासम्मको अध्ययन गरेका राजकृष्णले संस्कृत भाषमा राम्रो दख्खल प्राप्त गरेका थिए । उनले विभिन्न सङ्घ-संस्थाबाट अङ्ग्रेजी भाषाको तालिमसमेत लिने अवसर पाएका र मा.वि. तहमा सोही विषयको अध्यापन लामो समयदेखि गराउँदै आएकाले पनि उनको अङ्ग्रेजी भाषामा दक्षता रहेको पाइन्छ । त्यस्तै हिन्दी भाषा पनि राम्रो ज्ञान भएको पाइन्छ ।[२]

उपर्युक्त आधारहरूबाट राजकृष्ण कँडेल बहुभाषिक व्यक्तित्वको रूपमा पनि परिचित भएका छन् ।

### ३.४.३.३ निष्कर्ष

व्यक्तिको व्यक्तित्व परिचय भन्नु नै उसको अन्तर्निहित प्रतिभालाई मान्न सकिन्छ । जीवनका विभिन्न पाटाहरू, समाज र विभिन्न सङ्घ-संस्थाहरूको सम्बन्धका आधारमा व्यक्तित्व बनेको हुन्छ । एउटै व्यक्तिका पनि विभिन्न व्यक्तित्वहरू निर्माण भएका हन्छन् । कुनै पनि व्यक्तिको व्यक्तित्वलाई अध्ययन गर्नुपर्दा उसको बाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्वको रूपमा अध्ययन गरिएको हुन्छ । साहित्यकार राजकृष्ण कँडेलको व्यक्तित्वलाई पनि आन्तरिक र बाह्य गरी दुई भागमा वर्गीकरण गरिएको छ । बाह्य व्यक्तित्वको रूपमा हेर्दा मझौला कदका, गहुँगोरो वर्ण, लाम्चो अनुहार, चौडा निधार र गम्भीर, सरल, निष्कपट र स्पष्टवक्ताका रूपमा चिनिएका छन् । अन्याय र अत्याचार पटक्कै नसहने, सभ्य र न्यायको लागि जस्तोसुकै जोखिम पनि उठाउन सक्ने राजकृष्णमा विद्रोही स्वभाव देखिए तापनि भित्री हृदयलाई छाम्दा उनी असाध्यै कोमल, सहयोगी र सहृदयी देखिन्छन् ।

अन्धविश्वास, कुरीति समाजका विकृति र विसङ्गति, शोषण, दमन, वर्गीय भेदभाव र असमानताको विरोध गर्दै शान्ति, अहिंसा र मानवधर्मको पक्षमा बोल्ने कँडेलका लेखनमा प्रकृतिप्रेम, राष्ट्रप्रेम, नारीप्रेम तथा मानवतावादी भावना र व्यङ्ग्य विद्रोही रूप प्रचुर मात्रामा पाइन्छ । उनी आन्तरिक रूपमा जस्ता छन्, त्यसको प्रतिबिम्ब उनका कृतिमा पनि उत्रेको पाइन्छ । उनको आन्तरिक व्यक्तित्वको झुकाव विभिन्न क्षेत्रमा प्रवाहित भए तापनि शिक्षा प्रशासकीय व्यक्तित्व नै

१. गजलकार धनराजसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

२. शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

प्रभावशाली व्यक्तित्वको रूपमा चिनिएको छ । उनको साहित्येतर व्यक्तित्वअन्तर्गत प्रशासकीय व्यक्तित्व, प्राध्यापकीय व्यक्तित्व, साङ्गठनिक व्यक्तित्व र सामाजिक व्यक्तित्वमध्ये उनको प्रमुख व्यक्तित्व शैक्षिक तथा प्रशासकीय व्यक्तित्व नै रहेको पाइन्छ ।

साहित्यकार राजकृष्ण कँडेलको जीवनको हालसम्मको प्राप्ति र उपलब्धिहरूलाई केलाउदा उनले **सम्झनाका छालहरू** (शोककाव्य:२०५६),**'द्रौपदीको पश्चात्ताप'** (खण्डकाव्य:२०५९) र **'संवेदनाका स्वरहरू'** (निबन्धसङ्ग्रह:२०६२) गरी यी तीनवटा कृतिले नै उनको कवित्वको परिचय दिएका छन् । यी बाहेक प्रशस्तै छन्दोबद्ध कविता, गद्य कविता, संस्मरणात्मक लेख, शैक्षिक लेखहरू धारावाहिक लेख तथा निबन्धहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् भने अन्य कविताहरू अझै अप्रकाशित अवस्थामा रहेको पाइन्छ ।

विशेष गरी उनका काव्यहरू आदर्शोन्मुख यथार्थवादी, प्रकृतिप्रेम, राष्ट्रप्रेम, मानवतावादी भावभूमिमा केन्द्रित रहेका छन् । शैली शिल्पभन्दा भाव प्रधानता रहेका उनका कृतिहरूमा आफूले देखेका र भोगेका विविध घटना र असन्तुष्टिहरू साथै राष्ट्रका सम्स्याहरू व्यक्त भएका छन् । यिनका कृतिहरू जेजति प्राप्त छन्, ती सबै भावमा नै केन्द्रित रहेका छन् । आफ्ना जीवनका अनुभव, भावना र विचारहरूलाई साहित्य र साहित्येतर दुबै क्षेत्रबाट योगदान दिने साहित्यकार राजकृष्ण कँडेलको व्यक्तित्व अत्यन्त सफल, उदाहरणीय र अनुकरणीय देखिन्छ ।

# परिच्छेद : चार

## साहित्यकार राजकृष्ण कँडेलको समग्र कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन

### ४.१ कृतित्व अध्ययनको पृष्ठभूमि

यस परिच्छेद अन्तर्गत ४.२ मा नेपाली साहित्यमा साहित्यकार राजकृष्ण कँडेलको आगमन, साहित्यिक यात्रा र कविताको मूल प्रवृत्तिको अध्ययन विश्लेषण गरिएको छ । ४.३ मा उनको **सम्झनाका छालहरू** शोककाव्यको विभिन्न कोणबाट विश्लेषण गरिएको छ । ४.४मा **द्रौपदीको पश्चात्ताप** खण्डकाव्यको विश्लेषण गरिएको छ । ४.५ मा **संवेदनाका स्वरहरू** निबन्धसङ्ग्रहको अध्ययन गरिएको छ ।

### ४.२ साहित्यमा राजकृष्णको आगमन र योगदान

नेपाली साहित्यप्रति अनुरागी व्यक्तित्व राजकृष्णको साहित्यिक यात्रा विद्यार्थी समयदेखि नै बढेको पाइन्छ । औपचारिक अध्ययनका लागि बनारस पुगेका राजकृष्ण त्यहाँ रहेर नै **नौलो पाइलो** पत्रिकाको सम्पादक बनी आफ्नो जन्मभूमिको अगाध स्नेह राखी *'चुनिया धारो'* शीर्षकको कविता रचना गरेका थिए । समयसमयमा हुने साहित्यिक कार्यक्रममा सहभागिता जनाउने गरेका उनले निबन्धको क्षेत्रमा भने वि.सं. २०५३ सालमा प्रकाशित **स्मृति** (योगनारायण पोखरेल स्मृति प्रतिष्ठान्,अङ्क १) पत्रिकामा *मानव जीवन* शीर्षकको निबन्ध लिएर देखा परेका थिए । पुस्तकाकारको रूपमा सबैभन्दा पहिलो वि.सं.२०५६ सालमा प्रकाशित **सम्झनाका छालहरू** नामक शोककाव्य प्रकाशित गरी आफ्नो साहित्यिक व्यक्तित्वलाई अझै परिपक्क अवस्थामा पुऱ्याएको पाइन्छ । साहित्य लेखनदेखि कृति प्रकाशनसम्मको अवधिलाई हेर्दा लामो समयपछि मात्र कृति प्रकाशन गरेको देखिए पनि यस बीचमा प्रशस्तै स्तरीय कविताहरू रचना गरी विभिन्न पत्रपत्रिकामा छापेको पाइन्छ । उनको साहित्यिक यात्रा कविताको क्षेत्रमा बढी प्रभावित भएको पाइन्छ । उनको साहित्यिक यात्रालाई दृष्टिगत गर्दा उनले लगभग चार दशकभन्दा बढी समय यस क्षेत्रमा व्यतीत गरेको देखिन्छ । यस अवधिमा उनका तीनवटा पुस्तकाकार कृति र विभिन्न पुस्तक तथा पत्रपत्रिकामा अनेकौं फुटकर कृतिहरू प्रकाशित भएको देखिन्छ । अझै एउटा कवितासङ्ग्रह अप्रकाशित अवस्थामा रहेको छ । साहित्यमा लेखनको निरन्तरता र कृति प्रकाशनको आधारमा उनको साहित्यिक यात्रा अवधिलाई विभाजन गर्दा मुख्यतः दुई चरणमा विभाजन गर्न सकिन्छ । नेपाली साहित्यमा उनको आगमनले भिन्न मोड र भिन्नै वाद नअँगालेको भए पनि आदर्शोन्मुख यथार्थवादी साहित्यको विकासमा उनको पनि महत्त्वपूर्ण योगदान रहेको पाइन्छ ।

## ४.२.१ लेखनको प्रारम्भ

सानै उमेरदेखि कविता लेखनमा अभिरुचि राख्ने राजकृष्ण कँडेल विद्यार्थी अवस्थामा पनि कविता लेखेर विभिन्न गोष्ठीहरूमा भाग लिई  पुरस्कृत भएको पाइन्छ । लेखनका हिसाबले अन्य कविता रहे तापनि वि.सं.२०१८ सालमा बनारसबाट प्रकाशित **नौलौ पाइलो** पत्रिकामा *'चुनिया धारो'* शीर्षकको कविता नै प्रथम प्रकाशित कविता रहेको छ । उनका फुटकर रचनाहरू **वागीश्वरी, शिक्षक आवाज, बिसौनी, मारुनी, गरिमा, नवप्राञ्जलि, मधुश्री, पल्लव, स्मारिका** जस्ता साहित्यिक पत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन् ।[१] यसरी राजकृष्ण कँडेलले साहित्यिक क्षेत्रमा आफ्नो कलम चलाउदै गएको देखिन्छ ।

पुस्तकाकार कृतिहरूमा **सम्झनाका छालहरू** (शोककाव्य) वि.सं.२०५६ सालमा प्रथम पटक प्रकाशित गरी कवि व्यक्तित्वको रूपमा स्थापित हुन पुगेका पाइन्छ । उनको पुस्तकाकार कृति लेखनको आरम्भ यहीँबाट भएको पाइन्छ । त्यसपछि दोस्रो पुस्तकाकार कृतिको रूपमा वि.सं.२०५९ सालमा **द्रौपदीको पश्चात्ताप** (खण्डकाव्य) प्रकाशित भएको देखिन्छ । त्यस्तै निबन्धहरूको संगालो **संवेदनाका स्वरहरू**(निबन्धसङ्ग्रह) वि.सं २०६२ सालमा प्रकाशित भएको छ । यसबाट उनको कवित्व व्यक्तित्व तिखारिएको पाइन्छ ।

## ४.२.२ लेखनका लागि प्रेरणाको स्रोतहरू

राजकृष्ण कँडेलको पारिवारिक वातावरण सुसंस्कृत र सभ्य रहेको पाइन्छ । उनका पिता प्रकाण्ड पण्डित रहेका र यसले गर्दा छोराछोरीले शिक्षित बन्ने सुअवसर प्राप्त गरेका थिए । बाल्यकालदेखि नै भावुक स्वभावका राजकृष्ण सानैदेखि कविता रच्दै साथीभाइलाई सुनाउने र साथीभाइले थप प्रेरणा दिने गरेको पाइन्छ । दाजु घनश्याम उपाध्याय कँडेलको साहित्यिक रचनाबाट तथा आफ्नी माताको सुमुधुर कण्ठबाट निस्किएको रामायणका श्लोकबाट नै उनलाई थप प्रेरणा मिलेको पाइन्छ ।[२]

अन्तर्राष्ट्रिय साहित्यकार किट्स, लियो, टल्सटाय, कालिदास जस्ता विश्वप्रसिद्ध व्यक्तिका कृतिहरूबाट राजकृष्ण प्रभावित भएको पाइन्छ ।[३] उनीहरूका कृतिको प्रभाव उनका साहित्यिक लेखनमा अभिव्यक्त भएको देखिन्छ । यसरी उनी अध्ययनशील र अन्तर्मुखी भएका कारण साहित्य लेखनको प्रेरणा उनका अग्रजहरू, गुरुवर्ग र उनलाई बारम्बार साहित्य लेखनतर्फ हौसला दिने व्यक्तिहरू हुन् भन्न सकिन्छ भने आफूले देखेका, भोगेका र अनुभव गरेका वस्तु तथा समाजबाट पनि उनले अप्रत्यक्ष प्रेरणा पाएको देखिन्छ ।

---

१. शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

२. ऐजन

३. डि. आर. पोखरेल, *राजकृष्ण कँडेल: जीवनी र विचार,* **नारायणी टुडे,** (वर्ष-८,अङ्क-४८,२०६५)राष्ट्रिय मासिक नारायणगढ, पृ.४५ ।

## ४.२.३ साहित्यिक यात्रा

राजकृष्णको साहित्यिक यात्राको थालनी बाल्यकालदेखि नै भएको हो । नेपाली साहित्यमा कलम चलाएका उनका तीनवटा पुस्तकाकार कृति प्रकाशित भैसकेका छन् । यसबाहेक अन्य फुटकर कविता र संस्मरणात्मक निबन्धहरू विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा छरिएका छन् । उनको साहित्यिक यात्रालाई अवलोकन गर्दा दुई चरणमा विभाजन गर्न सकिन्छ । साहित्य लेखनको प्रबलता, चिन्तनशीलता, भावुकता भाषा र शैलीमा केही कमजोरी देखिए तापनि उनको लेखनशैली निरन्तर खारिदै आएको देखिन्छ । राजकृष्णको साहित्यिक प्रवृत्तिलाई केलाउँदै यसप्रकार देखाउन सकिन्छः-

**क पूर्वार्ध चरणः-वि.सं.२०१८ देखि वि.सं.२०५४ सम्म**
**ख उत्तरार्ध चरण-वि.सं.२०५५ देखि हालसम्म** (२०६७)

### ४.२.३.१ पूर्वार्ध चरण -वि.सं २०१८देखि वि.सं.२०५४सम्म

यस चरणमा उनका दुईवटा साहित्यिक प्रवृत्तिहरू देखापरेका छन । पहिलो वि.सं.२०१८ देखि २०२२ सालसम्म प्रारम्भिक तर सक्रिय चरण र वि.सं.२०२३ सालदेखि वि.सं. २०५४ सम्मको ३१ वर्षे अवधि साहित्य सिर्जनाका हिसाबले निष्क्रिय चरण रहेको छ । यस चरणमा उनले शिक्षाक्षेत्रमा मात्र लगाव दिएका छन् । यस चरणलाई  उनी आफैले निकम्मा अवधि भनेका छन् ।[1]

पूर्वार्धको पहिलो अवधि प्रारम्भिक चरण भएर पनि राजकृष्णले देशप्रेमका, प्रकृतिप्रेमका, सामाजिक यथार्थको चित्रण र केही प्रायोगिक ढङ्गका कविताहरू लेखेको देखिन्छ भने यस चरणको दोस्रो अवधि चाहिँ पूर्णरूपमा निष्क्रियताको अवधि रहेको देखिन्छ ।

### ४.२.३.२ उत्तरार्ध चरण वि.सं.२०५५ देखि हालसम्म (२०६७)

उत्तरार्ध चरण उनको उज्ज्वल चरण हो । यस चरणले उनलाई स्थापित साहित्यकारको रूपमा प्रस्तुत  गरेको छ । यस चरणमा तीनवटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका  र धेरै कविता तथा लेखहरू लेखिएका छन् । यस चरणमा उनले साहित्यिक मान-सम्मानहरू पनि प्राप्त गरेका छन् । प्रथम चरणमा फस्टाउन नसकेको उनको साहित्यिक यात्रा यस चरणमा सङ्ख्यात्मक र गुणात्मक दुबै दृष्टिकोणबाट झाङ्गिन पुगेको पाइन्छ । आफ्नी माताको मृत्युले एक्लो महसुस गरेका राजकृष्णले माताको स्मृतिमा **सम्झनाका छालहरू** (२०५९) शोककाव्य जन्माउन पुगेका छन् । उनको यो पहिलो कृति भएकोले भाव प्रवलता, काव्यशिल्प, सौन्दर्य र बिम्ब प्रतीक त्यति बेजोड नभएको पाइन्छ ।

वि.सं.२०५९ सालमा प्रकाशित **द्रौपदीको पश्चात्ताप** खण्डकाव्य उनको दोस्रो प्रकाशित काव्य रहेको पाइन्छ । महाभारतको विषयवस्तुबाट उठान गरिएको यो काव्यमा द्रौपदीमा कोमलरूपी नारी हृदय प्रकट गराइ नवीन रूप दिइएको छ । शार्दूलविक्रीडित छन्दका ३११

---

१. डि. आर. पोखरेल, पूर्ववत्, पृ.३६ ।

श्लोकमा संरचित यो काव्य उनको महत्त्वपूर्ण कृति बनेको छ । तेस्रो तथा अन्तिम कृति **संवेदनाका स्वरहरू** (२०६२) निबन्धसङ्ग्रह प्रकाशित भएको छ ।

यस चरणमा पनि उनले समाजपरक, जीवनमूलक कृतिहरू सिर्जना गरेका छन् । प्रकृतिप्रेम, देशप्रेम, मानवतावाद, सामाजिक यथार्थको चित्रण गर्न सफल भएका छन् । उनको विद्रोही स्वभाव र मानवतावादी दृष्टिकोण कृतिमा झल्किएको पाइन्छ । आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति भएका राजकृष्णलाई स्वछन्दतावादी साहित्यिक धाराका स्रष्टा मान्न सकिन्छ ।[१]

सङ्क्षेपमा भन्दा कवि राजकृष्ण कँडेलको प्रथम चरणको तुलनामा दोस्रो चरण साहित्यिक रूपबाट अत्यन्त उर्वर बन्न गएको पाइन्छ । पुस्तकाकार कृतिका अतिरिक्त दोस्रो चरणमा विभिन्न फुटकर रचनाहरू प्रकाशित भएका छन् । यस यात्राका साहित्यिक विशेषताहरूमा लेखनमा निरन्तरता, पुस्तकाकार कृतिको सङ्ख्यामा वृद्धि, भाषिक प्रौढता, छन्द, अलङ्कार, बिम्ब तथा प्रतीकको संयोजन भने मध्यम देखिन्छ ।

यसप्रकार राजकृष्ण कँडेलको साहित्य यात्रालाई वि.सं.२०५५ पूर्व र वि.सं.२०५५ उत्तर गरी दुई चरणमा विभाजन गर्नुपर्ने देखिएको छ ।

## ४.२.४ साहित्यकार राजकृष्ण कँडेलका कविताका मूल प्रवृत्ति

नेपाली साहित्यको विकासक्रमलाई हेर्दा विशेष गरी देशको राजनैतिक स्थितिको पनि यसमा प्रभाव परेको पाइन्छ । बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापछि विगतका वर्षहरूमा प्रथमतः सहिदस्मृति र राष्ट्रिय नव निर्माणका स्वप्नका साथै मुक्तिकामनाका उल्लासलाई अनि क्रमशः प्रजातान्त्रिक सञ्चेतना र नवनिमार्णको कामना एवम् राष्ट्रिय गरिमामय देखापरेका संस्थागत, नेतृत्वगत र वातावरणगत समसामयिक विचलन एवम् मूल्यस्फीति तथा स्वप्नघात-दुःस्वप्नका अन्तर्पीडा र सामूहिक अस्मिताबोधलाई वाणी दिन अभिव्यक्ति स्वतन्त्रताको सार्थक उपयोग गरियो । यस क्रममा वैदेशिक दबाब र देशभित्रैका साम्प्रदायिक दुश्चेष्टाका सन्दर्भमा र राष्ट्रियतामाथि पर्दो सङ्कटले निकै अभिव्यक्त पायो ।[२] राजकृष्ण कँडेलका रचनाहरू पनि यिनै परिवेशभित्र रहेको देखिन्छ । विशेषतः नेपाली साहित्यमा अहिलेसम्म जे-जस्ता प्रभाव र प्रवृत्तिको जन्म भयो राजकृष्णमा त्यसको प्रभाव परे तापनि मूलतः राजनीतिक र सामाजिक विकृति, वर्गीय भेदभाव, मानव अस्तित्व, असन्तुष्टि र कुण्ठाहरूको प्रस्तुति, नारी हृदयको कोमलता, युद्ध, स्वार्थी प्रवृत्तिप्रति घृणा, मानवीय भेदभावको अन्त्यको चाहना आदि समसामयिक सन्दर्भहरूलाई उनले आफ्नो अभिव्यक्तिको विषय बनाएका छन् ।

सङ्क्षेपमा भन्दा उनको कविता रचना प्रक्रियामा भावुकता, मानवता विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार, आदर्श व्यक्तिप्रति सम्मानभाव प्रकट, असमानताको अन्त्य, राष्ट्रवादी स्वर, भावुकता र मानवीय प्रेम, वियोगजन्य पीडा, नैतिकता, मर्यादा र इमान्दारिताप्रतिको मोह, सुधारात्मक भावनाको प्रकटीकरण, समाजमा व्याप्त स्वार्थी प्रवृत्तिप्रति

---

१. ऐजन ।

२.वासुदेव त्रिपाठी र अन्य,**नेपाली कविता भाग-१**,चौ.,सं.,(ललितपुरः:साझा प्रकाशन, २०५५),पृ.७ ।

व्यङ्ग्य, स्वतन्त्रताको चाहना, शान्तिको खोजी, भाषिक सहजता र प्रौढता, लेखनमा वार्णिक छन्दको अधिक प्रयोग आदि प्रवृत्तिहरू पाइन्छन् । यसरी कवि कँडेलका काव्य प्रवृत्तिहरू अधिकतम वा न्यूनतम बिन्दुमा अवलोकन गर्दा यिनै वृत्तभन्दा बाहिर रहेको मान्न सकिँदैन ।

## ४.३ राजकृष्ण कँडेलको पुस्तकाकार कृतिहरूको अध्ययन

कवि राजकृष्ण कँडेलको नेपाली कविता क्षेत्रमा सशक्त रूपमा कलम चलेको देखिन्छ उनका प्रकाशित तीनवटा कृतिहरू **सम्झनाका छालहरू, द्रौपदीको पश्चात्ताप** र **संवेदनाका स्वरहरू**को विभिन्न कोणबाट विश्लेषण गरिएको छ ।

### ४.३.१ काव्यको परिचय

काव्य भन्नाले मनभित्रका भावहरूको मूर्तरूप हो । काव्यसम्बन्धी विभिन्न विद्वानहरूले आफ्ना विचार व्यक्त गरेका छन् । यस क्रममा भामहले भनेका छन्:-“शब्दार्थौ सहितौ काव्यम्” अर्थात् शब्द र अर्थको सहभाव नै काव्य वा साहित्य हो अर्का विद्वान् वाग्भटका अनुसार “गुणालङ्काररीतिरसोपेतः साधुशब्दार्थसन्दर्भः काव्यम् ।” अर्थात् गुण, अलङ्कार, रीति र रसले युक्त सुन्दर शब्दार्थ समूह नै काव्य वा साहित्य हो । यसरी साहित्य भन्नाले जीवन-जगत्प्रतिको मानवीय अनुभव अनुभूति एवम् धारणा दृष्टिकोणको कलात्मक एवम् सौन्दर्यपूर्ण भाषाका माध्यमद्वारा गरिने सिर्जनात्मक अभिव्यक्ति नै साहित्य हो, जसमा बौद्धिकता, हार्दिकता एवम् कल्पनाको प्रचुरता हुन्छ ।[१] यसरी काव्यलाई अध्ययन गर्दा काव्यका विविध स्वरूपहरू रहेका हुन्छन् । त्यसैले काव्यलाई पाँच भागमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छः-

**क) लघुतम रूप-मुक्तक**

**ख) लघु रूप-फुटकर कविता**

**ग) मझौला रूप-खण्डकाव्य**

**घ) वृहत् रूप-महाकाव्य**

**ङ) वृहत्तर रूप-विकाशशील महाकाव्य**

### क) लघुतम रूप

जीवनजगत्का अनुभवलाई रागात्मक र कलात्मक किसिमले भाषाका माध्यमबाट भन्ने क्रममा लयात्मक अँगालिँदा प्रकट हुने कविता विद्याको स्वयम्मा रहने लघुतम एकाइलाई लघुतम रूप भनिन्छ ।[२]

---

१. ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना**, **साहित्य समालोचनाःप्रमुख मान्यता, वाद र प्रणाली,** द्वितीय संस्करण, (ललितपुरः साझा प्रकाशन,२०५४), पृ.३-४ ।

२. वासुदेव त्रिपाठी र अन्यः **नेपाली कविता भाग-४,** संस्करण-चौथो, (ललितपुरः साझा प्रकाशन, २०६०), पृ.२८-२९ ।

## ख) लघु रूप

श्लोक वा अनुच्छेदहरूका बीच अनुक्रम वा अन्तर्क्रमका साथै अन्विति उपलब्ध हुने गरी अनि अति विस्तारबाट यथासम्भव बनी जगत्जीवनको खास एक प्रक्षेप वा कुनै खास मनोदशाको नातिदीर्घ र प्रायः स्थूल वा मूर्त आख्यानीकरण विनाको कथन गर्ने कवितात्मक अभिव्यक्ति नै लघु रूप हो ।[१]

## ग) मझौला रूप

कविता विधाको लघुरूप मानिने फुटकर कविता र वृहत् रूप मानिने महाकाव्यको बीचमा रहने मध्यवर्ती कविता रूपका निम्ति विभिन्न पारिभाषिक संज्ञा उपलब्ध भए तापनि यसको सवार्धिक प्रचलित संज्ञा हो खण्डकाव्य । यही मध्ष्वर्ती स्थितिको कारणले यसलाई कविता विधाको मध्यम वा मझौला रूप भन्ने गरिन्छ ।[२]

## घ) वृहत् रूप

जगत्जीवनको विपुल कथ्य विषयवस्तु तथा साङ्गीतिक वैभव एवम् अति विस्तृत भाषिक सङ्कथन तथा संरचना मार्फत प्रकट हुन पुगेको अवगत हुन्छ । त्यसैले महाकाव्य विपुल आख्यानीकरणमार्फत प्रवाहित विपुल कवित्वको विस्तारित प्राप्ती ठहर्छ ।[३]

## ङ) वृहत्तर रूप

जीवनजगत् र कवि मानसको भावलयहरू अत्यन्त विपुल वा वृहत् अभिव्यक्ति प्रदान गर्ने सर्गबद्ध विराट्  साङ्गीतिक भाषिक सङ्कथनका संरचनाका रूपमा वृहत्तर रूप रहेको छ ।[४]

माथि वर्गीकरण गरिएका काव्यका विभिन्न प्रकारमध्ये कवि राजकृष्ण कँडेलद्वारा रचित सम्झनाका छालहरू शीर्षक शोककाव्य मझौला काव्यको रूपमा लिन सकिन्छ । पृष्ठ सङ्ख्या १०१, सर्ग सङ्ख्या-४, शिखरिणि छन्द र श्लोक सङ्ख्या ६०२ भित्र गुथिएको प्रस्तुत शोककाव्य करुणरसप्रधान रहेको छ ।

कवितामा विधागत भेदमध्ये मुक्तक र फुटकर कवितादेखि खण्डकाव्य, महाकाव्यसम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका घटक निम्नलिखित पक्ष वा तत्त्व पर्छन्:-१) शीर्षक २)संरचना ३)लयविधान ४) भाषाशैली ५) कथनपद्धति ६) केन्द्रीय कथ्य र त्यसका सन्दर्भसामग्री तथा

---

१. पर्ववत्,पृ ४७ ।

२. पूर्ववत्, पृ.५२ ।

३. पूर्ववत् पृ.६९ ।

४. ऐजन ।

भावविधान ७) बिम्वबिधान र अन्य अलङ्करण-प्रविधि ८) व्यञ्जना र ९) विधागत स्वरूप तथा आयाम ।[1] यिनै तत्वहरूको आधारमा राजकृष्ण कँडेलका काव्यकृतिहरूलाई विश्लेषण गरिन्छ ।

## ४.३.१.१ सम्झनाका छालहरू शोककाव्यको अध्ययन- विश्लेषण

राजकृष्ण कँडेल अद्यतन चितवनको शैक्षिक र सामाजिक सेवा क्षेत्रमा लब्धप्रतिष्ठ तथा शाब्दिक (सृजन परम्परामा अभिज्ञात नाम रहेको छ ।[1] उनको प्रथम प्रकाशित कृति **सम्झनाका छालहरू** वि.सं.२०५६ सालमा प्रकाशित भएको थियो । यस काव्यले नेपाली कविताको क्षेत्रमा उच्च स्थान पाएको छ । विभिन्न विद्वान् तथा साहित्यकारहरूको भनाइबाट **सम्झनाका छालहरू** शोककाव्यले उच्च स्थान लिएको जानकारी पाइन्छ । यस काव्यले मातृ वा मातृत्वको चित्रलाई भव्यरूपमा प्रस्तुत गरेको छ ।[2]

'जननी जन्मभूमिश्चः स्वर्गादपि गरियसी' भन्ने सूक्ति त्रेतायुगदेखि नै चल्दै आएको कुरामा दुई मत रहेको छैन । जन्मदात्रीको महिमा अपार हुँदाहुँदै पनि मातृवियोगको पीडालाई काव्यात्मकता प्रदान गर्ने क्षमता जो पायो उसैमा रहेको पाइँदैन । **सम्झनाका छालहरू** शोककाव्यका काव्यकार राजकृष्ण कँडेलमा भने आमाको वियोगमा परिलने क्षमता रहेको देखिन्छ । **सम्झनाका छालहरू** (शोककाव्य)बाट कवि राजकृष्ण कँडेलको कविता यात्रामा उज्ज्यालोपन आएको देखिन्छ । यो शोककाव्य उनको पहिलो कृति भएकोले यसमा भावुकता बढी, शिल्पपक्ष कमजोर, छन्दभङ्ग जस्ता त्रुटिगत पक्ष देख्न सकिन्छ । अतः **सम्झनाका छालहरू** शोककाव्यका भूमिका लेखक कृष्ण गौतमले काव्यलाई यस्तो दृष्टिकोणबाट मूल्याङ्कन गरेका छन्ः- कवि कँडेलद्वारा लिखित **सम्झनाका छालहरू** त्यस्ती आमाको त्यस्तो चित्र प्रस्तुत गर्छ, जो नितान्त अवलोकनीय र अनुकरणीय छ । यस्तो अनमोल काव्य दिएर नेपाली साहित्यको भण्डारमा एक अपूर्व इँट थप्ने कवि कँडेललाई जति साधुवाद दिए पनि थोरै नै हुन्छ ।[3] **सम्झनाका छालहरू** शोककाव्य कविको प्रथम कृति खण्डकाव्यअन्तर्गत नै पर्ने भएकोले खण्डकाव्यका तत्त्वअनुसार यसको सैदान्तिक परिचय दिई विश्लेषण गर्नु उपयुक्त ठहराइएको छ ।

### ४.३.१.१.१ शीर्षक

रचना, कृति आदिको मुख्य नाम वा टाउकोलाई शीर्षक भनिन्छ ।[4] प्रत्येक कृतिको माथमा रहने यो अङ्ग ज्यादै महत्त्वपूर्ण बनेको हुन्छ । शीर्षकलाई आधा रचना नै मानिने हुँदा हरेक लेखकले शीर्षकद्वारा आफ्ना कृतिको नामकरण खुबै सोचविचारका साथ गरेको पाइन्छ ।[5]

---

१. मणिराम शर्मा, *कवि राजकृष्ण कँडेलको 'सम्झनाका छालहरूः एक अनुशीलन'*, **हाम्रो सिर्जना**( चितवनःडि.आर. पोखरेल, २०६५, असोज), पृ.४६ ।

२. डि. आर. पोखरेल, पूर्ववत्, पृ.३३ ।

३. कृष्ण गौतम, *अभिमत,* (भूमिका शीर्षक) **सम्झनाका छालहरू** शोककाव्य, (चितवनः मायादेवी कँडेल, चितवन, २०५६) ।

४. वसन्तकुमार शर्म्मा नेपाल, **नेपाली शब्दसागर,** दो.सं.(भाभा पुस्तक भण्डार, चाबेल,२०५८)पृ.१२४९ ।

५. मोहनराज शर्मा, **शब्द रचना वर्ण विन्यास**,(भोटाहिटीः नवीन प्रकाशन, २०५६), पृ.३०२ ।

**सम्झनाका छालहरू** कँडेलको प्रथम पद्यात्मक काव्य रहेको छ । यस शीर्षकको शाब्दिक अर्थलाई यसरी केलाउन सकिन्छ । सम्झनाको अर्थ कुनै वस्तु, व्यक्ति, विचार आदि सम्झेको अवस्था, सम्झाइ, स्मृति, स्मरण, याद हो ।[१] छालको अर्थ ताल, नदी वा समुन्द्रमा जमेको पानी हावाको वेगले हुत्तिँदा उठ्ने ठूलो लहर, उछाल हो ।[२] प्रस्तुत शोककाव्यमा कवि कँडेलले आफ्नी ममतामयी माताको च्याँदेखि चिहानसम्मका जीवनलीला प्रस्तुत गरेका छन् । ठाउँ-ठाउँमा प्राकृतिक र धार्मिक वर्णन भए तापनि कविको काव्य निष्कर्ष पिता तथा माताको देहावसानबाट उत्पन्न शोकमा केन्द्रित रहेकाले यसलाई मार्मिक शोककाव्यको संज्ञा दिन सकिन्छ । करुणरसभित्र पीडा पोखिएको ममतामयी माताको स्मृतिगान काव्यमा प्रस्तुत गरिएको हुनाले यस शोककाव्यको शीर्षक सम्झनाका छालहरू अत्यन्त उपयुक्त, सार्थक र औचित्यपूर्ण देखिन्छ ।

## ४.३.१.१.२ संरचना

ज्ञानविज्ञानसम्बन्धी कुनै पनि वस्तु, तत्त्व आदिका बनाइएका ढाँचा वा किसिम, बनावट, बनोटजस्ता शब्दरचना, भावरचना, वस्तुसंरचना आदिलाई संरचना भनिन्छ ।[३] संरचना दुई किसिमको हुन्छ-आन्तरिक र बाह्य । कविताकृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड, गण र विश्राम भई पाउ/चरण वा पङ्क्ति विधान तथा पङ्क्तिपुञ्ज (श्लोक वा अनुच्छेद योजना) सँगै थालिन्छ र त्यसका विविध भाग परिच्छेद हुदैं विस्तारित हुन्छ अनि खण्डकाव्यमा पुग्दा सर्ग योजना पनि देखापर्न सक्छ ।[४] **सम्झनाका छालहरू** खण्डकाव्यलाई यसै परिधिभित्र राखेर हेर्दा बाह्य संरचनाको दृष्टिले १०१ पृष्ठसहित चार सर्गमा संरचित रहेको छ । पहिलो सर्गमा १०२ श्लोक, दोस्रोमा १८४, तेस्रोमा ११० र चौथोमा सबैभन्दा बढी २०६ श्लोक गरेर जम्माजम्मी यस काव्यभित्र ६०२ श्लोकहरू रहेका छन् । संसारमा सर्वश्रेष्ठ वस्तु आफ्नी जननी रहेको शाश्वत चित्रबाट जीवन्त बनेको यस काव्यलाई कवि कँडेलले जननीमा मातृत्व प्रेम, निस्वार्थ स्नेह र कोमल हुन्छ भन्ने कुरालाई स्पष्ट पारेका छन् । कवि कँडेलकी धर्मपत्नी मायादेवीबाट प्रकाशित यस शोककाव्यमा कृष्ण गौतमबाट अभिमत (भूमिका लेख) लखिएको र काव्यकारबाट प्रकाशनको लागि सहयोगी सबैलाई कृतज्ञता ज्ञापन गर्दै 'निवेदन' शीर्षकमा दुई शब्द व्यक्त गरिएको छ । ५०० प्रति प्रकाशित गरिएको यस कृतिको मूल्य रू.३५ राखिएको छ । यो कृतिलाई आरम्भ गर्दा कवि कँडेलले समर्पण शीर्षकमा कवितात्मक शैलीबाट आफू यस स्थानमा आइपुग्नुको पछाडि माताको ठूलो योगदान रहेको भन्दै हृदय देखि नै हार्दिक श्रद्धाञ्जली अर्पण गरेका छन् ।

---

१. हेमाङ्गराज अधिकारी, **'प्रयोगात्मक नेपाली शब्दकोश** द्वितीय संस्करण, (काठमाडौं: विद्यार्थी प्रकाशन प्रा.लि., २०६३), पृ.९८१-९८२ ।

२. पूर्ववत्, पृ.३३४ ।

३. बालकृष्ण पोखरेल, **नेपाली वृहत् शब्दकोश,** (काठमाडौं:ने.रा.प्र.प्र.,२०४०),पृ.१२०६ ।

४. वासुदेव त्रिपाठी र अन्य,(सम्पा.) **नेपाली कविता भाग-४**, ते.सं.(ललितपुर, साझा प्रकाशन, २०५४), पृ.१७ ।

सम्झनाका छालहरू सर्ग १ बाट सुरु गरिएको र क्रमैसँग सर्ग ४ सम्म यसको आयाम विस्तारित भएको पाइन्छ ।

प्रस्तुत काव्यमा आदि, मध्य र अन्त्यको समन्वय मिलेको पाइन्छ । शोककाव्यकी नायिकाको जन्मदेखि मृत्युसम्मको वर्णन गरिएको यो काव्यको आख्यान परिपुष्ट भएको पाइन्छ । जन्मदात्रीको महिमा अपार हुँदाहुँदै पनि मातृवियोगको पीडालाई काव्यात्मकता प्रदान गर्ने क्षमता सबैमा नहुन सक्छ तर राजकृष्णमा भने आमाको वियागमा पग्लिने क्षमता रहेको पाइन्छ । समग्रमा प्रस्तुत काव्यलाई नियाल्दा कविको भावनालाई आख्यानका लहराले जेलिएको पाइनुका साथै आन्तरिक र बाह्य संरचना दुबै दृष्टिले सफल देखिन्छ ।

## ४.३.१.१.३ विषयवस्तु

कुनै खास विषयको बारे प्रतिपादन गरिएको कुरोलाई विषयवस्तु भनिन्छ ।[1] कवि कँडेलद्वारा रचित यस शोककाव्यको विषयवस्तु आफ्नी माताको देहावसानबाट मर्माहत बन्न पुगेका काव्यकारको अन्तस्करणको रोदन प्रस्फुटित भएको छ । मातृवियोगबाट आक्रान्त बन्न पुगेका कविको हृदयको उच्छ्वास नै काव्यको विषयवस्तु बनेको छ । शोककाव्यकी नायिकाको माइतीघरको वर्णनबाट प्रारम्भ गरिएको यस काव्यमा प्रकृतिको वर्णन गर्दै बालबालिकाको सरल र सहज जीवन नै विधिको विधानलाई थाम्ने आधारस्तम्भ वा कडी हो भन्ने कवितात्मक अनुभूति व्यक्त गरिएको छ ।

प्रथम सर्गमा कवि कँडेलको माता नन्दकुमारीको माइतीघरको वर्णन, बाल्यकालको चित्रण, नन्दकुमारीको माताको मृत्युबाट नन्दकुमारीमाथि दायित्व तथा कार्य बोझ र नन्दकुमारीको विवाहको चित्रण गरिएको छ । त्यस्तै दोस्रो सर्गमा शोककाव्यकी नायिकाको भगवतका सुपुत्र पुष्पराजसँग विवाह भएको छ । लेखककी आमा पुष्पराजकी दोस्री पत्नीकी रूपमा उपस्थित भएकी छिन् । कलिलो उमेरमा पराइघर प्रवेश गरेकी नायिका नन्दकुमारीले त्यस क्षेत्रकै आदर्श तथा अनुकरणीय गृहिणीका रूपमा घर परिवारको मन जित्न सफल भएको घटनाक्रमको वर्णन गरिएको छ । आफ्ना पतिलाई विधाध्ययन गर्ने क्रममा बिदाइ गर्नुपरेको अवस्था नन्दकुमारीको जीवनमा आइपरेका छ । काशीबाट वेद, पुराण अध्ययन गरी प्रकाण्ड विद्वान् बनेर फर्किएका पुष्पराज र नन्दकुमारीबाट चार सुपुत्र र दुई सुपुत्रीको जन्म भएको थियो । छोराहरू हुर्किएपछि शिक्षा आर्जनका लागि गृहत्याग गर्दाखेरीको ममतामयी माताको हृदयमा आएको उथलपुथलको आकर्षक वर्णन गरिएको छ । छोराहरू अध्ययनपछि आफ्नै गाउँमा फर्केपछि नन्दकुमारीको परिवारमा हर्षोल्लास छाएको हुन्छ । संयोग र खुसियालीले भरिएको कँडेल परिवारमा एक्कासि आएको अमुक व्यक्तिको निधनबाट उत्पन्न शोकपछि दोस्रो सर्गको अन्त्य भएको पाइन्छ ।

दोस्रो सर्गमा अमुक रहेको मृतक खण्डकाव्यकारका पिता पुष्पराज रहेको रहस्य तेस्रो सर्गको थालनी मै अवगत पाइन्छ । पुष्पराजको असामयिक स्वर्गवासको दुःखद घटनाले सबै

---

१. वसन्तकुमार शर्मा नेपाल, **नेपाली शब्दसागर**, दो.सं.(काठमाडौंः भाभा पुस्तक भण्डार, २०५८), पृ.१२२१ ।.

परिवार शोकाकुल रहेको कवितात्मक अनूभूति व्यक्त गरिएको छ । सर्गको अन्त्यमा निष्ठुरी र अविवेकी कालप्रति गुनासो तथा रोष प्रकट हुदै तेस्रो सर्गको समापन भएको छ ।

चौथो सर्ग नै यस काव्यको प्रमुख केन्द्रबिन्दु रहेको छ । यस सर्गको प्रारम्भमा मातृममताको महिमागान छ भने अरू बाँकी मातृवियोगका शोकमा केन्द्रित रहेका छन् । काव्यकारकी ममतामयी माता नन्दकुमारी यस अनित्य संसारलाई सदाका लागि चटक्क छोडेर परमधाम भएकी थिइन् । आफ्नी ममतामयी जननीको मृत्युमा सहन गर्न नसकी उनका सन्ततिहरू शोकमा डुबेका कुराको वर्णन रहेको छ । आफूसँग सम्पत्ति र सामर्थ्य भएमा धर्तीमा सबै चिज प्राप्त गर्न सकिने तर जन्मदात्री वात्सल्यता कहिल्यै कहीँ प्राप्त नहुने अभिव्यक्ति प्रकट गरिएको छ । मातृवियोगको पीडामा छटपटिएका मातृभक्त सन्ततिहरूका लागि पूर्णिमाको रात पनि औंशी समान बन्ने, वासन्ती शोभा शिशिरजस्तै उराठ निरस बन्ने, शारदी शोभा अर्थहीन बन्ने विभिन्न काव्यकारको अनुभूति प्रकट भएको छ । विभिन्न सांस्कृतिक र धार्मिक पर्वहरू नन्दकुमारीको अनुपस्थितिमा खल्लो बनेको धारणा व्यक्त गर्नुका साथै सन्तान कुपुत भए पनि आमा कुमाता नहुने सत्यसन्देश व्यक्त भएको छ । करिब ६५ वसन्त पार गरेका काव्यकारको अनुभूतिअनुसार मातृमहिमाजस्तो मूल्यवान वस्तु संसारमा अरू केही नभएकाले आफ्नो बाँकी जीवन मातृगाथा बयान मै खर्चिने प्रणका साथ चौथो सर्ग र काव्यको पनि समापन भएको छ ।

यसरी कविले मातृममता अपार छ, अतुलनीय छ भन्ने कुरालाई करुणरसबाट अति मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् ।

## ४.३.१.१.४ भावविधान

भावविधानलाई नै कविता विधाको अनिवार्य तत्त्वको रूपमा लिइएको हुन्छ । यसमा जीवनजगत्को समग्र विषयवस्तु र मानव चेतनाको यावत् अनुभवपुञ्ज कविता नअटाउनेचाहिँ होइन र पुरै प्रकृति वा जीवन र जगत्, मानवीय समाज र संस्कृति, पुराकथा र इतिहास दर्शन र ज्ञान-विज्ञान आदिका साथै मानवमनको समस्त अनुभव व्यापारको कथन कवितामा हुन सक्दछ ।[1]

यस **सम्झनाका छालहरू** शोककाव्यमा आफ्नी ममतामयी माताको निधनबाट कवि टुहुरो बनेका र बिछोडको पीडामा बर्बराएका छन् । यो काव्य नै आमाको श्रद्धासुमनको मूल्यवान सम्पत्ति हो भन्ने कुरा व्यक्त गर्नु नै यसको प्रमुख भावभूमि रहेको छ र 'जननी जन्मभूमिश्चः स्वर्गादपि गरियसी' भन्ने उक्ति उनको काव्यमा चरितार्थ भएको पाइन्छ । सृष्टि सिँगार्ने माताको मृत्युमा प्रकृति नै निरास तथा मर्माहत भएकी छन् । यस काव्यमा सम्पूर्ण भाव माताको निधनबाट आहत बनेका कविले पीडा पोखेर राहतको अनुभूत गरेका छन् । काव्यका महत्त्वपूर्ण पक्षलाई यसरी केलाउन सकिन्छ :-

१. वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ.२० ।

## क बाल्यजीवनप्रतिको गहिरो प्रेम

मानवजीवन प्रकृतिको सुन्दर उपज हो, त्यसमा पनि बालजीवन जीवनको सुखद समय बनेको हुन्छ । कवि राजकृष्ण कँडेलले जननीको बालजीवनलाई सुन्दर ढङ्गले प्रस्तुत गरेका छन् । निश्चल, निश्छल र चिन्तारहित अवोध बालबालिकाको बालसुलभ शैलीमा आफ्ना संगिनीहरूसँग खेलवाडमा व्यस्त नन्दकुमारीको निश्छल स्वभावको वर्णन निकै मनोहर रहेको छः-

यिनै पुग्थे खेल्दै चरिसरि उडी स्वर्गपुरमा
कथा हाली हिंड्थे सगर-परिका यो धरतिमा ।
भई राजारानी मुकुट फुलको पैरि शिरमा
यिनै रच्थे आफ्ना मधुरतम यो राज्य भवमा ॥

१/१७

संसारकै विवेकशील र सर्वश्रेष्ठ मानिएको मानवजातिको उत्पत्तिको मुहान सहृदयी रहेका हुन्छन् । मानव सृजनाको स्रोत दाम्पत्य जीवन र यसको सुरुवात वैवाहिक जीवन भए तापनि खुलेर विवाहको प्रस्ताव अगाडि बढाउन वरवधूहरू सङ्कोच मानेका हुन्छन् । निश्छल बालबालिकामा यस शाश्वत सत्यलाई छोप्ने कुनै दरकार नदेखिएकाले बालबालिकाले गरेको अनुकरणलाई कविले यसरी व्यक्त गरेका छन्ः-

मिली संगीसाथी बरबधु बनी आफु बिचमा
भई कोही जन्ती लमि अनि कुनै साथीहरुमा ।
बजाई वाजा पी पिँपिँ पिँपिँ गरी पातहरुका
गरी खेल्थे सुन्दर् अनुकरण यी धर्तितलका ॥

१/४३

त्यसैले मणिराम शर्माले भनेका छन्- कविले यसमा आफू जन्मेहुर्केको अनि धेरै वर्ष अगाडि छाडेर आएको जन्मस्थलको सजीव चित्र उतारेर बालककालीन सम्भनाहरूलाई चिरस्थायी बनाउने अथक प्रयासमात्र गरेका छैनन्, आफ्नो आयुको अर्द्धशताब्दीपछि स्मृत तरङ्गका अतीत यात्री बनेर बालसंसारका रोमान्टिक व्याख्यातासमेत बन्न पुगेका छन् ।[1]

'हे प्यारा शिशुफेरि बन्न म सके बन्ने थिएँ बालक' भनेर महाकवि देवकोटाले रहरलाग्दो बालजीवनप्रति असीम मोह पोखेजस्तै कवि कँडेलले पनि लोभलाग्दो बालक्रीडाको यसरी बयान गरेका छनः-

गई भञ्ज्याङ् ठाँटी सब दमतरी एक थलमा
गरी वस्थे क्रीडा विविध थरिका आफु विचमा ।
अहो ! कस्तो सूखी जिवन पनि यी बालहरुको
रची बस्छन् सुन्दर सुखमहल आफ्नै जीवनको ॥

१/५४

१. मणिराम शर्मा पूर्ववत्, पृ.४८ ।

उल्लिखित प्रसङ्ग र श्लोकहरूबाट कवि कँडेलमा बालजीवनप्रतिको अपार ममता रहेको पाइन्छ ।

## ख विधवा नारीको पीडा

मानिसको जीवन सुख र दु:खको चक्रमा घुमेको हुन्छ । घाम र छायाँको क्रिया प्रतिक्रिया निरन्तर चलेझैं मानव जीवनमा हाँसो र आँसुको क्षण बारम्बार आएका हुन्छन् । यस्ता दु:खद क्षणहरूमध्ये आफन्तजनको वियोग अत्यन्त पीडादायक बनेको हुन्छ । त्यसमा पनि दाम्पत्य वियोग त झन हृदयविदारक भएको पाइन्छ । बाँचेसँगै बाँचौंला, मरे पनि सँगै मरौंला भन्ने कसम खाएर विवाह-बन्धनमा बाँधिएर युगलमध्ये आफ्ना परमप्रिय पति पुष्पराजको असामयिक निधन हुँदा नन्दकुमारीको जीवन अधमरा बनेको देखिन्छ । पति वियोगको दर्दनाक पीडामा डुबेकी नन्दकुमारीको कारुणिक भावनालाई कविले यसरी व्यक्त गरेका छन्:-

सँगै बाँच्ने मर्ने प्रणगरि बस्यौं बन्धनमहाँ
गई छाडी ऐले किन यसरि पार्‍यौ बिपतमा ?
फकाई सम्झाई सरल अवलाको मन जित्यौ
बिचैमा धोका दी किन यसरि छोडी तिमि गयौ ?

३/२६

चखेवाका जोडीझैं मुटु साटासाट गरेर अनुरागयुक्त दाम्पत्य जीवन बिताइरहेका जोडीहरूको वियोग-व्यथा त अकल्पनीय पीडादायक हुने नै भयो । नारी जातिको सौन्दर्य र आकर्षणको प्रतीक सौभाग्य तथा श्रृङ्गार सामग्री नै पतिसँगै चितामा जल्दा नारीहरू आफ्नो मुहारको कान्ति नै जलेको अनुभूत गर्दछन् भन्ने कटु सत्यलाई कविले यसरी व्यक्त गरेका छन्:-

गयो चूरा पोते सिँदुर सब मेरो अब गयो
गयो जीवन् साथी धरतितलमा एक्लिनु पर्‍यो ।
गयो आधा अङ्गै शरिर अब बाँच्ला कसरि यो ?
भई आधा मात्रै जिवन कसरी चल्छ भन यो ॥

३/२२

त्यसैले मणिराम शर्माले भनेका छन्-'स्वर्ग र सन्तानको रोजाइमा आमा आफूले सजाएको सन्तति बगैँचा मासेर स्वर्ग जान कहाँ सक्छे र ![1] यिनै भावलाई समेटेर कविले काव्यमा यसरी पीडा पोखेका छन्-

रची सुन्दर् सन्तान् विकल टुहुरा पारुँ कसरी ?
बनाई आफैले गरदन थिची मारुँ कसरी ?

---

१. पूर्ववत्, पृ.५० ।

भई सृष्टी धात्री शिशुहरुविना बाँचु कसरी ?
विना सिर्जन् आमा अमरपुरमा हाँसु कसरी ?

३/२९

उल्लिखित पक्षले विधवा नारीको पीडादायक जीवनको सजीव चित्रण उतारेको छ ।

## ग आध्यात्मिक दर्शनप्रति कविको आस्था एवम् विश्वास

वर्तमान युग विज्ञान र प्रविधिको युग बनेको छ । वैज्ञानिक चमत्कारले छपक्कै छोपिएको आजको मानिस इहलौकिक भौतिक सुख सुविधामा मात्र लिहिन बनेको छ । परलोकको चेष्टा भएका मानिस शिला खोज्नु पर्ने वर्तमान समयमा कवि कँडेल पारलौकिक अस्तित्वलाई नहिच्किचाई स्वीकार गरेका छन् । यस जन्ममा सुकर्म गर्ने पुण्यात्माहरूको अवसान लामो समय नथल्किन हुन सक्छ र मृत्युपश्चात् आध्यात्मिक कर्मयोगीहरूका लागि स्वर्गको द्वार खुल्ला रहन्छ भन्ने कुरा कविले यसरी प्रकाश पारेका छन्-

हुँदा धर्मात्मा यी मरण पनि राम्रो हुन गयो
गई आर्यै घाट्मा शरिर यिनको लिन् हुन गयो ।
भई ज्ञानी व्यक्ती जनहित गरे मर्त्यपुरमा
त्यसैले त्यागे है शरिर यिनले पुण्यथलमा

३/३

कविले आध्यात्मिक भावनामा नै शान्ति तथा धर्म प्राप्ति हुन्छ भन्ने भाव राम्ररी व्यक्त गरेका छन् ।

## घ प्राकृतिक सौन्दर्यको वर्णन

मानिस प्रकृतिको सुन्दरतम उपहार भए पनि प्रकृतिका मनोहर दृश्यको वर्णन गर्ने सीप सबैमा रहेको पाइँदैन । यो सीप अधिकांश कविहरूमा विद्यमान रहेको हुन्छ । प्राकृतिक शोभाको वर्णनलाई सजीव रूपमा लिपिबद्ध गर्न सक्ने साहित्यकारहरूको पङ्क्तिमा कवि राजकृष्ण कँडेलले आफूलाई सफलतापूर्वक उभ्याएका छन् । हरियाली, लताकुञ्ज र सुन्दर सुमनहरूले नववधू झैं ढाकिएको कलकण्ठको कुहूकुहूको कर्णप्रिय आवाज गुन्जिएको परागमिश्रित मन्दपवन सुवास छर्दै शैर गरिरहेको दक्षिणी धादिङको सुरम्य वनपाखाको कलात्मक प्राकृतिक सौन्दर्यको चित्रण गर्दै आफूभित्रको प्रकृतिप्रेमलाई कविले काव्यमा यसरी व्यक्त गरेका छन् :-

फुली जाई जूही मगमग जहाँ बास छरछन्
बसन्ती निम्त्याई कुहुकुहु चरी दङ्ग परछन् ।
अहो ! कस्तो चोखो मधुरतम बास्ना हरहर
लिई डुल्छन् हावा रसमय बनाई सबतिर ॥

१/१४

प्रकृतिले आफ्नो नियम र कर्तव्यमा तैनाथ रही संसारमा खुशी र सुखीको बहार ल्याएको छ भन्ने भाव माथिको श्लोकमा व्यक्त गरिएको छ ।

## ङ मातृममताको गान

मानिस विवेकशील प्राणी भनिए तापनि सबै ठाउँमा उचित विवेक पुगेको हुदैन । दश महिनासम्म गर्भमा धारण गरेर प्रसव वेदनारूपी मृत्युसँग लड्दै जुध्दै सन्तान उत्पादन गर्ने आमा मायाममताकी अथाह भण्डार रहेकी हुन्छिन् । 'कुपुत्रो जायेते क्वचिदपि कुमाता न भवति' भन्ने शाश्वत उक्तिको चरितार्थ आफ्नी आमाको जीवनमा पनि कवि कँडेलले पाएका छन् । अगाडिको स्वार्थमा लोभिएर विगतका गुनलाई लत्याउने स्वभाव कतिपय मानिसमा भेटिन्छ । जीवनसंगिनी र छोराछोरीको पक्ष लिई आमालाई उपेक्षा गर्ने निठुर छोराहरू, डोलीमा अन्मिएका पराइघर गएपछि आफ्नी जन्मदात्रीका लागि अलिकति समय र सम्पत्ति दिन नसक्ने छोरीहरू समाजमा छ्यासछ्यास्ती भेटिन्छन् । सन्तानले आफूप्रति जस्तोसुकै कठोरता निष्ठुरता प्रदर्शन गरे पनि सन्ततिको जीवन सुखी र शान्त बनिरहोस् भन्ने आमाको अभीष्ट रहेको हुन्छ । यसै कुरालाई अझ स्पष्ट गराउन भूमिका लेखक कृष्ण गौतमले यसरी पुष्टि गरेका छन्:- बालबालिकाका निम्ति उनी धर्तीभन्दा विराट हुन्छिन्, पूर्णिमाको जूनभन्दा शीतल हुन्छिन् ।[१] दिनमात्र जान्ने लिन नजान्ने आमा निःस्वार्थताकी देवी हुन् भन्ने मातृममताको भाव काव्यमा कवि कँडेलले यसरी व्यक्त गरेका छन् :

दिँदै मात्रै जाने लिनपछि नचाने जननि यी
उता पत्नी-छोरा लिन दिन अहा ! ब्यस्त सब ती ।
यता निस्वार्थी यो प्रणयममता यी जननिको
उता स्वार्थी माया लिनदिन गरी पत्नि-सुतको ॥

४/११८

संसारमा वैज्ञानिकहरूले धेरै वस्तु आविस्कार गरेका छन् र सुख सुविधामा मानिसको जीवन वितेको देखिन्छ तर आमाविनाको बच्चा कहिल्यै खुशी र सुखी रहँन सक्दैन । ऊ सधैं एक्लोपन र स्नेहबाट वञ्चित रहेको हन्छ । यो स्वार्थले भरिएको संसारमा माताबाट मात्र निःस्वार्थ प्रेम प्राप्त भएको हुन्छ ।

यसरी यस काव्यमा कविले माताको जीवनको सम्पूर्ण घटना वृतान्तलाई लिएर तयार पारेका छन् । माताविनाको संसार एक्लो, निरस र अध्यारो हुन्छ भन्ने भाव व्यक्त गरेका छन् । मातृ ऋणलाई हृदयङ्गम गर्दै माताको मृत्युले आहत बनेका कविको आँसुको सागररूपीकाव्य तयार भएको छ ।

---

१. कृष्ण गौतम, *अभिमत,* (भूमिका शीर्षक) **सम्झनाका छालहरू** शोककाव्य,(चितवनः मायादेवी कँडेल, २०५६) ।

## ४.३.१.१.५ भाषाशैली

कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविताकृतिले गर्नु छ, त्यसका निम्ति उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अभिव्यञ्जक र लयात्मक हुनसक्ने गरी वर्ण/शब्द/पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधानसमेत सिर्जित हुने कुरा हो ।[1] खण्डकाव्यमा प्रयोग गरिने भाषा सहज, सरल र सरस हुनु आवश्यक छ । खण्डकाव्यको आफ्नो सीमा र परिवेश सुहाउँदो भाषाशैलीको प्रयोग हुनुपर्छ ।[2] शिखरिणी छन्दका चार सर्गीय संरचनामा ६०२ श्लोकभित्र सीमाबद्ध भएको सम्झनाका छालहरू शोककाव्यको भाषाशैली सरल र सरस रहेको पाइन्छ । यस काव्यगत भाषामा तत्सम शब्दको बाहुल्य देखिए तापनि काव्य बोधगम्य र आस्वाद्य बनेको छ । शोकानुभूतिमा चुर्लुम्म डुबेका कवि भावावेगको समुद्री छालमा बगेका छन् । माताको निधनले असह्य पीडाले छटपटिएका कवि काव्यलाई परिष्कृत बनाउनमा समय दिएका छैनन् । काव्यको अधिकांश श्लोकमा अनुप्रासको संयोजन सबल देखिदैन । कतै कतै कविको भावना प्रवाहले व्याकरणको सीमा अतिक्रमण गरेर उच्चारणगत प्रवाहलाई आत्मसात् गरेको देखिन्छ । काव्यमा शिल्प परिस्कार र छन्दोविधानका दृष्टिले केही सीमाहरू देखिए पनि काव्यको अन्तर्वस्तु र विषयका दृष्टिले कृति पठनीय रहेको छ । समग्रमा हेर्दा छन्दभङ्ग, भाषाशैली र शिल्प परिष्कार कमजोर भए पनि कविको प्रथम प्रकाशित काव्य भएकाले यो कृति रसमय बनेको छ ।

## क भाषामा प्रयुक्त पक्षहरू

यस शीर्षकअन्तर्गत अन्त्यानुप्रास र भाषाका विविध अनुकरणात्मक शव्द छन्द आदिको अध्ययन गरिएको छ :-

**अन्त्यानुप्रासविहीन शब्दको प्रयोग**

श्लोकको अन्त्यमा वर्ण नदोहोरिएको अवस्थामा अन्त्यानुप्रास नहुने भएकोले प्रस्तुत श्लोकमा अन्त्यानुप्रासविहीन यसरी बन्न पुगेको छ :-

सबै सुन्दर् सिर्जन्हरू जति समेटीकन यहाँ
दिएको हो क्यारे प्रकृतिरुपमा यो मधुरिमा

१/२

रुँदै ठूलो स्वरले विकल बबुरो सानु शिशु यो
गरी विन्ती धेरै विछुड नगरे भाइ दिदिको ।
विलौना गर्दामा अति कठिन भो रोक्नगहमा
नझारी को सक्ने ? बरर सब आँसू अनि यहाँ ॥

२/४

---

१. वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता भाग ४**,ते.स., (ललितपुरःसाझा प्रकाशन, २०५५) पृ.१८ ।

२. हिमांशु थापा, **साहित्य परिचय**, दो.स.,(ललितपुरःसाझा प्रकाशन ,२०४२),पृ.५२ ।

नदेखेकै राम्रो बिछुड हुनुभन्दा जगतमा
नभोगेको जाती किनकि पछि यो त्याग्नु छ यहाँ
४/१६९

माथिका श्लोकहरूमा देखिएका रेखाङ्कित वर्णहरूमा अन्त्यानुप्रासको उचित संयोजन रहेको पाइदैन ।

## ख भाषाका बोधगम्य पक्षहरू

यस शीर्षकअन्तर्गत तत्सम शव्दको प्रयोगबारे अध्ययन गरिएको छ :

**अ) तत्सम शब्दको प्रयोग**

संस्कृतबाट नेपालीमा स्वरूप नफेरिई भित्रिएका शब्दलाई तत्सम शब्द भनिन्छ ।[1] कविका काव्यमा धेरैजसो तत्सम शब्दको प्रयोग भएको पाइन्छ । ती मध्ये केही श्लोकहरूमा तत्सम शब्दको प्रयोग कविले यसरी देखाएका छन् :-

मता फर्के धर्ती विचरण गरी स्वर्गपुरमा
नदेखी सिर्जन्का कुसुमहरु यी बाल रुपमा ।
न फूल्दा रै छन् नी सृजन फुल ती बागहरुमा
नबज्दा रैछन् नी नवसृजनका धुन् पनि त्यहाँ ॥
४/१२३

नवर्षे हे पानी ! अब जननि छैनन् धरतिमा
सँधैका लागी नै अमरपुर गै शान्ति-सुखमा ।
रची बस्लिन् आफै अमर-पुरबारी सगरमा
गरी सिर्जन् राम्रा विविध रँगका पुष्परुपमा ॥
४/१३३

उल्लिखित श्लोकहरूमा तत्सम शब्दहरूको प्रयोग भएको पाइन्छ ।

**आ) अनुकरणात्मक शब्दको प्रयोग**

प्राकृतिक वा अन्य वस्तुका रूप, गति, आवाज र क्रियासम्बन्धी अनुकरणको फलस्वरूप उत्पन्न समध्वन्यात्मक किसिमका मानिएका शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ ।[2] अनुकरणतााात्मक शब्दलाई कविले काव्यमा यसरी समाववेश गरेका छन् :-

---

१ हेमाङ्गराज अधिकारी, **नेपाली प्रयोगात्मक शब्दकोश** स्करण : प्रथम, (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि.,२०६१), पृ.४४० ।

२. वासुदेव त्रिपाठी र अन्य (सम्पादक), **नेपाली बृहत् शब्दकोश,** प्रथम संस्करण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४०), पृ.३८ ।

तुँदी खोला बग्दै कलकल गरी हरपल जहाँ
बगाई आमाको दूधसरि त धारा अनि त्यहाँ ।
१/१२

निहारी आमाको मुखकमल मैले पुलुपुलु
नसक्दा क्यै गर्ने निरिहबनि हेर्थे टुलुटुलु ॥
४/२५

माथिका प्रयुक्त रेखाङ्कित पदहरूमा अनुकरणात्मक शब्दको प्रयोग भएको पाइन्छ ।

**इ) छन्दगत त्रुटि**

शिखरिणी छन्दमा संरचित सम्झनाका छालहरू शोककाव्यमा प्रयुक्त छन्दगत त्रुटिहरू श्लोकमा यसरी केलाइएको छ -

दिई अर्ती राम्रो जनहरु सबै श्रेष्ठ पथमा
बढून् है भन्थे ती असल बनि आफ्ना जीवनमा ॥
१/४

हुँदा सारै सानी विचिलित भई रोदन गरिन्
दु:खी भै पीडाले त्यस बखतमा मूर्च्छित परिन् ॥
२/१

सँधै जान्थ्यौ राजा तिमि बस प्रिय जान्छु म भनी
गयौ ऐले छाडी किन यसरि जान्छू म नभनी ॥
३/१४

यसरी शोकाकुल बनेका कवि भावको गहिराइमा डुबुल्की मार्दा कहीँ कतै छन्दभङ्ग हुन गएको देखिन्छ । त्यसैले माथिका रेखाङ्कित वर्णमा छन्दभङ्ग हुन गएको पाइन्छ ।

## ४.३.१.१.६ लयविधान

कविता विधाको मुख्य विधागत परिचायकस्वरूप तत्त्व लयविधान नै रहेको हन्छ । यो लयविधान प्रथमतः भाषिक स्वर व्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्यवैषम्य दुवै भएको वितरण प्रक्रियाको कालगत प्राप्ति हो र कविताको कृतिको चरण/पाउ वा पङ्क्ति/हरफको गतिक्रम र यतिविधानबाट थालिन्छ ।[1] कवितामा भावात्मक वा बौद्धिक कथ्य पद्यलयात्मक ढङ्गमा अभिव्यक्त भएको पाइन्छ । साहित्यका अन्य सबै विधाहरू गद्य लयात्मक हुने हुँदा पद्य लयात्मकता कविताको खास पहिचान हो ।[2] एउटै छन्दमा संरचित, विभिन्न रस र आलङ्कारिक प्रयोगले काव्यको सौन्दर्य बढाएको छ । प्रसाद र ओज गुणको बाहुल्यता, शब्द शिल्पता भन्दा भावको गहनाले काव्य

---

१. वासुदेव त्रिपाठी र अन्य (सम्पादक), **नेपाली कविता भाग ४**, पूर्ववत्, पृ.१८ ।

२. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** पाँ.सं, (ललितपुरः सा.प्र., २०५६), पृ.१९ ।

उत्कृष्ट बनेको छ । काव्यमा अन्त्यानुप्रासको सुन्दर संयोजनले काव्यको कवित्व उचाइ बढेको छ । यो काव्य करुणरस तथा शिखरिणी छन्दमा संरचित रहेको छ । यस काव्यमा प्रयोग भएको छन्द यस काव्यमा प्रयोग भएको छन्द यसप्रकार रहेको छः-

## क शिखरिणी छन्द

शिखरिणी छन्दमा प्रत्येक पाउमा १७ अक्षर, चारै पाउमा ६८ अक्षर हुन्छन् । यसमा क्रमशः य म न स भ गण र अन्त्यमा एउटा लघु तथा एउटा गुरु हुन्छ । प्रत्येक पाउको छैटौं र बाऱ्हौ अक्षरमा विश्राम हुन्छ ।[1] यस काव्यको चारवटै सर्ग शिखरिणी छन्दमा संरचित रहेको छ । यसका केही नमूना यसप्रकार रहेका छन् -

भई आमा हेर्नू कति कठिन आफ्ना शिशुहरू
हुने छोडी जाँदा तर कसरि बुझ्छौ तिमि बरु
अहा ! छाती मेरो प्रणय रसले टम्म सब छन्
पिलाऊँ कस्लाई शिशुहरु यहिँ छोडी अब भन् ॥
४/११

दशै मैना राखी जतनसितले कोख विचमा
सही ठूलो पीडा जनम जननी दिन् धरतिमा ।
यिनै आमालाई अनल कसरी लाउँ भन लौ ?
यहाँ बोकूँ मैले कसरि अब यो पाप भन लौ ?
४/५५

सबै बिर्सी आमा-गुण जति तिमी स्वार्थि नबन
नशामा दौडेका रगत जति छन् आफ्नु नभन ।
तिनै हुन् आमाका रसहरु सबै रक्त रुपमा
तिमीले पाएका सबल हुन आफ्ना शरिरमा ॥
४/१८६

अहो ! यस्ती त्यागी जननि तिमि हेंला नगर है
कठै ! पैले भाँडो तर पछि त ठाँडो नगर है ।
भई ठूलो ऐले गुण जननिका बिर्सी नबस
सहेको आमाले तिमि नभुल है कष्ट सकस ॥
४/१९०

---

१. दयाराम श्रेष्ठ र अन्य(सम्पा.), **नेपाली कक्षा ९**, (भक्तपुरः जनक शिक्षा सामग्री केन्द्र लि.,२०५६), पृ.८ ।

यसरी एउटै छन्दको प्रयोग गरी कविले शिखरिणी छन्दप्रति मोह देखाएका छन् । अन्त्यानुप्रासको संयोजनको आधारमा यस कृतिलाई लयविधानको दृष्टिले मध्यम स्तरको खण्डकाव्य हो भन्न सकिन्छ ।

## ४.३.१.१.७ बिम्ब र अलङ्कार

कुनै कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो । जीवन-जगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुन सक्दछ र अर्थालङ्कारहरू बिम्बविधान कै उपक्रम हुन् ।[1] अलङ्कार भनेको गहना हो । काव्यशास्त्रमा भने वाक्यलाई, उक्तिलाई एवम् श्लोकलाई सुशोभित पार्ने, अलङ्कृत पार्ने, आकर्षक तुल्याउने वा चमत्काराधायक शब्द अथवा अर्थ अलङ्कार हुन्छन् ।[2] प्रस्तुतबाट अप्रस्तुतको बोध गराउनु वा प्रयुक्त शब्दका माध्यमबाट अन्यार्थको बोध गराउनु नै बिम्ब, प्रतीक र अलङ्कार विधान हो ।[3] कँडेल छन्दमा पनि कविता लेख्ने स्रष्टा हुनाले उनको **सम्झनाका छालहरू** शोककाव्य छन्द र अलङ्कारले सुशोभित बनेको पाइन्छ । सबैजसो पद्यमा स्वभावोक्ति, लोकोक्ति, उपमा आदि जस्ता अलङ्कारको प्रयोग भएको पाइन्छ । काव्यमा सुरुदेखि नै बिम्बको पनि चमत्कारपूर्ण प्रयोग भएको पाइन्छ । केही बिम्बालङ्कारको स्थिति कविकै शब्दमा यसप्रकार रहेको छः-

**क) अन्त्यानुप्रास अलङ्कार**

कविता काव्यको प्रत्येक पङ्क्तिको अन्त्मा आउने वर्णहरूका बीच समानता हुँदा देखापर्ने अनुप्रास अलङ्कारलाई अन्त्यानुप्रास अलङ्कार भनिन्छ ।[4] त्यसको प्रयोग भएका पद्य यी रहेका छन :-

नमर्ने त्यो नै हो जनम जसको हन्न जगमा
तिनै मर्ने गर्छन् जनम जसले लिन्छ भुमिमा ।
रुनू पैले राम्रो धरतितलमा जन्म लिइँदा
बृथा रून्छन् मान्छे स्वजनहरु मृत्यू तर हुँदा ॥
३/९२

जबर्जस्ती गर्दै कुन समय देखी शुरु गर्‍यो
भई निष्ठुर् पापी मनुजहरू मार्ने प्रण गर्‍यो ।

---

१ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता भाग ४,** पूर्ववत्, पृ.२० ।

२. रामचन्द्र भट्ट, **पौरस्त्य समालोचना सिद्धान्त र संस्कृत साहित्यको झलक,** (काठः सगरमाथा फाइनान्स सहकारी संस्था लि. केन्द्रीय कार्यालय, २०५६),पृ.४५ ।

३. खगेन्दप्रसाद लुइटेल, लीला लुइटेल, कृष्णविलास पौड्याल, **नेपाली कवि र कविता**,(काठःविभुऋभु प्रकाशन, २०५८),पृ.७ ।

४. ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचनाःप्रमुख मान्यता, वाद र प्रणाली,** दो.स.(ललितपुरः सा.प्र.२०५४),पृ.११७ ।

न ता सानो भन्ने न त तरुण बृद्धाहरु कुनै
यहाँ खोजी लाने विनय जति गर्दा पनि उनै ॥

३/९४

माथि रेखाङ्कित शब्दहरूमा अन्त्यानुप्रास अलङ्कार परेको छ ।

**ख उपमा अलङ्कार**

उपमा र उपमेयको सुन्दर सादृश्य भएमा उपमा अलङ्कार हन्छ ।[1] निम्नाङ्कित पद्यमा उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ :-

पछी लाग्ने छाया जुनपथ गरी हिंड्छ दिपक
जसै लाग्ने रश्मी रवि पछि सँधै छैन फरक ।
रवी अस्ताऊँदा जसरि जगमा रश्मि नहुने
तिमी अस्ताऊँदा भन कसरि छाया म रहने ॥

३/२५

यहाँ छायालाई जुनको उज्ज्यालोसँग तुलना गरिएको तथा घामसँग सादृश्य देखाइएको छ ।

**ग उत्प्रेक्षा अलङ्कार**

प्रस्तुत कुरामा अप्रस्तुत कुराको कल्पना गरिएमा उत्प्रेक्षा अलङ्कार हुन्छ ।[2] काव्यमा कविले उपमा अलङ्कारको यसरी प्रयोग गरेका छन् :

यही नै देखिन्छन् विविध रँगका प्राकृत छटा
यही नै हो मानौ धरणितलको सुन्दर घटा ॥

१/१

यस श्लोक १/१मा प्रस्तुत प्रकृतिको विविध रूपलाई अप्रस्तुत पृथ्वीको सुन्दर वस्तुसँग कल्पना गरिएको छ ।

**घ स्वभावोक्ति अलङ्कार**

कुनै पनि मानिस वा पशुपक्षीको ठीक स्वभाविक व्यवहार वा रूपको वर्णन गरेमा स्वभावोक्ति अलङ्कार हुन्छ ।[3] यस काव्यमा कविले स्वभावोक्ति अलङ्कारको प्रयोग यसरी गरेका छन् :-

सबै रूँदा हाँस्ने सृजन-सुखमा डाह गरने
सँधै चित्कार् हा ! हा ! रुदन अनि क्रन्दन सुख लिने ।

३/९६

---

१. हेमाङ्गराज अधिकारी, **पूर्वीय समालोचना सिद्धान्त**,ते.सं.,(काठमाडौं साझा प्रकाशन,२०४३),पृ.६१ ।

२. पूर्ववत्, पृ.६४ ।

३. डिल्लीराम तिमसिना र माधव भण्डारी, **छन्द र अलङ्कार**, सातौं संस्करण, (काठमाडौं:विद्यार्थी पुस्तक भण्डारी,२०५५),पृ.२५ ।

यहाँ जन्मी च्याँ च्याँ गरि तिमि रुँदा मातृ मुखले
मिठो लोली झीकि मधुर स्वरमा हर्ष-सुखले ।

४/१९४

माथिको ३/९७ मा चित्कार गरेको स्वभाविक चित्रण गरिएकको र ४/१९४ श्लोकमा बच्चाको रुवाइको स्वभाविक चित्रण गरिएकोले स्वभावोक्ति अलङ्कार परेको छ ।

**ङ लोकोक्ति अलङ्कार**

लोकको उक्ति वा वाग्धाराको प्रयोग भएकाले लोकोक्ति अलङ्कार हन्छ ।[1] काव्यमा लोकोक्ति अलङकार् यसरी प्रयोग भएको छ :-

बिना शिक्षा मान्छे सिङबिनु पशुतुल्य छ यहाँ
भई बस्छन् भारी जिवनभर ती धर्ति तलमा ।

२/८०

तरी जंघार लौरो मतलबी बनी बिर्सन गए
ठिकै त्यस्तै ऐले जननि प्रति मेरा सुत भए ।

२/१६५

अहो ! यस्ती त्यागी जननि तिमी हेंला नगर है
कठै ! पैले भाँडो तर पछि त ठाँडो नगर है ।

४/१९०

यहाँ उल्लिखित रेखाङ्कित श्लोकमा लोकोक्ति अलङ्कार प्रयोग भएको छ ।

**च बिम्बको प्रयोग**

कुनै वस्तु वा विचारको प्रतिकृति वा प्रतिमूर्तिलाई नै बिम्ब भनिन्छ ।[2] यो काव्यमा प्राकृतिक बिम्बको अत्यन्त राम्रो समायोजन भएको पाइन्छ । प्रकृतिका विभिन्न रूपहरूको समायोजन विभिन्न श्लोकमा यसरी रहेको छ :-

यहीं नै पोखिन्छन् रविकिरणका ज्योति पहिलो
बिहानी ब्यूँझाई धरतितलमा रम्य चकिलो ।
सबै सुन्दर् सिर्जन्हरु जति समेटीकन यहाँ
दिएको हो क्यारे प्रकृतिरुपमा यो मधुरिमा ॥

१/२

---

१.कृष्णविलास पौडेल, **साहित्यशास्त्र र नेपाली समालोचना,** (काठमाडौं : नवीन प्रकाशन, २०५८),पृ.७१ ।
२. हेमाङ्गराज अधिकारी, **नेपाली प्रयोगात्मक शब्दकोश,** पूर्ववत्, पृ.९१६ ।

खसी कालो पर्दा त्यस बखतमा व्याप्त सब थ्यो
जता हेऱ्यो उस्तै प्रलयसरि संत्रास् पनि थियो ।
न थ्यो जीवन् ज्योति नत सृजनका धुन्हरु थिए
यहाँ मात्रै ऐले मरण अनि, क्रन्दन्हरु थिए ॥

४/८९

झुली धान्का बाला पयँलपुर छन् खेतहरुमा
महक् तिम्रो आयो मधुर रसिला धानहरुमा ।
जता हेऱ्यो तिम्रै शरिर रुपको बिम्ब छ भनी
भनी रून्छन् संग तिमि किन गयौ ? हाय सँगिनी ॥

४/१५०

यसरी राजकृष्ण कँडेलले यस **सम्झनाका छालहरू** शोककाव्यमा मातृशक्ति तथा मातृममतालाई कसैले परास्त गर्न सक्दैन र माताको अमूल्य ऋण चुकाउन माताको हरइच्छा आकांक्षा पूरा गर्नुपर्दछ भन्ने विषयवस्तुलाई विभिन्न अलङ्कारले सु-सज्जित बनाएर निकै सुन्दर ढङ्गले प्रस्तुत गरेका छन् । यी अलङ्कारहरूले यस शोककाव्यको विशेष मर्म प्रस्तुत गरेका छन् ।

## ४.३.१.१.८ जीवनदृष्टि

साहित्य जीवनकै अभिव्यक्ति रूप बनेको हुन्छ । अभिव्यक्तिका विभिन्न प्रकार र माध्यमबाट साहित्यका विविध विधाको जन्म भएको हुन्छ । खण्डकाव्यमा पनि जीवनको कुनै एक पक्षको समुद्घाटन गरिएको हुन्छ । खण्डकाव्यका कथा, पात्र र वातावरणको माध्यमबाट रचनाकारले जीवन र जगत्लाई हेरेका हुन्छन् । त्यस हेराइकै धरातलमा खण्डकाव्यको संरचना भएको हुन्छ ।[1] जीवनदृष्टि र उद्देश्य पयार्यवाची शब्द रहेका छन् । कविले यस शोककाव्यमा आमाको निःस्वार्थ मायाले यस संसारमा सन्तानका दुःख पीडा हरण भएको र माताप्रति अगाध स्नेह प्रकट गरेका छन् । अहिलका सन्तानले बाबुआमाप्रति गर्नुपर्ने कर्तव्य बिर्सेर रसरमितामा भुलेको कुरालाई काव्यमार्फत प्रस्तुत गरेका छन् ।

मानिस आफ्नो व्यक्तिगत स्वार्थमा लागेर स्वार्थ पूर्ति भएपछि आमालाई बलेसीको पानी बनाई सहाराबिहीन अवस्थामा पुऱ्याएका छन् । प्रस्तुत काव्यमा माता नन्दकमारीको माइतीघरको वर्णन, बाल्यकाल, बालविवाह, विधवा जीवन, योग्य आमा र मृत्यु भएको घटनालाई क्रमैसँग देखाइएको छ । उक्त कथनलाई यी पद्यहरूले पुष्टि गरेका छन्ः-

### क माइतीघरको वर्णन

हिन्दू संस्कारसँग जोडिएका हाम्रा रीतिरिवाजमा छोरी आफ्नो जन्मघर छोडी पराइघर जानुपर्ने बाध्यता रहेको छ । आफू जति टाढा रहे पनि माइतीघरको माया अटुट रूपले बसेको

१. हिमांशु थापा, **साहित्य परिचय**, पूर्ववत्, पृ.५७ ।

हुन्छ । यस काव्यमा काव्यकारले पनि काव्यकी नायिका नन्दकुमारीको माइतीघरको प्रकृतिको विराट स्वरूपलाई काव्यमा यसरी वर्णन गर्न पुगेका छन् :-

यहाँ सुन्दर साना तर प्रकृतिको रम्यथलमा
छ यो छेवाङ् गाऊँ मनहरि लिने यो भुवनमा ।
यही नै देखिन्छन् विविध रँगका प्राकृत छटा
यही नै हो मानौं धरणितलको सुन्दर घटा ॥

१/१

तुँदी खोला बग्दै कलकल गरी हरपल जहाँ
बगाई आमाको दुधसरि न धारा अनि त्यहाँ ।
गरी सिञ्चन् राम्रो पियुष रसले पोषित सब
यहीं भोग्छन् प्यारा सबजन मिली स्वर्ग-विभव ॥

१/१२

यसरी काव्यकारले आफ्नी माताको माइतीघरको वर्णन गर्दै छोरीले गर्ने माइतीको मोहलाई स्पष्ट गराएका छन् ।

**ख बाल्यकालको चित्रण**

मानिसको जीवनको स्वर्णिमरूपी समय बाल्यकाल निश्चल, निश्छल र तनावरहित जीवन भएको पाइन्छ । यस्तै काव्यमा पनि काव्यकारले बाल्यकालप्रतिको मोहलाई यसरी पोखेका छन् :-

मिली आफ्ना साथी वरपर सबै हर्ष मनले
सगैं खेल्थे नौला विविध थरिका खेल यिनले ।
पुगी साथी संगी पुतलिसरि यी बागविचमा
लगाई मायाले कुसुमहरु नाना सिउरमा ॥

१/१६

उल्लिखित पक्षले बाल्यकालको जीवन नै खेलवाड र प्रफुल्लित जीवन हो भन्ने प्रष्ट भएको छ ।

**ग बालविवाह**

नेपाली संस्कारअनुसार छोरीको विवाह सानै उमेरमा गरे स्वर्ग गइन्छ भन्ने बाबुआमाको धारणा रहेको पाइन्छ । यस्तै यस काव्यमा काव्यकी नायिकाको पनि बालविवाह भएको काव्यकारले यसरी श्लोकमा व्यक्त गरेका छन् :-

पचासी उन्नाइस् शय बधु हुँदा साल यहिमा
यिनी थिन् सानी नै भरखर प्रवेश् वर्ष नवमा ।
हुँदा सारै सानी विचिलत भई रोदन गरिन्
दु:खी भै पीडाले त्यस बखतमा मूर्च्छित परिन् ॥

२/१

नन्दकुमारीले कलिलो उमेरमा वा बालबेलामा पराइघर गएर सबैको मानसम्मान गर्नुपर्ने नेपाली संस्कारको चित्रण कविले काव्यमा गरेका छन् ।

**घ वैधव्य जीवन**

अग्नी साक्षी राखेर सँगै बाँच्ने सँगै मर्ने कसम खाएर विवाह बन्धनमा बाँधिएका युगलको प्रेममा ईश्वरको नजर परेपछि शाश्वत मृत्युलाई वरण गर्नुपरे तापनि विधवा जीवन एक्लो, उदेक र वेसहारा बनेको हुन्छ भन्दै नन्दकुमारीको जीवन यस्तै भएको र पतिको वियोगमा आक्रान्त बनेकी नन्दकुमारीको कारुणिक भावनालाई कविले यसरी पोखेका छन् :-

सबैका स्वामी छन् नजिक सँगमा हाँसि खुसिले
तिमी मात्रै प्यारा किन पर गयौ भन्छ मनले ?
भई आधा आधा तिमि र म यहाँ पूर्ण तब थ्यौं
गयौ आधा तीमी अव कसरि आधा भई जिऔं ?

३/२३

यसरी नन्दकुमारीले पति विना आफ्नो जीवन अपूर्ण, उदासहीन भएको र हाँसो खुसी सबै श्रीमान्सँगै जलेको महसुस गरेकी छन् ।

**ङ राष्ट्रिय भावना**

दक्ष जनशक्ति भौतिक सुख-सुविधाको प्रलोभनमा परी आफ्नो देश छोडी विदेशमा पलायन भएका र देश झन जटिल अवस्थामा गुज्रिएको छ । आजका मानिसमा व्यक्तिगत स्वार्थमा रमाउने प्रवृत्ति प्रशस्त देखिएकाले कविले यसप्रति चिन्ता राख्दै विदेशी भूमिमा रमाएका मानिसलाई फर्कन यसरी आग्रह गरेका छन्:-

छ यो धर्ती सुन्दर अझ बढि छ सुन्दर स्वभुमि यो
पराई गीत् गाई कसरि हुन सक्ला सबल यो ?
हुँदा लाटी-अन्धी तर पनि यहाँ श्रेष्ठ जननी
सबै भन्दा ठूली भवनभरमा आफ्नि जननी ॥

३/३६

उल्लिखित श्लोकमा आफ्नै देश ठूलो र प्यारो हुने कुरा झल्किएको छ ।

यसरी शोककाव्यका काव्यकारले बाल्यकालदेखि वैधव्य जीवनसम्मको घटना वृतान्तलाई काव्यमा समाहित गर्दै माताप्रतिको श्रद्धाभाव व्यक्त गर्नु नै यस काव्यको मुख्य जीवनदृष्टि रहेको पाइन्छ ।

## ४.३.१.१.९ निष्कर्ष

विशेषतः पद्य साहित्यका क्षेत्रमा आफ्नो स्थान उच्च राख्न सफल कँडेलको पुस्तकाकार कृतिमध्ये वि.सं.२०५६ सालमा प्रकाशित **सम्झनाका छालहरू** शोककाव्य प्रथम प्रकाशित कृति

रहेको छ । यस काव्यले मातृममता अमूल्य, अतुलनीय सन्दर्भमा प्रतीकात्मक रूपमा उजागर गरेको छ । आफ्ना सन्तानलाई स्नेहको महलमा राखी दुःख पीडा खपेर पनि सन्तानको खुसी हेर्न चाहने माता देवीको रूपमा प्रकट भई सृष्टिको सृजना गर्ने तथा रक्षा गर्ने कुरालाई विभिन्न शैली, छन्द र अलङ्कारहरूको प्रयोग गरी सुन्दर तथा मार्मिक ढङ्गबाट व्यक्त गरिएको छ ।

यस शोककाव्यमा तत्सम शब्दको बाहुल्यता देखिए पनि सरल र सरस भावहरूबाट संरचित सामान्य पाठकले पनि सहजैसँग बुझ्न सकेको पाइन्छ । अन्त्यानुप्रासको कुशल संयोजन तथा एउटै शिखरिणी छन्दमा संरचित यो काव्य सांगीतिक झङ्कारले ओजपूर्ण रहेको पाइन्छ । अनेकौँ अलङ्कारले सु-सज्जित तथा विविध रसले परिपाक रहेको काव्य वर्तमान समयमा सुन्दर रहन चाहने बाहनामा सुष्टिलाई रोक्ने नारीप्रति पनि तिखो व्यङ्ग्य प्रहार गर्दै काव्यलाई सुन्दरताको पराकाष्टामा पुऱ्याउन सक्ने खुबी कवि राजकृष्ण कँडेलको कविव्यक्तित्वलाई यस शोककाव्यले सबल तुल्याउने काम गरेको पाइन्छ ।

## ४.३.२ खण्डकाव्यको परिचय र द्रौपदीको पश्चात्ताप खण्डकाव्यको सन्दर्भ प्रसङ्ग

कवि राजकृष्ण कँडेलको साहित्यिक व्यक्तित्वमध्ये कवि व्यक्तित्व मौलाएको पाइन्छ । उनको दोस्रो खण्डकाव्य **द्रौपदीको पश्चात्ताप** (खण्डकाव्य) २०५९ सालमा प्रकाशित पौराणिक कथावस्तुमा आधारित रहेको छ ।

काव्य लक्षणहरू पूरा भएको सानो प्रबन्धात्मक काव्यलाई खण्डकाव्य भनिन्छ ।[१] खण्डकाव्य कविता विधाको यस्तो मझौला आयामको उपविधागत भेद ठहर्छ, जसले कुनै कुनै आख्यान अँगालेर वा नअँगाली जीवनजगत्को एक अंश वा भागलाई अन्वितिपूर्वक बद्ध वा मुक्त भाषिक लयका माध्यमबाट व्यक्त गर्दछ ।[२] खण्डकाव्य (लघुकाव्य/सानो काव्य/छोटो काव्य) का मुख्यतः तीन ढाँचा पश्चिममा र पूर्वमा पनि देखा पर्दछन् । यीमध्ये पहिलो ढाँचा धेर वा थोर अथवा सूक्ष्म वा स्थूल आख्यानीकरणमा आधारित भई लयबद्ध भावद्वारा जीवनका एकादेश वा एकांशलाई प्रस्तुत गरी निर्मित हुने गरेको पाइन्छ ।[३]

महाकाव्यमा मानव जीवनको सम्पूर्णता र सर्वाङ्गीणता अभिव्यक्त भएको हुन्छ तर खण्डकाव्यमा जीवन र जगत्को कुनै एक पक्षको चित्रण र विश्लेषण गरिएको हुन्छ । सारांशमा खण्डकाव्यमा मानव जीवनको एक पक्षको चित्रण हुन्छ । एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा यथार्थताको विश्लेषण गरिएको हुन्छ । यसरी खण्डकाव्यमा मानव जीवनको विराट स्वरूपको एउटा खण्डविशेषको प्रस्तुति हुन्छ । यो आफैमा पूर्ण हुन्छ ।[४]

---

१. वसन्तकुमार शर्म्मा नेपाल, **नेपाली शब्दसागर**, पूर्ववत्, पृ. २० ।

२. वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.) नेपाली कविता भाग-१, चौ.सं., (ललितपुर : साझा प्रकाशन,२०५५),पृ. ७ ।

३. वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता भाग-४**, पूर्ववत्, पृ. ५४ ।

४. हिमांशु थापा, **साहित्य परिचय**, पूर्ववत्, पृ. ५२ ।

कवितामा विधागत भेदमध्ये मुक्तक र फुटकर कवितादेखि खण्डकाव्य, महाकाव्यसम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका घटक निम्नलिखित पक्ष वा तत्त्व देखा पर्छन् ।

## ४.३.२.१ द्रौपदीको पश्चात्ताप खण्डकाव्यको विश्लेषण

वि.सं. २०५९ सालमा प्रकाशित **द्रौपदीको पश्चात्ताप** काव्य राजकृष्ण कँडेलको पुस्तकाकार कृतिमध्ये दोस्रो कृति रहेको छ । उनका प्रकाशित कृतिहरूमा **द्रौपदीको पश्चात्ताप** खण्डकाव्यले पनि नेपाली काव्यको क्षेत्रमा नवीनतम काव्यको स्थान पाएको छ । साथै विभिन्न विद्वान्, साहित्यकार तथा कविहरूका भनाइबाट **द्रौपदीको पश्चात्ताप** खण्डकाव्यले छुट्टै स्थान लिएको जानकारी पाइन्छ । कवि कँडेलजीले 'द्रौपदी'को एउटा सानो तर महत्त्वपूर्ण अंश प्रसंग कोट्याएर **'द्रौपदीको पश्चात्ताप'** काव्य सिर्जना गर्नुभएको छ ।[१] यस खण्डकाव्यको विषयवस्तुका महाभारत र द्रौपदी वर्तमान सन्दर्भका मीथकीय विषय र चरित्र हुन् जसलाई आधार बनाएर वर्तमान युग जीवनका संवेदनाहरूको विश्लेषण गरिएको छ । त्यस्तै विश्लेषण गर्ने प्रयास खण्डकाव्यकार राजकृष्ण कँडेलको द्रौपदीको पश्चात्ताप खण्डकाव्यमा हुन गएको छ । द्रौपदी तत्कालीन युगकी रहस्यमय चरित्र त हुन् नै तथापि सम्पूर्ण पाण्डवहरूका समक्ष निर्वस्त्र र निर्लज्जताका साथ चीरहरणको परिदृश्य देखाउन विवश बनेका छन् । जहाँ द्रौपदीको मात्र होइन सम्पूर्ण नारीजातिको जातीय संवेदनाको चीरहरण र मानवीय मनोदशाको बलात्कार गरिएको थियो । सामान्यतः नारीजाति भन्ने वित्तिकै उसभित्रको संवेदना, वात्सल्य, पतिव्रता र सामाजिकताका भावनाहरू छचल्किने गरेको हुन्छ । जुन भावनाले तत्कालीन युगकी नारी द्रौपदीलाई जीवन्त बनाइएको छ । कवि कँडेल अपेक्षाकृत भावुक भएका कारण प्रस्तुत कृति पनि भावप्रधान अनुभूतिको जीवन्त नमूना बन्न गएको देखिन्छ ।[२] प्रस्तुत खण्डकाव्यभित्र संरचनात्मक रूपले बाऱ्हवटा अध्याय वा खण्ड भए पनि यथार्थमा यी उपशीर्षक रहेका छन् । यी सबै मिलाएर ३०० को हारहारीमा श्लोक सङ्ख्या विद्यमान छ । उपशीर्षक वाऱ्ह हुनुलाई महाभारतीय घटनाप्रवाहको दुई खण्डे समयलाई समेत उजागर गर्दछ । कौरवहरूको अन्यायी प्रवृत्तिका विरुद्ध अर्जुनलाई लड्न उत्प्रेरित गर्ने युगपुरुष कृष्ण भए पनि खण्डकाव्यमा द्रौपदीलाई लेखकले काव्यप्रेरणाको स्रोत बनाएका छन् ।[३] जीवनलाई नजिकैबाट हेर्ने दार्शनिक चिन्तन बोकेका कवि कँडेल पूर्वीय दर्शनबाट प्रभावित देखिन्छन् । साहित्यमा महाभारतकी केन्द्रीय पात्र द्रौपदीलाई नारी हृदय भरिदिएर धैर्य र सहनशीलकी प्रतिमूर्ति बन्न सक्ने नारी जीवन्त हुन्छे भन्दै द्रौपदीको पश्चात्तापको आगोमा पिल्सिएर नै काव्य सृजना भएको कुरालाई नवीन रूप दिई काव्यकारले यो काव्यलाई जन्माएका छन् । **द्रौपदीको पश्चात्ताप** खण्डकाव्य शास्त्रीय छन्द शार्दूलविक्रीडित छन्दमा संरचित एक उत्कृष्ट काव्य रहेको छ । शीर्षक, संरचना, विषयवस्तु, भावविधान, भाषाशैली, लयविधान, बिम्ब र अलङ्कार तथा जीवनदृष्टि जस्ता

---

१. तुलसी भट्टराई *"द्रौपदीको पश्चात्ताप"मा कवि कँडेल,* **द्रौपदीको पश्चात्ताप,** राजकृष्ण कँडेल (चितवनः चि.सा.प.,२०५९) पृ.घ ।

२. पूर्णप्रसाद अधिकारी, *कवि राजकृष्ण कँडेल र उनको द्रौपदीको पश्चात्ताप खण्डकाव्य* , **मिर्मिरे**,( थापाथलीः नेपाल राष्ट्रबैंक, बैकर्स क्लव,२०६०), वर्ष ३२,अङ्क ५, पूर्णाङ्क २१६, पृ. ३८ ।

३. ऐजन ।

खण्डकाव्यका आवश्यक तत्त्वअनुसार नै यस काव्यको विश्लेषण गरिन्छ । यी तत्त्वहरूको सैद्धान्तिका परिचय माथि ४.३.१.१ मा नै दिइएको छ, तसर्थ यस काव्यका आवश्यक प्रयोगात्मक कुराको मात्र यहाँ चर्चा गरिन्छ ।

## ४.३.२.२ शीर्षक

काव्यकारले यस काव्यको शीर्षक **द्रौपदीको पश्चात्ताप** राखेका छन् । संस्कृत साहित्यका महान् कवि व्यासद्वारा रचित महाभारत महाकाव्यबाट विषयवस्तु लिई नवीन ढङ्गबाट यो काव्य लेखिएको हुनाले यस काव्यको नाम **द्रौपदीको पश्चात्ताप** रहेको देखिन्छ । कवि कँडेलबाट करिब सातहजार वर्षअघिकी द्रौपदीलाई आजकी नारीमा रूपान्तरित गराएर मनोविश्लेषण गर्ने काम भएको छ ।[1] प्रस्तुत काव्यले महाभारत कै विषयवस्तुबाट उठान गरी फरक ढङ्गको मोड लिएको छ । द्रौपदीको चीरहरण गर्न दूर्योधनले प्रयास गर्नु विपुल रूप ठान्न सकिन्छ । दूर्योधनको यस्तो दु:साहस कार्यबाट द्रौपदीमा बदलाको  सृजित हुनु, द्रौपदीले कौरवसँग लड्न जान आफ्ना पतिलाई प्रेरित गर्नु तथा अर्जुनले मानवतावादी दृष्टि राख्नु तर कृष्ण अर्जुनलाई युद्धमा जानलाई सम्झाउनु र अर्जुन युद्धमा जाने तयारीमा रहनु, अर्जुनले युद्धमा विजयी हाँसिल गर्नु र द्रौपदीको मनोकाङ्क्षा पूरा हुनु तर द्रौपदी रानी बने तापनि खुसी र सुखी नरहनु नै यस काव्यको घटनाक्रम बनेको छ । द्रौपदीले रानी बनेकोमा र अरूलाई रुवाई आफूले खुसी प्राप्त गरेकोमा आत्मग्लानी अथवा पश्चात्ताप गरेको देखाइएको छ । यसरी बनेको विषयवस्तुलाई हेर्दा कथानकको आधारमा यस काव्यको रचना गरिएकोले यस कृतिको शीर्षक **द्रौपदीको पश्चात्ताप** अत्यन्त उपयुक्त र सार्थक देखिन्छ ।

## ४.३.२.३ संरचना

**द्रौपदीको पश्चात्ताप** काव्य शार्दूलविक्रीडित छन्दमा ३११ श्लोकमा संरचित रहेको पाइन्छ । चितवन छापाखानाद्वारा मुद्रित तथा चितवन साहित्य परिषद्द्वारा प्रकाशित उक्त काव्यको आवरण पृष्ठ, भूमिका लेख, प्रकाशकीय र लेखकीय विचारबाहेक ६४ पृष्ठमा संरचित भएको छ । लेखबाट अमूल्य अभिमत लेखिदिने डा. तुलसी भट्टराई, बहुमूल्य सुझाव दिने मित्रद्वय गोविन्दराज विनोदी र लक्ष्मणप्रसाद गौतम, सहयोगकर्ता केदारनाथ खनाल र नारायणप्रसाद खनालप्रति आभार प्रकट गरिएको छ । यस कृतिको प्रकाशन ११९औं लेखनाथ जयन्ती (वि.सं.२०५९) मा भएको पाइन्छ । ७५१ प्रति प्रकाशित भएको यस पुस्तकको मूल्य रू.३० रहेको छ । "द्रौपदीको पश्चात्ताप" मा कवि कँडेल शीर्षकको भूमिका लेखमा डा. तुलसी भट्टराईले व्यासद्वारा रचित महाकाव्यजस्तो महासागरबाट झिकी काव्यलाई नूतन बनाउनु कविको छुट्टै विशेषता रहेको र सामान्य नारीमा हुने संवेदना, मातृत्व, पतित्व र सामाजिकता द्रौपदीको मनमा जगाएर आत्मग्लानीको अवस्थामा पुऱ्याएको कुरालाई व्यक्त गरेका छन् । डा. तुलसी भट्टराईले आजका द्रौपदीको पश्चात्ताप काव्यका

---

१. तुलसी भट्टराई *"द्रौपदीको पश्चात्ताप"मा कवि कँडेल,* **द्रौपदीको पश्चात्ताप,** राजकृष्ण कँडेल (चितवन: चि.सा.प.,२०५९) पृ.घ ।

व्यास श्री राजकृष्ण कँडेलप्रति नवीनतम र भावपूर्ण काव्यकृति पाठकहरूबीच ल्याउने आँट गरेकोमा आभार प्रकट गरेका छन् । चितवन साहित्य परिषद् चितवनका अध्यक्ष केदारनाथ खनालको प्रकाशकीय लेख रहेको यस कृतिमा कवि राजकृष्ण कँडेलबाट पौराणिक मिथकलाई आधुनिक विचारका साथ शास्त्रीय छन्दमा रचेर **'द्रौपदीको पश्चात्ताप'** खण्डकाव्य प्रकाशन गर्ने अवसर प्रदान गर्नुभएकोमा कृतज्ञता प्रकट गरिएको छ । जम्मा ६४ पृष्ठमा संरचित यस काव्यका प्रत्येक चार-चार पङ्क्तिका छुट्टाछुट्टै श्लोक तथा अन्त्यानुप्रासयुक्त गेयात्मक कविताले गर्दा काव्य मिठासपूर्ण बनेको पाइन्छ ।

यस खण्डकाव्यको आन्तरिक संरचनामा द्रौपदीले आफ्ना पतिलाई युद्धमा लड्न प्रेरित गरेको घटनालाई वर्णन गर्दै क्षेत्रीयको धर्म अन्यायलाई न्याय दिलाउनु र कौरवहरूमाथि द्रौपदीको बदलाको भावना सृजना भएको, अर्जुनलाई युद्धमा लड्न त्यति चाहना नरहेको, अर्जुनको मानवतावादी भावना देखापरेको, अर्जुनले सबैतिरबाट प्रशंसा प्राप्त गरेका, कृष्णले अर्जुनलाई अनेक विचारको प्रवाह गरी युद्धमा जाने मानसिकता सृजना गरेका, अर्जुनले युद्धमा कौरव पक्षका समस्त मानिसलाई मार्न सफल भएका, पाण्डवहरूले राज्य प्राप्त गरेका र द्रौपदी रानी बनेकी तर उनलाई आत्मग्लानी भएको, द्रौपदीबाट अब यस धर्तीमा युद्ध गर्ने कोही व्यक्ति नजन्मिऊन, पृथ्वीमा हत्या, हिंसा, ध्वंस र विनास कहिल्यै पनि नहोस् र समयले फेरि अर्को व्यास जन्माओस् भन्ने जस्ता धारणाले यो काव्य आन्तरिक र बाह्य दुबै संरचनाका दृष्टिकोणले आकर्षक रहेको देखिन्छ ।

## ४.३.२.४ विषयवस्तु

कवि राजकृष्ण कँडेलद्वारा रचित **द्रौपदीको पश्चात्ताप** काव्यको स्रोत वेदव्यासद्वारा रचित महाभारतकी प्रमुख पात्र द्रौपदीको मानवीय उदात्त चरित्र तथा कल्याणकारी भावना, नारी हृदय, शान्त, सौम्य वातावरणको चाहनाजस्ता कुराहरू रहेका छन् । यस काव्यमा दुर्योधनद्वारा द्रौपदीको चीरहरण तथा अस्मिता लुटने दुष्प्रयास गरेकोले यो काव्यको घटनाचक्रले नवीन बन्न गएको छ । महाभारत महाकाव्यमा द्रौपदीको आत्मग्लानी रहेको देखिदैन तर काव्यकारले द्रौपदीलाई आफूले गरेको निर्णयबाट पश्चात्ताप भएको नारी हृदयको शाश्वत रूप देखाएका छन् ।

यसरी संस्कृत साहित्यको महाकाव्य महाभारतको विषयवस्तुमा आधारित द्रौपदीको चीरहरण, पाण्डवहरूको राज्यहरण, पाण्डव र कौरवहरूको लडाइँ, पाण्डवहरू विजयी र द्रौपदीको पश्चात्तापबारे वर्णन गरी यिनै विषयवस्तु अँगालेर सुन्दर भावमा यो **द्रौपदीको पश्चात्ताप** खण्डकाव्यको रचना गरिएको छ ।

## ४.३.२.५ भावविधान

**द्रौपदीको पश्चात्ताप** खण्डकाव्य कँडेलको विभिन्न भाव भएको ऐतिहासिक तथा पौराणिक काव्य भएको पाइन्छ । यस काव्यमा मानवीय कर्तव्य, जीवनका संवेदना, आफ्ना गलत निर्णयको पश्चात्ताप, शान्तिको स्थापना जस्ता सन्देश, युगबोध, गुरुकुलीन आदर्श शिक्षा, नारी कोमलताकी

प्रतीक, अनुशासन र मर्यादाको पालना आदि विषयलाई सरल, सुललित र कोमल भाव यस काव्यमा प्रवाहित भएको पाइन्छ । ऐतिहासिक र पौराणिक विषयवस्तुलाई नवीन एवम् हृदयस्पर्शी ढङ्गले वर्णन गर्नु नै यस काव्यको भाव रहेको छ ।

संस्कृत काव्यका महान् हस्ती वेदव्यासद्वारा रचित महाभारत काव्यबाट विषयवस्तु उठान गरिएको यस काव्यमा कविले द्रौपदीलाई प्रारम्भमा एक अत्यन्त कठोर, बदलारूपी भावना भएकी नारीको रूपमा चित्रण गरेका छन् भने काव्यको अन्त्यमा आफूले गरेको गल्तीप्रति प्रायश्चितको भाव झल्किएको देखिन्छ । द्रौपदीको नारी हृदय कठोर बनी आफ्ना पतिलाई लड्नका लागि प्रेरित गरेको भाव श्लोकमा यसरी प्रतिबिम्बित भएको देखिन्छ :-

क्षेत्री हौ तर मौन भै किन बस्यौ लुट्दा त्यहाँ आबरु
बाँधी हात रह्यौ उठेन किन हो हेरी बस्यौ टुल्टुलु ।
मेरो हुर्मत, अस्मिता सब लुटे पापीहरूले त्यहाँ
पत्नी माथि  गरे अनर्थ तिनले हेरी रह्यौ नि त्यहाँ ॥

उपशीर्षक १/११

क्षेत्री हौ तर तैपनि जिउभरी के बग्छ पानी भन
यस्तो काँतर भै सहेर यसरी के बाँच्नु यो जीवन ।
गर्छन् वीर पराक्रमी तर यहाँ आर्जन् स्वयं बाहुले
खोस्छन् हात पसार्न, माग्न कहिले जान्दैन क्षेत्रीयले ॥

उपशीर्षक १/१५

यसरी कौरवपक्ष दुर्योधनले द्रौपदीको चीरहरण गर्न प्रयास गरेको हुँदा बदलाको भावनामा आफ्ना पतिहरूलाई कायर, बाँच्नु अर्थहीन, क्षेत्रीय गुण नभएको भन्दै लड्नको लागि प्रेरित गर्दै छन् । श्रीकृष्णले अर्जुनलाई युद्धमा लड्न प्रेरित गरे तापनि कृष्णले मानवतावादी दृष्टि राखेको चित्रण काव्यमा कविले यसरी गरेका छन् :-

अर्ती कृष्ण दिएर लड्न अहिले यी बन्धुका सङ्गमा
पार्छौ व्यर्थ मलाई घायल तिमी मारूँ म आफ्ना यहाँ ?
मारी आफ्नु कुटुम्ब हुन्छ कसरी कुन् धर्म कैले यहाँ
यौटे मानव धर्म जान्दछु अरू जान्दिन संसारमा ॥

उपशीर्षक २/२

आफ्नो खुसी प्राप्त गर्नका लागि अरूको खुसी लुट्नु मानवीय कर्तव्य होइन भन्ने भाव अर्जुनको विचारमा देखिएको छ ।

यस काव्यकी नायिका द्रौपदीको घमण्डले पाण्डव र कौरवबीच ठूलो युद्ध भयो र कौरवपक्षका मानिसहरू धेरै मारिएका थिए । यस्तो अवस्थामा द्रौपदीले विधवा महिला, टुहुरा

बालबच्चा, सहाराविहीन बाबुआमा देखेपछि उनी रानी बने पनि आफूभित्रको पश्चात्तापले पोलेको काव्यमा यसरी चित्रण गरिएको छः:-

आफू हुन्छु सुखी भनेर कतिका खोसेँ सुखी जीवन
अर्काको दुख वेदना विरहमा खोजेछु हाँसो किन ।
पश्चात्ताप र ग्लानि हुन्छ अहिले गल्ती गरेछु किन
नारी भै म बनेँ कठोर यसरी सारा रुवाईकन ॥

उपशीर्षक ६/२

दासी यी विधवा निधार सिउँदो देखेर खाली यहाँ
ऐले यो दिल रुन्छ घायल भई मैले गरेँ के यहाँ ।
सारा कारण हूँ म मात्र यसको क्वै छैन अर्को यहाँ
यत्रो नाश गरेर आखिर सबै पाएँ त के अन्तमा ?

उपशीर्षक ६/१०

यसरी द्रौपदीले आफूले नै सबै हत्या, हिंसा सिर्जना गरेको हो भन्ने कटुसत्यलाई नै पश्चात्ताप गरेकी छन् । त्यस्तै ईर्ष्या, द्वेष, जाल र झेलले मानिसको महल भासिन्छ तथा मानिस आफ्नो लक्ष्यमा अटल रहन सक्दैन भन्ने आशय काव्यमा काव्यकारले यसरी प्रस्तुत गरेका छन् :-

ईर्ष्या, राग र द्वेषको महल यो भासिन्छ भासिन्छ रे
धोका, जाल र झेलको महल यो नासिन्छ नासिन्छ रे ।
यस्तोमा अहिले म ढुक्क मनले हाँस्नै कहाँ सक्छु र ?
शङ्का, जाल र झेलको महलमा के शान्ति पाइन्छ र

उपशीर्षक ९/७

नारीको कोमलरूपी हृदयले सबैलाई आफ्नै सन्ततिको नजरले हेरेकी हुन्छे भन्ने आशयलाई कविले यसरी अभिव्यक्ति दिएका छन् :-

नारी हुन्न कठोर फूलसरि नै हुन्छे सधैँ कोमल
नारी जान्दिन जाल, झेल बिचरी हुन्छे सदा निर्मल ।
पर्थ्यो सुन्दर फूलझैँ दिनु यहाँ वास्ना सधैँ आफुले
गर्नै हुन्न थियो लडाइँ झगडा नारी भई जातले ॥

उपशीर्षक १०/४

नारी स्वच्छ सफा हृदयकी प्रतीक हो, जसले सुन्दर तथा वास्नादार फूल बनेर संसारमा सुगन्ध फैलाउने काम गरेकी हुन्छे । सन्ततिको हरेक क्रियाकलापमा आमाको खुसी लुकको हुन्छ । आफ्नो सन्तानको निम्ति सबै दुःखकष्ट बिर्सन्छे भन्ने अभिप्राय कविले श्लोकमा यसरी व्यक्त गरेका छन् :-

खेल्दा सुन्दर चक्चके शिशुहरू आनन्दका ती दिन
सक्दनौँ छिन मात्र बिर्सन यहाँ हाम्रा तिनै जीवन ।
राखी बालक काखमा चुलबुले लिन्छौँ मिठो चुम्बन
यस्कै लागि अनेक कष्ट दुख नी सक्छौँ खुसीले लिन ॥

उपशीर्षक २/३३

यसरी बालक नै सुन्दर संसार हो, जसले मातालाई खुसी र उमङ्ग भरिदिने काम गरेको हुन्छ । पाँच पाण्डव लोककल्याणकारी र त्यागी भएर नै युद्धमा सरिक हुन नचाहेका तथा शान्तिको दीप बाल्न अग्रसर हुने पाण्डवहरूप्रति प्रशंसाका गुच्छाहरू कविले यसरी प्रकट गरेका छन् :-

साँच्चै पाण्डव हुन् महान जसले बाटो लिए शान्तिको
छोडे युद्ध अशान्ति मात्र झगडा बाटो सधैँ क्रान्तिको
चाहेनन् लिन राज्य युद्ध थलमा मारेर आफ्नाहरू
रोजी जीवन कष्टको र दुखको सन्तोष माने बरु ॥

उपशीर्षक ४/१५

आफू भित्रको नारी हृदय कठोर र चट्टान बनेकोमा द्रौपदी अत्यन्त चिन्तित छन् र आफूले गरेका नराम्रा कुकर्मलाई यसरी व्यक्त गरेकी छिन् :-

दोषी दृष्टि हुँदा सबै जगत नै देखेछु दोषी किन
छाडी बुद्धि, विवेक अन्ध हठमा रोजेछु हिंसा किन ।
आफ्ना मार्न लगाइ व्यर्थ पहिले यो पाप बोकेँ किन
पश्चात्ताप र ग्लानी हुन्छ मनमा संहार रोजेँ किन ॥

उपशीर्षक ६/८

नारी धैर्यशील, सहनशील र ममताकी खानी हुन्, जसले अरूको दुःख पीडा सहजै हेर्न सक्दैनन् ।

कवि राजकृष्णले अब युद्ध, अशान्ति वैमनश्यता त्याग्नु पर्दछ र इतिहासमा लेखिनु हुदैन, भावी सन्ततिलाई यस्तो दुर्गन्ध वातावरणबाट टाढा राखिनु पर्दछ भन्ने शान्ति पद्धतिलाई सुन्दर ढङ्गले यसरी चित्रण गरेका छन्:-

बाँकी चिन्ह र दाग शेष नरहोस् मेटीदिऔँ यी यहाँ
हिंसा, युद्ध र मारकाट नगरून् यी भूमिका निम्तिमा ।
भावी सन्ततिलाई यो समयको दुर्गन्धदेखी पर
राखौँ फेरि सिको गरेर नलडून् पुर्खाहरू नै सर ॥

उपशीर्षक १२/९

यसरी पाण्डव र कौरवबीचको युद्धमा द्रौपदीको विषयवस्तु बनाइ सुरु गरिएको यस काव्यका विभिन्न श्लोकहरू मार्फत विभिन्न भावहरू अभिव्यक्त गरिएको पाइन्छ । त्यसैले यो

काव्य भावभूमिको दुष्टिकोणले अत्यन्त सुन्दर काव्यको रूपमा पाइन्छ । मूलतः ऐतिहासिक र पौराणिक विषयवस्तुलाई नवीन तथा हृदयस्पर्शी ढङ्गले वर्णन गर्नु नै यस काव्यको भाव रहेको छ ।

### ४.३.२.६ भाषाशैली

राजकृष्ण कँडेलले भाव र शिल्पमा नवीन प्रयोग गर्दै आफ्नो अन्तर्हृदयको भावनाका साथै मानवतावाद र देशप्रेमको भावना कविताको भाषामा पाइन्छ । आदर्शोन्मुख यथार्थवादी कवित्व चेतना भएका कँडेलका काव्यमा कोमल, हार्दिक र मानवीय भावना पाइन्छ । तत्सम शब्दको बाहुल्य भएर पनि सरल र बोधगम्य हुनु उनको काव्यगत विशिष्टता रहेको पाइन्छ । मानवतावादी भावनाको जीवन्त नमूनाका अनेकौं पङ्क्तिहरू छन् तथापि यस खण्डकाव्यको समापनजन्य श्लोक जसभित्र उच्च मानवतावाद मुखरित हुन गएको छ ।[१] यस काव्यमा पनि काव्यको विषयवस्तु अनुकूल भाषाशैलीको प्रयोग भएको पाइन्छ । तत्सम शब्दको अधिक प्रयोग भए तापनि काव्य स्वभाविक र आस्वाद्य बन्न पुगेको छ, केही ठाउँहरूमा तद्भव र अनुकरणात्मक शब्दको पनि प्रयोग भएको पाइन्छ । सर्वसाधरण पाठकहरूले पनि काव्यका पङ्क्ति पढेपछि सहजै यसको अर्थ पनि लगाउन सक्ने हुनाले भावमा क्लिष्टता पाइँदैन । प्रसाद गुणको उपस्थिति र यदाकदा आलङ्कारिक शैलीको पनि प्रयोगले काव्यमा सौन्दर्य थपेको पाइन्छ । कतै कतै वर्णनात्मक पाइए तापनि हार्दिकता चुलिएको छ, भावुकता गहिरिएको छ । छन्द मिलाउने क्रममा कतै कतै व्याकरणीय तथा भाषिक विचलन पाइए तापनि अक्षम्य अशुद्धिहरू त्यति भेटिदैन । आवश्यक चिन्हहरूको प्रयोग उचित रूपमा नै भएको पाइन्छ ।

यसरी शार्दूलविक्रीडित छन्दमा आबद्ध श्लोकहरू र पौराणिक विषयवस्तुका माध्यमबाट पाठकहरूको मन जित्न सफल रहेको यस काव्यको भाषाशैली सक्षम बनेको छ । काव्यमा रहेका पङ्तिका भाषाशैलीका केही नमूनाहरू यसप्रकार रहेका छन् :-

दुःख सुखमा साथ दिने कसम खाएर बाँधिएको जोडी कहीँ कतै नमिलेको देखिन्छ । आत्मिक प्रेमले मानिसको जीवनमा हरियाली छाएको हुन्छ । यस काव्यमा भने दूर्योधनले द्रौपदीको चिर हरण गर्दासम्म पाण्डवहरू मौन रहेको देख्दा उनले यसरी गुनासो गरेकी छन् :-

सक्दैनन् दुःख हर्न जो पुरुषले पत्नी हुँदा दुःखमा
हेर्छन् टुल्टुलु अस्मिता लुटिरँदा ती शत्रुले सामुमा ॥

उपशीर्षक १/७

उल्लिखित श्लोकमा द्रौपदीले जो श्रीमान्ले श्रीमतीको दुःखमा साथ दिदैन, त्यो श्रीमान्मा पुरुषत्व नभएको भन्दै आक्रोश व्यक्त गरेकी छन् ।

प्रकृतिको अनुपम उपहार मानव नै यस धर्तीलाई सिँगार्ने अनमोल तत्त्व हो भन्ने भाव कविले काव्यमा यसरी दर्शाएका छन् :-

---

१. पूर्णप्रसाद अधिकारी, *कवि राजकृष्ण कँडेल र उनको द्रौपदीको पश्चात्ताप खण्डकाव्य* , **मिमिरे**, पूर्ववत्, पृ. ३९ ।

मान्छे सुन्दर सृष्टि हो जगतमा पाइन्छ यस्सै कहाँ
मान्छे हो गहना सिँगार्छ धरती मान्छे सबै हो यहाँ ।
मान्छे नै अनमोल सुन्दर ठूलो हो जीव संसारमा
सोचौं ता धरति बिना मनुजको के गर्नु यो शून्यमा ॥
उपशीर्षक २/१२

माथिको श्लोकमा काव्यकारले आज विश्व जुन ठाउँमा उभिएको छ, त्यसको उपज मानव नै रहेको कुरालाई स्पष्ट पारेका छन् ।

यसरी हेर्दा यसभित्रका सबै श्लोकहरू सरल, सुमधुर र सुवोध्य भाषाका माध्यमबाट मानवीय आदर्शलाई व्यक्त गर्न सफल भएका छन् । महाभारतीय विषयवस्तुमा आधारित केन्द्रीय पात्र द्रौपदीलाई आत्मग्लानी गराएर नवीन तथा कलात्मक शैलीमा व्यक्त गरिएको छ । तत्सम शब्द अत्यधिक प्रयोग भए तापनि भावको गहनता र सरल प्रस्तुतिले काव्य उत्कृष्ट बन्न सफल भएको छ ।

## ४.३.२.७ लयविधान

कविताको महत्त्वपूर्ण तत्वको रूपमा लयविधानलाई मानिन्छ । यसले कवितालाई श्रुतिमोहक बनाउँछ । कवि राजकृष्ण कँडेलले आफ्ना धेरैजसो कविताहरू छन्दमा नै लेखेका छन् । यस काव्यका चार-चार पङ्क्तिका पुञ्जहरूमा अन्त्यानुप्रासको सुन्दर तथा कलात्मक संयोजन भएको पाइन्छ । त्यसैले यो कृति लयात्मक, मिठासपूर्ण र सुन्दर बन्न पुगेको छ । यस काव्यमा प्रयुक्त छन्द र अन्त्यानुप्रासको स्थिति यस प्रकार रहेको छ :-

**क अन्त्यानुप्रास प्रयुक्त श्लोक :-**

सिलोकको बिसाउनीमा वा पाउको अन्त्यमा वर्ण दोहोरिदा अन्त्यानुप्रास हुन्छ । यस काव्यमा कविले अन्त्यानुप्रासको समायोजन यसरी गरेका छन् :-

के बिर्स्यौ अहिले सभाबिच त्यहाँ इज्जत् लुटेको कुरा
मेरो चीर हरेर दुष्टहरुले हुर्मत् लिएको कुरा ।
दुःखेको मन छैन के अझ पनि देखेर यस्तो दशा
तिम्रै सामु गरी दिए अधमले मेरो ठूलो दुर्दशा ॥
१/१०

उल्लिखित श्लोकमा रहेका रेखाङ्कित शब्दहरूमा अन्त्यानुप्रास अलङ्कार रहेको छ ।

**ख शार्दूलविक्रीडित छन्द प्रयुक्त श्लोक :-**

शार्दूलविक्रीडित छन्दमा प्रत्येक पाउमा १९ अक्षर भई चार चरणमा ७६ अक्षर हुन्छन् । यसमा क्रमशः म स ज स त त गण र अन्तमा एक गुरु हुन्छ । यसको प्रत्येक पाउमा सातौं र

बाऱ्हौं अक्षरमा विश्राम हुन्छ ।[१] यस काव्यका सम्पूर्ण श्लोक शार्दूलविक्रीडित छन्दमा लेखिएका छन् । एउटा पद्य यसप्रकार रहेको छ :-

गर्छौ स्वर्ग र धर्मका कति कुरा मान्छे भुलाई तिमी
गर्छौ प्रेरित कर्महीन हुन यी अल्छी बनाई तिमी ।
मान्छे उन्नत कर्मशील हुनु रे कर्मै गरी बस्नु रे
लागी धर्म र स्वर्गको पछि सधैँ संसार बन्दैन रे ॥
उपशीर्षक २/३

## ४.३.२.८ बिम्ब र अलङ्कार

प्रस्तुत वस्तुद्वारा अप्रस्तुतको र अप्रस्तुतद्वारा प्रस्तुतको चित्राङ्कन गरी प्रस्तुतलाई सम्मूर्ति बनाउनु नै सामान्य अर्थमा बिम्ब सिर्जना हो । बिम्बसँग नजिकको नातो लगाउने अर्को शब्द र तत्त्व हो-रूपक । यो पूर्वीय साहित्यमा अलङ्कारको रूपमा अति प्रसिद्ध रहेको छ ।[२] यस काव्यमा अलङ्कारको लागि अलङ्कारको प्रयोग गरिएको नभई सहज र स्वभाविक रूपमा अलङ्कारको प्रयोग हुन आएका छन् । अलङ्कारहरूको लक्षणसहित प्रयोग भएका श्लोकहरू यसप्रकार रहेका छन् :-

**क अन्त्यानुप्रास अलङ्कार**

सिलोकको बिसाउनीमा वा पाउको अन्त्यमा वर्ण दोहोरिदा अन्त्यानुप्रास हुन्छ ।[३] कविले अन्त्यानुप्रास अलङ्कारको समायोजन काव्यमा यसरी गरेका छन् :-

लाई दिन्छ वसन्तले हृदयमा आएर काउकुती
हामीभित्र जगाइदिन्छ उसले फेरी मिठो कुत्कुती ।
लाली यौवनको चढेर मुखमा के हुन्छ के हुन्छ नि
बिर्सन्छौँ त्यतिखेर हौँ नि विधवा हामी अभागी पनि ॥
उपशीर्षक ९/१८

माथि रेखाङ्कित पदहरूमा अन्त्यानुप्रास अलङ्कार प्रयोग भएको छ ।

---

१. दयाराम श्रेष्ठ र अन्य (सम्पा), **नेपाली- कक्षा ९** (भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लि, २०५६), पृ.८ ।

२. लक्ष्मणप्रसाद गौतम,*बिम्बसँग मिथक र रूपकको तुलना,* **विवेक**,(भरतपुर :ने.प्रा. सं., वीरेन्द्र क्याम्पस एकाई समिति, २०५८) पृ. ९०-९३ ।

३. डिल्लीराम तिमसिना र माधव भण्डारी, **छन्द र अलङ्कार**,सातौं संस्करण, (काठमाडौः विद्यार्थी पुस्तक भण्डार, २०५५), पृ. १९ ।

**ख उपमा अलङ्कार**

समान गुण वा धर्मका आधारमा दुई वस्तु (उपमान-उपमेय ) का बीच सादृश्य जनाउँदा उत्पन्न हुने अर्थालङ्कारलाई उपमा अलङ्कार भनिन्छ । यस अलङ्कारका चार घटकहरू रहेका हुन्छन् । ती हुन्-उपमान, उपमेय, सादृश्यवाचक शब्द र धर्म ।[1] उपमा अलङ्कार प्रयोग भएका केही श्लोकहरू यसप्रकार रहेका छन्:-

आफ्नै बैंस यहाँ यिनै युवतिका आगो सरी पोल्दछन्
रोई यी विधवाहरू म सँग के हामी गरौं भन्दछन् ।
उपशीर्षक ९/११

हामी हौं लहरा सबै पुरुष ती थाक्रोसरी हुन् यहाँ
हाम्रो जीवन ढल्छ अल्पवयमा थाँक्रोविना नै यहाँ ॥
उपशीर्षक ९/१२

पोथी ढुक्कुरको सरी प्रणयमा बाँचेर आजीवन
हाँसून् यी युवतीहरू प्रियसँगै पाई मिठो चुम्बन ।
उपशीर्षक २/२७

माथिका प्रयुक्त उपशीर्षक ९ श्लोक ११ मा बैंस 'उपमान', युवती 'उपमेय' आगो र सरी 'सादृश्यवाचक'रहेका, उपशीर्षक ९ श्लोक १२ मा लहरा 'उपमान', पुरुष 'उपमेय' थाक्रो र सरी 'सादृश्यवाचक' र उपशीर्षक २ श्लोक २७ मा पोथी 'उपमान', ढुक्कुर, 'उपमेय', सरी प्रणय 'सादृश्यवाचक' प्रयोग भएकाले उपमा अलङ्कारको उपस्थिति देखिन्छ ।

## ४.३.२.९ जीवनदृष्टि

जीवनदृष्टि भनेको उद्देश्य हो भन्ने बुझिन्छ । द्रौपदीको पश्चात्ताप र उनको नारी हृदयको नवीन चित्रण गरिएको यस काव्यमा मानवीय गुण, आदर्श चरित्र, शान्तिको उद्घोष तथा आत्मीयता भाव व्यक्त गर्नु नै यस काव्यको उद्देश्य रहेको छ । द्रौपदीले अज्ञानतावस गल्ती गरेको स्वीकार्दै अन्त्यमा नारी हृदय नौनीझैं पग्लिएर पश्चात्तापको ज्वालामा पिल्सिएको जीवन्त रूपमा चित्रण गरिएको छ । अर्काको खुसी र सुखी जीवनलाई उदाङ्गो पारेर आफूमा खुसी नआउने कुरालाई काव्यमा व्यक्त गरिएको छ । काव्यकारले काव्यकी नायिकामार्फत भाइचारको सम्बन्ध प्रगाढ हुनुपर्ने, देशमा शान्ति सु-व्यवस्था कायम गर्नुपर्ने र सदाका लागि युद्ध अन्त्य गर्नुपर्ने तथा महाभारका लेखक अर्को व्यास जन्माउनुपर्ने भनी देखाउन खोजेका छन् ।

---

१. ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली**, पूर्ववत्, पृ. ११९ ।

दूर्योधनद्वारा चीरहरणको प्रयास गरिएको, द्रौपदीको कौरवप्रति बदलाको भावना उब्जिएको र आफ्ना पतिहरूलाई लड्न प्रेरित गरेको महाभारतको विषयवस्तु उठान गरी कविले यस काव्यमा द्रौपदीलाई नै नयाँ ढङ्गले अभिव्यक्त गराएका छन् । उक्त कुरा काव्यका यी पद्यहरूले यसरी पुष्टि गरेका छन् :-

क) मागूँ लाज पचाइ कोसित गई माफी म के शब्दले
विन्ती लाख गरे मलाइ तिनले के सुन्दथें गर्वले ।
सोच्दै साचिन शान्त भै किन अहो ! मासैँ कयौँ जीवन
फर्किन्नन् विचरा गरेर पछुतो जस्को गयो जीवन
उपशीर्षक ७/८

ख) मारिन्नन् तब द्रोण छल्कपटले बोलेर झुठो पनि
बाँडिन्नन् तब पाण्डु कौरव बनी सन्तान कैले पनि ।
गान्धारी पनि पुत्र शोक कहिले पर्दैन गर्ने यहाँ
स्यूँदो-सिन्दुर बैंसमा युवतिका धोइन्न कैले यहाँ ॥
उपशीर्षक १२/७

ग) सिङ्गो बैंस छँदै कुनै युवतिका प्रेमी नखोसीदिऊन्
हाँस्ने जीवनमा वियोग दुइको कैल नपारीदिऊन् ।
प्यारासँग बसेर जीवनभर हाँसून् नि आनन्दले
जोडी ढुक्कुरको सरी प्रणयमा नाचून् दुवै हर्षले ॥
उपशीर्षक १२/२०

यी र यस्तै अनेक श्लोकहरूबाट **द्रौपदीको पश्चात्ताप** काव्यको जीवनदृष्टि स्पष्ट हुन गएको छ । कवि राजकृष्ण कँडेलले यस काव्यमार्फत राष्ट्र बनोस् भन्ने चाहना प्रकट गरेका छन् । नारी सृष्टिको मुहान हो, जसमा नरमता, कोमलता, धैर्यता जस्ता गुणहरू विद्यमान रहेका हुन्छन् । कविले द्रौपदीमार्फत सबैलाई मानवीय मूल्य र संवेदनाप्रति सजग तुल्याउँदै असल कर्म गर्नुपर्ने सन्देश काव्यमा दिन खोजेका छन् ।

## ४.३.२.१० निष्कर्ष

**द्रौपदीको पश्चात्ताप** खण्डकाव्य राजकृष्ण कँडेलको वि.सं. २०५६ सालमा चितवन साहित्य परिषद्, चितवनबाट प्रकाशित दोस्रो कृति रहेको छ । शार्दूलविक्रीडित छन्दका १२ उपशीर्षकमा विभाजित पृष्ठ ६४ को मध्यम आकारको कृति बनेको छ । यस काव्यमा द्रौपदीको मानवीय उदात्त चरित्रको चित्रण गरिएको छ । काव्यको स्रोत महाभारतकी केन्द्रीय पात्र द्रौपदीको चरित्र तथा कल्याणकारी भावना, तत्कालीन सामाजिक तथा राष्ट्रिय अशान्ति, नारी हृदयको प्रस्फुटन, सामाजिक संस्कृति र प्राचीन नीति नियमहरू रहेका छन् ।

यस काव्यमा दूर्योधनद्वारा द्रौपदीको चीरहरण गरिएको घटनाबाट कौरव र पाण्डवबीच ठूलो लडाईं भएको घटनालाई महाभारतका लेखक व्यासले काव्यमा जीवन्त तुल्याएका छन् । यसै विषयवस्तुलाई काव्यकारले नवीन रूप दिएर पाठकलाई कौतुहलता सिर्जना गराएका छन् ।

काव्यमा कौरवहरूले हस्तिनापुरको राज्यमा आँखा गाडेका र राज्य आफ्नो हातमा पार्नका लागि विभिन्न प्रपञ्चहरू रची पाण्डवहरूलाई राज्यबाट निष्कासन गर्नसम्म तयार भएको पाइन्छ । दूर्योधनले द्रौपदीको अस्मिता लुट्न पनि तयार भएको घटनाबाट काव्यमा उथलपुथल आएको छ । कविको शान्तिको स्थापना, हिन्दू आर्य गौरवप्रतिको आस्था, नारी हृदयको भाव प्रकट भएको यस कृतिमा आफूले गरेको गल्तीलाई पश्चात्ताप गर्दै सबै व्यक्ति सन्मार्गमा हिड्नुपर्ने र मानवीय अस्तित्वको खोजी गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । पूर्वीय दर्शनबाट प्रभावित कवि कँडेलले महाभारतको पौराणिक विषयवस्तुमा आधारित रहेर मानवीय कर्तव्य, युगबोध र जीवनका संवेदनाहरूलाई समेट्दै प्रस्तुत काव्य लेखेका छन् । काव्यमा काव्यकारको स्वच्छन्दतावादी र क्रान्तिकारी चेतना प्रकट भएको पाइन्छ ।

यस धर्तीलाई सुन्दर तथा शान्त बनाउन सक्ने खुबी नारीमा मात्र हुने र सन्तानको सुखमा आफूलाई भुलाउने यथार्थता काव्यमा उद्घोष भएको पाइन्छ । कविले नारी धर्तीका गहना र कोमल हृदयकी प्रतिमूर्ति भएकाले सृष्टिका संवाहकका रूपमा स्थापित हुन सकून् भनी अभीष्ट भाव व्यक्त गरेका छन् ।

संस्कृतका तत्सम शब्दको अधिक प्रयोग गरिए तापनि सुललित र गेयात्मक भाषाशैली तथा सुकोमल भावहरूले पाठकहरूलाई सजिलैसित आकर्षित गरेका छन् । यस काव्यमा सबैजसो पद्यमा अन्त्यानुप्रास र केही पङ्क्तिहरूमा उपमा, रूपक अलङ्कारहरू प्रयोग गरिएको छ । काव्यमा सहज र स्वभाविक रूपमा अलङ्कारहरू प्रयोग गरिएका छन् । यी विभिन्न अलङ्कारहरू प्रयोग गरिएका छन् । यी विभिन्न अलङ्कारहरूको प्रयोगले काव्य सुशोभित बन्न पुगेको छ । ठाउँ-ठाउँमा प्रकृति तत्त्वहरूलाई पनि स्पर्श गर्न पुगेकोले काव्यमा सौन्दर्य थप हुन पुगेको छ । काव्यमा काव्यको विषयवस्तु अनुककुल भाषाशैलीको पनि प्रयोग भएको पाइन्छ । यस काव्यले राजकृष्ण कँडेलको काव्यिक उत्कषर्ताको प्रदर्शन गरेको पाइन्छ ।

## ४.३.३ निबन्ध परिचय र संवेदनाका स्वरहरू निबन्धसङ्ग्रहको अध्ययन विश्लेषण

## ४.३.३.१ निबन्धको संक्षिप्त परिचय

**क निबन्धः अवधारणा**

साहित्यको विधागत सृजनाको समष्टि इतिहासमा आदिकाल गद्य र पद्य विधाका दुई फाँटमा विभाजित थियो । दुबै फाँट अभिनेय र पाठ्यमा पनि विभाजित हुन्थे । गद्य पाठ्य र अभिनेय फाँटमा विभाजित भए जस्तै पद्यलाई पनि गेय र अभिनेय फाँटमा विभाजित भए जस्तै

पद्यलाई पनि गेय र अभिनय आधारमा विभाजित गरिन्थ्यो । यद्यपि आख्यान र कविताहरू सुनेर मात्र अर्थात् पढेर मात्र ग्रहण गरिन्थे । नाटक र नाटिकाहरू चाहिँ अभिनयका माध्यमले ग्रहण गरिन्थे । अघिल्लो विधा-समूह श्रव्य र पाठ्य हुँदाहुँदै पनि गेय-श्रव्य र पाठ्य-श्रव्यमा विभाजित थियो भने पछिल्लो विधा-समूह विभाजित थियो अभिनेय र दृश्यमा । यस्ता विभाजन रेखाका आधारमा विश्लेषण गरिँदै जाँदा के कुरा पत्ता लाग्छ भने विश्वसाहित्यमा आदिकालदेखि निबन्ध विधाको सृजना हुन नसकेको कुरा पनि पुष्टि हुन आउँछ ।

गद्यको अभिव्यक्ति क्षमता सबल र प्रौढ हुँदै गए पनि सृजित वस्तुको प्रकाशन, प्रसारण, वितरण र संरक्षण एवं सुपठनको वातावरण तयार हुँदै गएपछि मात्र साहित्यमा निबन्ध पनि एउटा छुट्टै विधाको रूपमा सृजना हुन थाल्यो । यसकारण विश्वसाहित्यमा निबन्ध कनिष्ठतम विधा हो । परिणाम स्वरूप नेपाली निबन्ध पनि नेपाली साहित्यका सृजन विधाको कान्छो भाइका रूपमा देखापरेको छ ।

'निबन्ध' संस्कृत व्याकरणको शब्दनिर्माण प्रक्रियामा नि उपसर्ग लागेको बन्ध् धातुमा घञ् प्रत्यय लागेर बनेको व्यत्पन्न शब्द हो । यसको अर्थ हुन्छ-निःशेष हिसाबले बाँध्ने काम गर्नु अर्थात् भाव वा विचारका विकीर्ण कणहरूलाई अभिव्यक्तिका आयतनमा सङग्रहीत गर्नु र निजात्मक अभिव्यक्ति दिनु भन्ने हुन्छ । यसरी निबन्ध शब्द संस्कृत व्याकरणमा तयार भए पनि निबन्ध विधाको लेखन संस्कृत साहित्यको ऐतिहासिक कालखण्ड हुन सकेको छैन् ।

पाश्चात्य साहित्यमा फ्रान्सेली स्रष्टा तथा निबन्धकार मिचेल डि मोन्टेनले सोह्रौं शताब्दीमा पहिलोपल्ट निबन्ध सृजना गर्ने काम गरे । यस सृजनालाई ग्रीसेली शब्दभण्डारको एसाइज शब्दको अर्थ अंग्रेजीमा एस्से र नेपालीमा निबन्ध हुन्छ ।[१] एस्सेको परिभाषित अर्थ अंग्रेजीमा प्रयत्न भन्ने हन्छ र नेपालीमा चाहिं जमर्को भन्ने हुन्छ । यस अवधारणाकै सन्दर्भमा पश्चिममा प्रचलित केही मान्यताहरूको छिटो परिचय प्रस्तुत गर्नु पनि अनुपयुक्त हुँदैन भन्ने देखिन्छ ।

निबन्ध स्रष्टाको विशेष मनोदशामा सृजना हुने संक्षिप्त आयतनको कृति हो । यो अपूर्ण र पूर्णताको सङ्गम बिन्दुमा टिकेको हुन्छ अर्थात् अपूर्णतामा पूर्णताको अन्वेषण गर्न प्रयत्न गरिने रचना हो । सुक्ष्म आयतनमा विराटता प्रतिबिम्बन गर्ने रचना विधा हो । स्रष्टाका यिनै वैशिष्ट्यले पाठकलाई आत्मीय बनाएको हुन्छ ।[२] पाठक लेखकप्रति निसर्त आकर्षित हुन्छ ; आत्मीय बन्छ र निबन्धका माध्यमबाट लेखकका सम्वेदना स्तरसम्म अविराम यात्रा गर्दछ । लेखकसँग सहभागी बन्दै जान्छ, सबै निजी भावनाको अस्तित्व विलयन गरेर लेखकसँगै तदाकाराकारित हुन्छ । यही नै निबन्धको उद्देश्य पनि हो ।

---

१. राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध भाग-३,** संस्करणः तेस्रो, (काठमाडौं: पाठ्यसामग्री पसल घण्टाघर, २०५६), पृ.१ ।

२. ऐजन ।

अब निबन्धको उद्देश्यपरक अर्थ यस्तो तयार हुन्छ -

१.चिन्तन अर्थात् भावनामा छिरोलिएका कणहरू रूपाकृतिमा प्रस्तुत हुनु;
२.आत्मगत पाराले भाषिक कलाकृति बनेर लघु कलेवरमा प्रस्तुत हुन ;
३. गैर अनुसन्धानमूलक र स्वतन्त्र लेखन देखिनु ;
४. वैयक्तिक रागरञ्जित एवं पाठकसँग तादात्म्य राख्न सक्ने देखिनु ;
५ विशेष मनोदशामा लेखिएर सामान्य स्थिति प्रतिपादन हुनु ;
६.पाठकले लेखकका कथनप्रति निसर्त समर्थन गर्नु ;
७.लघु कलेवरभित्र विराट चिन्तनको स्थापना हुनु ।

निजात्मक अभिव्यक्ति दिने गद्यको विधागत पहिचानलाई प्रस्तुत गरिदिनु पर्ने कुराको थालनी पनि सोह्रौं शताब्दीदेखि नै भएको हो तर निबन्धगत अवधारणाको पूर्वाभास भने ईशापूर्वकै समयमा प्लेटो र अरस्तुले दिएका सम्भाषणहरू, होरेस र लोञ्जाइनसका लेखनले दिएका सन्देशहरू निबन्धका प्राग्भूमि भएका छन् । निबन्धको सचेत लेखन भने फ्रान्सका मोन्टेन र व्रिटेनका फ्रान्सिस बेकनको आगमनपछि मात्र आरम्भ भयो । पूर्वमा माधवी र मैत्रयीका प्रवचन, शङ्कराचार्य, याज्ञवल्क्य र दण्डी, वाणभट्ट र आनन्दबर्द्धनसमेतका शास्त्रीय गद्यमा निबन्धको छनक पाइए पनि आधुनिक परिभाषाको निबन्ध भने पूर्वमा बङ्गसाहित्यका बाबु गुलाब राय, हिन्दी साहित्यका भारतेन्दु हरिश्चन्द्र र हजारीप्रसाद द्विवेदी र नेपाली साहित्यका शम्भुप्रसाद ढुङ्गेल र वेदनिधि  शर्माहरूको आगमनपछि मात्र उपयुक्त ढङ्गले निबन्ध सृजना हुन लागेको तथ्य सम्बन्धित सामग्रीहरूको अध्ययनबाट पुष्टि मिल्दछ ।[१]

**ख निबन्धको परिभाषा :**

बेकन- अंग्रेजी साहित्यका पहिलो निबन्धकार तथा निबन्ध सिद्धान्तबारेका चिन्तक फ्रान्सिस बेकन (१५६१-१६२६) मानिन्छन् । बेकनले निबन्धलाई 'छरिएको चिन्तन' हो भनेका छन् । बेकन विषयवस्तुमा केन्द्रित, परात्मक र ठोस एवं विद्वत्तायुक्त निबन्ध सृजना हुनुपर्ने कुरामा प्रतिबद्ध देखिएका छन् ।

डा. जोहन्सन-अंग्रेजी साहित्यका अर्का साहित्यका अर्का निबन्ध स्रष्टा डा. जोहन्सन (१७०९-१७८४) ले शब्दकोशको सम्पादन गर्ने क्रममा निबन्धलाई यसरी अर्थ्याएका छन्- 'निबन्ध भनेको मनमा आएका भावधारालाई श्रृङ्खलाविहीन अवस्थामा हठात् गरिएका अभिव्यक्तिको टुक्रा हो ।' अर्थात् निबन्ध त्यस्तो एउटा उन्मुक्त गद्यात्मक अभिव्यक्ति हो । यो अनौपचारिक, अपरिपक्क र अव्यस्थित रचना हो र यसको रचनागत वैशिष्ट्य क्रमविन्यास अडेको हुन्न ।[२]

डब्ल्यू.इ. विलयम्स्-विलयम्स्ले तयार गरेको **अ बुक अफ एस्सेज** नामक कृतिमा निबन्धको संरचना बारेमा निकै गम्भीरतापूर्वक आफ्नो अभिमत राखेका छन् । उनको अभिमत

१. पूर्ववत्, पृ.२ ।
२. पूर्ववत्, पृ.५ ।

यस्तो छ-निबन्धकारले आफ्नो भनाइ पुष्टि गर्न यदाकदा अन्य प्रसङ्गहरूको पनि सहायता लिनसक्छ । कहिले ऊ उपन्यासकार झैं पात्रहरूको निर्माण गर्न सक्छ । तर उसको मुख्य उद्देश्य कथा भन्नु होइन । निबन्धकारको प्रमुख जिम्मेदारी भनेको सामाजिक दार्शनिक, समीक्षक अथवा व्याख्याकारको जस्तै अर्थात् तिनकै समानार्थी भएर देखापर्दछ । संक्षेपमा-'निबन्ध गद्य रचनाका एक प्रकार हो जुन धेरै सानो हुन्छ र त्यसमा वर्णनमात्र हुदैन ।[1]

यसरी उन्नाईसौं शताब्दीको आधाउधी समय नबित्दै निबन्ध विश्वसाहित्यको उत्कर्ष स्थितिमा आरोहित भइसकेको अवस्थामा देखापर्दछ । यसको प्रभाव भारतीय उपमहाद्वीपसम्म पनि देखा पर्न पुग्दछ । बाङ्गला र हिन्दी साहित्यमा पनि निबन्ध सृजना र चिन्तन प्रबल बन्दै गएको देख्न पाइन्छ । यस सन्दर्भमा हिन्दीमा पनि निबन्धलाई परिभाषित गर्ने काम भएको छ । त्यस्तो चिन्तनमनन गर्ने विद्वान्हरूमा आचार्य रामचन्द्र शुक्ललाई पनि प्रस्थापित गर्न सकिन्छ ।[2] आचार्य रामचन्द्र शुक्लाका अनुसार निबन्धमा वैयक्तिक विशेषताका निमित्त र त्यस विशेषताको प्रदर्शनका निमित्त व्यक्त विचारहरूका प्रवाह ज्ञात वा अज्ञात रूपले होस्, विश्रृङ्खलित भने हुन दिनु हुन्न । भाव प्रवाहको विचित्रता देखाउनका निमित्त अनुभूतिका स्वभाविक वा लोकसमान्यरूपसँग कुनै सम्बन्ध नै राख्नु वा भाषासित प्रश्नहरूको जस्तै व्यायामिक वा हठयोगीहरूले झैं आसन साधन गराइरहनु हुदैन । यसरी नै निबन्धको परिभाषा गर्ने बाङ्गला साहित्यका विद्वान् गुलाब रायको नाम पनि निकै चर्चित देखिएको छ ।

बाबु गुलाब रायका अनुसार 'निबन्ध त्यस प्रकारको रचना हो जसमा सीमित आयतनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन, एउटा विशिष्ट किसिमको वैयक्तिक प्रतिपादन, स्वच्छन्दता, सुष्ठु र सजीवता, त्यस्तै सङ्गति र सुसम्बद्धतापूर्वक भएको प्रस्तुतीकरण निबन्धमा भएको हुन्छ यस किसिमको परिभाषा गुलाब रायबाट प्रतिपादन भएको छ ।

नेपाली साहित्यमा पनि निबन्धको परिभाषा भएको देख्न पाइन्छ । यस सन्दर्भमा निबन्धको परिभाषा र व्याख्या गर्ने समीक्षकहरूमा केही व्यक्तिहरूको नाम पनि उल्लेख गर्नु उपयुक्त हुन्छ ।[3]

लक्ष्मीप्रसाद देवकोटाका अनुसार लक्ष्मी निबन्ध सङ्ग्रहको सम्पादनको क्रममा उनले यसरी आफ्नो अभिमत प्रकट गरेका छन्- 'यो रौंचिरा दर्शन होइन, न हो पाडित्य दर्शनको ठ्यासफू । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण र समीक्षणको जरूरत छैन । यो एक किसिमको धूर्तबद्मास ठिटो हो- जो सडकमा हिंडदा कहिले ढुङ्गा हान्छ, कतै कतै आनन्दले फुलेर हेर्छ तर घोरिदैन । ...त्यो (निबन्ध) टेबिल गफ मात्र हो' शास्त्र होइन । यो एउटा फुर्सदको मनोरञ्जन हो । ... यहाँ एउटा रसिलो, हँसिलो, गफाडी, चुट्किलो कुराकानी छ । जसको नाम प्रबन्ध (निबन्ध) हो ।'

डा.ईश्वर बराल- 'निबन्ध एक किसिमको कुरा गराई हो । यो हो लेखकका मनमा भावनाहरूलाई स्वगत कथनका रूपमा उद्गारित गराउने विधा विशेष । आफ्नो गुनासो अरूलाई सुनाउनु, मनको बह पोख्ने काम गर्नु, हृदयलाई सकेसम्म छर्लङ्ग्याइदिनु, आन्तरिक सन्देशलाई

---

१. पूर्ववत्, पृ.८ ।

२. ऐजन ।

३. ऐजन ।

४. पूर्ववत्, पृ.९ ।

फिंजाइदिनु मानिसका आद्य सिर्जना हुन् । त्यसो हुनाले निबन्धकार जहिले पनि पाठकसित गफ गर्न चाहन्छ । साउती गरेर तिनलाई आफूप्रति सहानुभूतिशील बनाउन खोज्छ । मेरा कुरा कसैले सुनिदिउन् ।' यसले पनि निबन्धका वैशिष्ट्यलाई अभिव्यक्त गरेको छ ।[४]

बालकृष्ण पोखरेल -सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक । हरेक निजात्मक निबन्ध लेखकले आफ्नो हृदयभित्र लुकेर बसेको अदृश्य श्रोतालाई सुनाएको गन्थन हो ।[१]


यी सबै परिभाषाबाट के प्रष्ट हुन्छ भने निबन्ध अनौपचारिक भए पनि आत्मप्रतिपादन, गद्य र कवितात्मक विशेषतामा सम्बद्ध हुन्छ । अन्वितिहीन भनिए पनि आन्तरिक श्रृखलामा सम्बद्ध हुन्छ । विचार र भावको, चिन्तन र सम्वेदनाको समष्टि अभिव्यक्ति निबन्ध हो । आजका नेपाली निबन्धहरू यिनै विशेषताका आधारमा केन्द्रित छन् ।

**ग निबन्धको स्वरूप**

निबन्ध वस्तुका दृष्टिले दुई किसिमका हुन्छन् । आत्मपरक र वस्तुपरक । वस्तुपरक निबन्ध विषय प्रधान हुन्छ र आत्मपरक सम्वेदना प्रधान हुन्छ । वस्तुपरक निबन्ध प्रबन्ध धर्मी निबन्धमा के विशेषता देखिन्छ भने वैज्ञानिक र समाजशास्त्रीय शोध-खोज, ऐतिहासिक तिथिमिति, परम्परागत तर्क वैज्ञानिक सत्य, सिद्धान्त सूत्रहरूको व्याख्या विश्लेषण गर्न सक्ने निबन्ध वस्तुपरक निबन्ध हो । यस प्रकारका रचनालाई प्रबन्ध भन्ने गरिन्छ । निजात्मक अनुभूतिलाई अभिव्यक्ति गर्ने स्वतन्त्र रचना विशेष निबन्ध हो । पहिलो वस्तु प्रतिपादन जोड दिने खालको हुन्छ भने दोस्रो आत्मप्रतिपादनमा ।[२] यसरी स्वरूपका आधारमा दुई फाँटमा विभक्त हुने निबन्धलाई वस्तु, क्षेत्र र प्रस्तुतीकरणका ढाँचाका आधारमा विविध शाखा प्रशाखामा वर्गीकरण गर्न सकिन्छ-

१. गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** तेऱ्हौं सस्करण, (काठमाडौंः रत्नपुस्तक भण्डार, २०६०), पृ.१५ ।

२. राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.१० ।




**निबन्धको पर्यावरण**

निबन्धको निर्माणका लागि, फस्टाउनका लागि र अझ स्थायित्व प्राप्त गर्नका लागि निम्नानुसारको पर्यावरण अपेक्षित ठहर्छ - (क) प्रकाशन र त्यसको सुव्यवस्था (ख) भाषागत प्रौढता र (ग) वैचारिक अभिव्यक्तिको स्वतन्त्रता ।[१]

**प्रकाशनको सुव्यवस्था**

निबन्ध विचारको स्वतन्त्र र तात्कालीन सम्वेदनालाई अभिव्यक्ति गर्ने रचना हो । त्यस्ता सम्वेदनालाई प्रकाशमा ल्याएर सार्वजनीकरण गर्न वा प्रकाशन गर्न सुव्यवस्थित व्यवस्था हुनुपर्छ । प्रेसको स्थापना, मुद्रित सामग्री पाठकसम्म सञ्चार गर्ने व्यवस्था पनि यस विधाका लागि अपेक्षित भएर आउँछ । विश्वमा प्रकाशन र वितरण एवं सञ्चारको व्यवस्था सुदृढ भएपछि मात्र निबन्धले आफूलाई सबल बनाएको छ । त्यसकारण प्रकाशन निबन्धका निम्ति अपेक्षित पर्यावरणभित्र नै पर्दछ ।[२]

---

१. ऐजन

२. ऐजन

**भाषागत प्रौढता**

विचार र भावलाई कलात्मक ढङ्गले प्रतिपादन गर्ने विधा निबन्ध हो । अभिव्यञ्जनाको तीव्रता, कवितात्मक प्रवाह, सुललित अन्विति आदिको काम भाषाको परिपक्वताबाट मात्र हुन सक्छ । शब्द, वाक्य, अनुच्छेद र सिङ्गो रचना हुँदै सिङ्गो ग्रन्थ स्तरसम्म पनि अर्थ र गम्भीरता, भाव प्रविणता र तात्पर्य, श्लेष र ध्वन्यात्मक अर्थसम्म दिने काम भाषाले उच्च अभिव्यक्ति र सौन्दर्य क्षमता आर्जन गर्न सक्नुपर्दछ ।[१]

**अभिव्यक्ति स्वतन्त्रता**

निबन्ध स्वतन्त्र अभिव्यक्तिबाट जन्मिने विधा विशेष हो । यस विधामा लेखकले समाज, राजनीति, धर्म, संस्कृति र सभ्यताका सम्पूर्ण सत्कृति र विसङ्गतिलाई सिधै व्यक्त गर्ने वातावरण तयार नभएसम्म निबन्धले आफ्नो सक्कली स्वरूप देखाउन सक्तैन । यसर्थ निबन्धले समाजमा स्वतन्त्रताको अपेक्षा गर्दछ र स्वतन्त्र अभिव्यक्ति भएका समाजमा मात्र पूर्णता प्राप्त गर्दछ । यी सबै पक्षहरू निबन्धका निम्ति उपयुक्त र आवश्यक पर्यावरण ठहर्दछन् ।[२]

**निबन्धको शिल्प-विवेचना**

प्रस्तुतिगत शिल्पका दृष्टिले निबन्ध आठ प्रकारका हुन्छन् । तिनको आरेखन यस्तो हुन्छ- क) शुद्ध ललित, ख) हास्यव्यङ्ग्य, ग) नियात्रा, घ) चेतनप्रवाह, ङ) पत्रात्मक र च) दैनिकी छ) संस्मरण ज) जीवनी ।

यसरी निबन्धका शिल्प स्वरूपहरूलाई संक्षिप्त रूपमा प्रस्तुत गरेर राखिदिनु उपयुक्त हुन्छ ।

**क) शुद्ध ललित**

निबन्धमा निजात्मक र सौन्दर्ययुक्त प्रस्तुतिको प्रयोग भएर फूल, उद्यान, जीवन आदि नैसर्गिक सत्यको स्थापना गरिएका विषयको उद्घाटन गरिएका निबन्धहरू यस समूहमा पर्दछन् ।

**ख) हास्यव्यङ्ग्य**

हास्य र व्यङ्ग्य शब्दको मेलबाट तयार भएका यस 'हास्यव्यङ्ग्य' शब्दले साहित्यमा हास्यमिश्रित व्यङ्ग्यको प्रस्तुतीकरण गर्छ भन्ने जनाउँछ । हास्यव्यङ्ग्यको रूपलाई पूर्वमा आफ्नै प्रकारको वर्गीकरण गरेका छन् ।

हास्यव्यङ्ग्यका रचनात्मक धर्महरू दुबै क्षितिजमा राम्रै प्रकारका र रचनात्मक स्वभावका छन् । जीवन र जगत्मा आएका सम्पूर्ण विकृति र विसङ्गतिका पक्षहरूका कमजोरी खोतल्ने र समाजका दुर्गन्धयुक्त नाली र खोला-खोल्साहरूलाई खोतल्ने र अनि तिनको प्रशोधन एवं परिष्कार गर्ने अभिव्यक्ति दिने काम हास्यव्यङ्ग्यले गरेको हुन्छ ।[३]

---

१. राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.११ ।

२. ऐजन ।

३. ऐजन ।

**हास्यव्यङ्ग्यका रचनात्मक धर्महरू**

क) व्यापक राष्ट्रिय र अन्तराष्ट्रिय जीवनका, समाज र परिवारका विसङ्गत तÎवलाई हास्यव्यङ्ग्यले उदाङ्गो रूपमा राख्न सक्नुपर्छ ।

ख) भाव र विचार दुबै प्रबल हुने रचनाका बााह्य रूपमा शिष्टता रहने र आन्तरिक रूपमा घोर आक्रमण गर्न सक्ने हुनुपर्छ ।

ग) कुनै पात्र, समाज-सम्बद्ध चरित्र, सामाजिक, धार्मिक, आर्थिक तथा प्रशासनिक विसङ्गतिको उन्मुलन गर्ने स्तुति, प्रशंसा, गौरवगान आदि भए पनि आन्तरिक तहमा तात्पर्य अर्थ रहने खालको रचना हुनुपर्छ ।[1]

घ) प्रयोजनमूलक अर्थका तहसम्म पुग्दा रचनामा श्लेष, व्यञ्जना र ध्वनिसमेतको उपयोग हुनु हास्यव्यङ्ग्यमूलक रचनाको विशेषता हो ।

पूर्वीय मतमा भरतमुनिले हास्यव्यङ्ग्यलाई जम्मा ६ भागमा बाँडेका छन् । यी मध्ये पहिलो र दोस्रो उच्च, तेस्रो र चौथो मध्यम र पाँचौं र छैटौंलाई अधम अर्थात् नीच तहमा राखेर अर्थ्याइएको पाइन्छ ।

क) स्मिथ-हसित, ख) विहसित, ग) उपहसित, घ)अपहसित, ङ) परिसित र च) अतिहसित ।

हाँसोको आधारमा स्मित मुस्कान, आवाजयुक्त मुस्कान, तात्पर्ययुक्त मुस्कान,उपहास, परिहास र अट्टहासका आधारमा हाँसोलाई पूर्वमा ६ भागमा विभाजन गरिएको पाइन्छ ।

पाश्चात्य मतमा भने हास्यव्यङ्ग्यलाई जम्मा ८ वटा प्रभेदमा विभाजित गरेर अध्ययन गर्ने चलन छ । जस्तै क) विकृति ख) परिहास, ग) अतिरञ्जना, घ) विहास ङ) उपहास, च) वक्रोक्ति, छ) वाग्वैग्ध्य, ज) व्यङ्ग्य । हाँसो र तात्पर्ययुक्त कथनका आधारमा हास्यव्यङ्ग्यलाई जम्मा ३ भागमा मात्र बाँडेमा अध्ययनका लागि सहज ठहर्छ । जस्तै परिहास, सुक्ष्मव्यङ्ग्य र तीब्रव्यङ्ग्य । परिहासले सामान्य रमाइलोको स्थिति सिर्जना गर्दछ भने सुक्ष्म व्यङ्ग्यले चाहिँ नरम पाराले विसङ्गतिमाथि प्रहार गर्दछ अनि तीब्र व्यङ्ग्यले चाहिँ विसङ्गतिमाथि ठाडो प्रहार गर्दछ । यसकारण यो प्रस्तुतीकरणको एउटा तरिका हो-हास्यव्यङ्ग्य खास विधा विशेष होइन ।

**क चेतनप्रवाह**

मनोविज्ञानका क्षेत्रमा बढी प्रचलित शब्द चेतन-प्रवाह पनि सृजना क्षेत्रमा एउटा पद्धति बनेको छ । मानव-मनका अनियन्त्रित तरङ्गलाई यथावत रूपमा प्रस्तुतीकरण गर्ने यस शताब्दीको एउटा शिल्प हो-चेतन-प्रवाह पद्धति । यो पद्धति यूरोपेली साहित्यमा प्रचलित एउटा प्रस्तुतीकरणको माध्यम हो । श्रीमती डोरोथी, भर्जिनिया उल्फ र दस्तोभ्स्की जस्ता स्रष्टाले यस विधिलाई अनियन्त्रित मनोदशाको सही प्रस्तुतीकरण मान्दै ल्याएका छन् ।[2]

---

१. राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.१२ ।

२. ऐजन ।

**ख नियात्रा**

यात्रा गरिएका स्थान, वस्तु र कार्यका अनुभूति दृश्य र स्थितिलाई स्रष्टाले संस्मरणका रूपमा स्थापित गर्ने रचना धर्म हो । नियात्रा प्रधान भएर स्थापित भएको छ ।

**ग पत्र**

पत्रात्मक पद्धति पनि निबन्ध लेखनको प्रस्तुति विशेष हो । स्रष्टा आफू कतै पुगेको अवस्थामा अपेक्षित र लक्षित आफ्ना सदस्यलाई आफ्ना अनुभूति र सम्वेग प्रेषण गर्ने उद्देश्यले पत्रका रूपमा तयार गर्दछ र पत्रात्मक प्रस्तुतिमा पाठकसम्म पुऱ्याउँछ । यो शिल्प पत्रात्मक शिल्प हो ।

**घ दैनिकी**

व्यवहारिक जीवनका दैनन्दिनी क्रियाकलापहरू निजात्मक पाराले अङ्कन गरी सार्वजनिक सम्वेदना उतार्ने, दिनदिनको विषयाङ्कन दैनन्दिन रचना हो । यसमा कलात्मक सुदृढता निबन्धबाट नै ग्रहण गरिएको हुन्छ ।

**ङ संस्मरण**

जीवनका गीतहरूको समृति, सक्षार्थ अङ्कन गरिने कामको नाम संस्मरण हो । यसमा निजात्मक सम्वेदना हुन् । बितेका प्रसङ्गलाई वर्तमानमा ल्याएर लेखकले आफ्ना पाठकलाई बाँडिदिन्छ । यसमा निबन्धबाट वैशिष्ट प्रबल रूपमा रहन्छ ।

**च जीवनी**

यो स्वकीय र परजीय दुई किसिमको हुन्छ । जीवनका वैयक्तिक घटनाहरूलाई सार्वजनिक बनाउने किसिमले जीवनानुभूतिलाई स्थापित गरिनुपर्छ । आफूले आफै र आफूले अर्काको लेखिने दुबै किसिमको जीवनी पनि आज निबन्धको अनुशासनमा पर्दछ ।[१]

**छ लिङ्गको आरोप**

अभिव्यक्तिको स्वाभाविक स्वरूपलाई निरूपण गर्दा भाषामा पुरूषरूपको कठोर स्वभाव अभिव्यक्ति दिने गद्य र नारीरूपको कोमल स्वभाव अभिव्यक्ति दिने गद्यलाई लिएर पनि विभाजन गरिएको छ । यस दृष्टिले हेर्दा गद्यमा विचार, वस्तु र तथ्य प्रतिपादनको पक्षमा अलमलिएको गद्य पुरुष सुलभ गुण बहन गर्ने गद्य हो र रागात्मक सम्वेग र निजात्मक अभिव्यक्तिमा रचनात्मक प्रस्तुति दिने गद्य नारी सुलभ कोमलता बहन गर्ने गद्य हो । नेपाली निबन्धमा पनि यस किसिमको शिल्प प्रशस्त प्रयोग भएको छ ।[२]

---

१. राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.१३ ।

२. ऐजन ।

यसरी निबन्धका सैद्धान्तिक अध्ययनलाई यहाँ छोटकरीमा प्रस्तुत गरिएको छ । यस अध्ययनले निबन्धको स्वरूप, तत्त्व र आयतन प्रस्तुतिको ढाँचा आदिलाई थोरैमा परिचय गराउने उद्देश्य राखेको छ ।

## ४.३.३.२ संवेदनाका स्वरहरू निबन्धसङ्ग्रहको विश्लेषण

निबन्धकारको रूपमा राजकृष्णलाई चिनाउने एकमात्र निबन्धसङ्ग्रह **संवेदनाका स्वरहरू** रहेको छ । प्रस्तुत सङ्ग्रहको प्रकाशन वि.सं. २०६२ सालमा चितवन साहित्य परिषद्द्वारा प्रकाशित भएको हो । वि.सं.२०५३ देखि वि.सं २०६२ सालसम्म विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित कँडेलका निबन्धहरूमध्ये बीसवटा उत्कृष्ट निबन्धहरू यस सङ्ग्रहमा संकलित रहेका छन् । यस सङ्ग्रहमा समाविष्ट पहिलो निबन्ध 'मान्छे' हो भने अन्तिम निबन्ध 'म किन जन्मे' रहेको छ । अन्य निबन्धहरूमा टाउको, मुख, आँखा, कान, नाक, हात, खुट्टा, विवेक, विचार, चित्त, प्रण, मन, म, भावना, इच्छा, मानवजीवन, यात्रा र असल कि ठूलो रहेका छन् । यस सङ्ग्रहका अधिकांश निबन्ध संवेगात्मक पक्षको भए तापनि केही भने नयाँ प्रयोगका देखिन्छन् ।

## ४.३.३.३. संरचना

राजकृष्णको निबन्धसङ्ग्रहको संरचनालाई दुई रूपबाट विश्लेषण गर्न सकिन्छ ।

क) आन्तरिक संरचना

ख) बाह्य संरचना

**क आन्तरिक संरचना**

संवेदनाको स्वरहरू निबन्धसङ्ग्रहलाई आन्तरिक रूपमा हेर्दा भित्री आवरणमा कृतिको शीर्षक, कृतिकारको एवम् प्रकाशकको नाम, संस्करण, प्रकाशन मिति, छापिएको प्रति, मूल्य र मुद्रक लगायतका विविध विषय समावेश भएका छन् । पृष्ठ क देखि छ सम्म विभिन्न विद्वान् एवम् साहित्यकारका शुभकामना मन्तव्य राखेका छन् ।[१] पृ.क मा राजेन्द्र सुवेदीले शुभास्ते पन्थान (भूमिका शीर्षक) शीर्षक राखी बीसवटै निबन्धको तार्किक विश्लेषण गरेका छन् ।[२] संवेगजन्य प्रादुर्भाव भएको निबन्धका विषयलाई तहगत रूपमा निर्धारण गरी निबन्धकारको प्रतिभालाई उजिल्याउँने काम गरेका छन् । राजेन्द्र सुवेदीले एउटा निकै सफल र उपयोगी चेतनलाई घच्घचाउने र संवेदनालाई झस्काउने निबन्धसङ्ग्रहको भूमिका लेख्ने अवसर प्रदान गरेकोमा स्रष्टालाई साधुवाद टक्र्याउँदै सृजनयात्रा निरन्तर चलिरहोस भन्ने शुभेच्छा प्रकट गरेका छन् ।[३]

पृ.च.मा चितवन साहित्य परिषद्का अध्यक्ष तथा साहित्यकार केदारनाथ खनालले प्रकाशकीय शीर्षकमा कुशल प्रशासकभित्र पनि तेजस्वी प्रतिभा रहेको छ भन्ने कुरालाई यस

---

१. राजकृष्ण कँडेलः, **संवेदनाका स्वरहरू**, (चितवनः चितवन साहित्य परिषद्, रामनवमी २०६२)पृ.क-छ ।

२. पूर्ववत्, पृ.क ।

३. पूर्ववत्, पृ.ङ ।

निबन्धले प्रष्ट पारेको उल्लेख गरेका छन् । चितवन साहित्य परिषद्ले विभिन्न समयमा कविगोष्ठी, सभा-सम्मेलन, प्रतिभा-सम्मान, अभिनन्दन आदि विविध साहित्यिक कार्यक्रमहरू सम्पन्न गर्नुका स्थानीय र राष्ट्रियस्तरका स्थापित र नवोदित प्रतिभाहरूको कृति प्रकाशन गर्ने क्रममा राजकृष्ण कँडेलको तेस्रो कृति **संवेदनाका स्वरहरू** निबन्धसङ्ग्रह प्रकाशन गर्न पाएकोमा केदारनाथ खनालले खुसी व्यक्त गरेका छन् ।[1] लेखकले आफ्नो तर्फबाट यस कृतिका लागि सहयोग पुऱ्याउने व्यक्तित्वप्रति आभार प्रकट गरेका छन् । साथै बीसवटा निबन्धहरूको विषयसूची पनि दिइएको छ । यसरी यी सम्पूर्ण विषय मिलेर यो निबन्धसङ्ग्रहको आन्तरिक संरचना सबल बनेको छ ।

**ख बाह्य संरचना**

निबन्धसङ्ग्रहको बाह्य आवरण पृष्ठले नै शीर्षकलाई प्रस्ट्याउने काम गरेको छ । दुईवटा वृत्तचित्रभित्र पानको पात, पानको पातभित्र मुटु तथा मानिसको टाउको, आँखा, नाक र मुखलाई संवेदनशील कमलको फूलले जेलको छ भने त्यस संवेदनाको प्रतीकात्मक रूपलाई बाहिर ल्याउने काम सङ्गीतमय आवाज मुरलीले निकालेको चित्रमा स्पष्ट देखिन्छ । त्यस्तै पछिल्लो आवरणको सिरानमा राजेन्द्र सुवेदीको **संवेदनाका स्वरहरू** कृतिभित्र दिएको शुभास्ते पन्थान (भूमिका) शीर्षकको महत्त्वपूर्ण अंशलाई राखेको पाइन्छ । त्यही पृष्ठको लेखकको दाहिनेपट्टि उज्जल तस्वीर रहेको र त्यसपछि उनको नाम, जन्म, हालको ठेगाना, माता-पिताको नाम, उनको शैक्षिक योग्यता, पेसा, प्रकाशित कृतिहरू, सम्मान तथा पुरस्कार र विभिन्न संघ-सस्थामा संलग्नता रहेको छ ।

**संवेदनाका स्वरहरू** निबन्धसङ्ग्रहको जम्मा एकसय बत्तीस पृष्ठभित्र बीसवटा निबन्धहरू संकलित रहेका छन् । यी निबन्धहरू कम्तीमा तीन पृष्ठदेखि बढीमा नौं पृष्ठसम्म फैलिएका छन् । तीन पृष्ठमा संरचित मानव जीवन हो भने नौं पृष्ठमा टाउको समाहित भएको छ । यस्तै पाँच पृष्ठमा नाक र विवेक, छ पृष्ठमा खुट्टा र विचार, सात पृष्ठमा आँखा, कान, हात, चित्त,  प्रण, म, इच्छा, यात्रा, असल कि ठूलो र म किन जन्मे, आठ पृष्ठमा मान्छे, मुख र  भावना संरचित रहेको पाइन्छ । यी निबन्धहरूको शीर्षक, पृष्ठसङ्ख्या, अनुच्छेदसङ्ख्या र पङ्क्तिसङ्ख्या योजनाका आधारमा प्रस्तुत सङ्ग्रहको निबन्धको संरचनालाई यसरी तालिकामा देखाइएको छ :-

**निबन्धहरूको संरचना**

यहाँ निबन्धको क्रमानुसार शीर्षक, पृष्ठ सङ्ख्या र अनुच्छेद सङ्ख्या तथा पङ्क्ति सङ्ख्या तालिकामा उल्लेख गरिएको छ ।

१. पूर्ववत्, पृ.च ।

## तालिका सङ्ख्या ८

| क.सं | निबन्धको शीर्षक | पृष्ठ सङ्ख्या | अनुच्छेद सङ्ख्या | पङ्क्ति सङ्ख्या |
|---|---|---|---|---|
| १ | मान्छे | ८ | १२ | १९५ |
| २ | टाउको | ९ | १६ | २४१ |
| ३ | मुख | ८ | १० | १९१ |
| ४ | आँखा | ७ | १० | १८८ |
| ५ | कान | ७ | ९ | १७५ |
| ६ | नाक | ५ | ६ | १३१ |
| ७ | हात | ७ | १० | १७२ |
| ८ | खुट्टा | ६ | ९ | १६२ |
| ९ | विवेक | ५ | ८ | १२१ |
| १० | विचार | ६ | १७ | १५० |
| ११ | चित्त | ७ | ९ | १७७ |
| १२ | प्रण | ७ | १० | १७८ |
| १३ | मन | ४ | १० | १०८ |
| १४ | म | ७ | ११ | १६८ |
| १५ | भावना | ८ | १२ | १९६ |
| १६ | इच्छा | ७ | ९ | १८९ |
| १७ | मानव जीवन | ३ | ५ | ७६ |
| १८ | यात्रा | ७ | ९ | १९० |
| १९ | असल कि ठूलो | ७ | १२ | १८१ |
| २० | म किन जन्मे | ७ | १० | १७७ |

उपर्युक्त तालिकाअनुसार प्रस्तुत सङ्ग्रहका निबन्धहरूमध्ये बढीमा नौ पृष्ठ, सत्र अनुच्छेद, दुईसय एकचालीस पङ्क्ति र घटीमा तीन पृष्ठ, पाँच अनुच्छेद र छ्यत्तर पङ्क्ति सङ्ख्या भएका निबन्धहरू समावेश भएका छन् ।

### ४.३.३.४. विषयवस्तु

विषयवस्तुलाई निबन्धको अनिवार्य तत्त्वका रूपमा लिइन्छ । जीवनजगत्का जुनसुकै विषयमा पनि निबन्ध बन्ने हुँदा यसको विस्तुत र व्यापक हुनु स्वाभाविक देखिन्छ । मानव-हृदय र मानव मस्तिष्कले टिपेको जुनसुकै सन्दर्भ पनि निबन्धका विषयवस्तु बनाउन सकिन्छ । निबन्धकारले विषयवस्तुलाई बिना रोकतोक स्वतन्त्र ढङ्गले प्रस्तुत गर्दछ । निबन्धको विषय

औपचारिक र अनौपचारिक दुबै हुने भएकाले यसमा विविध घटनावली, विवरण तथा विषय वा सन्दर्भ पनि उल्लेख गर्न सकिन्छ ।

यस निबन्धसङ्ग्रहभित्र मानवीय अङ्गका संवेगात्मक पक्ष, तार्किक बहसप्रधान र हार्दिक संवेदनामा तरङ्गित सबैखाले विषयवस्तु समेट्न राजकृष्ण कँडेल सफल भएका छन् । रोचकदेखि घोचकसम्म, ज्ञानमूलक, राष्ट्रप्रेम, सामाजिकदेखि व्यक्तिगत तथा संस्कृतिप्रतिको मोहलाई विषयवस्तुभित्र समेटी प्रस्तुत गरिएका निबन्धहरू पाठकको मन छुन सफल रहेका छन् । नेपाली साहित्यको निबन्ध लेखनमा नवीन ढङ्गले विषयवस्तु प्रस्तुत गर्न सक्नु निबन्धकारको वैशिष्ट्य मान्न सकिन्छ । निबन्धसङ्ग्रहभित्र समावेश प्रत्येक निबन्धहरूको विषयवस्तुको अध्ययन निम्नानुसार गर्न सकिन्छ ।

**क मान्छे**

राजकृष्ण कँडेलको एकमात्र प्रकाशित निबन्धसङ्ग्रहभित्र ‘संवेदनाका स्वरहरू’ भित्रको पहिलो निबन्ध मान्छे रहेको छ । निबन्धकारले सर्वश्रेष्ठ प्राणी मान्छेको स्वभावगत तथा हरेक पक्षको चित्रण यस निबन्धमा गरेका छन् । मान्छे ज्ञान र बुद्धिले सम्पन्न भए तापनि ऊ भित्र तुच्छ प्रवृत्ति जल्दोबल्दो रहेको निबन्धकारले देखेका छन् । लेखकको विचारमा मान्छे अर्काको प्रगतिमा जल्ने, एकले अर्काको खुट्टा तान्ने प्रवृत्ति बढ्दै गएको ठानेका छन् । आजका मानिस भौतिकरूपी सगरमाथामा पाइला टेके पनि आफूभित्रको मानवीय मूल्य र संवेदनालाई कुल्चिएर विश्व अशान्तिको ज्वालामा परेको छ भन्ने दृष्टिकोण राजकृष्णको रहेको छ । मानिस आफूलाई सर्वेसर्वा ठूलो हुँ भन्ने अहम्वादले खस्कदै गएको तथा मस्तिष्कद्वारा परिचालित प्राणी जसले आफू जन्मिएको धर्ती बिर्सिएर द्वैध चरित्र देखाएको राजकृष्णले प्रस्ट्याएका छन् । आजका मानिसको मानवीय गुण ह्रास हुदै गएकाले कुनै असल कर्म गर्ने अभीष्ट नरहेको निबन्धकारले ठहऱ्याएका छन् । मान्छेले व्यक्तिवादी परिपाटी त्यागेर कर्मवादी सोच राखी इतिहासमा चिरस्थायी बन्नुपर्ने प्रेरणा यस निबन्धले दिएको छ ।

**ख टाउको**

यस निबन्धमा लेखकले मानिसको शरीरको सबैभन्दा उच्च स्थानमा रहेको टाउकोलाई नै विषयवस्तु बनाएका छन् । निबन्धकारले हरेक प्राणीको टाउकोबाट नै उसको स्वरूप र कर्म छुट्टिएको हुन्छ भन्ने विचार राखेका छन् । टाउकाहरू आफै विनाशकारी हतियार निर्माण गर्छन् भने आफै शान्तिको सङ्खघोष पनि गर्छन् भन्ने दृष्टिकोण निबन्धकारको पाइन्छ । मानवसभ्यतादेखि टाउकाको अवस्था सुधिए पनि टाउकाभित्रको कपट, प्रपञ्च र षड्यन्त्रले मानवीय अस्तित्व हराउँदै गएको लेखकले देखेका छन् । अहम्वादी टाउकाले विश्वलाई ध्वस्त बनाउने सोच जन्माएको छ भन्दै लेखकले यस्तो सोचाईप्रति खेद प्रकट गरेका छन् । नेपालको परिवेशमा टाउकालाई हेर्ने हो भने झन जटिल अवस्था सृजित हुदै गएको देखिन्छ तथा छद्मभेषी टाउकाले जनतासँग गरेका बाचा बिर्सिएर साना टाउकाको अवस्था नसुध्रिएको निबन्धमा व्यक्त गरिएको छ । नेपालका सिर्जनशील टाउकाहरूले जीवित अवस्थामा प्रोत्साहन नपाएको र

मृत्युपश्चात् फूलमालाले सम्मान गरेको देख्दा निबन्धकार अचम्मित भएका छन् । असल टाउकाको प्रतिभालाई चिन्न सकेमा देश समुन्नत हुने थियो भन्ने दृष्टिकोण निबन्धकारको रहेको छ । सबैसँग छुट्टाछुट्टै प्रतिभा भएका टाउका, कर्मशील टाउका र उदार टाउकाको पहिचान गरी समाजमा वा राष्ट्रमा छुट्टै छाप छोडेर अघि बढ्नुपर्ने सन्देश यस निबन्धले दिन खाजेको छ ।

**ग मुख**

प्रस्तुत निबन्ध कर्मेन्द्रीयलाई विषयवस्तु बनाई तयार पारिएको छ । दशवटा इन्द्रीय मिलेर बनेको मानवीय अङ्गको प्रमुख अङ्ग मुख शीर्षक राखी निबन्ध लेखेका छन् । मुखको काम खाने, बोल्ने, सास फेर्ने मात्र नभएर अरुलाई खुवाउने, विद्रोह गर्ने र खोसिएको अधिकार प्राप्त गर्ने पनि हो भन्ने निबन्धकारको विचार रहेको छ । मानिसको मुख छिन-छिनमा परिर्वतन हुने र सत्यता नहुने कुरा यस निबन्धमा पाइन्छ । जसको मुखमा सत्यता छैन, ऊ नै सबैभन्दा माथि बढ्ने राजकृष्णले ठानेका छन् । मुखबाट निस्किएको शब्द एटमबम भन्दा पनि शक्तिशाली हुने र सहिदहरूको बोली यस्तै शक्तिशाली भएको हुनाले जनता र देशको लागि आफ्नो ज्यान बलिदान दिने उनै सहिदहरूको मुक्त कण्ठले प्रशंसा गरेका छन् । तीनै सहिदहरूले देखाएको मार्गलाई आजका मानिसले नपछ्याएको देख्दा लेखकले असन्तुष्टि व्यक्त गरेका छन् । निबन्धकारले कतिपय मुख आफ्नो स्वार्थका लागि चोचोमोचो मिलाउने र स्वार्थ पूरा भएपछि सानो मुखलाई नहेर्ने मानिसको प्रवृत्तिलाई घृणा गरेका छन् । लेखकले आफ्नो मुख पनि आफ्नो लागि मात्र आवाज उठाउने गरेको हुँदा आफूलाई मूल्यहीन व्यक्ति ठानेका छन् । कसैको अधिनमा बस्न नरुचाउने र आफ्नै अन्तरआत्माको शासनद्वारा बोल्न सक्ने मुख नै समाज र राष्ट्रमा जीवन्त रहन्छन् भन्ने कुरा यस निबन्धमा पाइन्छ । तसर्थ बुझेर मुखबाट निस्किएका शब्द, कार्य वा भावना नै विशाल र अमर हुन्छ भन्ने सन्देश यस निबन्धले दिन खाजेको छ ।

**घ आँखा**

यस निबन्धमा निबन्धकारले आँखालाई विषयवस्तु बनाएर तार्किक बहस गरेका छन् । हेर्ने दुई आँखामात्र भएर नहुने, ज्ञान, विवेक र कल्पनाको आँखा नै उज्यालो दिने आँखा हो भन्ने दृष्टिकोण राजकृष्णको रहेको छ । राष्ट्रप्रेम र राष्ट्रियताको भावना नभएका आँखाहरू विदेशी वस्तुतर्फ आकर्षित भई भौतिक संसारमा रमाउने गर्छन् भन्ने लेखकको धारणा रहेको छ । निबन्धकारले नेपालीका आँखा विदेशी वस्तुको मोहप्रति लोभिएर आफ्नै देशको प्राकृतिक सुन्दरतालाई बिर्सिएर विदेशी भूमिमा पलायन भए भनी तिखो व्यङ्ग्य हानेका छन् । आँखा पनि समयको परिवर्तनसँगै फरक हुँदै गएको र परोपकारी र निःस्वार्थसेवी आँखा वर्तमानमा आएर विध्वंस, विनाशक र सौन्दर्यमा लिप्त भई अशान्तिको चपेटामा परेको छ भन्दै निबन्धकार चिन्तित बनेका छन् । कतिपय आँखाले नारी अस्मिता लुटेको, आफ्नो जन्मभूमिको मूल्यवान वस्तु नदेखेको, पुर्खाको इतिहासको डोब नपछ्याएको यथार्थतालाई निबन्धकारले निबन्धमा प्रस्ट्याएका छन् । बाहिरी आँखाले देखेका वस्तुलाई भित्री आँखाले केलाउन वा देख्न नसके आँखा हुनुको कुनै अर्थ नरहने लेखकले व्यक्त गरेका छन् । अतः मानिस अमर, अपार हुनुका साथै इतिहासमा स्थापित

बन्न कल्पनाका आँखा वा साहित्यकारका आँखाले विश्व देख्न सक्नुपर्दछ भन्ने सन्देश यस निबन्धले दिएको छ ।

**ङ कान**

प्रस्तुत निबन्धमा लेखकले कानको तार्किक वर्णन गरेका छन् । आँखाले देखेका र मुखले बोलेका कुरा कान भित्र प्रवेश गरेनन् भने मानिसका कर्म गर्ने हात अघि बढ्न सक्दैनन भन्ने दृष्टिकोण निबन्धकारको रहेको छ । आजकलका कान छाडा भएका छन्, जसले गर्दा विश्वमा ठूला-ठूला दुर्घटना, हत्या हिंसा भएको राजकृष्णले व्यक्त गरेका छन् । निबन्धकारले वर्तमान समयमा ठूलाबडाका कानले साना गरिबका कानमाथि अतिक्रमण गरी थिचोमिचो गरेका र मानव अन्तर्हृदयबाट निस्केको आवाज सुन्ने गरेको र शक्तिशाली बोली मात्र कानले सुन्ने गरेको तथा शक्तिशाली बोलीले मानवसंहार र विनाश निम्त्याएकोमा लेखकले यस्ता कानप्रति खेद प्रकट गरेका छन् । विश्व इतिहासलाई हेर्ने हो भने मानवधर्मका बोली गान्धी बोलीले कानभित्र ढिलो प्रवेश गरे तापनि यसले मानव हुदयलाई खुसी तुल्याएको र यो बोली कालजयी बनेको यथार्थतालाई निबन्धमा लेखकले खुलासा गरेका छन् । मानिस वैज्ञानिक युगसम्म आइपुग्नुको पछाडि कानको महत्त्वपूर्ण भूमिका रहेको छ । कानले पुरातनको प्रतिनिधित्व गर्दछ तर आजका मानिसले पुरातनलाई मिच्ने प्रयास गर्दैछन्, जुन पुरातनलाई हत्या गरी नवनिर्माणको जग बन्न नसक्ने राजकृष्णले निबन्धमा प्रस्ट्याएका छन् । धेरैजसो कानहरू अर्काको प्रगति र उन्नति तथा प्रशंसा सुन्न नचाहने रहेका छन् । जुन कानले व्यक्ति, समाज र राष्ट्रबाट समेत माथि विश्वशान्ति, विश्वबन्धुत्व र सहिष्णुताको भावना राख्दछ, त्यो कान नै विश्वमा परिचित हुन्छ, इतिहासमा सुसज्जित हुन्छ र विकासको भऱ्याङ्ग चढ्छ भन्ने महान् विचार राजकृष्णको रहेको छ । त्यसैले मानव हृदयको आवाज सुन्ने कान हुनुपर्दछ भन्ने प्रेरणा यस निबन्धले दिएको छ ।

**च नाक**

राजकृष्णले यस निबन्धमा मानवीय अङ्गका महत्त्वपूर्ण अङ्गमध्ये नाकको विश्लेषण गरेका छन् । नाक इज्जत, निःस्वार्थी र इमान्दारिताको प्रतीक हो र यसले मानिसले गरेका असल वा खराब कर्म पहिचान गराएको लेखकले उल्लेख गरेका छन् । स्रष्टाद्वारा निर्मित मानवजातिको नाकले व्यक्ति र जातिको पनि पहिचान गराउने गरेको निबन्धकारको विचार रहेको छ । हाम्रो देश नेपालको नाक हत्या, हिंसा, लुटपाट, जाल-झेल षड्यन्त्र जस्ता तत्त्वले फालेको र यो तीव्र रूपमा बढ्दै गएको यथार्थतालाई निबन्धमा स्पष्ट पारेका छन् । बुद्धको देश, सगरमाथाको देश र वीरयोद्धाको देश भनेर रहेको नेपालको नाकमाथि आजका कलङ्कित मानिसले दाग लगाउने काम गरेका कटु सत्यलाई लेखकले व्यक्त गरेका छन् । निबन्धकारले प्राणीहरूमध्येकै सर्वश्रेष्ठ प्राणी मानिने मानिसले उपकारी र निस्वार्थी बनेर नाकको इज्जत राख्न सकेमा विश्व नै सफलताको शिखरमा पुग्नेछ भनेका छन् । हामी नेपालीले पुर्खाले राखेको नाकलाई अझ उच्च बनाउन सकेनौं भने नेपालको इतिहास मेटिनेछ । त्यसैले हामीले असल कर्म गरेर नेपालको नाक राख्नुपर्दछ भन्ने सन्देश यस निबन्धले दिएको छ ।

**छ हात**

प्रस्तुत निबन्धमा लेखकले विकासका धुनहरू बजाउन हातको जाँगर चाहिने वर्णन गरेका छन् । मुखले जति बोले पनि कर्म गर्ने यन्त्र भनेको हात नै हो निबन्धकारले भनेका छन् । हातले कर्मको बाझो खेतलाई उर्वर बनाई मलजल गरी परिश्रमका दाना फलाउने चाहना राख्नुपर्दछ भन्ने दृष्टिकोण लेखकको रहेको पाइन्छ । कर्मशील हातले संसार चुम्दछ र एक अर्कामा विश्वासको बन्धन तोडियो भने हातहरूले सफलताको शिखर चुम्न नसक्ने भएकाले आत्म एउटै बनाई हातहरूले साथ दिनसक्नु पर्दछ भन्ने धारणा निबन्धकारको पाइन्छ । जीवनमा आफ्ना सङ्कल्पलाई व्यवहारमा उतार्न हातको अहम् भूमिका रहेको हुन्छ भन्ने भाव यस निबन्धमा पाइन्छ । आजका मानिसहरू विध्वंश र विनाशतिर हातलाई अगाडि बढाउँछन् तर यसरी बढाएका हात कर्महीन र स्वार्थबाट अभिप्रेरित हुन् भन्ने लेखकको दृष्टिकोण रहेको छ । शुद्ध मस्तिष्कद्वारा निर्देशित हातले नै दया, माया, सद्भाव र सतविचार कर्म गर्दछ । मानिसका बम-वारुद बोक्ने विनाशकारी हात होइन, फलाउने फुलाउने हातको आवश्यक्ता परेको छ, आँसु पुछ्ने हात चाहिएको, आर्तहरूका चहराइरहेका घाउमा मलम लगाउने हात भएमा मात्र मानव हृदय एउटै हुने लेखकको धारणा रहेको छ । अब आफू उठ्ने हात होइन, विश्व उठाउने हात चाहिएको र लिने हात होइन दिने हात बनाउन सकेमा युगजयी र कालजयी हुन्छ भन्ने प्रेरणा यस निबन्धबाट पाइन्छ ।

**ज खुट्टा**

प्रस्तुत निबन्ध लेखकले मानिसको शरीर थाम्ने आधार खुट्टाको तार्किक विश्लेषण गरेका छन् । पुर्खाको पद चिन्हलाई पछ्याउदै हिड्न सकेमा जीवनमा महानता र सफलता मिल्नेछ भन्ने विचार निबन्धकारको रहेको पाइन्छ । लेखकले आफूले पनि म भन्ने संकीर्ण घेराभित्र रहेर आफ्ना खुट्टालाई आफ्ना लागि अगाडि बढाएकोमा पश्चात्तापमा जलेका छन् । वर्तमानका मानव पदले असल कर्मतिर पाइला नचाल्दा संसारका कयौं जाति र देश विश्व मानचित्रबाट नै हराएर आफ्नो अस्तित्व गुमाएका छन् भन्ने कुरालाई यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् । नेताका खुट्टा अवसरवादी खुट्टा भएका र हरसमय खुट्टाले फरक-फरक पाइला चाल्दा देश भड्खालामा परेको भन्दै राजकृष्णले चिन्ता व्यक्त गरेका छन् । माथि उक्लने अवसरमा चाप्लुसी गर्न पाइला अगाडि बढाउने र सिढीँ चढेपछि अन्धभक्त बन्ने नेताहरूले जनताको भलो हुने काम नगर्दा नेताहरूप्रति नै लेखकले आक्रोश व्यक्त गरेका छन् । पुर्खाले चालेका खुट्टाका पाइलामा आजका मानिसले नचाल्दा इतिहास नै खालि रहने हो कि भन्ने दृष्टिकोण यस निबन्धमा पाइन्छ । अवसरवादी खुट्टाले देशलाई अन्धकारतिर धकेलिने र युद्ध निम्त्याउने हुनाले असल कर्म गर्ने खुट्टा हुनुपर्ने निबन्धकारको आशय रहेको छ । लेखकले आफ्ना खुट्टा पनि संकीर्ण घेराभित्र मात्र हिडेको, समाज र राष्ट्रका लागि नहिडेकोमा आफूलाई नै घृणा गरेका छन् । हामी नेपालीका खुट्टा खालि आफ्ना लागि मात्र दगुर्ने भएकाले राष्ट्रका लागि उपलब्धिमूलक पाइला नचालेको राजकृष्णले ठानेका छन् । खुट्टाले कामअनुसार मान पाएको हुन्छ र मानवकल्याणकारी खुट्टा तथा अतीतका पाइला पछ्याएर हिड्ने खुट्टा कालजयी रहने भाव यस निबन्धमा पाइन्छ । खुट्टाले गर्दा नै मानिस

विकासको सिढीँ उक्लन सफल भएको लेखकको धारणा रहेको छ । खुट्टाको हिँडाई कर्मशील हुनुपर्छ, स्वार्थरहित र पक्षपातरहित हुनुपर्दछ भन्ने प्रेरणा यस निबन्धबाट पाइन्छ ।

**झ विवेक**

विवेक मानव समाजको परिचायक तत्त्व हो, जो मानव समाजको आर्जन र सिर्जना हो भन्ने राजकृष्णको विचार रहेको छ । मनलाई सधैँ असल मार्गमा डोऱ्याउने तथा नियन्त्रणमा राख्ने काम विवेकको नै रहेको कुरा निबन्धकारले व्यक्त गरेका छन् । बुद्धि र विवेक मस्तिष्कका फरक-फरक कुरा हुन् जसमा बुद्धिले निमार्णमा जोड दिन्छ भने विवेकले त्यसको सदुपयोग गर्दछ भन्ने भाव निबन्धकारले प्रस्ट्याएका छन् । विश्व, धर्म, जात जस्ता वर्गका विषयमा द्वन्द्व चल्दा आजका मानिसमा विवेक हराउँदै गएको भन्दै लेखकले निबन्धमा व्यङ्ग्य हानेका छन् । कयौँ कुमारी आमाहरूले आफ्नो गल्ती ढाकछोप गरी चोखो र पवित्र सावित गर्न भ्रूण हत्या गर्नु विवेकहीनताको पराकाष्टा रूप हो भन्ने यथार्थता यस निबन्धमा पाइन्छ । विवेकरूपी भावना नै वर्डस्वर्थ र देवकोटाको कवितामा पाइने राजकृष्णले उल्लेख गरेका छन् । विवेकहीनताको विचारले शत्रु जन्माउँछ भने विवेकयुक्त विचारले आत्मीयता बढाउछ तब मात्र जीवनको उद्देश्यतर्फ उन्मुख रहेको हुन्छ । त्यसैले निबन्धकारले विवेकले नै जीवनलाई कुशल मार्गतर्फ अभिप्रेरित गर्ने तथा फलाउने फुलाउने काम गर्दछ भन्ने सन्देश यस निबन्धमाफर्त सन्देश दिएका छन् ।

**ञ विचार**

राजकृष्णले प्रस्तुत शीर्षकमा मानव मनबाट निस्कने तरङ्गको चर्चा गरेका छन् । मानिस-मानिसबीच विचार पृथक् रहने र कसैको विचारले मानवीय कल्याण गर्ने, कसैको विचारले ध्वंश र विनाश निम्त्याउने गरेको कुरालाई राजकृष्णले उल्लेख गरेका छन् । निबन्धकारले यस संसारमा दूषित विचारले विश्वयुद्ध सृजना गर्ने, बुद्धि र विवेकद्वारा प्रशोधित विचारले महामानवको उच्च स्थानमा पुग्ने सौभाग्य प्राप्त गर्दछ भन्ने निबन्धमा उल्लेख रहेको छ । यदि मानिसमा कुविचार जन्मिएमा स्वार्थ, कुनियत, षड्यन्त्र, अशान्ति र घृणा जस्ता अनन्त भासमा गड्छ र विश्व नै घातक बन्दछ भन्ने दृष्टिकोण लेखकको रहेको छ । मानिसले आफ्नो धरातल बिर्सिएर आफूमा मात्र रमाउँन चाहने विचार बोकेर अगाडि बढ्दछ जसले गर्दा मानव अस्तित्व नै समाप्त भएर जान्छ भन्ने उल्लेख गरेका छन् । विचार नै मान्छेको दुःख र पीडाको मुहान हो भने अर्कोतिर विचार नै प्रगतिको आधारशीला हो भनी लेखकले व्यक्त गरेका छन् । असल विचारले मानिस सभ्यताको शिखर चढ्छ र इतिहासमा चिरस्थायी रहन्छ भन्दै सबै मानिसलाई उत्सर्गमूलक विचार लिएर हिड्न निबन्धकारले यस निबन्धमार्फत आव्हान गरेका छन् ।

**ट चित्त**

राजकृष्णले यस निबन्धमा चित्तको विश्लेषण गरेका छन् । चित्तको कमजोरी भनौं या विशेषता आफ्नो अवनतिमा भन्दा अर्काको उन्नतिमा चित्त दुखेको हुन्छ । लेखकको विचारमा चित्त डाहडे, असहिष्णु र अनुशासनहीन हुन्छ भन्ने रहेको छ । संकीर्ण घेरामा रमाउने अहङ्कारी चित्तले

उदार र आदर्श चित्तको डाह गर्छ भन्ने भाव यस निबन्धमा पाइन्छ । कुनै व्यक्ति माथि उठ्नुको पछाडि चित्त षड्यन्त्र, छलकपट, जाल-झेल हुनु हो भन्ने राजकृष्णको मत रहेको छ । नेताहरूले जनतासँग छलकपट गरी आफ्नो चित्तलाई प्रफुल्ल बनाएका र देशलाई अधोगतितर्फ धकेलेको कुरालाई लेखकले व्यक्त गरेका छन् ।

साहित्य समाजको दर्पण हो, साहित्यका माध्यमबाट रूग्ण समाजलाई स्वस्थ्य बनाउने हतियार हुन् साहित्यकार, जसको मूल्य नरहेको र चाप्लुसी प्रथाले सम्मान पाएकोमा असल सर्जकहरूको चित्त दुखेको उल्लेख पाइन्छ । नेपालीहरू आफ्नो देश बिर्सी विदेशमा पलायन हुँदा र आफ्नो संस्कृति र संस्कार बिर्सदा चित्त दुखेको कुरा निबन्धमा रहेको छ । निबन्धकारले चित्त प्रतिस्पर्धी भएको हुनाले ढुङ्गे युगबाट वैज्ञानिक युगमा आएको हो भने यही चित्त ईर्ष्यालु भएको हुनाले मानिसभित्रको मानवीय गुण पनि समाप्त हुँदै गएको हो भन्ने आशय व्यक्त गरेका छन् । चित्त उदार र विशाल हुनुपर्छ तबमात्र मानिसमा एकताको बगैचा सृजना हुन्छ भन्ने सन्देश यस निबन्धले दिएको छ ।

**ठ प्रण**

यस निबन्धमा मानिसले व्यक्तित्व, सामाजिक र राष्ट्रिय विकासका लागि प्रण नै सर्वोपरि रहेको देखाइएको छ । यदि मानिसमा प्रणरूपी तत्त्व हुदैनथ्यो भने आजको विकासको सिढीँ चढ्न नसक्ने निबन्धकारले उल्लेख गरेका छन् । प्रणले नै असंभव र काल्पनिक कुरालाई संभव तथा यथार्थतामा परिणत गर्न सक्यो भन्ने राजकृष्णको विचार पाइन्छ । मानिस पराजित हुन चाहदैन र त्यसैमा ऊ भित्र रचनात्मक र सिर्जनात्मक प्रण नै विकासको ज्योति रहेको लेखकले ठानेका छन् । अन्य देशका मानिसमा जस्तो प्रण नेपालभित्र नरहेको हुनाले देश पिछडिएको हो भनी राजकृष्णले चिन्ता व्यक्त गरेका छन् । कतिपय मानिसका प्रण उन्माद र विनाशकारी भएको पाइन्छ । यस्तो प्रणले मानवीय अस्तित्व विलीन भएर जाने आशंका निबन्धकारले गरेका छन् । लेखकले विश्वका मानिस एउटै रहेको र सबैको मनभित्र सच्चा प्रण भएमा विश्व सङ्गठित हुने भन्नुका साथै समय समयमा विश्वयुद्ध हुनु, नेपालको जहानिया शासन ढल्नु यी सबै सामूहिक प्रणको प्रतिफल हो भनेका छन् । राजकृष्णले नेपालीले विदेशीको मुख नताक्ने, भिख नमाग्ने र संकीर्ण स्वार्थबाट माथि उठ्ने प्रण गर्नुपर्दछ भनी एउटै सच्चा प्रणमा बाँधिन आग्रह गरेका छन् ।

**ड मन**

राजकृष्ण मानवीय भावलाई लिएर तार्किक विश्लेषण गर्दै मन शीर्षकमा निबन्ध लेखेका छन् । मन भन्नु नै मानवीय हृदय हो, जुन अङ्गले भावनालाई समेटेको पाइन्छ । ज्ञान र विवेकद्वारा निर्देशित मनलाई समाजले कसी लगाउँछ तर छाडा र अनुशासनहीन भएमा समाजमा कालो धब्बा लगाउँछ भन्ने भाव राजकृष्णले व्यक्त गरेका छन् । मन सुन्दर वस्तुमा लाभिने र अर्काको प्रगतिमा जल्ने भएकाले मानिस आफूले प्रगति गर्न नसकेको हो भन्ने आशय निबन्धकारको रहेको छ । लेखकले आफ्नो मन फराकिलो र उदार नभएर संकीर्ण घेराभित्र रहेकोले सही बाटो पहिचान गर्न नसकेकोमा पश्चात्ताप गरेका छन् । मनको विचार परिष्कृत नहुँदा मानिसभित्र यसले स्वार्थ,

दम्भ, अहंकार र घृणा जन्माउने हुँदा विश्व बम बारुदको युद्धमा परेको लेखकको दृष्टिकोण रहेको छ । आजको मन कर्मको भन्दा नामको पछाडि दौडिएको छ र यसले मानिसको मन खुम्च्याएको छ भन्ने भाव यस निबन्धमा उल्लेख भएको पाइन्छ । नेताको मन भाषणमा तथा आफ्नो स्वार्थमा सीमित रहेको र जनताको हितको काम गर्नतर्फ उन्मुख नभएको हुनाले देश अग्रगतिमा पुग्न नसकेको पाइन्छ । हाम्रो देशमा व्यक्ति मनको स्वार्थ मौलाएको र यसलाई जरैबाट उखेल्नु पर्ने अनिमात्र स्वस्थ्य र उपकारी मन जन्मने लेखकले निबन्धमा प्रस्ट्याएका छन् । हामी सम्पूर्ण मानवभित्र सिर्जनशील आत्मविश्वासी र इमान्दारी मन हुनुपर्ने प्रेरणा यस निबन्धबाट पाइन्छ ।

**ढ म**

प्रस्तुत निबन्धमा राजकृष्णले मानिसको व्यक्तिभित्रको पहिचान गराउने तत्व म लाई नै विषयवस्तु बनाएका छन् । म भन्नु नै मानिसको वास्तविक परिचय रहेको पाइन्छ । निबन्धकारले मान्छेलाई चन्द्रलोक पुऱ्याउने म धर्म, जाति, सम्प्रदाय, क्षेत्र र राष्ट्रमा विभाजित भएको उल्लेख गरेका छन् । म भित्रको अहमले विश्व समय-समयमा द्वन्द्वको चपेटामा परेको छ । बाहिरी सुन्दरतामा रमाउने महरू भित्री सौन्दर्यतामा रमाउँन चाहदैनन भन्ने भाव यस निबन्धमा रहेको छ । भित्री सौन्दर्यका महरू शालीन, शिष्ट, उदार र आत्मविश्वासी हुन्छन् भन्ने उल्लेख रहेको छ । आफ्नो कर्ममा विश्वास गर्ने महरू अर्काको बनावटी प्रशंसामा खुसी नहुने गरेको पाइन्छ । म ढुङ्गे युगदेखि वैज्ञानिक युगमा आइपुगेर विज्ञानमा त पारङ्गत भयो तर कोमल हृदय र विनयशील बन्न नसकेको राजकृष्णले व्यक्त गरेका छन् । नेपालीको म माथि उठ्न नसकेको, आफ्नो स्वार्थको संकीर्ण घेरामा मात्र रुमलिएकोले देश विकासशील हुन नसकेको आशय निबन्धकारको रहेको छ । जबसम्म व्यक्तिवादी म ले हामी भन्ने स्वरूप बनाउन सक्दैन तबसम्म नेपालीको मौलिक परिचय स्थापित हुन नसक्ने मत निबन्धकारको रहेको छ । लेखकले आफूभित्रको म साँघुरो घेराभित्र बाँधिएको र देश तथा जनताको लागि उल्लेखनीय काम गर्न नसकेकोमा आफूलाई धिक्कारेका छन् । हामी नेपालीले असल म जन्माउनुपर्छ अनि एकमुष्ट बनाई देश र जनताका लागि सोच्नुपर्छ भन्ने सन्देश यस निबन्धले दिएको छ ।

**ण भावना**

राजकुष्णले मानव शरीरभित्र तरङ्गिने वा बहकिने भावनालाई विषयवस्तु बनाएर निबन्ध लेखेका छन् । छुन र देख्न नसकिने मात्र अनुभूत गर्न सकिने मानव जीवनका हरेक कल्पनाशील कुराहरू भावनामा लेखकले समेटेका छन् । भावना आफैमा शक्तिशाली छ, जसलाई भूगोल र समयले पनि छेक्न नसक्ने विचार निबन्धकारले गरेका छन् । राजकृष्णले भावनालाई तन्काउँदै लगियो भने आकाश जत्तिकै फराकिलो हुने र देशको समुन्नत विकाश हुने ठानेका छन्. । हाम्रो देशमा सम्पूर्ण नेपाली अटाएजस्तै नेपालीको भावनामा सिङ्गो नेपाल अटाउनुपर्छ भन्ने आशय निबन्धमा पाइन्छ । स्वस्थ्य भावना सिर्जना र सुन्दरताको प्रतीक हो भने अस्वस्थ्य भावना विनाशको प्रतीक हुने निबन्धमा उल्लेख गरेका छन् । सङ्कल्पका भावनामा साहस, आत्मविश्वास र इच्छाशक्ति तीव्र हुने भएकोले यस्तो भावनाले नै प्रतिस्पर्धामा देशलाई उठाउने काम गर्दछन्

भन्ने विचार निबन्धकारको रहेको छ । मानव ईश्वरको स्वस्थ्य सुन्दर भावनाको मूर्त रूप हो र ईश्वर विराट र चामत्कारिक भएको उल्लेख गरेका छन् । आज मानव भौतिक उन्नतिको शिखरमा चढ्न सफल भयो तर कहिलेकाहीँ मानवभित्रको भावना दूषित बन्दा ठूला-ठूला विश्वयुद्ध चर्किएको छ भन्ने लेखकले उद्घोष गरेका छन् । नेपालभित्रकै शासकको भावना दूषित हुँदा कहिले कोतपर्व, कहिले भण्डारखाल पर्वमा रगतको आहाल भेटिएको इतिहासलाई निबन्धकारले व्यक्त गरेका छन् । त्यसैले राष्ट्रमाथि उठाउन सकेको भावना संकीर्ण विचारबाट उदार विचारमा परिणत हुनुपर्छ भन्ने मत निबन्धकारको पाइन्छ । भावना र माटोमा अन्योन्याश्रित सम्बन्ध रहेको हुँदा भावना माटोमा रोपेमात्र राष्ट्र फल्छ फूल्छ भन्ने विचार लेखकको रहेको छ । मस्तिष्कको अत्यधिक प्रयोगले गर्दा मानवीय मूल्य र मान्यता ह्रास हुदै गएकोमा लेखक अति नै चिन्तित देखिन्छन् । त्यसैले सबै नेपाली जनताले विश्वमा राष्ट्रलाई चिनाउन एउटै आँखा, एउटै मन र विशाल भावना बोकेर हिड्नुपर्छ भन्ने प्रेरणा यस निबन्धबाट पाइन्छ ।

**त इच्छा**

संसारको सृष्टि गराउने सर्वशक्तिमान इच्छालाई नै निबन्धकारले निबन्धमा विषयवस्तु बनाएका छन् । इच्छाले नै काल्पनिक कुरालाई यथार्थतामा परिणत गर्नसक्ने ठूलो हतियार रहेको उल्लेख गरेका छन् । इच्छाहरूका द्वन्द्व र सङ्घर्षबाट नै संसार गतिमान छ भन्ने आशय लेखकको रहेको छ । इच्छाहरूको प्रतिस्पर्धाबाट विभिन्न राष्ट्रहरू विकासशील बन्न सकेका र आफ्ना इच्छा पूरा गर्न मान्छेले प्रतिभा, बुद्धि र विवेकको प्रयोग गर्दै आएको कुरा निबन्धमा स्पष्ट पारेका छन् । विश्वास आस्था, क्षमता, बुद्धि र शक्तिले आफ्नो जन्मभूमिलाई सिँगार्ने इच्छा नै मान्छेको असल, सुन्दर र सर्वोत्तम इच्छा हो, जसले मानिसलाई कालजयी बनाउँछ भन्ने विचार लेखकले व्यक्त गरेका छन् । उत्सर्गका इच्छाहरू शाश्वत र कालजयी हुन्छन् जसले महापुरुष जन्माउने कुरा निबन्धमा उल्लेख रहेको छ । हामी नेपालीले इच्छालाई मूर्तरूप दिन सकेका छैनौं, यसलाई मूर्तरूप बनाउँन जाँगर, साहस र आत्मविश्वास चाहिन्छ भन्ने आशय निबन्धकारको रहेको छ । सहिदका इच्छाले जनताको स्वतन्त्रता प्राप्त गर्‍यो भने साहित्यकारको इच्छाले साहित्यका माध्यमबाट स्वस्थ्य राष्ट्र जन्माए भन्ने कुरा यस निबन्धमा व्यक्त गरिएको छ । इच्छा बिनाको जीवन मरुभूमि हो भन्दै इच्छालाई जीवन्त बनाउन साहस, आत्मविश्वास र अठोट लिएर हिड्नुपर्छ भन्ने सन्देश यस निबन्धले दिएको छ ।

**थ मानव जीवन**

यो निबन्धमा निबन्धकारले मानव जीवन के हो र कस्तो हुनुपर्छ भन्ने विचार प्रस्तुत गरेका छन् । मानव जीवन सुख र दःखको संगम रहेको र धर्तीमा जन्मेपछि भौतिक सुख सुविधामा तथा व्यक्तिगत स्वार्थमा भुलेर निरर्थक जीवन बिताउनु जीवनको कुनै औचित्य र मूल्य नरहेको राजकृष्णले ठानेका छन् । निबन्धकारले मानव धर्म र परोपकारी मन भएको व्यक्तिको जीवन नै उज्ज्वल हुन्छ भनेका छन् । ईर्ष्या, द्वेष, कलह, शंका र अपराधका मानसिकता बोकेका मानिसको जीवन सधैं त्रास र छट्पटाहटमा बित्छ भन्ने कुरा यस निबन्धमा पाइन्छ । प्रकृतिले पनि

मानिसलाई कर्तव्यपथमा हिड्न मार्गदर्शन गरेको छ । हावा, पानी, दिन-रात फूलले आफ्नो कर्तव्य कहिल्यै नभुले जस्तो मानिसले पनि कर्तव्यपथमा हिड्न सकेमा मात्र जीवन सार्थक हुन्छ भन्ने लेखकले निबन्धमा खुलाएका छन् । मान्छेले व्यक्तिगत जीवनमा गर्ने कार्य पवित्रता, निष्काम, कर्म, असल कामप्रति जागरुक र नराम्रा कामबाट बञ्चित हुन सक्नु नै मानव जीवनको उच्चतम रूप भएको आशय निबन्धकारले गरेका छन् । मानव सेवालाई नै मानव जीवनको कर्म मानी मृत्युपर्यन्त कालजयी रहनु पर्छ भन्ने सन्देश यस निबन्धले दिएको छ ।

**द यात्रा**

मानिसको जीवनको उद्देश्य यात्रामा तय गरिएको हुन्छ भन्ने आशय यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् । यात्रा जीवनको नदी हो, जो अनवरत रूपमा बगिरहन्छ भन्ने भाव लेखकले दर्शाएका छन् । मान्छे ढुङ्गेयुगबाट वैज्ञानिक युगसम्म निरन्तर यात्रा गरेको छ तापनि यसको यात्राको विश्रान्ति नभएको र यो मानवप्राण रहेसम्म चलिरहने लेखकले स्पष्ट पारेका छन् । इच्छा र आकांक्षाले मान्छेलाई यात्रामा हिडाइरहन्छ, जसले सङ्कल्प र गतिलाई सँगसँगै लिएर अगाडि बढ्दछ भन्ने धारणा राजकृष्णको रहेको छ । यात्रा राष्ट्रप्रेम, संस्कृतिप्रेम र मानवप्रेममा समर्पण हुनुपर्दछ र यस्तो यात्रा पुस्तौ पुस्ता हस्तान्तरण हुँदै जान्छ भन्ने भाव यस निबन्धमा पाइन्छ । हामी नेपालीका पाइतला र मस्तिष्क धेरै लामो समयसम्म बन्दी भएकोले कल्पनाको उडान गर्न सकेनौं, विश्वको यात्रामा समाहित हुन सकेनौं भन्दै लेखकले यथार्थता चित्रण गरेका छन् । हामीले अझै आफूमात्र अगाडि बढ्न पाइला अगाडि सार्छौं, अर्काको खुट्टा तान्ने प्रवृत्तिमा खुसी हुन्छौं र राष्ट्रिय यात्रामा सहभागी हुने सोच राखेका छैनौं, यसले गर्दा हाम्रो राष्ट्र र हामी नेपाली ठूलो भासमा गड्दैछौं भन्ने अभिव्यक्त यस निबन्धमा रहेको छ । त्यसैले लेखकले अब निन्द्राबाट बिउँझेर यात्रामा सहभागि हुनुपर्छ भन्ने प्रेरणा यस निबन्धबाट पाइन्छ ।

**ध असल कि ठूलो ?**

निबन्धकारले मानव स्वभाव असल हुनु राम्रो हो कि ठूलो हुनु राम्रो भन्ने विषयलाई लिएर निबन्ध तयार पारेका छन् । लेखकले असल कि ठूलो भनी प्रश्न तेर्स्याए पनि ठूलो अहम्को प्रतीक हो भने असल संयमको प्रतीक रहेको उल्लेख गरेका छन् । दूध उम्लिएपछि पोखिन्छ भने झै ठूलो हुने मानिस एकदिन पतित भएर जान्छ भन्ने दृष्टिकोण निबन्धकारको रहेको छ । हेर्नु र देख्नुमा जति अन्तर छ, त्यति नै असल र ठूलोमा पृथक् रहेको निबन्धकारले ठानेका छन् । बाहिरी आँखाले हेर्ने व्यक्ति रुखो हुन्छ भने भित्री आँखाले हेर्ने व्यक्ति विशाल हृदयको हुन्छ भनी निबन्धमा स्पष्ट पारेका छन् । ठूलो हुने सोच भएका व्यक्तिमा प्याजका पत्रजस्तै दुर्गुणका पत्रहरू समाविष्ट हुन्छन् भन्ने विचार व्यक्त गरेका छन् । जुन मानिस ठूलो बन्न चाहन्छ, ऊ मान सम्मान र प्रशंसाको भोको रहन्छ भन्ने मत राजकृष्णले राखेका छन् । असल मानिस प्रशंसा र निन्दामा समभाव राखी हरेक कार्य मानवीय प्रेम तथा धर्मप्रति तत्पर रहेको हुन्छ भन्ने भाव यस निबन्धमा पाइन्छ । हाम्रो समाजमा असल व्यक्तिको कुनै मूल्य नरहेको र उसको बाटो निकै कष्टप्रद रहेको निबन्धकारले उल्लेख गरेका छन् । ठूलोमा विज्ञापनको आडम्बर पाइन्छ तर असलमा

संवेदनशीलता, धैर्यता र संयमता जस्ता गुण रहेको निबन्धकारले तर्क गरेका छन् । ठूलो बन्ने विचारकहरू सिँढी उक्लन त सक्छन् तर दीर्घकालीन रहन सक्दैनन । यसमा छलकपट, षड्यन्त्र र स्वार्थले भरिएको विचार हुनाले क्षणिक रहेको यथार्थ राजकृष्णले गरेका छन् । इतिहासमा जीवन्त बन्न र देशलाई उज्ज्वल बनाउन हामी नेपाली ठूलो होइन असल बन्नुपर्छ भन्ने प्रेरणा यस निबन्धले दिएको छ ।

**न म किन जन्मे ?**

यस निबन्धसङ्ग्रहभित्रको अन्तिम निबन्धको रूपमा रहेको म किन जन्मे निबन्धले मानिस हुनुको औचित्य र महत्त्वको स्पष्ट अवधारणा दिन खोजेको छ । यस निबन्धमा निबन्धकारले आफू जन्मिएर यो क्षणिक जीवनलाई जीवन्तता दिन नसकेकोमा आफूप्रति नै ग्लानी गरेका छन् । समय नदी झैं अनवरत रूपमा बगिरहेको छ तर आफूले जीवनमा कर्मशील फल निर्माण गर्न नसकेको लेखकले व्यक्त गरेका छन् । निबन्धकार परिवार र नातावादको माया मोहमा भुलेर साँघुरो सोच बोकी आफ्नो दुनो सोझ्याउने मानवीय गुण सबै व्यक्तिमा रहेको तथा राष्ट्रलाई केही गर्न र दिन नसकेकोमा असन्तुष्टि व्यक्त गरेका छन् । इतिहासमा जीवन्त रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तिहरूबाट मानिसले केही सिक्ने चेष्टा नगरेको, समयभित्र कार्यलाई अङ्कुश लगाउन अभिप्रेरित नभएको देख्दा निबन्धकार चिन्तित रहेका देखिन्छन् । मानिस वर्षमा होइन, कर्ममा बाँच्नुपर्छ भन्ने आशय लेखकको पाइन्छ । तृष्णाको जालोमा फस्ने व्यक्ति सधैँ तनावमा बाँच्नुपर्ने र त्यस्ताले मानवधर्म नगर्ने भएकोले बाँच्नुको कुनै अर्थ नरहेको निबन्धकारले ठानेका छन् । समयलाई चिनेर असल कर्म गरेका व्यक्ति नै इतिहासमा जीवन्त र प्रेरणाप्रदायक बनेका हुन् भन्ने भाव यस निबन्धमा पाइन्छ । त्यसैले निबन्धकारले कर्महीन जीवनको कुनै भविष्य नभएको र इतिहास पनि नलेखिने भएकाले मानिस बाँच्नको लागि उल्लेखनीय कार्य गर्नुपर्ने सन्देश यस निबन्धमार्फत दिइएको छ ।

## ४.३.३.५. विषयको प्रवृत्ति

राजकृष्ण कँडेलद्वारा लिखित प्रस्तुत संवेदनाका स्वरहरू संवेदनासँग सम्बन्धित लेखहरूको सङ्ग्रह रहेको पाइन्छ । जसको सुरुमा रहेको लेख मान्छेभित्रका संवेगात्मक पक्षको तार्किक विश्लेषण निबन्धकारले गर्न पुगेका छन् । मान्छेभित्रको सम्पूर्ण पक्षको विश्लेषण गरी मान्छेभित्र नै डुबुल्की मारेको देखिन्छ ।

संवेदनाको समष्टि रूपबाट मानव जातिको सृष्टि भएको हो भनी तर्क विश्लेषण गरेको तथ्यलाई नियाल्दा राजकृष्णमा मान्छेभित्रको चिन्तन खारिएको देखिन्छ । मानवीय अङ्ग इन्द्रिय नवीन विषयवस्तु बनाई निबन्ध तयार पार्नु निबन्धकारको कृतिगत विशेषता रहेको पाइन्छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूले गरेका असल कर्म तथा अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई हस्तान्तरण गरेका महत्त्वपूर्ण र मानवोपयोगी मूल्यमान्यता आजका मानिसहरूले वेवास्ता गरेका दुर्वल पक्षमाथि प्रकाश पार्नु लेखकको अर्को विशेषता देखिन्छ ।

राजकृष्ण कँडेलका संवेदनाका स्वरहरू निबन्धसङ्ग्रहभित्रका निबन्धहरूका विषयप्रवृत्ति यसरी केलाउन सकिन्छ :-

क) यस निबन्धसङ्ग्रहभित्रको पहिलो निबन्धमा मान्छेभित्रको प्रवृत्ति एकअर्कामा फरक रहेको र व्यक्तिगत स्वार्थले गर्दा विकासको ढोका बन्द भएको खुलासा गरिएको छ ।

ख) स्वरूप र कर्मको पहिचान गराउने टाउको बेलाबखतमा टाउका टाउकाबीच पनि द्वन्द्व चलेको र यसले राष्ट्रिय एकतामा नै आघात पुगेको टाउको निबन्धमा देखाइएको छ ।

ग) मानवमनको गहिराइमा पुगेका लेखकले मुखले आफूमात्र बाँच्ने होइन, अरूलाई पनि बचाउने, बोल्न नसक्नेहरूको आवाज बन्न सक्नुपर्ने भाव मुख निबन्धमार्फत दर्शाएका छन् ।

घ) ज्ञान, विवेक र कल्पनाको आँखा नै गरिव, असहाय र निमुखाको आँखा हो, जसले संसार चिनाउन सक्छ भन्ने विचार प्रस्तुत गरिएको छ ।

ङ) मुखले बोलेको आवाजलाई कानले सही ढङ्गले ग्रहण गरेन भने देश धराशयी अवस्थामा पुग्छ भनी राष्ट्रप्रेम तथा राष्ट्रवादी भावना निबन्धमा छताछुल्ल पोखेका छन् ।

च) नाक व्यक्ति, समाज र राष्ट्रलाई चिनाउने प्रतीक भएकोले असल कर्मभित्र नै नाक जीवन्त रहने लेखकले ठानेका छन् ।

छ) विकासको धुन बजाउने शक्तिशाली हातले नै समय परिवर्तनशील हुने हात निबन्धमा व्यक्त गरिएको छ ।

ज) मानिसका खट्टाले निश्चित गन्तव्य पहिल्याई टेकेमा मानवीय मूल्य बाँच्ने र इतिहास जीवन्त रहने राजकृष्णले देखेका छन् ।

झ) बुद्धिलाई अनुशासनको सीमाभित्र बाँध्ने काम विवेकको भएकोले यसलाई सही ढङ्गले प्रयोग गर्नुपर्ने विचार विवेक निबन्धमा व्यक्तिएको छ ।

ञ) आज विश्व विकास र विनासतिर उन्मुख हुनु भनेको प्रशोधित र प्रदूषित विचारको द्वन्द्वको परिणाम हो भन्ने विचार निबन्धमा लेखकको अभिप्राय झल्किएको छ ।

ट) मानिस ज्ञान विज्ञानले सु-सम्पन्न भए तापनि ऊ भित्रको चित्त ज्यादै संकीर्ण भएको र त्यो रूप व्यवहारमा स्पष्ट भएको कुरा निबन्धमा देखाइएको छ ।

ठ) व्यक्ति, समाज र राष्ट्र बन्नका लागि र उद्देश्य हाँसिल गर्नका लागि प्रण लिन सक्नुपर्दछ भन्ने लेखकको विचार देखिएको छ ।

ड) मानवीय मन प्रगतिशील मनसँग प्रतिस्पर्धा नगरी जलनमा पिल्सिएको हुनाले पछाडि नै अल्झिएको मन निबन्धमा पुष्टि गरिएको छ ।

ढ) व्यक्तिवादी म आफ्ना लागि मात्र बाँच्न चाहने, विद्रुप मच्चाउने र संकीर्ण स्वार्थमा रुमलिने भएकाले आज राष्ट्रवादी पहिचान खस्कदै गएको महसुस लेखकले म निबन्धमार्फत उल्लेख गरेका छन् ।

ण) मानव अन्तस्करणमा एकालाप हुने भावना मन र बुद्धिसँग चल्ने भएकाले मस्तिष्कले विशाल भावनालाई निर्देशन दिनुपर्ने जोड देखाइएको छ ।

त) इच्छाले नै मानिसलाई कर्मशील मार्गमा अभिप्रेरित गर्दछ तथा मानिसलाई प्रतिस्पर्धाको शिखरमा पुऱ्याउन सक्दछ भनी प्रस्तुत इच्छा निबन्धमार्फत लेखकले दिएका छन् ।

थ) मानव जीवनमा देखिएको उतारचढावलाई कुनै पर्वाह नगरी कर्ममा विश्वास राखे मानव जीवन सार्थक हुन्छ भनी स्पष्ट पारिएको छ ।

द) यात्रा उद्देश्यको पराकाष्टा रूप हो, जसभित्र जटिल र संवेदनशील कुराहरू पनि रहेका हुन्छन् । त्यसलाई सोच-विचार गरी पाइला चाल्नुपर्छ भनी निबन्धमार्फत व्यक्त गरिएको छ ।

ध) मानिसले ठूलो होइन असल हुन प्रयत्नशील हुनुपर्छ तबमात्र जीवनलाई उद्देश्यमूलक बनाउन सकिन्छ भन्ने देखाइएको छ ।

न) भोगविलासमा रमाउने मानिसले निरर्थक जीवन व्यतीत गरेको र त्यस्ता मानिसको कुनै मूल्यमान्यता नभएको हुनाले परोपकारी, लोककल्याणकारी र राष्ट्रप्रेमी कार्यले मानिस इतिहासमा जीवन्त रहन्छन् भन्ने भाव देखाइएको छ ।

यसरी संवेदनाका स्वरहरू निबन्धसङ्ग्रहमार्फत राजकृष्णले मानवीय अन्तस्करणमा छाम्न पुगेका इन्द्रिय, भावना र स्वभावका पक्षलाई निबन्धका विषयवस्तु बनाएका छन् । उनले धेरै मानिसको संगत र भेटघाटले गर्दा नै मानवीय भावनाअन्तर्गत रहेर निबन्ध लेखेको देखिन्छ । तसर्थ मानिसका मात्र सम्पूर्ण पक्षलाई लिएर विभिन्न विषयवस्तुमा आधारित रही बीसवटा निबन्धलाई संवेदनाका स्वरहरू भनी जुराएका छन् ।

## ४.३.३.६ भाषाशैली

भाषाका माध्यमबाट नै भाव वा विचार अभिव्यक्ति हुन्छ भने शैलीका आधारमा भाषाको बोध पहिचान गर्न सकिन्छ । सरल, स्वभाविक तथा मध्यखालको भएमा भाषा बोधगम्य हुन जान्छ । प्रस्तुत निबन्धसङ्ग्रहमा लेखकले गद्यशैलीका सबै निबन्धमा सहज, सरल, एवम् सन्तुलित शब्दहरूको समन्वय गरेको देखिन्छ । प्रायः सबै निबन्धहरूमा प्रयोग भएका शब्दहरू सरल र स्वभाविक देखिन्छन् । केही गैरनेपाली शब्द भए पनि शब्दार्थ बोध सहजै गर्न सकिन्छ । समूचित स्थानमा प्रयोग गरिएका उखानटुक्काले भाषाशैलीको निखारतालाई सघाउ पुऱ्याएकै छन् । यस निबन्धसङ्ग्रहभित्र रहेका तत्सम र आगन्तुक शब्दहरूलाई यसरी केलाउन सकिन्छ :-

**क संस्कृत**

यस शोककाव्यमा अत्यधिक संस्कृत शब्दको प्रयोग भएको पाइन्छ । ती मध्ये केही अंश यस प्रकार रहेका छन् :-

अतीत पृ.५९

ईश्वर सद्भावे त्वमेव प्रमाणम्- पृ. ६७।

उद्यान पृ.७४

छिन्ने मुलनैव शाखा नपत्रम-पृ. ९६ ।

ज्वाला पृ.२८

तुष्टि,पृ.४६

धीर पृ.२

नैसर्गिक-पृ. १२४ ।

पवित्र पृ.५९

प्रवृत्त पृ.४६

मस्तिष्क, पृ. ४६ ।

मृगमरीचिका पृ. १३२ ।

मृर्त्योमा अमृतं गमय-पृ. ११३ ।

रक्तपात पृ.५९ ।

लालसा-पृ.२० ।

वसुधैव कुटुम्बकम्- पृ. ६४ ।

शालीन-पृ.२ ।

शाश्वत, ज्ञानज्योति-पृ.१४ ।

संकल्प-पृ. १३२

सङ्कीर्ण- पृ. ७४ ।

सर्वे भवन्तु सुखिन-२३ ।

स्निग्धता-पृ. २८ ।

स्मृतिपटल, पृ. ५९ ।

सुन्दरता पृ.२८ ।

**ख) तुर्केली**

तोप-पृ.६३ ।

बारूद-पृ. ५१ ।

मुचुल्का-पृ.१०९ ।

**ग) अरबी**

औकात-पृ. ४४ ।

इज्जत-पृ.४० ।

इसारा-पृ. ८७ ।

कदम-पृ. ८३ ।

कुर्सी-पृ.१६ ।

गजव-पृ.१३२ ।

गलत-पृ. ३७ ।

बन्दुक-पृ.१२१ ।

सही-पृ. ५८ ।

**घ) फारसी**

आबरू-पृ. ७३ ।

खुराक- पृ.२२ ।

खुसी- पृ.१०८ ।

जवानी-१३२ ।

दस्तावेज-पृ.१०९ ।

निगाह-पृ.१०५ ।

शरम-पृ.३४ ।

**ङ) अङ्ग्रेजी**

एटमबम-पृ.१९ ।

एनेस्थेसिया-पृ.१६ ।

क्यासेट-पृ.२१ ।

क्याब्रे डान्स-पृ.७३ ।

क्लोरोफम-पृ.१६ ।

ग्याँस-पृ.२८ ।

डिस्को-पृ.७३ ।

बम-पृ.५१ ।

भिजिटिङ्ग कार्ड-पृ.१५ ।

लिटिल ब्वाय र फ्याटमैन-पृ. ८० ।

सिनेमा-पृ.२७ ।

## ४.३.३.६.१ उखान-टुक्काको प्रयोग

**अ) माछा-माछा भ्यागुतो**

लेखकले खुट्टा जति छिटो चाले पनि खोजेको चिज प्राप्त गर्न नसकेका-पृ. ५४ ।

**आ) जब भयो राती तब बुढी ताती**

समयलाई वेवास्ता गरी गुमाएपछि त्यसको होस आउनु-पृ. ५४ ।

**इ) जङ्गार पनि तऱ्यो लौरो पनि बिर्स्यो**

नेताका अवसरवादी खुट्टाले माथि उक्लेपछि जनतालाई बिर्सने प्रवृत्ति-पृ.५६ ।

**ई) हिड्दै छ पाइला मेट्दै छ**

यात्राको सही गन्तव्य ठम्याउन नसकेको-पृ.११२ ।

## ४.३.३.६.२ अनुकरणात्मक शब्दको प्रयोग

छङ्छडाएर-पृ.६ ।

टयाउँटयाउँ-पृ. ३७ ।

टुलुटुलु-पृ.७२ ।

ठिङ्ग-पृ. १०६ ।

## ४.३.३.७ शीर्षक

प्रस्तुत निबन्धसङ्ग्रहको शीर्षक **संवेदनाका स्वरहरू** लेखकले संवेदनाको गहिराइमा पुगेर त्यसको विश्लेषण अभिव्यक्त भएकाले विषयअनुरूप सार्थक देखिन्छ । जसरी मानवीय अङ्गले स्वतन्त्रपूर्वक आफ्नो कार्य गरेका छन् । ठिक त्यसैगरी लेखकले स्वतन्त्र रूपमा आफ्नो विचार र भावनालाई विश्लेषणात्मक ढङ्गले व्यक्त गरेका छन् । निबन्धकार राजकृष्णले पनि मानिसका हरेक दृष्टिकोण, व्यक्तिगत स्वार्थका कुरा, मानवीय मूल्य र मान्यता ह्रास भएका कुरालाई स्पष्ट गराएका छन् । संवेगात्मक पक्षले मानवीय जीवनमा देखापरेका असर नै उनको जीवनमा परेको गहिरो प्रभाव हो भनी ठान्न सकिन्छ । निबन्धसङ्ग्रहभित्रका निबन्धमा जुन यथार्थता तथा उन्मुक्ता भेटिन्छ । त्यही अनन्नता संवेदनाका स्वरहरूमा पनि भेटिने हुँदा शीर्षक र निबन्धहरू बीच तालमेल देखिन्छ ।

## ४.३.३.८ निष्कर्ष

राजकृष्ण कँडेलको प्रस्तुत निबन्धसङ्ग्रह साहित्यिक रचनाका दृष्टिले तेस्रो कृति रहेको छ । वि.सं.२०६२ सालमा प्रकाशित यस कृतिभन्दा अगावै राजकृष्णका दुईवटा कृति क्रमशः **सम्झनाका छालहरू** (शोककाव्यः वि.सं.२०५६) र **द्रौपदीको पश्चात्ताप** (खण्डकाव्यः वि.सं.२०५९) प्रकाशित भैसकेका छन् । मूलतः प्रशासकीय क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका राजकृष्ण कँडेल नेपाली साहित्यका विविध विधामा कलम चलाउने बहुमुखी प्रतिभाका धनी देखिन्छन् । यस

निबन्धसङ्ग्रहमा लेखकले मानवीय प्रवृत्ति, राष्ट्रप्रेम, राष्ट्रसन्देश, नेपालीको मौलिकताको पहिचान, राष्ट्रनिर्माणमा जोडको विषयवस्तु समेट्दै राजनीतिक, साहित्यिक र सांस्कृतिक कुरा प्रस्तुत भएको देखाएका छन् । यसमा नेपाली र केही आगन्तुक शब्दहरूको बोधगम्य संयोजन गरेर पाठकहरूमा मिठो सन्देशमूलक खुराक पस्कन सक्नु निबन्धकारको उच्च वैशिष्ट्यता देखिन्छ । यस निबन्धसङ्ग्रहले महत्त्वपूर्ण भूमिका त निभाएकै छ साथै सम्पूर्ण पाठकहरूमा राष्ट्र निर्माण गर्न नयाँ जोस, जाँगर र हौसला प्रदान गर्ने देखिन्छ ।

## ४.४ राजकृष्ण कँडेलका व्यक्तित्व र कृतित्वका बीच अन्तःसम्बन्ध

सिजर्ना भनेको कुनै पनि व्यक्तिले औपचारिक वा अनौपचारिक रूपबाट प्राप्त गरेको ज्ञान, उसको आफ्नो व्यक्तिगत अनुभव, अध्ययन र समाजका विभिन्न परिवेशहरूले आन्तरिक हृदयमा पारेको प्रभावको अभिव्यक्त रूप रहेको हुन्छ । प्रत्येक साहित्यकारले आफ्नो कृतिमा कुनै न कुनै रूपमा वैयक्तिक जीवनको भोगाइ, अनुभव र दृष्टिकोणहरू प्रस्तुत गरेका हुन्छन् । राजकृष्ण कँडेलका कतिपय कृतिहरूमा पनि उनको व्यक्तित्वको प्रभाव परेको स्पष्ट रूपमा अनुभव गर्न सकिन्छ । राष्ट्रवादी भावना, स्वतन्त्रताको चाहना, मानवतावादी जीवनदृष्टि तथा आदर्शवादी छापहरू अभिव्यक्त भएका पाइन्छन् । यिनै भावभूमिमा केन्द्रित रहेर यिनले आफ्ना कृतिहरूमा यी विषयवस्तुहरू प्रमुख रूपमा आउनु उनको वैयक्तिक छाप मान्न सकिन्छ ।

उनी व्यवहारमा अराजकवादी रहेका र समाजमा युगौंदेखि जरा गाडेका रीतिथिति तोड्न चाहेको पाइन्छ । चाकरी-चाप्लुसी प्रथाको विरोध गर्ने, कर्ममा विश्वास राख्ने, न्याय र सत्यका हिमायती, झट्ट हेर्दा कडा स्वभावका जस्ता लागे तापनि कोमल हृदयका धनी देखिन्छन् । उनको चाकरी-चाप्लुसी नगर्ने प्रवृत्तिले कतिपय महत्त्वपूर्ण अवसरबाट पनि बञ्चित हुनु परेको थियो । उनको यही स्वाभिमानी व्यक्तित्व र जीवनका आरोह-अवरोहरू कृतिहरूमा झल्किएका छन् ।

उनी सुसभ्य ब्राह्मण परिवारमा हुर्किएका हुनाले उनको रचनामा आर्य संस्कृतिप्रतिको मोह, नारीप्रतिको उच्च सम्मान तथा धर्ममा विश्वास भएको पाइन्छ । उनको **द्रौपदीको पश्चात्ताप** खण्डकाव्य आर्य संस्कृतिको पृष्ठभूमिबाट सिर्जित भएको देखिन्छ । व्यवहारमा उनी मानवीय भावना, दयालु स्वभावको व्यक्ति भएको हुनाले यो स्वभावको प्रतिबिम्ब उनका रचनाहरूमा पनि पाइन्छ ।

उनको जीवनको सबैभन्दा दुःखद क्षण आफ्नी माताको मृत्युको क्षण नै रहेको थियो । मातासँगको विछोडले आक्रान्त बन्न पुगेका लेखक पीडारूपी शोककाव्य **सम्झनाका छालहरू** नै साहित्यिक क्षेत्रको काव्यको प्रवेशद्वार बन्न पुगेको थियो । यसरी कुनै न कुनै रूपबाट आफूभित्रको प्रतिभालाई उजागर गर्ने माध्यम राजकृष्ण बनेको हुँदा व्यक्तित्व र कृतित्व बीच घनिष्ट सम्बन्ध रहेको पाइन्छ । यसै आधारमा हेर्दा उनको **सम्झनाका छालहरू** शोककाव्य उच्चकोटीको रचना बन्न पुगेको देखिन्छ ।

## ४.५ निष्कर्ष

यस परिच्छेदमा कवि राजकृष्ण कँडेलको कृतित्वको अध्ययन गरिएको छ । १२/१३ वर्षको उमेरदेखि नेपाली कविताको फाँटमा देखापरेका कँडेलको वि.सं. २०६२ सालसम्म तीनवटा पुस्तकाकार कृति र चार दर्जनजति फुटकर रचनाहरू प्रकाशित भैसकेका छन् । पारिवारिक वातावरण, विभिन्न राष्ट्रियस्तरका साहित्यकारहरू, साथीभाइ तथा गुरुहरूबाट प्रेरणा पाई साहित्यिक लेखनतर्फ आकर्षित भएका कँडेलको पूर्वार्द्ध चरण वि.सं. २०१८ सालदेखि वि.सं.२०५४ सम्म अध्ययन र अध्यापनको कार्यमा समय व्यतीत गरेको हुनाले साहित्यिक क्षेत्रमा खासै उल्लेखनीय योगदान नभए तापनि उत्तरार्ध चरण वि.सं. २०५५ सालदेखि हालसम्म क्रमशः विकसित भई मौलाउने अवसर पाएको देखिन्छ । यस समयको स्वरूप यिनै तीनवटा पुस्तकाकार कृतिबाट देख्न सकिन्छ । उनका कृतिमा पाइने प्रवृत्तिलाई हेर्दा प्रकृतिप्रेम, देशप्रेम, मानवतावाद, समाजसुधारप्रतिको चाहना, भाषिक सहजता, तत्सम शब्दको बाहुल्य, शार्दूलविक्रीडित र शिखरिणी छन्दप्रतिको मोह तथा लयहरूको कलात्मक प्रस्तुती, आनुप्रासिकता, हृदय संवेद्यता, सुकोमल भावको प्रस्तुति, स्वच्छन्दतावादी दृष्टिकोण, क्रान्तिकारी भावना, निम्नवर्गीय जनताप्रति सहानुभूति आदि पाइन्छन् । उनका प्रकाशित कृतिहरूको प्रकाशनक्रमअनुसार पहिला उनको प्रथम प्रकाशित काव्य **सम्झनाका छालहरू** (शोककाव्यः २०५६), दोस्रो कृति **द्रौपदीको पश्चात्ताप** (खण्डकाव्यः २०५९) र तेस्रो कृति **संवेदनाका स्वरहरू**को विश्लेषण गरिएको छ ।

वि.सं.२०५६ सालमा प्रकाशित कँडेलको **सम्झनाका छालहरू** शोककाव्यले उनलाई काव्यकारको रूपमा चिनाएको थियो । धर्तीको सबैभन्दा प्रिय र ठूली जननी भएकाले राजकृष्णले पनि वि.सं.२०५५ मा जननीको मृत्यु भएपछि भाव विह्वल बनेका र पीडारूपी सागर, करुणरसमा संरचित सम्झनाका छालहरू शोककाव्य जन्माएका थिए । माताको मृत्युले आघात पुग्न गएको राजकृष्णको साहित्यिक प्रतिभाको उजागर भएको मान्न सकिन्छ । यस काव्य चार सर्ग, ६०२ श्लोक, करुणरस र शिखरिणी छन्दमा रचिएको छ, जसमा जननीको माइतीघरको वर्णन, बालक्रीडा सांस्कारिक विवाह, सन्तानप्रतिको मोह, वैधव्य जीवन, जननीको सन्तानप्रतिको त्याग, मृत्यु र सन्तानले गर्नुपर्ने कर्तव्यसम्मको विषयवस्तु समावेश गरी उच्चकोटीको शोककाव्यको रूपमा परिणत गरिएको छ । कविताको तत्त्वका आधारमा यस शोककाव्यलाई विश्लेषण गरिएको छ ।

राजकृष्ण कँडेललाई दोस्रो काव्य **द्रौपदीको पश्चात्ताप** खण्डकाव्यले झन उच्च स्थानमा पुऱ्याएको देखिन्छ । संस्कृतका आदिकवि वेदव्यासद्वारा रचित महाकाव्य महाभारतको कथावस्तुबाट उठान गरिएको र यसलाई नयाँ मोड दिएर तयार पारिएको देखिन्छ । यस काव्यमा काव्यकी नायिका  द्रौपदीको चीरहरण, यो घटनाले द्रौपदीमा बदलाको भावना जाग्नु र पाण्डवहरूलाई लड्न अभिप्रेरित गर्नु, पाण्डवहरू युद्धमा विजयी हुनु तथा राज्य प्राप्त गर्नु , भौतिक सुख सुविधा प्राप्त गरे तापनि द्रौपदीको नारी हृदयले ठूलो क्षति भएको महसुस गर्नु र पश्चात्ताप गर्नु जस्ता घटनाचक्र समावेश भएको देखिन्छ । शार्दूलविक्रीडित छन्दमा संरचित, विभिन्न उपशीर्षकमा विभाजित यो काव्यले नेपाली कविताको क्षेत्रमा एक इँट थप्ने काम गरेको पाइन्छ ।

कँडेलको तेस्रो कृतिलाई हेर्दा उनको गद्य विधातर्फ पनि कलम सशक्त रूपमा चलेको देखिन्छ । **संवेदनाका स्वरहरू** (निबन्धसङ्ग्रहः२०६२) कँडेलको जीवन भोगाइ र मानिस बीचको निकटतम सम्बन्धबाट अनुभव गरेको र जाने बुझेका कुराको समष्टि रूप मान्न सकिन्छ । यस निबन्धसङ्ग्रहमा इन्द्रिय नै मानिसको हरेक पक्षको प्रतीक भएको तथा मानवीय गुणले नै उसलाई सफलता वा असफलताको बाटोमा पुग्ने कुराको विश्लेषण गरिएको छ । मानिसको स्वभावगत चित्रण, सहिदहरूको गुणगान, राष्ट्रप्रेम, राजनीतिक अवस्थाको चित्रण, विकृति विसङ्गतिप्रति व्यङ्ग्य, स्वतन्त्रता प्राप्तिको चाहना, विश्वबन्धुत्वको भावना आदि उनका कृतिगत विशेषता पाइन्छ । तत्सम शब्दको बाहुल्य तथा आगन्तुक शब्दहरूको समूचित प्रयोगले यो सङ्ग्रह उत्कृष्ट बन्न पुगेको छ ।

यसरी यस निबन्धसङ्ग्रहलाई निबन्धकै तत्त्वको आधारमा विश्लेषण गरिएको छ । समसामयिक कुरालाई विभिन्न विषयवस्तुभित्र गुथाएर नवीन, हृदयस्पर्शी र कलात्मक भाषाशैलीको माध्यमबाट उनका कृतिहरूले पाठकको मन छुन सफल भएका छन् । उनका काव्यलेखनलाई हेर्दा कतै-कतै व्याकरणिक विचलन र भाषिक अशुद्धिहरू भेटिए तापनि अक्षम्य त्रुटि भने भेटिदैनन् । प्रारम्भिक चरणमा खासै कुनै उपलब्ध कृतिको रूप नदेखिए पनि फाट्टफुट्ट विभिन्न पत्रपत्रिकामा भने देखिएका पाइन्छन् । दोस्रो चरणमा आएर उनको कवित्व प्रतिभा अत्यन्तै मौलाएको देखिन्छ । सुरुका प्रकाशित कृतिभन्दा पछिका कृतिहरूमा क्रमशः परिष्कृत रूप देख्न सकिन्छ । उनका कृतिमा भावको तीव्रता पाइए तापनि ती संयमित रूपमा प्रकटीकरण भएका देखिन्छन् । उनका कृतिहरूमा छन्द अलङ्कार र भाषाशैलीको समन्वय उत्तम देखिन्छ । यस्ता कृतिहरू पस्कन सफल कवि राजकृष्ण कँडेलले नेपाली साहित्यको फाँटमा दिएको योगदान अमूल्य तथा महत्त्वपूर्ण रहेको देखिन्छ ।

# परिच्छेद : पाँच
# उपसंहार

## ५.१ परिचय

यस परिच्छेदमा कवि **राजकृष्ण कँडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** सन्दर्भमा विगतका परिच्छेदहरूमा गरिएका अध्ययन-विश्लेषणको परिच्छेदगत सारांश र समग्र निष्कर्ष दिई मूल्याङ्कनसमेत गरिएको छ ।

## ५.२ परिच्छेद एकको निष्कर्ष

यस परिच्छेदमा कवि राजकृष्ण कँडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षक शोधपत्रको परिचय र रूपरेखा प्रस्तुत गरिएको छ । यस रूपरेखामा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधविधि र सामग्री सङ्कलन पद्धति, शोधपत्रको रूपरेखासमेत उल्लेख गरिएको छ ।

## ५.३ परिच्छेद दुईको निष्कर्ष

यस परिच्छेदमा कवि राजकृष्ण कँडेलको जीवनी परिचयअन्तर्गत वंश परम्परा र बसाइँ-सराइ, जन्म र जन्मस्थल, परिवार बाल्यकाल, स्वभाव, शिक्षा-दीक्षा, आर्थिकस्थिति, वैवाहिक जीवन, शिक्षण सेवा, अविस्मरणीय क्षण, चिन्तन, दर्शन र विचार, प्रेरणा, साहित्यिक क्षेत्रमा प्रवेश र कार्य, संस्थागत संलग्नता, पुरस्कार तथा सम्मान आदि उल्लेख भएको छ ।

## ५.४ परिच्छेद तीनको निष्कर्ष

यस परिच्छेदमा कवि राजकृष्ण कँडेलको व्यक्तित्व परिचयअन्तर्गत बाह्य व्यक्तित्व र स्वभावका साथसाथै आन्तरिक व्यक्तित्वभित्र साहित्यिक व्यक्तित्व पनि उल्लेख भएको छ ।

## ५.५ परिच्छेद चारको निष्कर्ष

यस परिच्छेदमा कवि राजकृष्ण कँडेलको कृतित्वको अध्ययनअन्तर्गत उनका शोककाव्य खण्डकाव्य र निबन्धसङ्ग्रहको अध्ययन र विश्लेषण अनुसन्धान पद्धतिअनुसार गरिएको छ ।

## ५.६ समग्र निष्कर्ष एवम् उपसंहार

राजकृष्ण कँडेलका पुर्खाहरू भारद्वाज ऋषिका सन्तान भएको पाइन्छ । यिनका पुर्खाहरू डोटी जिल्लाको 'काँडा' भन्ने स्थानबाट धादिङ जिल्लाको बेनीघाट गा.वि.स.रिचोक्टार (मलेखु) मा

बसाइँ-सराइ गरेर आएका थिए । तत्कालीन पाटनका राजा योगनरेन्द्र मल्लबाट राजकृष्णका पुर्खा गोकुल कँडेलले नेपाल सम्वत् १८२५ (वि.सं १७५२) मा बिर्ता पाएका थिए । त्यसैले रिचोक्टारको डाँडोलाई बितलव डाँडो पनि भन्ने गरेको पाइन्छ । भागवत कँडेल तथा जानुकादेवी कँडेलका नाति तथा पुष्पराज कँडेल र नन्दकुमारी कँडेलका माइला सुपुत्रको रूपमा वि.सं २००२ साल आश्विन ७ गते कृष्णपक्ष द्वितीयाको आइतवारको दिन राजकृष्णको जन्म भएको थियो ।

उनको बाल्यकाल रिचोक्टारको त्रिशूली खोलामा पौड्दै, वनजङ्गलसँग मितेरी गाँस्दै तथा साथीभाइसँग हास्दै, खेल्दै, रमाउदै बितेको पाइन्छ । बाल्यकालमा पटक-पटक ठूलो विरामी परेका राजकृष्णले ठिक समयमा उचित उपचार पाएकाले जीवन प्राप्त गर्न पाएका हुन् । उनको शिक्षा आर्जन गर्ने समयसम्म पनि आफ्नै गाउँघरमा विद्यालय त्यति सर्वसुलभ बनेका थिएनन् । उनका पिताले पनि अध्ययन गर्ने क्रममा बनारस पुगेका थिए । त्यसैले उनको शिक्षित पारिवारिक वातावरण भएकाले उनी पनि अध्ययन गर्न बनारस नै पुगेका थिए । उनी ११ वर्षको उमेरसम्म पनि एकप्रकारले निरक्षर जस्तै बनेका थिए । उनलाई बाल्यकालमा अध्ययन गर्न त्यति रुचि नलागेको पाइन्छ । पिताजीको करकाप र दाजु घनश्याम पनि बनारसमा नै अध्ययन गर्न गएकाले राजकृष्ण ११ वर्षको उमेरमा पढ्न बनारस गएका थिए । वि.सं. २०१४ सालमा भारतको मारबाडी संस्कृत महाविद्यालयमा भर्ना गरी शिक्षा प्रारम्भ गरेका राजकृष्णले सन् १९६३ मा पूर्वमध्यमा (प्रवेशिका परीक्षा) परीक्षा गोयनका संस्कृत महाविद्यालयबाट गरेका थिए । उनले सन् १९६४ मा वाराणसेय संस्कृत विश्वविद्यालयबाट अङ्ग्रेजी विषय लिएर विशिष्ट पूर्वमध्यमा परीक्षा, सन् १९६५ मा क्याम्ब्रिज कोचिङ सेन्टर उत्तर प्रदेश बोर्डवाट अंग्रेजी विषयमा इन्टरमिडियट परीक्षा र सन् १९६५ मा नै गोयनका संस्कृत विश्वविद्यालयबाट उत्तरमध्यमा परीक्षा उत्तीर्ण गरेका थिए । यसरी उनले औपचारिक शिक्षाका लागि बनारसमा ९ वर्ष खर्चिएको पाइन्छ । बनारसबाट नेपाल फर्केपछि पनि उनले औपचारिक शिक्षालाई निरन्तरता दिएको पाइन्छ । वि.सं.२०२२ सालमा त्रिचन्द्र कलेजमा बी.ए. अध्ययनार्थका लागि भर्ना भए तापनि बिरामी भएका कारण पढाइलाई निरन्तरता दिन नसकेको पाइन्छ । फेरि पनि वि.सं. २०२३ सालमा राजकृष्णले सरस्वती कलेजमा बी.ए.स्थानान्तर भई वि.सं. २०२५ सालमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेका थिए । उनले कलेज अफ एजुकेशनबाट वि.सं.२०२९ सालमा एकवर्षे बी.एड. द्वितीय श्रेणीमा उत्तीर्ण गरेका थिए भने त्रि.वि.कीर्तिपुरबाट स्नातकोत्तर तह नेपाली विषयमा वि.सं.२०३५ सालमा द्वितीय श्रेणीमा नै पास गरी औपचारिक शिक्षा वि.सं. २०१३-वि.सं.२०१८ सम्म १८ वर्षसम्म पूरा गरी बिट मारेको पाइन्छ ।

राजकृष्णको जागिरे जीवन बीस वर्षको उमेरदेखि नै सुरु भएको देखिन्छ । उनी वि.सं.२०२२ सालमा काशीबाट फर्केपछि सरस्वती कलेजमा पढ्दापढ्दै आफ्नै गृहजिल्ला धादिङको भैरवी प्रस्तावित मा.वि.बाट नै अध्यापन पाटो सुरु भएको पाइन्छ । भैरवी प्रस्तावित मा. वि.पहिले नि.मा.वि. रहेको र राजकृष्णले अध्यापन गर्न थालेपछि प्रस्तावित मा.वि.बनाई प्रधानाध्यापक पदमा आसीन भई प्रशासकीय कार्य सम्हालेका थिए । बजेटको अभावका कारण यो विद्यालय सुचारु हुन नसकेकोले राजकृष्णले विद्यालय छोड्नु परेको थियो । उनी बी.ए.को परीक्षा सकेर घुम्ने क्रममा चितवनको शिवनगर आएका र त्यहाँ नारायणी विद्या मन्दिरका सञ्चालक समितिका अध्यक्ष तथा

अन्य सदस्यहरू र मित्रहरूको अनुरोधमा वि.सं.२०२५ चैत्र २७ गतेदेखि शिक्षण सेवा गरेका थिए । उनको अध्यापन कला, इमान्दारिता, विश्वसनीयता जस्ता गुणले गर्दा निकै छोटो समयमा नै वि.सं.२०२६ साल असोज १३ गते प्रधानाध्यापक बनी गरिमामय स्थान ओगट्न सफल भएका थिए । राष्ट्रिय शिक्षा पद्धतिको  योजना २०२८ लागु भएपछि योजनापूर्वका तालिम प्राप्त सबै मा.वि.का स्थायी प्रधानाध्यापकलाई तत्कालीन श्री ५ को सरकारले प्र. अ. मा स्थायी नियुक्त गरेको थियो जुन नियमभित्र परी मा. वि. द्वितीय श्रेणीका शिक्षक बनेका थिए । राजकृष्ण वि.सं.२०५५ सालमा शिक्षक बढुवा प्रावधानअन्तर्गत कार्यदक्षता,योग्यता र सेवा अवधिका आधारमा प्रथम श्रेणीमा बढुवा भएका थिए । उनी नारायणी विद्या मन्दिर मा.वि.मा लगभग १३ वर्ष कुशल अङ्ग्रेजी शिक्षक तथा प्रशासकीय व्यक्तित्व बनेर विद्यालयलाई उच्च स्थानमा पुऱ्याएका थिए । प्रेमवस्ती मा.वि.मा वि.सं. २०३९ वैशाख २ गते सरुवा हुँदा प्रधानाध्यापक बनेर नै आएका थिए । त्यहाँ प्रधानाध्यापकको अत्यन्त उच्च तवरले निर्वाह गरेका राजकृष्ण वि.सं. २०५५ सालमा प्रथम श्रेणीमा बढुवा भई वि.सं. २०५६ पुस १९ गते शिक्षासेवा आयोगबाट अवकाश लिएका थिए ।

यसरी राजकृष्णको शिक्षण सेवा अत्यन्त प्रबल र उर्वर देखिन्छ । उनी जहाँ-जहाँ शिक्षक वा प्रशासकीय व्यक्तित्व बने, त्यहाँ खरा, दरा र इमान्दार बनेर देखिए । विद्यालयका भौतिक सुधार एवम् शैक्षिक सुधारमा उच्च स्थानमा पुऱ्याउन सफल बनेका राजकृष्ण चितवनका चर्चित तथा मुख्य प्रशासकीय व्यक्तित्वका रूपमा चिनिएका छन् । साहित्यिक व्यक्तित्वमा भन्दा प्रशासकीय व्यक्तित्वमा सफलता हाँसिल गरेको ठान्न सकिन्छ ।

उनीभित्रको बहुमुखी प्रतिभाले साहित्यिक, सामाजिक सङ्घ-संस्थामा रहेर काम गरेबाट स्पष्ट हुन जान्छ । प्रेमवस्ती मा.वि. व्यवस्थापन समितिका अध्यक्ष रही (वि.सं.२०५७-२०६२) ६ वर्ष कार्य गरेका, मृगस्थली शिक्षा निकेतनमा वि.व्य.स.को अध्यक्ष (वि.सं. २०५८-२०६३) भई ६ वर्ष कार्य गरेको पाइन्छ । चितवन साहित्य परिषद्का संस्थापक सदस्य र वर्तमान सल्लाहकार, ट्रान्सपरेन्सी नेपाल भरतपुरको सदस्य आदि पदमा रही सामाजिक सेवा गरेको पाइन्छ ।

राजकृष्णको वैवाहिक जीवनलाई हेर्दा ९ वर्षको कलिलो उमेरमा वि.सं.२०११ साल माघ १३ गते धादिङको अर्वासटार निवासी प्रेमनाथ सिलवाल तथा अप्सरा सिलवालकी कनिष्ठ सुपुत्री ८ वर्षकी बालिका मायादेवी सिलवालका साथ भएको थियो । राजकृष्ण र मायादेवीको बालविवाह भए तापनि उनीहरूभित्र प्रगाढ सम्बन्ध बनिसकेको थियो । धेरै लामो समय साथ बस्ने अवसर नमिलेका राजकृष्णका दम्पति चितवन आएपछि सँगै बस्न थालेका थिए । राजकृष्ण तथा मायादेवीको कोखबाट भने वि.सं. २०२९ साल जेठ २७ गते जेष्ठ सुपुत्र दीपकको र वि.सं.२०३२ जेठ १ गते कान्छो सुपुत्र राजुको जन्म भएको थियो । हाल आएर राजकृष्ण जेठो छोराका एक छोरी र एक छोरा र कान्छो छोराका छोरा गरी ३ नाति नातिनाको हजुरबुवा बनेका छन् । पैतृक थलो रिचोक्टार भए पनि जागिरको सिलसिलमा चितवन झरेका राजकृष्णले आफ्नो भागमा परेको पैतृक सम्पत्ति र आफ्नो कमाइले भरतपुर ७ कृष्णपुरमा २ तले पक्की घर ५ कट्ठा ५ धुर र काठमाडौंमा दुई तले घर बनाएका छन् । उनी र उनकी धर्मपत्नी मायादेवी अनि मायादेवीको साथमा भतिजा दिनेश भने कृष्णपुरमा बसोबास गर्दै आएका छन् ।

राजकृष्ण एउटा कुशल प्रशासक मात्र नभएर सफल साहित्यकार पनि बनेका छन् । विशेष गरेर न्यून वर्गका जनताका पक्षमा बोल्ने निडर, साहसी र स्वाभिमानी व्यक्ति राजकृष्णले सानै उमेरदेखि कविता लेख्न थालेको पाइन्छ । प्रशस्त कविता लेखेर कविगोष्ठीहरूमा सुनाउने गरे पनि प्रकाशनको दृष्टिले भने *'चुनिया धारो'* शीर्षकको कविता रहेको देखिन्छ । जीवनको स्फुरण र परिवर्तनको संवाहक नै कविता हो र स्वतन्त्रताको निम्ति कवि र साहित्यकारहरूले यसको प्रयोग गर्नु नितान्त आवश्यक छ भन्ने विचारका पक्षपाती कँडेलका हालसम्म **सम्भनाका छालहरू**( २०५६), **द्रौपदीको पश्चात्ताप** (२०५९) र **संवेदनाका स्वरहरू** गरी तीनवटा कृति प्रकाशित भएका छन् । विभिन्न पत्रपत्रिकामा प्रशस्त लेख रचनाहरू प्रकाशन गरी साहित्यिक भण्डारलाई भरिपूर्ण पारेका राजकृष्णको साहित्यिक यात्रालाई लेखन निरन्तरता, पुस्तकाकार तथा फुटकर कृति प्रकाशनका दृष्टिले दुई चरणमा विभाजन गर्नु उपर्युक्त देखिन्छ :-

**पूर्वार्ध चरण : वि.सं.२०१८-२०५४ सम्म**

**उत्तरार्ध चरण : वि.सं.२०५५-आजसम्म** (२०६७)

यिनको साहित्यिक यात्राको पूर्वार्ध चरणलाई हेर्दा साहित्यिक लेखनमा निरन्तरताको अभाव, सङ्ख्यात्मक रूपमा न्यूनता, पुस्तकाकार कृतिको अभाव, प्रकृतिप्रेम देशप्रेम, सामाजिक यथार्थको चित्रण जस्ता प्रवृत्ति पाइन्छ । यो समयमा उनको लेखनकला त्यति सक्रिय नभएको देखिन्छ । उत्तरार्ध चरणमा भने साहित्यिक यात्रा मौलाएको पाइन्छ । यसै समयमा तीनवटा पुस्तकाकार कृति प्रकाशन हुनुका साथै अन्य डेढ दर्जन जति फुटकर रचनाहरू प्रकाशित भएका छन् । यस चरणका प्रवृत्तिलाई हेर्दा लेखनमा निरन्तरता, सङ्ख्यात्मक बृद्धि, भाषिक प्रौढता, विभिन्न छन्द र लयको कलात्मक प्रयोग आदिको सफलता देखिएको छ । सादा जीवन उच्च विचारका धनी कवि राजकृष्ण कँडेलले मूर्ति पूजा होइन, मानव पूजा हुनुपर्छ भन्ने मान्यता राखेका छन् । वर्तमान विकृति विसङ्गतिप्रति असन्तुष्ट, आदर्शोन्मुख यथार्थवादी विचारधाराका व्यक्तित्व भएकाले उनका कृतिहरूमा यही विचारका झिल्को भेट्न सकिन्छ । प्रवाहपूर्ण भाषाशैली, छन्द र लयको उचित प्रयोग, समसामयिक विषयवस्तु र बिम्ब तथा अलङ्कारको प्रयोगले उनका कविताहरूमा मानवतावादी दृष्टिकोण, नारीप्रति सम्मान, समाजसुधारको चाहना, राष्ट्रप्रेम, संस्कृतिप्रेम आदि कुरा समेटिएको छ ।

उनका कृतिहरूलाई अध्यापन गर्दा वैचारिकता, बौद्धिकता र तार्किकताको सम्मिश्रण पाइन्छ । विभिन्न सङ्घ-संस्थाबाट पनि पुरस्कार प्राप्त गरेका राजकृष्णमा अध्ययनशीलता, लगनशीलता र कर्तव्यपरायणता जस्ता प्रवृत्तिले नै व्यक्तित्व उच्च बनाउन सहयोग गरेको देखिन्छ । समग्रमा भन्दा राजकृष्ण कँडेल स्वतन्त्रता र सामाजिक आर्थिक समानताका पक्षधर स्रष्टा रहेका छन् । निबन्ध लेखनको प्रवृत्तिलाई हेर्दा जुनसुकै विषयवस्तुलाई पनि निबन्धमा समावेश गरेर नवीन रूप दिन सक्ने उनको कृतिगत वैशिष्ट्य मान्न सकिन्छ । कविता विधामा मात्र कलम नचलाएर गद्य विधा अर्थात निबन्ध विधामा पनि उनको कलम त्यत्तिकै खारिएको देखिन्छ । साहित्यको क्षेत्रमा अथक रूपमा उल्लेखनीय योगदान दिने राजकृष्णलाई साहित्याकाशका उज्ज्वल नक्षत्र मानिएको छ ।



शोधनायक राजकृष्ण कँडेल



कँडेल परिवार बायाँबाट क्रमशः- राजु, सरिना, संगिता, दीपक, श्रव्या (दीपकसँग)
तल बायाँबाट श्रीमती मायाँदेवी, सुव्रत (पुत्र राजु) साथमा कँडेल



राजकृष्ण कँडेलका जेठा छोरा दीपकको ६ महिनाको पुत्र



हुर्किने क्रममा कँडेलका बस्नु भएको घर (मलेखु, रिचोक्टार)



पूर्वप्रधानमन्त्री प्रचण्डलाई आफूद्वारा रचित पुस्तकहरू प्रदान गर्दै



भानु जयन्तीको अवसरमा चितवन साहित्य परिषदको प्रतिभा पुरस्कारबाट
सम्मानित कँडेललाई सनत रेग्मीबाट दोसल्ला ओडाईदै ।



सरस्वतीको प्रतिमा अनावरण गर्दै कँडेल (नारायणी विद्या मन्दिर उच्च माध्यामिक विद्यालय)



दवकोटा स्मृति अक्षयकोष स्थापना कार्यक्रममा आफ्नो मन्तव्य व्यक्त गर्दै कँडेल



नारायणी विद्या मन्दिर उ.मा.वि. शिवनगरको धान्यञ्चल महायज्ञ समाप्तिपछि
धानको रासमाथि कँडेल




वाल्मीकि साहित्य सम्मान, रत्ननगरद्वारा सम्मान ग्रहण गर्दै

# अर्न्तवार्ता

**मिति २०६७ 'फाल्गुण १० गते शोधनायकसँग शोधकर्ताबाट लिइएको अर्न्तवार्ता :**

**१. तपाईंको जन्म कहाँ र कहिले भएको हो ?**

मेरो जन्म रिचोक्टार (मलेखु) बेनिघाट गा.वि.स.वडा.नं. ५ धादिङ जिल्लामा वि.सं. २००२ साल असोज ७ गते राति भएको हो ।

**२. तपाईंले औपचारिक शिक्षा कहाँबाट कसरी प्राप्त गर्नुभयो ?**

मेरो औपचारिक शिक्षा भारतको उत्तर प्रदेश, बनारसको असिघाटस्थित मारबाडी संस्कृत महाविद्यालयबाट प्रारम्भ भएको हो ।

**३. यहाँ कहिलेदेखि शिक्षण सेवामा प्रवेश गर्नुभयो र हाल के गर्दै हुनुहुन्छ ?**

धादिङ जिल्लाको सदरमुकाम सुनौला बजार अवस्थित भैरवी नि.मा.वि.बाट वि.सं.२०२४ सालमा मैले शिक्षण पेसा आरम्भ गरेँ । वर्तमानमा निवृत्त जीवनयापन गर्दै छु ।

**४. तपाईंको साहित्यप्रति झुकाव के कसरी भयो ?**

महाकवि लक्ष्मीप्रसाद देवकोटा र आफ्नै दाजु घनश्याम उपाध्याय कँडेलबाट प्रेरित र प्रभावित भएर मैले साहित्यमा रुचि राखेको हुँ ।

**५. प्रथम प्रकाशित रचना, पत्रिका, शीर्षक र मिति ?**

वि.सं.२०१८ सालमा बनारसबाट प्रकाशित भएको साहित्यिक पत्रिका **नौलो पाइलो** मा प्रकाशित *चुनिया धारो* शीर्षकको कविता मेरो प्रथम प्रकाशित कविता हो ।

**६. तपाईंको विचारमा साहित्य केहो र कस्तो हुनुपर्छ ?**

साहित्यमा जीवन बोल्नुपर्छ, साहित्य मनको क्रियाकलापको र आत्माभिव्यञ्जना भएको हुनाले जीवन्त अनुभूति सिर्जना गर्न सक्ने, विचारको विस्तार गर्न सक्ने, जीवनमा हलचल ल्याउन सक्ने र जीवनको प्रश्न र उत्तरलाई वहन गर्न सक्ने हुनुपर्छ । साहित्यमा समसामयिकता हुनुपर्छ, वर्तमान प्रतिबिम्बित हुनुपर्छ । मूल्यका दृष्टिले साहित्य शाश्वत र चीरनूतन हुनुपर्छ ।

**७. तपाईं आफूलाई चिनाउनु पर्ने भएमा साहित्यकारको रूपमा चिनाउनु हुन्छ कि शिक्षाप्रशासकको रूपमा ?**

मैले आफूलाई चिनाउनु पर्दा शिक्षाप्रशासकको रूपमा चिनाउँछु ।

**८. तपाईं आफूलाई कुन क्षेत्रमा सन्तुष्ट पाउनुभयो ?**

आफ्नो जीवनको अधिकांश ऊर्जाशील समय ४२ वर्ष शिक्षा क्षेत्रमा व्यतीत गरेको हुनाले जीवन जिउनुको सन्तुष्टि यसै क्षेत्रबाट प्राप्त गरेको छु ।

**९. हालसम्म यहाँले के-कस्ता सम्मान तथा पुरस्कार प्राप्त गर्नुभएको छ र तिनीहरूबाट कस्तो प्रेरणा जागेको छ ?**

मैले राष्ट्रिय शिक्षा समिति पुरस्कार, जिल्ला शिक्षा समिति पुरस्कार, शुभराज्याभिषेक पदक, प्रतिभा पुरस्कार,वाल्मीकि साहित्य सम्मान, नारायणी टुडे आदि सम्मान र पुरस्कार प्राप्त गरेको छु । प्राप्त सम्मान र पुरस्कारबाट सम्बन्धित क्षेत्रमा लगन निष्ठाका साथ क्रियाशील हुन प्रेरित र प्रोत्साहित भएको छु ।

**१०. तपाईंलाई जीवनमा कुनै कुराको पश्चात्ताप परेको छ ?**

शिक्षा क्षेत्रमा लामो समयसम्म शिक्षा प्रशासक भएको हुनाले जीवनको ऊर्जाशील समय साहित्य सिर्जनामा लाउन नसकेकोमा जीवनको उत्तरार्द्धमा आएर पश्चात्तापको रापमा जलिरहेको छु ।

**११. यहाँको साहित्यिक, राजनीतिक, सामाजिक क्षेत्रमा के-कस्ता व्यक्तिहरूसँग सम्बन्ध थियो र छ ?**

बासुदेव त्रिपाठी, राजेन्द्र सुवेदी, कृष्ण गौतम, गोविन्दराज भट्टराई जिल्लाका साहित्यकारहरू पुष्पकमल दाहाल, रामचन्द्र पौडेल, रामशरण महत, मुक्तिलाल चुके, कृष्णलाल सापकोटा, हरिप्रसाद न्यौपाने आदिसँग सम्बन्ध छ ।

**१२. तपाईं आफूलाई कस्तो प्रवृत्तिको व्यक्ति ठान्नुहुन्छ र किन ?**

म आफूलाई अन्तर्मुखी व्यक्ति ठान्छु । म झट्टै अपरिचित व्यक्तिसँग घुलमिल हुन सक्दिन ।

**१३. जीवनमा सबैभन्दा खुसी भएको क्षणबारे उल्लेख गरिदिनुहोस् न ?**

नारायणी विद्या मन्दिर माध्यमिक विद्यालय शिवनगरमा प्रधानाध्यापक हुँदा २०३४ सालको एस.एल.सी. परीक्षामा छात्र कृष्णप्रसाद पौडेलले बोर्डमा छैठौं स्थान प्राप्त गरेको सुन्दाको क्षण नै मेरो जीवनको सबैभन्दा खुसीको क्षण हो ।

**१४. जीवनमा ६५औं वसन्त पार गर्दासम्म परेको सबैभन्दा ठूलो दुःख के हो र कहिले महसुस भयो ?**

वात्सल्यकी खानी, ममतामयी माताको वि.सं.२०५५साल चैत्र २८ गते देहावसान भयो । आमाको विछोडमा म मर्माहत भएँ । कहिले नपुरिने घाउ लाग्यो ।

**१५. तपाईंको पारिवारिक जीवनप्रति अनुभव कस्तो रहेको छ ?**

मेरो पारिवारिक जीवनप्रतिको अनुभव कर्तव्य र दायित्वबोधमा मात्र सीमित छ ।

**१६. तपाईंका तीनवटा कृतिमध्ये आफूलाई आत्मसन्तुष्टि भएको कृति कुन हो र किन ?**

मूलतः आफ्ना सबै सिर्जनाहरू सन्तान जत्तिकै प्रिय हुन्छन् । तर पनि **सम्झनाका छालहरू** आमाको निधनबाट द्रवित भएको अवस्थामा रचिएको कृतिबाट नै मलाई आत्मसन्तुष्टि प्राप्त भएको छ । दुःखको आँसु जति लुकाउन खोजे पनि सकिँदो रहेनछ । भित्रबाट फुटेको वेदना नबाहिरी मन हलुको भएन । मन साऱ्है दुख्यो जति रोए पनि घाउ कहिल्यै पुरिएन, अनि सम्झैँ दुःख बाँडदा मन हलुँगो हुन्छ भन्ने कुरा ।

**१७. तपाईंका अप्रकाशित रचना छन् कि छैनन् ? छन् भन् के-के र कहाँ छन् ?**

मेरा अप्रकाशित सयवटा जति कविता छन् । निकट भविष्यमा तिनलाई कविता सङ्ग्रहको रूपमा प्रकाशित गर्ने सोच बनाएको छु ।

**१८. मानवजीवनलाई कुन दृष्टिकोणबाट हेरिनुपर्छ जस्तो लाग्छ ?**

मानवजीवन ठूलो होइन, असल, सिर्जनशील, क्रियाशील, लगनशील एवम् जीवन्त बन्नुपर्छ ।

**१९. तपाईं आफूलाई आस्तिक वा नास्तिक कुन रूपबाट हेर्नुभएको छ र किन ?**

म आस्तिक व्यक्ति हुँ । पूवीर्य दर्शनप्रति मलाई अगाध आस्था छ ।

**२०. अन्त्यमा मैले सोध्न बिर्सेको र आफूलाई भन्न मन लागेको कुरा केही छ कि ?**

शोधपत्र तयार गर्दा मबाट तपाईंले जति सहयोग प्राप्त गर्नुपर्ने थियो म बिरामी परेको कारणबाट निश्चय नै पाउन सक्नुभएन, यसका निमित्त म दुःखी छु । तपाईंले मेरो बारेमा शोधपत्र तयार गरेर मेरो व्यक्तित्वलाई उजागर गरिदिनु भएकोमा म तपाईंलाई हृदयतः धन्यवाद दिन्छु । अस्तु

# सन्दर्भसामग्री-सूची

## क. प्रमुख सन्दर्भ ग्रन्थसूची


कँडेल राजकृष्ण, **सम्झनाका छालहरू** (शोककाव्य), (चितवन : मायादेवी कँडेल,२०५६) ।

———— **द्रौपदीको पश्चात्ताप,** (खण्डकाव्य), (चितवन : चितवन साहित्य परिषद् ,२०५९) ।

———— **संवेदनाका स्वरहरू,** (निबन्धसङ्ग्रह), (चितवन : चितवन साहित्य परिषद् , रामनवमी २०६२) ।


## ख. सहायक सन्दर्भ ग्रन्थसूची

### अ. पुस्तकसूची


अधिकारी, बुद्धिनाथ, **रमेश गोर्खालीको जीवनी र व्यक्तित्व एवम् कृतित्वको विश्लेषण र मूल्याङ्कन,** अप्रकाशित स्नातकोत्तर, शोधपत्र, ( त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर २०५६) ।

अधिकारी, हेमाङ्गराज, **पूर्वीय समालोचना सिद्धान्त,** छै..सं. (ललितपुर : साझा प्रकाशन,२०५६) ।

———— **'प्रयोगात्मक नेपाली शब्दकोश,** द्वितीय संस्करण, (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६३) ।

अज्ञात, कपिल, **स्रष्टाबिम्बः व्यक्तित्व आरेख, भाग-१,** (चितवन : चितवन साहित्य परिषद् ,२०६७) ।

कोइराला, सीताराम (सम्पा.), **संवादमा स्रष्टाहरू** (काठमाडौं : नारी साहित्य प्रतिष्ठान,२०६४) ।

खनाल, रामनाथ, **प्रजातन्त्रोदय**, (महाकाव्य), (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४८) ।

————, **पाण्डु** (पौराणिक महाकाव्य), (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४९) ।

खनाल, केदारनाथ, *प्रकाशकीय,* **द्रौपदीको पश्चात्ताप,** राजकृष्ण कँडेल, (चितवन चितवन साहित्य परिषद्, २०५९) ।

——————, *प्रकाशकीय,* **संवेदनाका स्वरहरू**, राजकृष्ण कँडेल, (चितवनः चितवन साहित्य परिषद्, २०६२) ।

गौतम, कृष्ण, *अभिमत,* **सम्झनाका छालहरू,** राजकृष्ण कँडेल, (चितवनः मायादेवी कँडेल,२०५६) ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** (चितवन : चितवन वाङ्मय प्रतिष्ठान् २०५२), पृ.१० ।

——————, *बिम्बसँग मिथक र रूपकको तुलना,* **विवेक,** (भरतपुरः ने.प्रा.सं., वीरेन्द्र क्याम्पस एकाई समिति, २०५८) ।

——————, *पचासको दशकमा चितवनको काव्यकारिता,* **स्मारिका,** ( नारायणगढः उद्योग वाणिज्य संघ, चितवन महोत्सव, २०५९) ।

तिमसिना डिल्लीराम र भण्डारी माधव, **छन्द र अलङ्कार**, सातौं संस्करण, (काठ : विद्यार्थी पुस्तक भण्डार, २०५५) ।

थपलिया, बालकृष्ण, **चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषद्को योगदान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमखी क्याम्पस, भरतपुर, २०६६ ।

थापा, हिमांशु, **साहित्य परिचय**, दो.सं., (ललितपुर : साझा प्रकाशन, २०४२) ।

दवाडी,.मेघनाथ, **सनत रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (त्रि.वि.वी.ब.क्या., नेपाली विभाग, चितवन, २०५९) ।

पोखरेल, बालकृष्ण, **नेपाली वृहत् शब्दकोश,** (काठमाडौं : ने.रा.प्र.प्र.,२०४०) ।

पौड्याल, कृष्णविलास, **साहित्यशास्त्र र नेपाली समालोचना,** (काठमाडौं : नवीन प्रकाशन, २०५८) ।

पौडेल, विनोद, **साहित्यकार डि.आर. पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (त्रि.वि.वी.ब.क्या. नेपाली विभाग, चितवन, २०६५) ।

भट्ट, रामचन्द्र, **पौरस्त्य समालोचना सिद्धान्त र संस्कृत साहित्यको झलक,** (काठ : सगरमाथा फाइनान्स सहकारी संस्था लि. केन्द्रीय कार्यालय, २०५६) ।

भट्टराई, तुलसी, *द्रौपदीको पश्चात्तापमा कवि कँडेल,* **द्रौपदीको पश्चात्ताप,** राजकृष्ण कँडेल, (चितवन : चितवन साहित्य परिषद्, २०५९) ।

भट्टराई, रामजी, **साहित्यकार रामबाबु घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (त्रि.वि. वी.ब क्या.नेपाली विभाग, चितवन, २०६२) ।

मिश्र, डिल्लीराम, **नेपाली प्रतिभा र पुरस्कार,** (काठमाडौं : शर्मिला मिश्र, २०५०) ।

लुइटेल, खगेन्द्रप्रसाद र सहयोगीहरू, **नेपाली कवि र कविता**,(काठ : विभुऋभु प्रकाशन, २०५८) ।

शर्मा, मोहनराज, **शब्द रचना र वर्ण विन्यास**,(भोटाहिटी : नवीन प्रकाशन, २०५६) ।

शर्म्मा नेपाल, वसन्तकुमार, **नेपाली शब्दसागर**, दो.स.(काठमाडौं : भाभा पुस्तक भण्डार,२०५८) ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय,** तेऱ्हौं संस्करण, (काठमाडौंः रत्नपुस्तक भण्डार, २०६०), पृ.१५ ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध भाग-३,** संस्करण : तेस्रो, (काठमाडौं : पाठ्यसामग्री पसल घण्टाघर, २०५६) ।

————————, *शुभास्ते पन्थानः,* **संवेदनाका स्वरहरू,** राजकृष्ण कँडेल, (चितवनः चितवन साहित्य परिषद्,२०६२) ।

त्रिपाठी, वासुदेव र अन्य, **नेपाली बृहत् शब्दकोश,** प्रथम संस्करण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४०) ।

————————, **नेपाली कविता भाग-४**, ते.सं., (ललितपुर : साझा प्रकाशन, २०५४) ।

————————, **नेपाली कविता भाग १,** चौ.सं., (ललितपुर : साझा प्रकाशन, २०५५) ।

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचनाः प्रमुख मान्यता, वाद र प्रणाली,** द्वितीय संस्करण, (ललितपुर : साझा प्रकाशन, नेपाल,२०५४) ।

श्रेष्ठ, दयाराम र अन्य(सम्पा.), **नेपाली कक्षा ९**, (भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लि.,२०५६) ।

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** पाँ.सं, (ललितपुर : सा.प्र., २०५६) ।

## आ पत्रिकासूची


अधिकारी, पूर्णप्रसाद, *कवि राजकृष्ण कँडेल र उनको द्रौपदीको पश्चात्ताप खण्डकाव्य,* **मिर्मिरे,** (थापाथली,: नेपाल राष्ट्रबैंक, बैंकर्स क्लव, २०६०) वर्ष ३२, अङ्क ५,पूर्णाङ्क २१६, पृ.३६ ।

कँडेल, राजकृष्ण, *चुनियाँ धारो,* **नौलो पाइलो,** (बनारसः धादिङ साहित्य समाज, २०१८) वर्ष १, अङ्क १, पृ.? ।

खनाल, नारायणप्रसाद, *शोककाव्य सृजनपरम्परामा चितवनका स्रष्टाहरूको योगदान,* **चितवन महोत्सव**, (नारायणगढः उद्योग वाणिज्य सङ्घ, २०६३,), पृ.५७ ।

गौतम लक्ष्मणप्रसाद, *सम्झनाका छालहरूमा स्मृतिबिम्ब,* **साप्ताहिक चितवन,** (चितवन : वीरादेवी शर्मा, २०५८), वर्ष ५,अङ्क ४९, पूर्णाङ्क २५४, पृ.२ ।

——————————, *पचासको दशकमा चितवनको काव्यकारिता,* **स्मारिका,** (नारायणगढः उद्योग वाणिज्य संघ, चितवन महोत्सव, २०५९), पृ.४३-४४ ।

——————————, *द्रौपदीको पश्चात्तापमा अभिव्यक्ति समकालीन चेतना,* **उन्नयन** त्रैमासिक, (काठमाडौं : उन्नयन प्रकाशन, २०६४), पृ. ३३ ।

पन्त, रमिला, *नारायणी टुडे राष्ट्रिय मासिकको सातौं वार्षिकोत्सव सम्पन्न,* **नारायणी टुडे**, (काठमाडौं : वीरेन्द्रमणि पौडेल, २०६४), वर्ष ७, अङ्क ४३, पृ.३३ ।

पोखरेल, डि.आर, *राजकृष्ण कँडेल:जीवनी र विचार,* **नारायणी टुडे,** (काठमाडौं :वीरेन्द्रमणि पौडेल, २०६५), वर्ष-८,अङ्क-४८, पृ.१-५५ ।

भण्डारी, कृष्णप्रसाद, *नवीनतम चिन्तनको प्रस्तुति,* **मधुपर्क** (काठमाडौं : गोरखापत्र संस्थान, २०६०) वर्ष ३६,अङ्क ४,पू.४११, पृ.१२९ ।

विनोदी, गोविन्दराज, *सम्झनाका छालहरूमाथि दृष्टि रेखाङ्कन गर्दा,* **नवप्राञ्जलि,** (चितवनः सुजनबाबु अधिकारी, २०५७), वर्ष १, अङ्क ५,पृ.२ ।

शर्मा, मणिराम, *'कवि राजकृष्ण काँडेलको सम्झनाका छालहरू: एक अनुशीलन',* **हाम्रो सिर्जना**, (चितवन : डि.आर. पोखरेल,२०६५,असोज) पृ.४८-५१ ।